राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




राष्ट्रिय संस्करण | आलोकन | सनातन सभ्यताको जीवित केन्द्र | अवरोध हटाउन कूटनीतिक पहल जारी १४

वर्ष १२६ | अङ्क ४५ | २०८३ साल असार ६ गते शनिबार | शुद्ध ज्येष्ठ शुक्ल षष्ठी | नेपाल संवत् ११४६ तछलाथ्व ६ | 2026 June 20 Saturday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# सङ्घीय संसद्बाट चार अध्यादेश स्वीकृत



तस्बिर : रासस

**सिंहदरबारस्थित सङ्घीय संसद् भवनमा शुक्रबार बसेको राष्ट्रिय सभाको बैठक ।**

**इश्वरचन्द्र झा**
*काठमाडौँ, असार ५ गते*

सरकारको सिफारिसमा राष्ट्रपतिले वैशाख तेस्रो साता जारी गर्नुभएका आठमध्ये चार वटा अध्यादेश सङ्घीय संसद्ले स्वीकृत गरेको छ। प्रतिनिधि सभामा करिब दुई तिहाइ बहुमत रहेको सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को राष्ट्रिय सभामा प्रतिनिधित्व नहुँदा अध्यादेश अस्वीकृत हुने जोखिम थियो तर माथिल्लो सदनको दुई ठुला दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीको समर्थनमा चार वटा अध्यादेश बहुमतले स्वीकृत भएको हो।

सङ्घीय संसद्को दुवै सदनको छुट्टाछुट्टै बैठकमा शुक्रबार चार वटै अध्यादेश निर्णयार्थ पेस भएको हो। सरकारले वैशाख २५ र २६ गते राष्ट्रिय सभामा आठ वटा अध्यादेश दर्ता गराएको थियो। आठ वटै अध्यादेश राष्ट्रिय सभाको वैशाख २८ गतेको बैठकमा पेस भयो। अध्यादेश निर्णयार्थ पेस हुने कार्यसूचीबाट हटाइएको करिब दुई सातापछि सरकारले शुक्रबारको बैठकमा निर्णयार्थ पेस गर्ने गरी कार्यसूचीमा राख्न आग्रह गरेको थियो।

निर्णयार्थ पेस भएको चार वटै अध्यादेशमाथि राष्ट्रिय सभाको ठुलो दल नेपाली कांग्रेस र नेकपा (एमाले) बाट अस्वीकारको सूचना दर्ता भएको थियो। नेकपा (एमाले) बाट दर्ता भएको अध्यादेशमा अस्वीकारको प्रस्ताव सम्झना देवकोटा, सोमनाथ पोर्तेल र मीनासिंह रखालले फिर्ता लिन अस्वीकार गरेपछि सो प्रस्ताव निर्णयार्थ पेस भयो। नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपालले अस्वीकार गर्ने प्रस्तावको विपक्षमा र अध्यादेश स्वीकार गर्ने प्रस्तावको पक्षमा मतदान गरेपछि बहुमतले स्वीकृत भयो।

> नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपालले अस्वीकार गर्ने प्रस्तावको विपक्षमा र अध्यादेश स्वीकार गर्ने प्रस्तावको पक्षमा मतदान गरेपछि बहुमतले स्वीकृत

नेपाली कांग्रेसका रञ्जित कर्णले दर्ता गर्नुभएको सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ अस्वीकारको प्रस्ताव फिर्ता लिनुभयो। सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ बहुमतले स्वीकृत भएको हो।

अध्यादेश स्वीकार भएको मितिले सात दिनभित्र स्वीकृत अध्यादेशको प्रतिस्थापन विधेयक पेस गर्न अनुमति माग्ने सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने र त्यस्तो विधेयकको नाममा प्रतिस्थापन विधेयक उल्लेख हुनुपर्ने राष्ट्रिय सभा नियमावलीको व्यवस्था छ। सरकारले अब चार वटै अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक ल्याउने छ। प्रतिस्थापन विधेयकसँगै स्वीकृत भएको कुनै अध्यादेशका प्रावधानलाई यथावत् वा संशोधनसहित प्रतिस्थापित गर्ने उद्देश्यबाट प्रस्तुत गरिने विधेयकका साथमा अध्यादेशका रूपमा तत्कालै लागु गर्नु परेको परिस्थिति र कारणसहितको विवरण सरकारले संलग्न गर्नुपर्ने छ। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल र स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले निर्णयार्थ पेस हुने क्रममा उठेका प्रश्नको जवाफ दिनुभयो।

### चार वटा अध्यादेश बाँकी

सङ्घीय संसदले चार वटा अध्यादेश स्वीकार गरे पनि अझै चार वटै अध्यादेश निर्णयार्थ पेस हुन बाँकी छ। सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश

» बाँकी पृष्ठ २ मा

## ‘सरकारले करको विवेकपूर्ण उपयोग गर्छ’



**अर्थमन्त्री डा. स्वर्णिम वाग्ले**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जनमतप्राप्त सरकारले राज्यकोषमा जम्मा भएको करको विवेकपूर्ण रूपमा प्रयोग गर्न पाउने बताउनुभएको छ। उहाँले सरकारले बजेटमार्फत प्रगतिशील कर नीतिलाई प्राथमिकतामा राखेको पनि बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

रास्वपा महाधिवेशन

# लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्ध



- पार्टीको राजनीतिक दर्शन र वैचारिक दृष्टिकोण
- पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासन
- सामाजिक न्याय र उदार अर्थतन्त्र
- संवैधानिक समाजवाद
- समन्यायिक समावेशिता
- योग्यता, सुशासन र सदाचार

**वसन्त पराजुली**
*नारायणगढ, असार ५ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारेर अगाडि बढ्ने भएको छ। असार ७ देखि ९ गतेसम्म चितवनमा हुन लागेको पहिलो महाधिवेशनले विधान संशोधन गर्दै आफ्नो वैचारिक दृष्टिकोणमा पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पूर्ण प्रतिबद्धतालाई संस्थागत गर्न लागेको हो।

विधान संशोधन समितिका सदस्य प्रकाशचन्द्र परियारले पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पार्टीलाई संस्थागत रूपमै अगाडि बढाउन लागिएको जानकारी दिनुभयो। “हामीले अहिले विधान संशोधनका लागि मसौदा तयार गरिसकेका छौँ,” उहाँले भन्नुभयो, “सामाजिक न्याय र उदार अर्थतन्त्र, संवैधानिक समाजवाद, समन्यायिक समावेशिता, योग्यता, सुशासन र सदाचार, सनातन सभ्यता र सांस्कृतिक सहअस्तित्वलाई जोड दिने गरी विधान संशोधनको प्रस्ताव महाधिवेशनमा प्रस्तुत हुने छ।” यसअघि जलेश्वर बैठकबाट नै आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारिसकेको रास्वपाले यसलाई महाधिवेशनबाटै संस्थागत गर्न लागेको हो।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्न दृढ सङ्कल्प गर्नलाई पनि विधानको प्रस्तावनामा राखिएको छ। प्रस्तावित विधान शनिबार केन्द्रीय समिति बैठकबाट अनुमोदन गराएर महाधिवेशनमा पेस गरिने परियारले बताउनुभयो।

“नेपालको गौरवपूर्ण इतिहास, सनातन सभ्यता तथा धार्मिक–सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मानलाई आत्मसात् गर्दै; विश्वभर फैलिएका नेपालीको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्त्वलाई राष्ट्रको हितमा परिचालन गर्न, वैयक्तिक स्वतन्त्रता र मौलिक हकको पूर्ण प्रत्याभूतिसहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासनप्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्ने ध्येयका साथ शान्तिपूर्ण मार्गबाटै समाजवादका प्रधान लक्ष्य हासिल गर्ने ‘संवैधानिक समाजवाद’ को अवधारणालाई अङ्गीकार गर्दै, समाजमा ऐतिहासिक विरासतका रूपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदविरुद्ध निर्णायक प्रहार गरी अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोग सुनिश्चित गर्ने” संशोधित विधानमा उल्लेख छ।

“लोककल्याणकारी राज्यको स्थापनाका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोतसाधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी अनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयन गर्न, स्वच्छ र सुदृढ नियमनकारी संरचना निर्माण गरी राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित सामाजिक पुँजीको अभिवृद्धि तथा जलवायु र पर्यावरणीय सन्तुलन कायम गर्न प्रतिबद्ध रहँदै, सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने एक बहुलवादी लोकतान्त्रिक दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्थापना गरी पार्टीको सुसञ्चालन र व्यवस्थापनका लागि हामीले यो विधान तर्जुमा गरी जारी गरेका छौँ,” प्रस्तावित विधानमा उल्लेख छ।

### तीन तहको साङ्गठनिक संरचना

रास्वपाले आफ्नो पार्टी संरचनामा स्थानीय, प्रदेश र केन्द्रीय गरी तीन तहको साङ्गठनिक संरचना बनाउने भएको छ। साङ्गठनिक संरचनामा केन्द्रीय तहमा राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति (पार्टी सचिवालयसमेत), केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय आयोग र केन्द्रीय विभाग रहने संशोधित विधानमा छ। यस्तै प्रदेश तहमा प्रदेश अधिवेशन, प्रदेश समिति (प्रदेश सचिवालयसमेत), प्रदेश आयोग र प्रदेश विभाग एवं

» बाँकी पृष्ठ २ मा

मन्त्रीपरिषद् निर्णय

# विभिन्न विधेयक संसद्मा पेस गर्न स्वीकृति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना शुक्रबार मन्त्रीपरिषद्का निर्णय सार्वजनिक गर्नुहुँदै ।**

सरकारले सहकारी क्षेत्रको नियमन र व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित सम्बन्धित कानुन संशोधन तथा एकीकरणको प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। शुक्रबार बसेको मन्त्रीपरिषद् बैठकले कानुनी तथा संस्थागत सुधारसँग सम्बन्धित विभिन्न प्रस्तावलाई स्वीकृति प्रदान गरेको हो।

बैठकका निर्णय सार्वजनिक गर्दै सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सहकारीसम्बन्धी प्रचलित कानुनलाई संशोधन तथा एकीकरण गर्न आवश्यक विधेयक तर्जुमाका लागि मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति दिएको जानकारी दिनुभयो। उहाँले सहकारी क्षेत्रका समस्या, बचतकर्ताको हित संरक्षण तथा संस्थागत सुशासनलाई दृष्टिगत गर्दै कानुनी सुधारको प्रक्रिया अघि बढाइएको बताउनुभयो।

पछिल्ला वर्षमा सहकारी संस्थामा देखिएका वित्तीय अनियमितता, बचतकर्ताको रकम फिर्तासम्बन्धी समस्या तथा नियमनको प्रभावकारितामाथि उठेका प्रश्नका कारण सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन कानुनी सुधार आवश्यक ठानिएको छ। त्यसै गरी बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणसम्बन्धी छुट्टै कानुनी व्यवस्था गर्न आवश्यक विधेयक तर्जुमाका लागि पनि मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ। यसबाट बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थामाथिको निगरानी थप प्रभावकारी हुने तथा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

बैठकले प्रशासनिक सुधार, वित्तीय अनुशासन तथा नियामक संरचनालाई सुदृढ बनाउने उद्देश्यले अन्य विभिन्न कानुनी प्रस्तावलाई पनि स्वीकृति दिएको छ। यससँगै नेपाल विशेष सेवा ऐन, २०४२ को साबिक व्यवस्था पुनः कायम गर्नेसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरिएको छ। राष्ट्रिय सुरक्षा तथा गोप्य सूचनासम्बन्धी कार्यमा

» बाँकी पृष्ठ २ मा

# कक्षा १२ को नतिजामा सुधार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*



पछिल्ला वर्ष कक्षा १२ को नतिजामा निरन्तर सुधार देखिएको छ। अघिल्लो वर्ष ६१.१७ प्रतिशत रहेको नतिजा यस वर्ष वृद्धि भएर ६९.७५ प्रतिशत पुगेको छ। दुई वर्षअघि कक्षा १२ को उत्तीर्ण प्रतिशत ५२.९१ प्रतिशत मात्रै थियो। राष्ट्रिय परीक्षा बोर्डको तथ्याङ्क अनुसार दुई वर्षको अवधिमा १२ कक्षाको नतिजामा झन्डै १७ प्रतिशत वृद्धि देखिएको छ।

यस पटक १२ को परीक्षामा नतिजा वृद्धि हुनुमा थुप्रै कारण भए पनि विगत केही वर्षदेखि प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणमा शिक्षकलाई दिइएको तालिम र विगतका नतिजालाई विश्लेषण गर्दै अपनाइएको सुधारात्मक उपाय मुख्य भएको परीक्षा बोर्डले जनाएको छ। बोर्डले पछिल्लो समय प्रश्नपत्र निर्माणका लागि शिक्षकलाई तालिम दिन थालेको छ।

परीक्षा बोर्डका नियन्त्रक (कक्षा १२) कृष्ण शर्माका अनुसार यस क्रममा दुई हजारभन्दा धेरै शिक्षकलाई यस्तो तालिम दिइएको छ। बोर्डले विगतका प्रश्नपत्र तथा नतिजाको विश्लेषण गर्दै प्रदेश, जिल्ला र स्थानीय तहसम्म नतिजा सुधारको अभियान चलाएको शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, “यस अभियानले शिक्षक, विद्यार्थी, अभिभावक सबैलाई झकझक्यायो। जसको परिणाम नतिजामा देखियो।”

बोर्डले परीक्षा गत जेठ १४ बाट २७ गतेसम्म सञ्चालन गरेको थियो। परीक्षामा चार लाख १८ हजार १७० परीक्षार्थी सहभागी थिए। जसमध्ये नियमिततर्फ तीन लाख ३२ हजार २४१ र आंशिकतर्फ ८५ हजार ९२९ विद्यार्थी रहेका परीक्षा बोर्डले जनाएको छ। सरकारले कक्षा १२ को नतिजा ४५ दिनभित्र सार्वजनिक गर्न निर्देशन दिएको थियो। तर बोर्डले निर्देशन भएको समयावधिअगावै नतिजा सार्वजनिक गरेको हो। यसअघि एसइईको नतिजा पनि २९ दिनमै सार्वजनिक गरिएको थियो। कक्षा १२ को नतिजा छिटो सार्वजनिक भएसँगै स्नातक तहमा भर्ना हुन विद्यार्थीलाई सहज भएको छ। विगतमा स्नातक तहको भर्नाको सूचना जारी हुँदासमेत कक्षा १२ को परीक्षाको नतिजा सार्वजनिक नहुँदा विद्यार्थी मर्कामा पर्ने गरेका थिए।

### सुशासनप्रतिको प्रतिबद्धता : शिक्षामन्त्री

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सुशासनप्रति सरकारको प्रतिबद्धताका कारण कक्षा १२ को परीक्षाफल विगतको तुलनामा निकै छिटो सार्वजनिक भएको बताउनुभएको छ। छिटो नतिजा प्रकाशन हुँदा समग्र शैक्षिक क्यालेन्डरमा सकारात्मक प्रभाव पार्ने मन्त्री पोखरेलले बताउनुभयो। मन्त्रीपरिषद्ले तीन महिनामा गरेका बैठकका निर्णय सार्वजनिक गर्दै मन्त्री पोखरेलले शुक्रबार भन्नुभयो, “विगतमा नतिजा सार्वजनिक गर्न तीन महिनाभन्दा बढी समय लाग्ने गरेको थियो। यस पटक प्रशासनिक प्रक्रियालाई चुस्त बनाउँदै छोटो अवधिमै काम सम्पन्न गरिएको हो।’

विगतमा नतिजा ढिलो आउँदा विश्वविद्यालयको भर्ना, कक्षा सञ्चालन र परीक्षासमेत पछाडि धकेलिने गरेको उल्लेख गर्दै उहाँले यस पटक सहज हुने बताउनुभयो। कक्षा १२ को नतिजा छिटो सार्वजनिक भएका कारण अब विश्वविद्यालयलाई पनि समयमै परीक्षा लिन र नतिजा प्रकाशन गर्न मद्दत पुगेको छ। त्रिभुवन विश्वविद्यालयलगायतका अन्य विश्वविद्यालयले यस वर्षदेखि भर्ना र पठनपाठनको कार्यतालिका अगाडि नै सुरु गर्ने तयारी गरिसकेको पनि मन्त्री पोखरेलले जानकारी दिनुभयो। बोर्डले दुई विषयमा ननग्रेडेड अर्थात् अनुत्तीर्ण भएका परीक्षार्थीका लागि ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्ने भएको छ।

अन्तर्राष्ट्रिय

## जेनेभा वार्ता स्थगित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

संयुक्त राज्य अमेरिका–इरानबिच शान्ति सम्झौताको भोलिपल्टका लागि तय भएको बैठक स्थगित भएको छ। बैठक स्विट्जरल्यान्डको जेनेभामा हुने भनिएको थियो। पश्चिम एसियामा दिगो शान्ति कायम गर्न भन्दै शुक्रबारका लागि निर्धारण गरिएको बैठक स्थगन भएको रोयटर्सले जनाएको छ।

इरानसँगको वार्तामा अमेरिकी प्रतिनिधि मण्डलका तर्फबाट मुख्य नेतृत्वकर्ता तोकिनुभएका अमेरिकी उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड यात्रा रद्द भएको केही घण्टापछि शुक्रबार नै स्विट्जरल्यान्ड सरकारले वार्ता हाललाई स्थगित भएको औपचारिक जानकारी दिएको हो। एएफपीका अनुसार स्विस विदेश मन्त्रालयले अमेरिका, इरान,

» बाँकी पृष्ठ २ मा



# 'चेतना जगाउने माध्यम चलचित्र'



तस्बिर : विकास द्वारे

**राष्ट्रपति रामचन्द्र पौडेल चलचित्र विकास बोर्डद्वारा आयोजित राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान कार्यक्रममा सम्मानित कलाकारका साथ सामूहिक तस्बिरमा ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले चलचित्र मनोरञ्जनको माध्यम मात्र नभएर नागरिकमा जागरण, रूपान्तरण, चेतना जगाउने माध्यम भएको बताउनुभएको छ । चलचित्र विकास बोर्डद्वारा आयोजित राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले हिमाल–पहाड–तराईको प्रकृति र सामाजिक जीवनलाई चलचित्रले देशभित्र मात्र होइन, विश्व मञ्चसम्म चिनाउन सक्ने भएकाले यो हाम्रो साझा पहिचान निर्माणको आधार पनि भएको स्पष्ट पार्नुभयो।

उहाँले नेपाली चलचित्र उद्योगले नेपालको अर्थतन्त्रको विकासमा समेत योगदान पुर्‍याउन सक्ने भन्दै सबैले त्यसतर्फ सोच्नुपर्ने बताउनुभयो । राष्ट्रपति पौडेलले अहिलेको बदलिँदो परिवेश अनुरूपको नीति, कानुन, सुविधा र सहुलियतसहित संस्थागत सुधार गरी चलचित्र उद्योगलाई नयाँ उचाइ दिन कुनै कसर बाँकी राख्न हुँदैन भन्नुहुँदै यसका लागि कलाकार मात्र नभएर चलचित्र उद्योगसँग सम्बन्धित सबै सरोकारवालाको योगदानको उचित कदर गर्नुपर्ने बताउनुभयो।

प्रविधिको विकासले चलचित्र उद्योगको स्तरोन्नतिमा ठुलो योगदान दिएको भन्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "डिजिटल प्रविधिले चलचित्र निर्माणदेखि वितरणसम्मका काममा सहजता पनि ल्याएको छ। यसको प्रयोग गर्दा हाम्रो मौलिक कथा, मानवीय सिर्जनशीलता, सांस्कृतिक पहिचान र सर्जकको बौद्धिक अधिकार जोगाउनु पर्छ भन्नेमा सचेत रहनु पर्छ।"

राष्ट्रपति पौडेलले चलचित्रका पर्दामा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति तथा विभिन्न भूगोल र समुदायका कथा सम्मानजनक, संवेदनशील र यथार्थपरक रूपमा अटाऊन् भन्ने आफ्नो अपेक्षा रहेको स्पष्ट पार्नुभयो।

### चलचित्र समाजको सामूहिक स्मृति

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले चलचित्र मनोरञ्जनको माध्यम मात्र नभई समाजको सामूहिक स्मृति, सांस्कृतिक पहिचान र राष्ट्रिय आत्माको अभिव्यक्ति भएको बताउनुभयो। उहाँले कलाकार समाजकै सदस्य भए पनि सामान्य मानिसभन्दा बढी संवेदनशील दृष्टि भएका व्यक्तित्व भएको स्पष्ट गर्नुहुँदै कला र सिर्जनाले विभाजित समाजलाई मानवीय सम्बन्ध, सहअस्तित्व र संवेदनाको पाठ सिकाउने बताउनुभयो।

कलाकारलाई सम्मान गर्नु भनेको व्यक्तिलाई मात्र नभई समाजको सिर्जनशील चेतना र आफ्नै सांस्कृतिक अस्तित्वलाई सम्मान गर्नुभएको उहाँको भनाइ थियो । जीवनभर चलचित्र क्षेत्रमा योगदान पुर्‍याएका व्यक्तित्वलाई सम्मान गर्दा आफूहरूले कलाकारलाई नभई आफ्नै समाज र संस्कृतिलाई सम्मान गरेको अनुभूति भएको पनि उहाँले बताउनुभयो।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले कठिन परिस्थितिका बाबजुद नेपाली चलचित्र उद्योगले निरन्तर प्रगति गरिरहेकोले पुराना पुस्ताका चलचित्रकर्मीको अथक परिश्रमकै कारण नेपाली चलचित्र आजको अवस्थामा आइपुगेको स्मरण गर्नुभयो।

उहाँले नेपाली चलचित्र क्षेत्रको अपेक्षा अनुसार समयसापेक्ष र व्यावहारिक चलचित्र ऐन ल्याउन सरकार प्रतिबद्ध रहेको पनि स्पष्ट पार्नुभयो। "नयाँ चलचित्र ऐन समयसापेक्ष, व्यावहारिक र चलचित्र क्षेत्रको वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने खालको हुनु पर्छ । चलचित्र क्षेत्रले अपेक्षा गरे अनुसारको ऐन निर्माण गर्न सरकार प्रतिबद्ध छ र म आज पुनः यही प्रतिबद्धता दोहोर्‍याउन चाहन्छु," उहाँले भन्नुभयो।

चलचित्र क्षेत्रका समस्या, चुनौती र अपेक्षाप्रति सरकार संवेदनशील रहेको बताउनुहुँदै सञ्चारमन्त्री डा. तिमिल्सिनाले चलचित्रकर्मीसँग निरन्तर संवाद र छलफल गर्दै ती विषयको समाधानका लागि आवश्यक कदम चाल्न सरकार तयार रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा नवीन चौहान निर्देशित चलचित्र 'ऊनको स्वीटर' ले तीन वटा विधामा पुरस्कार पाउन सफल भयो भने ऊनको स्वीटर उत्कृष्ट चलचित्र घोषित हुनुका साथै उत्कृष्ट निर्देशकको पुरस्कार पनि निर्देशक चौहानले पाउनुभयो । सोही चलचित्रबाट मिरुना मगर उत्कृष्ट अभिनेतृ घोषित हुनुभयो।

त्यस्तै उत्कृष्ट अभिनेताको पुरस्कार चलचित्र 'परान' बाट वरिष्ठ अभिनेता नीर शाहलाई प्रदान गरिएको थियो। उत्कृष्ट पटकथातर्फको पुरस्कार पनि परानले नै जित्न सफल भयो। पटकथाका लागि याम थापा र दीपक आचार्य पुरस्कृत भएका हुन्। उत्कृष्ट छायाङ्कनको पुरस्कार चलचित्र 'कोसेढुङ्गा' लाई प्रदान गरिएको थियो। कार्यक्रममा वरिष्ट कलाकार मदनकृष्ण श्रेष्ठलाई चलचित्र दीर्घ साधना सम्मानले पुरस्कृत गरिएको थियो। तीन लाख ७५ हजार नगद राशिसहित श्रेष्ठलाई सम्मान गरिएको हो।

## लामिछानेविरुद्धको सङ्गठित अपराधसम्बन्धी मुद्दा फिर्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

जिल्ला अदालत काठमाडौँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध कसुर फिर्ता लिन अनुमति दिएको छ । न्यायाधीश आत्मदेव जोशीको इजलासले अभियोगपत्र संशोधन माग अनुसार हुने आदेश गरेको हो। ठगी र सङ्गठित अपराध कसुरमा लामिछानेमाथि २०८१ पुस २१ र २०८२ वैशाख ३० मा पूरक अभियोगपत्र दायर भएको थियो । महान्यायाधिवक्ता कार्यालयको निर्णय अनुसार ठगीको अभियोग यथावत् राखी सङ्गठित अपराधको मुद्दा भने फिर्ता अनुमति भएको हो । अभियोपत्र संशोधनले सहकारीपीडित बचतकर्ताको रकम फिर्ताको वातावरण निर्माण हुने भन्दै सङ्गठित अपराधको कसुर फिर्ता लिइएको हो।

### भट्ट र अग्रवाल थुनामा

यसैबिच उच्च अदालत पाटनले बैङ्किङ कसुरको अभियोगमा दीपक भट्ट र शुलभ अग्रवाललाई पुर्पक्षका क्रममा थुनामा राख्न आदेश गरेको छ। न्यायाधीशद्वय ऋषिराज भण्डारी र सोमकान्त भण्डारीको इजलासले तत्काल प्राप्त प्रमाणका आधारमा भट्ट र अग्रवाललाई थुनामै राख्न आदेश गरेको हो। बैङ्किङ कसुरमा मुद्दामा कुल बिगो ४२ करोड १४ लाख ८८ हजार ८०७ रुपियाँ कायम गरिएको छ। कानुनी व्यवस्था अनुसार सो कसुरमा बिगोबमोजिमको जरिबाना हुने छ।

# बर्डफ्लुका कारण चिडियाखाना बन्द

**गोरखापत्र समाचारदाता**
*ललितपुर, असार ५ गते*

ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानापरिसरभित्र रहेका पन्छीमा बर्डफ्लु पुष्टि भएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषको व्यवस्थापनमा सञ्चालन हुँदै आएको सदर चिडियाखानाले सूचना जारी गर्दै सङ्क्रमण नियन्त्रण तथा आगन्तुकको सुरक्षालाई ध्यानमा राखी शुक्रबारबाट लागु हुने गरी सम्पूर्ण गतिविधि स्थगित गरिएको जनाएको छ । चिडियाखाना प्रशासनका अनुसार बर्डफ्लु सङ्क्रमण पुष्टि भएसँगै थप फैलावट रोक्न आवश्यक सावधानी अवलम्बन गरिएको छ।

सङ्क्रमणको जोखिम न्यूनीकरण गर्न र जीवजन्तुको स्वास्थ्य अवस्थाको निगरानी गर्न चिडियाखाना बन्द गर्ने निर्णय गरिएको हो । बर्डफ्लु पुष्टि भएपछि सम्बन्धित निकायले चिडियाखानापरिसरमा आवश्यक परीक्षण, निगरानी तथा नियन्त्रणको काम अघि बढाएका छन्। यसअघि त्रिभुवन विश्वविद्यालयपरिसरमा कागमा बर्डफ्लु पुष्टि भएको थियो । चालु आर्थिक वर्ष २०८२/८३ मा सङ्क्रमण १० जिल्लासम्म फैलिँदा प्रत्यक्ष रूपमा कम्तीमा ५० करोड रुपियाँबराबरको क्षति भएको पशु सेवा विभागले जनाएको छ।

राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (एनएएचआइएस) र र्‍यापिड रेस्पोन्स टोली (आरआरटी) को तथ्याङ्क अनुसार हालसम्म ५६ वटा पोल्ट्री फार्ममा बर्डफ्लु पुष्टि भएको छ। सङ्क्रमण नियन्त्रणका लागि देशभर पाँच लाख ५३ हजार ६५० वटा पन्छी, १० लाख आठ हजार ९२८ वटा अन्डा र दुई लाख पाँच हजार ९७५ किलोग्राम दाना नष्ट गरिएको छ।

पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार सङ्क्रमित फार्ममा स्रोत नियन्त्रण, कन्टेन्मेन्ट तथा जैविक सुरक्षासम्बन्धी विशेष उपाय लागु गरिएको छ। उहाँले सङ्क्रमणको प्रत्यक्ष आर्थिक क्षति ५० करोड रुपियाँ पुगेको र अप्रत्यक्ष क्षति भने अर्बौं रुपियाँसम्म पुग्न सक्ने बताउनुभयो। नेपाल पशु चिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोज शाहीका अनुसार बर्डफ्लु पुष्टि भएका फार्ममा कम्तीमा ४५ दिनसम्म नयाँ कुखुरा राख्न पाइँदैन। यसले कुखुरा तथा अन्डा उत्पादनको सम्पूर्ण चक्र अवरुद्ध बनाउँछ।

पशु सेवा विभागले सङ्क्रमण फैलिनुका प्रमुख कारण पहिचान गरेको छ। फार्मनजिक वनक्षेत्र वा अग्ला रुख हुनु, जलाशयआसपास फार्म सञ्चालन हुनु, जैविक सुरक्षा मापदण्डको पालना कमजोर, सवारीसाधन तथा आगन्तुकको अनियन्त्रित प्रवेश, अन्डा बोक्ने क्रेटको उचित कीटाणुनाशक प्रयोग नहुनु तथा एउटै व्यक्तिले जीवित र मृत पन्छीको व्यवस्थापन गर्नु सङ्क्रमण फैलाउने मुख्य कारणका रूपमा देखिएको छ। चिडियाखानामा फैलिएको बर्डफ्लु पनि ठुला रुखमा आउने चराका कारणले हुन सक्ने अनुमान गरिएको छ।

# आकार लिँदै नवप्रवर्तन मन्त्रालय

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले जिम्मेवारी समालेपछि बिस्तारै मन्त्रालयले आकार लिन थालेको छ । मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य वज्राचार्यको नेतृत्वमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) तयार भएपछि कर्मचारीदेखि विभाग र महाशाखाको टुङ्गो लाग्ने भएको छ।

मन्त्री पुनले मन्त्रालयमा कुल १६ जना कर्मचारी मात्रै कार्यरत रहेकाले ओएनएम सकिएपछि मन्त्रालयले पूर्णता पाउने जानकारी दिनुभयो । "सचिवको नेतृत्वमा ओएनएम तयार गर्न जिम्मेवारी दिइएको छ । असार पहिलो साताभित्र प्रतिवेदन बुझाउनुहुने छ। त्यसपछि कति कर्मचारी आवश्यक छ, कति विभाग र महाशाखा चाहिन्छ; सबै विस्तृत रूपमा आउँछ," उहाँले भन्नुभयो, "नयाँ मन्त्रालय भएकाले सबै खाका तयार भएपछि कामले बिस्तारै गति लिन्छ। प्रशासन र प्राविधिक गरी दुई खालका कर्मचारी बनाएर छरितो टिमबाट काम गर्ने योजना छ। अनावश्यक कर्मचारी राखिँदैन।" विज्ञान प्रविधि अध्ययन गरेका युवालाई विज्ञ र अनुसन्धानकर्ताका रूपमा राख्ने तयारी रहेको उहाँको भनाइ छ।

> यसअघि भागबन्डा पुर्‍याउनकै लागि पटक पटक मन्त्रालय फुटाउने र जोड्ने कार्य भएको थियो । अब दीर्घकालीन योजना बनाएर परिणाम देखिने गरी काम गर्ने योजना छ ।

यसअघि भागबन्डा पुर्‍याउनकै लागि सात पटक मन्त्रालय फुटाउने र जोड्ने कार्य भएको थियो। अब दीर्घकालीन योजना बनाएर परिणाम देखिने गरी काम गर्ने योजना मन्त्री पुनले बनाउनुभएको छ । "मैले योजना बनाएर काम गरिरहेको छु। मन्त्रीपरिषद् बैठक र संसद् बैठकबाहेक अन्यत्र कतै जान्नँ । मन्त्रालयमै खाने सुत्ने गरेको छु," उहाँले भन्नुभयो, "अब मन्त्रालयका लागि प्रविधि पढाउने कलेजमा सुझाव लिन जाने सोचेको छु।"

मन्त्री पुनले विज्ञान मन्त्रालय बनाउन आफैँले सुझाव दिएकाले तीन वर्षसम्म काम गरेर अरूलाई छोडेर जाने बताउनुभयो । "मन्त्रीका रूपमा लामै समय बस्ने सोच छैन । मन्त्रालयलाई व्यवस्थित बनाएपछि नयाँ आउने मन्त्रीलाई काम गर्न सहज हुने गरी व्यवस्था गर्दै छु," उहाँले भन्नुभयो। सरकारले मन्त्रालयका लागि चार अर्ब ५० करोड बजेट विनियोजन गरेको छ।

# सेवाग्राहीको गुनासो अब 'हेलो गृह कल सेन्टर' मा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

गृह मन्त्रालयले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित गुनासा, उजुरी तथा सुझावको व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी र छिटोछरितो बनाउन 'हेलो गृह कल सेन्टर' सञ्चालनमा ल्याएको छ । मन्त्रालय अन्तर्गतको गुनासो व्यवस्थापन शाखामार्फत स्थापना गरिएको उक्त कल सेन्टरमा सर्वसाधारणले गृह प्रशासनसँग सम्बन्धित विभिन्न प्रकारका गुनासा तथा सुझाव प्रत्यक्ष रूपमा दर्ता गर्न सक्ने छन्।

शुक्रबारदेखि सञ्चालनमा ल्याइएको उक्त प्रविधिमा नागरिकका गुनासा र सुझावलाई व्यवस्थित रूपमा सङ्कलन गरी सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले 'हेलो गृह कल सेन्टर' सञ्चालनमा ल्याइएको हो । मन्त्रालयले यसबाट सेवाग्राहीका समस्या समयमै सम्बोधन गर्न तथा सार्वजनिक सेवामा जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास लिएको जनाएको छ।

गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता आनन्द काफ्लेले जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवा प्रभावकारी नभएको, सेवाग्राहीका गुनासा सम्बोधन नभएको, प्रहरी कार्यालयमा जाहेरी दर्ता गर्न आनाकानी गरिएको, कसैले काम गराइदिने भन्दै रकम माग गरेको, गृहमन्त्रीको सचिवालयमा कार्यरत रहेको भन्दै धम्की दिने वा प्रभाव पार्न खोज्ने जस्ता विषयमा समेत नागरिकले कल सेन्टरमार्फत उजुरी गर्न सक्ने बताउनुभयो।

उहाँका अनुसार गृह मन्त्रालय र मातहतका निकायबाट प्रदान हुने सेवासँग सम्बन्धित सबै प्रकारका गुनासा, उजुरी तथा सुझावलाई आवश्यक प्रक्रिया पूरा गरी सम्बोधन गरिनेछ । यसका लागि मन्त्रालयले आधुनिक प्रविधिको प्रयोग गर्दै विभिन्न सम्पर्क माध्यमसमेत उपलब्ध गराएको छ।

मन्त्रालयले टोलफ्री नम्बर, इमेल, मोबाइल तथा ह्वाट्सएपमार्फत गुनासा दर्ता गर्न सकिने व्यवस्था मिलाएको छ । त्यस्तै क्युआर कोड स्क्यान गरेर अनलाइन माध्यमबाट समेत उजुरी तथा सुझाव पठाउन सकिने जनाएको छ।

'हेलो गृह कल सेन्टर' मार्फत गुनासा तथा सुझाव पठाउन चाहने सेवाग्राहीले टोलफ्री नम्बर १११२, इमेल gunaso@moha.gov.np तथा मोबाइल नम्बर ९८५१३६०६०३ (ह्वाट्सएपसमेत) प्रयोग गर्न सक्ने छन् । प्रवक्ता काफ्लेद्वारा जारी विज्ञप्तिमा नागरिकमैत्री, उत्तरदायी र पारदर्शी प्रशासनलाई सुदृढ बनाउने दिशामा 'हेलो गृह कल सेन्टर' महत्त्वपूर्ण माध्यम बन्ने उल्लेख गरिएको छ।

# महरा सक्रिय राजनीतिबाट बिदा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

पूर्वसभामुख एवं नेपाली कम्युनिस्ट पार्टीका नेता कृष्णबहादुर महराले सक्रिय राजनीतिबाट बिदा लिएको घोषणा गर्नुभएको छ। आफ्नो ७० औँ वर्ष प्रवेश अवसरमा स्वास्थ्यको कारण देखाउँदै सक्रिय राजनीतिबाट बिदा लिएर साधारण सदस्य मात्रै हुने विज्ञप्तिमार्फत उल्लेख गर्नुभएको छ।

तत्कालीन माओवादी जनयुद्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका महराले स्वास्थ्यका कारण सक्रिय हुन नसकेकाले ४८ वर्षदेखिको राजनीतिक जीवनबाट बिदा लिएको उल्लेख गर्नुभएको छ । महराले नियमित उपचार, थेरापी र औषधी सेवन गर्नुपर्ने भएकाले युवालाई अघि सार्न पनि बिदा लिनु परेको बताउनुभएको छ । पार्टीमा कुनै असन्तुष्टि, गुनासो वा वैचारिक विचलन कारण नभई केवल स्वास्थ्य अवस्थाले सक्रिय राजनीतिबाट बिदा लिएको महराले प्रस्ट पार्नुभएको छ।

महरा २०४८ सालको संसदीय निर्वाचनमा रोल्पाबाट निर्वाचित हुनुभएको थियो । तत्कालीन माओवादीले सञ्चालन गरेको जनयुद्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो । २०६२/६३ सालको जनआन्दोलनपछि अन्तरिम विधायकदेखि २०६४ सालमा रोल्पाबाट, २०७० साल र २०७४ साल दाङबाट प्रत्यक्ष निर्वाचित हुनुभएको थियो । महरा गृह, अर्थ, परराष्ट्र, सञ्चारसहित सात पटक मन्त्री हुनुभएको थियो।

# भ्रष्टाचार मुद्दा दायर

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । सडक ढलान योजनामा अनियमितता गरेको आरोपमा यादवविरुद्ध शुक्रबार विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ । आयोगका अनुसार सडक ढलान योजनामा रकम भुक्तान गर्दा सेवाग्राहीबाट ७२ हजार रुपियाँ घुस लिएको अवस्थामा आयोगको टोलीले यादवलाई केही दिनअघि नियन्त्रणमा लिएको थियो । आयोगले यादवलाई सोही रकमबराबर बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अनुसार कारबाहीको माग गरेको छ।

## विभिन्न विधेयक...

संलग्न निकायको कानुनी व्यवस्थालाई थप प्रभावकारी बनाउने उद्देश्यले उक्त व्यवस्था पुनः कायम गर्न लागिएको जनाइएको छ।

यसै गरी राष्ट्रिय सेवा दलसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न तयार पारिएको विधेयक पनि सङ्घीय संसद्मा पेस गर्न पनि मन्त्रीपरिषद्ले स्वीकृति दिएको छ। यसबाट राष्ट्रिय सेवा दलको सञ्चालन तथा व्यवस्थापनलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको छ। बैठकले नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा कैलालीका डा. गोपालप्रसाद भट्टलाई नियुक्त गर्ने निर्णयसमेत गरेको छ। यसैबिच प्रतिनिधि सभामा दर्ता रहेका केही विधेयकलाई प्रतिस्थापन विधेयकका रूपमा अघि बढाउन पनि मन्त्रीपरिषद्ले स्वीकृति प्रदान गरेको छ। यस अन्तर्गत सहकारी ऐन, २०७४ संशोधनसम्बन्धी विधेयक, सार्वजनिक खरिद ऐन, २०६३ संशोधनसम्बन्धी विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ संशोधनसम्बन्धी विधेयक तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयकलाई नयाँ स्वरूपमा संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरिएको छ। बैठकले सार्वजनिक खरिदसम्बन्धी कानुनमा गरिने संशोधनबाट खरिद प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाउने सरकारको उद्देश्य रहेको छ। त्यस्तै सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनमा गरिने संशोधनले वित्तीय अपराध नियन्त्रण, अन्तर्राष्ट्रिय मापदण्डको पालना तथा आर्थिक कारोबारमा पारदर्शिता अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी कानुनी व्यवस्थामा गरिने संशोधनबाट स्वास्थ्य शिक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको सञ्चालन र व्यवस्थापनलाई थप व्यवस्थित बनाउने सरकारको लक्ष्य रहेको छ।

### अघिल्ला निर्णय सार्वजनिक

यसैबिच नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शुक्रबार नै दुई महिनाभित्र मन्त्रीपरिषद्ले गरेका निर्णयको एकमुष्ट सूची सार्वजनिक गर्नुभएको छ। यस क्रममा उहाँले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप (टिआरसी) कोषका लागि स्विट्जरल्यान्ड सरकारबाट स्विस फ्र्याङ्क एक मिलियन (१८ करोड ७० लाख रुपियाँ) अनुदान सहायता प्राप्त गर्ने निर्णय गरेको, राष्ट्रिय राजमार्गमा पर्ने १६२ निर्माणाधीन पुल र स्थानीय सडक पुल निर्माण अन्तर्गत आर्थिक वर्ष २०७९/८० सम्म ठेक्का व्यवस्था भई निर्माणाधीन ३०३ पुलको अनिवार्य दायित्व भुक्तानी गर्न आवश्यक रकमान्तर तथा थप बजेट व्यवस्थापन गर्ने निर्णय गरेको, भन्सार नियमावली २०८३ स्वीकृत गर्ने जस्ता निर्णय भएको जानकारी दिनुभयो।

यस्तै विभिन्न समयमा भएको मन्त्रीपरिषद् बैठकले अरनिको राजमार्गको मर्मत सुधार गर्न चीन सरकारले प्रदान गर्ने ७९.३६ मिलियन आरएमबी अनुदान सहायता स्वीकार गर्ने, आर्टिफिसियल इन्टेलिजेन्स विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने, प्रत्यारोपण नियमावली २०८३ स्वीकृत गर्ने, सैनिक सेवा (छैटौँ संशोधन) नियमावली २०८३ स्वीकृत गर्नेलगायतका निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो।

### विवाद मिलाउन समिति

सरकारले ताप्लेजुङको धार्मिक क्षेत्र मुक्कुम्लुङ पाथीभरामा निर्माण हुन लागेको केबुलकारका कारण उत्पन्न भएको विवाद र समस्या समाधानका लागि कार्यदल गठन गरेको छ। बिहीबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको सचिवस्तरको निर्णय अनुसार प्रधानमन्त्री वालेन्द्र शाहका सामाजिक विकास विज्ञ विश्व राईको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

कार्यदललाई पाथीभरा मन्दिर जाने केबुलकार निर्माण सम्बन्धमा लामो समयदेखि देखिएका विवाद तथा समस्या पहिचान गरी सोको समाधानका लागि १५ दिनभित्र सुझाव पेस गर्न समयसीमा तोकिएको छ। सबै सरोकारवाला पक्षलाई समेटेर बनाइएको उक्त सात सदस्यीय कार्यदलमा संयोजक राईसहित पूर्वाधार विकास मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर, केबुलकार निर्माणप्रति असहमति जनाउने पक्षका प्रतिनिधि, पाथीभरा क्षेत्र विकास समितिको प्रतिनिधि सदस्य हुनुहुन्छ। साथै केवलकार निर्माण गर्ने कम्पनीका प्रतिनिधि, गृह मन्त्रालयका उपसचिव र प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयका स्वकीय सहसचिव पनि कार्यदलको सदस्य हुनुहुन्छ।

## सङ्घीय संसद्बाट...

२०८३, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश २०८३, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ र विश्वविद्यालयसम्बन्धी नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८३ निर्णयार्थ पेस हुन बाँकी छ।

राष्ट्रिय सभामा चार वटा अध्यादेश स्वीकृत गराएको नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीले निर्णयार्थ पेस हुन बाँकी चार वटा अध्यादेशमा अस्वीकारको सूचना दर्ता गराएको छ। दुवै दलले अस्वीकारको सूचना फिर्ता नलिने अडान लिएपछि अध्यादेश निर्णयार्थ पेस भएन। कांग्रेस र नेकपाकै समर्थनमा चार वटा अध्यादेश स्वीकृत भएको हुँदा दुवै दललाई विश्वासमा नलिई निर्णयार्थ पेस हुँदा बाँकीको चार वटा अध्यादेश अस्वीकृत हुने छ।

गत वैशाख तेस्रो साता सरकारको सिफारिसमा आठ वटा अध्यादेशबाट सरकारले १२२ वटा कानुन संशोधन गर्‍यो। विश्वविद्यालय र सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी अध्यादेशले राजनीतिक नियुक्ति पाएर कार्यरत करिब एक हजार चार सय सार्वजनिक पदाधिकारीले आफ्नो पद गुमाएका छन्।

## जेनेभा वार्ता...

कतार र पाकिस्तानबिच हुने भनिएको वार्ता हाललाई रोकिएको जानकारी दिइएको छ। कतार र पाकिस्तानले शान्ति सम्झौताको तयारीका क्रममा सहयोग गरिरहेका थिए। यो वार्ता स्थगनले अमेरिका र इरानबिच बिहीबार भएको सम्झौतापछि अगाडि बढाउन हाललाई केही अनिश्चय सिर्जना गरेको छ। झन्डै तीन महिना अमेरिका र इजरायलले इरानविरुद्ध आक्रमण गरेपछि सुरु भएको पश्चिम एसियाको अशान्तिले विश्व आपूर्ति शृङ्खलामै प्रतिकूल प्रभाव पारेको थियो।

पश्चिम एसियामा युद्ध अन्त्य गर्ने उद्देश्यले भएको सम्झौतापछि दुवै पक्षबिच थप वार्ताको तयारी स्विट्जरल्यान्डमै भइरहँदा शान्तिको आशा बढेको थियो तर वार्ता स्थगनले केही अन्योल थपेको अन्तर्राष्ट्रिय समाचार माध्यमले जनाएका छन्। ह्वाइट हाउसले अमेरिका र इरानबिचको आगामी चरणका छलफलका निम्ति आवश्यक प्राविधिक तयारी अझै बाँकी नै रहेकाले उपराष्ट्रपति भान्सको भ्रमण रद्द भएको र त्यसकै कारण हाललाई वार्ता स्थगित भएको जनाएको छ। शान्ति सम्झौतापछि पनि लेबनानमा जारी अशान्तिले पनि हाललाई वार्ता स्थगित भएको हुन सक्ने जनाइएको छ।

## लोकतान्त्रिक...

स्थानीय तहमा जिल्ला अधिवेशन, जिल्ला समिति (जिल्ला समिति, निर्वाचन क्षेत्र समिति), पालिका अधिवेशन, पालिका समिति, वडा अधिवेशन, वडा समिति, बुथ समिति र टोल समितिसम्म पार्टीगत संरचना रहने संशोधित विधानमा उल्लेख छ।

रास्वपाका केन्द्रीय सदस्य राजन गौतमका अनुसार आगामी महाधिवेशनमा केन्द्रीय समितिको आकार बढाएर १५१ पुर्‍याउने प्रस्ताव गरिँदै छ। यसअघि १२१ सदस्य रहेको केन्द्रीय समितिलाई विस्तार गरी १५१ पुर्‍याउने प्रस्ताव गर्न लागिएको हो।

पार्टीको सर्वोच्च कार्यकारी निकायका रूपमा रहने केन्द्रीय समितिमा राष्ट्रिय महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित सभापति एक जना रहने प्रस्ताव छ। समितिमा वरिष्ठ नेता एक जना, उपसभापति तीन जना, महामन्त्री दुई जना, सहमहामन्त्री चार जना, प्रवक्ता एक जना, सहप्रवक्ता तीन जना, कोषाध्यक्ष एक जना र सहकोषाध्यक्ष एक जना पदाधिकारी रहने प्रस्ताव पनि महाधिवेशनमा हुने केन्द्रीय सदस्य गौतमले जानकारी दिनुभयो।

## 'सरकारले करको...

आर्थिक विधेयक, २०८३ मा विचार गरियोस् भन्ने प्रस्तावको छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा मन्त्री वाग्लेले करका विषयमा दुबिधा र अनावश्यक भ्रमबाट बाहिर निस्किन सांसदलाई आग्रह पनि गर्नुभयो। जवाफका क्रममा मन्त्री वाग्लेले भन्नुभयो, "हजारौँ ठाउँबाट उठाइएको कर एउटै कोषमा गएर जम्मा हुन्छ र जनमत प्राप्त सरकारले त्यसको विवेकपूर्ण उपयोग गर्छ। पूर्वाधारका लागि उठाइएको कर बुढीगण्डकीको क्षतिपूर्ति भनेर बाँडियो भनेर उदाहरण मैले प्रस्तुत गरेँ। यो विशेष र विशिष्ट स्रोत हो भनेर गरिन्छ भने पनि त्यो सम्भव छ, यो निर्देश गर्ने काम पनि संसद्कै हो। वर्षमा १० लाख आम्दानी भएका नागरिकलाई करको दायरामा राखिएको छैन। यसबाट लाखौँको आम्दानी बढेको छ। मध्यम र उच्च मध्यम वर्गलाई शिक्षामा पनि करकट्टीको सुविधा दिइएको छ। म भ्रमहरूबाट बाहिर आउन माननीयज्यूहरूलाई आग्रह पनि गर्दछु।"

मध्यम वर्गलाई अतिरिक्त भार नपरोस् भन्नेमा सरकार सचेत रहेको पनि उहाँले बताउनुभयो। अर्थतन्त्रलाई औपचारिक र आधुनिकीकरण गर्न पनि करमा दूरगामी नीति आवश्यक रहेको र ठुलो जनादेश प्राप्त सरकारले मात्र नीतिगत रूपान्तरण गर्न सक्ने उहाँले बताउनुभयो।

सरकारले बजेटमार्फत ५० युनिटभन्दा बढीका विद्युत् खपतमा कर लिने नीति लिए पनि सय युनिट र १५० युनिटमाथि मात्र कर लगाउने गरी अध्ययन भइरहेको पनि उहाँले जानकारी दिनुभयो। साउन १ गते कर लागु हुनुभन्दा अघि नै उक्त निचोडमा पुग्ने पनि वाग्लेको भनाइ छ। उहाँले विद्युत्को मूल्य समायोजनका विषयमा पनि अध्ययन भइरहेको बताउनुभयो। हिउँद र बर्खाको समयमा फरक शुल्क जान सकिने पनि उहाँले धारणा राख्नुभयो। कर लगाउनुको मूल उद्देश्य औपचारिक र आधुनिकीकरण भएको पनि उहाँले बताउनुभयो।

पुँजी बजारमा ठुलो विचलन आएको विभिन्न अनुसन्धानले देखिएको उहाँको भनाइ छ। हालैको एक मुद्दाले पनि त्यसलाई उजागर गरेको वाग्लेले बताउनुभयो। विगतका आचरणगत र नियतगत कुराबाट केही लगानीकर्ता पर्ख र हेरको नीतिमा रहेको उहाँको भनाइ छ। बजेट कार्यान्वयनसँगै निजी क्षेत्र उत्साही हुनेमा आफू आशावादी रहेको उहाँले बताउनुभयो। अहिले कर तिर्न सक्ने व्यक्ति पनि करको दायरामा आउन नसकेको दाबी मन्त्री वाग्लेले गर्नुभयो।

विकासको उन्नत सूचकमध्ये एक औपचारिक अर्थतन्त्र रहेको बताउँदै वर्तमान सरकारले ससाना सुधारका कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको मन्त्री वाग्लेको भनाइ छ। राजस्व अनुसन्धान विभागको खारेजी गर्ने निर्णय यसअघिको प्रतिवेदन कार्यान्वयन रहेको वाग्लेले बताउनुभयो। नेकपा (एमाले) नेतृत्वको तत्कालीन सरकारले गठन गरेको समितिको सिफारिसका आधारमा उक्त विभाग खारेज गरिएको उहाँले बताउनुभयो।

अर्थतन्त्रको आकार र सामर्थ्य बढ्दा वैदेशिक ऋण समस्या नहुने उहाँले बताउनुभयो। विश्वका समृद्ध मुलुकले पनि ठुलो मात्रामा ऋण लिने गरेको बताउनुभयो। ऋणको उपयोग सही रूपमा हुनुपर्ने र तिर्ने क्षमताको विकास हुनुपर्ने उहाँको भनाइ छ। अहिलेको ऋण सहुलियतपूर्ण ऋण भएको र साँच्चिकै ऋण सुरुवात नै नभएको उहाँको भनाइ छ। उत्पादनमूलक क्षेत्रमा नै ऋण परिचालन गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो।

सभाले आर्थिक विधेयक, २०८३ र राष्ट्र ऋण उठाउने विधेयक, २०८३ मा विचार गरियोस् भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गरेको छ। स्वीकृत प्रस्ताव अनुसार अब सांसदले विधेयकमा संशोधन दर्ताको समय पाउने छन्। तीन दिनभित्र सांसदले उक्त विधेयकमाथि संशोधन दर्ता गर्न समय पाउने छन्।

यस्तै सभाले सार्वजनिक खरिद (तेस्रो संशोधन) अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, सहकारी (पहिलो संशोधन) अध्यादेश र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशलाई स्वीकृत गरेको छ। अध्यादेश स्वीकृत अघि सम्बन्धित अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव बहुमतले अस्वीकृत भएका थिए। अधिवेशनको पहिलो बैठकमा पेस भएका आठमध्ये चार अध्यादेश स्वीकृत भएका हुन्।

# कला संस्कृति संरक्षणमा सरकार प्रतिबद्ध

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नेपाली कला, संस्कृति र परम्पराले नेपाललाई विश्वमाझ चिनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभएको छ।

सांस्कृतिक संस्थानको ५४ औँ वार्षिकोत्सव समारोहमा उहाँले कला र संस्कृतिमा नेपालको विशेषता रहेकाले हाम्रो कला र संस्कृतिको संरक्षण तथा प्रवर्धनमा सरकार पूर्ण प्रतिबद्ध रहेको जनाउनुभयो।

उहाँले भन्नुभयो, "संस्कृतिको मूलभूत जड प्रकृति हो। संस्कृति भनेको प्रकृतिको सौन्दर्यका लागि प्रकृतिसँग संवाद गर्दै आएको निरन्तरको अभ्यास हो। जब त्यही संस्कृति प्रकृति, पर्यावरण र सभ्यताको विरुद्धमा हुन्छ तब विकृतिको सुरुवात हुन्छ।"

मन्त्री पौडेलले विगतमा हाम्रा पुर्खाले खुकुरीमार्फत देखाएको साहस र वीरताले देशको गरिमा बढाएकोमा अब कलाकारले नेपालको कला, संस्कृतिको संरक्षणमार्फत देशको स्वाभिमान बढाउन र नेपाली हुनुको गर्वबोध गराउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो।

संस्थानका महाप्रबन्धक किरणबाबु पुनले संस्थानले विगतदेखि नै नेपाली कला, साहित्य र संस्कृतिको संरक्षणका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको बताउँदै सरकारको दीर्घकालीन सोच र योजना अनुरूप कार्यसम्पादनमा सिर्जनशील भएर लागिरहेको जनाउनुभयो।



*तस्बिर : कविता थापा*

**सांस्कृतिक संस्थानको ५४ औँ वार्षिकोत्सव समारोह समुद्घाटन गर्नुहुँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल।**

संस्थानको वार्षिकोत्सवका अवसरमा नेपाली कला, साहित्य तथा लोकसङ्गीतको संरक्षण र प्रवर्धनमा योगदान पुर्‍याउनुभएका लोकदोहोरी गायक पुरुषोत्तम न्यौपानेलाई राष्ट्रिय गायन पुरस्कार, जीवन आलेलाई सांस्कृतिक संस्थान राष्ट्रिय वाद्यवादन पुरस्कार, वेद गुरुङलाई राष्ट्रिय नृत्य पुरस्कार, सम्राट सापकोटालाई विद्या–नाटक विद्या, रेखाकुमारी कटवाल श्रेष्ठलाई सांस्कृतिक संस्थान वर्ष उत्कृष्ट पुरस्कार, बमकुमारी बुढालाई विद्या–दीर्घ साधना पुरस्कारसहित सम्मान गरिएको छ।

# बचतकर्तालाई रकम दाबी पेस गर्न आग्रह

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, असार ५ गते*

बागमती प्रदेश सरकार अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त घोषित पाँच वटा सहकारी संस्थाका बचतकर्ता, सदस्य तथा साहुलाई आफूले पाउनुपर्ने रकमको अनलाइन मागदाबी पेस गर्न आग्रह गरेको छ।

समितिले पुनः सार्वजनिक सूचना जारी गर्दै सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र अनलाइनमार्फत दाबी पेस गर्न अनुरोध गरेको हो। बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ बमोजिम समस्याग्रस्त घोषणा गरिएका संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी प्रक्रियाका लागि दाबी सङ्कलन गर्न लागिएको समितिले जनाएको छ।

दाबी पेस गर्न इच्छुक बचतकर्ता, सदस्यले समितिको वेबसाइटमा गई अनलाइन आवेदन दिन सक्ने बागमती प्रदेश सरकार अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्यसचिव प्रवीण खनालले जानकारी दिनुभयो।

दाबी माग गरिएका समस्याग्रस्त सहकारी संस्थामा सिभिल सेभिङ एन्ड क्रेडिट को–अपरेटिभ लिमिटेड (काठमाडौँ), दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौँ), लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लिमिटेड (काठमाडौँ), नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड (काठमाडौँ) र सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड (ललितपुर) रहेका छन्।

# सुशासन र विकास प्राथमिकतामा




**नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै नगरप्रमुख भीमप्रसाद ढुङ्गाना।**

**धादिङबेँसी समाचारदाता**
*धादिङबेँसी, असार ५ गते*

धादिङको नीलकण्ठ नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सुशासन, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र पूर्वाधारलाई प्राथमिकता दिएको छ।

नगर सभाको १९ औँ अधिवेशनमा नगरप्रमुख भीमप्रसाद ढुङ्गानाले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै सुशासन, सेवा प्रवाह, कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, युवा, खेलकुद, पूर्वाधार, पर्यटन तथा वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो। सेवा प्रवाहलाई थप सरल, छिटो र पारदर्शी बनाउने, संस्थागत सुधारलाई चरणबद्ध रूपमा कार्यान्वयन गर्ने तथा आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई प्रभावकारी बनाउने लक्ष्य लिइएको उहाँले बताउनुभयो।

नीति तथा कार्यक्रममा कृषिक्षेत्रलाई आधुनिकीकरण गर्दै 'एक वडा–एक उत्पादन' कार्यक्रमलाई परिमार्जन गरी 'एक वडा–एक पहिचान' अभियानका रूपमा विकास गर्ने, स्थानीय उत्पादनको ब्रान्डिङ गर्ने तथा कृषि तथा पशु सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउने उल्लेख गरिएको छ।

त्यस्तै नगर गौरवका आयोजना, कोरिडोर निर्माण, चक्रपथ, नीलकण्ठ सिटी पार्क, पर्यटन प्रवर्धन, होमस्टे विस्तार तथा स्मार्ट बस्ती विकासलाई प्राथमिकतामा राखिएको छ। वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, स्वच्छ नगर अभियान तथा 'एक घर–एक धारा' कार्यक्रमलाई पनि आगामी वर्ष निरन्तरता दिइने नगरपालिकाले जनाएको छ।

नगर सभामा नगर उपप्रमुख दीपक विश्वकर्माले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि एक अर्ब २४ करोड ८८ हजार रुपियाँको अनुमानित बजेट प्रस्तुत गर्नुभयो। प्रस्तुत बजेट अनुसार चालु खर्चतर्फ ८७ करोड २७ लाख ५३ हजार रुपियाँ र पुँजीगत खर्चतर्फ ३६ करोड ७३ लाख ३५ हजार रुपियाँ विनियोजन गरिएको छ। यो बजेट चालु आवको तुलनामा एक करोड सात लाख ८३ हजार रुपियाँले बढी हो।

# नवीकरण नभएका फार्मेसी बन्द गर्न निर्देशन

**हेटौँडा समाचारदाता**
*हेटौँडा, असार ५ गते*

जिल्ला प्रशासन कार्यालय मकवानपुरले दर्ता नवीकरण नभएका ४० भन्दा बढी फार्मेसी बन्द गर्न निर्देशन दिएको छ। औषधी व्यवस्था विभागले तोकिएको समयभित्र नवीकरण नगरेका औषधी पसलको सञ्चालन प्रमाणपत्र रद्द गरेपछि प्रशासन कार्यालयले त्यस्तालाई कारोबार बन्द गर्न निर्देशन दिएको हो।

जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै औषधी व्यवस्था विभागको निर्णय अनुसार मकवानपुरका ४० भन्दा बढी औषधी तथा फार्मेसी पसलको दर्ता नवीकरण नभएकाले सञ्चालन बन्द गर्न सूचित गरेको छ। प्रशासनका अनुसार दर्ता खारेज भएका औषधी पसलले सूचनाको मितिदेखि नै आफ्नो कारोबार पूर्ण रूपमा बन्द गर्नुपर्ने छ।

विभागका अनुसार देशभरका पाँच हजार ३०२ वटा औषधी पसलको सञ्चालन प्रमाणपत्र (अनुमति) रद्द गरिएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराजप्रसाद न्यौपानेले विभागको निर्णय कार्यान्वयनका लागि दर्ता खारेज भएका फार्मेसी, भेट (पशु) फर्म तथा आयुर्वेद फर्मलाई बन्द गर्न निर्देशन दिइएको जानकारी दिनुभयो।

# पन्ध्र विश्वविद्यालयको ऐन संशोधन हुँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

सरकारले एकै पटक १५ वटा विश्वविद्यालयको ऐन संशोधन गर्न लागेको छ। हाल सञ्चालनमा रहेका हरेक विश्वविद्यालयको छुट्टाछुट्टै ऐन रहेको छ।

विश्वविद्यालयसँग सम्बन्धित धेरै पुराना र अव्यावहारिक व्यवस्थालाई सरकारले एउटै कानुनमार्फत संशोधन गर्न लागेको हो। यी ऐन संशोधन गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८३ तयार गरेको छ।

बदलिँदो राजनीतिक परिस्थिति अनुसार विश्वविद्यालयका लागि आफू अनुकूलको कानुन बनाउन ऐन संशोधन गर्न लागिएको हो। ऐन संशोधनसम्बन्धी विधेयकमा हरेक विश्वविद्यालयमा पदाधिकारी नियुक्ति तथा उनीहरूका लागि आवश्यक योग्यता तथा अनुभवको विषयलाई समेटिएको छ। मन्त्रालयले उक्त विधेयकमा आवश्यक सुझाव पेस गर्न सर्वसाधारणलाई अनुरोधसमेत गरेको छ। मन्त्रालयले आफ्नो वेबसाइटमा उक्त विधेयकको मसौदा सार्वजनिक गर्दै सुझाव मागेको हो।

मसौदामा विभिन्न विश्वविद्यालयका लागि आवश्यक पर्ने उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रारलगायतका पदाधिकारी नियुक्तिका लागि सिफारिस समिति गठन, उपकुलपति, शिक्षाध्यक्ष, रजिस्ट्रारको योग्यताका विषयमा पनि सुझाव मागिएको छ।

यी पदमा नियुक्तिका लागि मसौदामा पनि छुट्टै प्रस्ताव गरिएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव श्रीप्रसाद भट्टराईका अनुसार केही समयअघि सरकारले ल्याएको विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ मा समेटिएका व्यवस्थालाई नयाँ कानुन ल्याउन लागेको हो।

सरकारले सिफारिस गरेको यो अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले गत वैशाख १९ गते प्रमाणीकरण गर्नुभएको थियो। नयाँ विधेयकको मसौदामा असार ८ गतेभित्रमा आवश्यक सुझाव दिन मन्त्रालयले अनुरोध गरेको छ।

## संशोधन हुने विश्वविद्यालय ऐनहरू

- नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३
- काठमाडौँ विश्वविद्यालय ऐन, २०४८
- त्रिभुवन विश्वविद्यालय ऐन, २०५९
- पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०
- पोखरा विश्वविद्यालय ऐन, २०५३
- लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३
- सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७
- मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७
- कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७
- नेपाल खुला विश्वविद्यालय ऐन, २०७३
- राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४
- विदूषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालय, २०७९
- मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९
- नेपाल विश्वविद्यालय ऐन, २०८१
- सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२

# कैलाश पूर्ण खोप सुनिश्चित पालिका

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, असार ५ गते*

चेपाङ र तामाङ समुदायको बाहुल्य रहेको मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ।

गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला खोप समन्वय समितिका संयोजक ललितबहादुर घलानको प्रमुख आतिथ्यमा कैलाशलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको हो। कार्यक्रममा संयोजक घलानले खोप बालबालिकाको जीवन रक्षा गर्ने सबैभन्दा प्रभावकारी, सुरक्षित र लागत–प्रभावकारी सार्वजनिक स्वास्थ्य हस्तक्षेप भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "कैलाश गाउँपालिकाले सबै लक्षित बालबालिकालाई पूर्ण खोपको पहुँचमा ल्याई छुटेका बालबालिकाको खोज तथा व्यवस्थापन गरी, नियमित अनुगमन तथा अभिलेखीकरणलाई प्रभावकारी बनाउँदै आज यो उपलब्धि हासिल गरेको छ।"

गाउँपालिका अध्यक्ष मुक्तानले नियमित खोप कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै गाउँपालिकाभित्रका सबै लक्षित बालबालिकालाई पूर्ण खोपको पहुँचमा पुर्‍याई 'पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा' गर्न सफल भएका दाबी गर्नुभयो। "खोप प्रत्येक बालबालिकाको आधारभूत अधिकार हो। स्वस्थ बालबालिका नै समृद्ध समाज र समुन्नत राष्ट्रनिर्माणका आधार हुन्, खोपका माध्यमबाट हामीले बालबालिकालाई विभिन्न रोगको जोखिमबाट सुरक्षित राख्ने गर्दछौँ," अध्यक्ष मुक्तानले भन्नुभयो।

कैलाशमा जन्मिएदेखि १५ महिनासम्मका ३०७ जना बालबालिकालाई खोप लगाइएको स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले बताउनुभयो।

**खडक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कल्याणपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति: २०८३/०३/०६)**

यस कार्यालयबाट मिति २०८३/०१/०७ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश भएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन र सारभूत रूपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनोट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३, दफा २७ को उपदफा (१) र (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का संकेत नं. | कामको विवरण र स्थान | छनोट भएका वोलपत्रदाताको नाम ठेगाना | कबोल अंक (PS र VAT सहित) |
|---|---|---|---|---|
| १. | KHDK/W/NCB/05/2082/83 | Shree Janata Ma. Vi. chaar kothe bhawan nirman, Khadak Municipality Ward No. 4 | Abiram Construction & Suppliers Pvt. Ltd., Kageshwori Manohara-07, Kathmandu | NRs. 67,28,626.20 (Sixty-seven lakh twenty-eight thousand six hundred twenty-six rupees and twenty paisa only) |

**प्रमुख प्रशासकीय अधिकृत**

# काभ्रेमा आठ हजार नागरिकता जारी

**राष्ट्रिय समाचार समिति**
*काभ्रेपलाञ्चोक, असार ५ गते*

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आठ हजार ६० नयाँ नागरिकता जारी गरेको छ। सोही अवधिमा २७ हजारभन्दा बढी जिल्लाका नागरिकले राष्ट्रिय परिचयपत्रका लागि आवेदन गरेको जनाइएको छ।

कार्यालयद्वारा सार्वजनिक चालु आवको ११ महिनाको कार्यप्रगति विवरण अनुसार हालसम्म २० जनाले आमाको नामबाट नागरिकता लिएका छन् भने नयाँ नागरिकता लिनेभन्दा प्रतिलिपि बनाउनेको सङ्ख्या यस वर्ष पनि अधिक रहेको पाइएको छ। यसै गरी गत साउनदेखि जेठसम्मको अवधिमा ३६ वटा गैरआवासीय नागरिकता जारी भएको छ भने नागरिकता परित्याग गर्नेको सङ्ख्या ४७ रहेको छ। यही अवधिमा आठ नागरिकता रद्द र आठ अङ्गीकृत नागरिकता जारी गरिएको कार्यालयको कार्यप्रगति विवरणमा उल्लेख छ।

त्यस्तै गत जेठसम्ममा राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिनेको सङ्ख्या २७ हजार ३२५ रहेको छ। यस अवधिमा छ हजार ६१६ राष्ट्रिय परिचयपत्र कार्ड वितरण भएका छन् भने ५०१ दलित र जनजाति परिचयपत्र जारी भएको छ। कार्यालयका अनुसार १२ हजार ३७ राहदानीको आवेदन दर्ता भएकामा ११ हजार ५८२ कार्ड वितरण भएको छ भने सोही अवधिमा ५५७ नाबालक परिचयपत्र जारी भएको छ।

कार्यालयमा दर्ता १०२ मुद्दामध्ये ६७ वटा फर्स्योट भएको छ भने २११ ठाडो उजुरी दर्तामा २०१ वटा फर्स्योट भइसकेको जनाइएको छ। कार्यालयमा यस वर्ष १९ वटा नयाँ सङ्घ संस्था दर्ता र १९४ वटा नवीकरण भएका छन्।

कार्यालयले यही अवधिमा सहिद परिवार, द्वन्द्वपीडित परिवार र वैदेशिक रोजगारपीडित परिवारलाई एक करोड २१ लाख ३५ हजार ९८१ तथा विपत्मा परेकाका लागि २२ लाख ७५ हजार रुपियाँ राहत वितरण गरेको छ।

कार्यप्रगतिबारे प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटोछरितो र सहज बनाउन थप प्रयास भइरहेको बताउनुभयो। "शान्ति–सुरक्षा र सेवा प्रवाहलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौँ, यसलाई थप चुस्त बनाउने प्रयास भइरहेको छ," उहाँले भन्नुभयो।

**बरहथवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बरहथवा, सर्लाही**
मधेश प्रदेश, नेपाल

**बजार तथा खोला ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०३/०६ गते

उपर्युक्त विषयमा यस कार्यालयको मिति २०८३/०३/०४ गतेको नगरकार्यपालिकाको निर्णयानुसार आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेखित बजार तथा नदी/खोलाहरूको सिलबन्दी बोलपत्र/ दरभाउपत्रद्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरूबाट तपसिलमा उल्लेखित सर्तहरू बमोजिम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाइ बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी बोलपत्र/ दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि २० (बिस) लाख सम्मको १५ (पन्ध्र) दिने र २० (बिस) लाख भन्दा माथि २१ (एक्काइस) दिने सूचना प्रकाशन गरिएको छ। **तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम सकार रकम | सूचनाको म्याद |
|---|---|---|---|
| ०१/०८३/०८४ | गोरु तथा भैंसी बजार, बरहथवा | ३८५१७११ | २१ दिने |
| ०२/०८३/०८४ | खसी तथा बाख्रा बजार, बरहथवा | ६६५०१० | १५ दिने |
| ०३/०८३/०८४ | माछा तथा मासु बजार बरहथवा | ५५५६०० | १५ दिने |
| ०४/०८३/०८४ | तरकारी बजार, बरहथवा | ७१०१०० | १५ दिने |
| ०५/०८३/०८४ | गौशाला बजार, हजरिया | २२१५०० | १५ दिने |
| ०६/०८३/०८४ | सू.चू. पिपराभित्ता बजार | १५२११० | १५ दिने |
| ०७/०८३/०८४ | लौकठ हिरापुर बजार | ७३४५० | १५ दिने |
| ०८/०८३/०८४ | बागमती खोला माछा ठेक्का | ५०८०० | १५ दिने |
| ०९/०८३/०८४ | एकादशी खोला माछा ठेक्का | ३४४७५ | १५ दिने |
| १०/०८३/०८४ | सरखिया खोला माछा ठेक्का | ३५१०० | १५ दिने |
| ११/०८३/०८४ | हिरापुर ब्यारेज माछा ठेक्का | १२५००० | १५ दिने |
| १२/०८३/०८४ | सोती खोला माछा ठेक्का | ३००१० | १५ दिने |
| १३/०८३/०८४ | बुढी बागमती खोला माछा ठेक्का | २३४०० | १५ दिने |
| १४/०८३/०८४ | गुलरिया मन माछा ठेक्का | १४६५० | १५ दिने |
| १५/०८३/०८४ | लौकठ बजार | ४१६५ | १५ दिने |
| १६/०८३/०८४ | लौकठ पर्ति बजार | ६२४५ | १५ दिने |
| १७/०८३/०८४ | पथलैया बजार हजरिया | २९१५ | १५ दिने |

**अन्य विस्तृत सर्तहरूको विवरण कार्यालयको website : www.barahathawamun.gov.np मा राखिएको छ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध

**चरीकोट समाचारदाता**
*चरीकोट (दोलखा), असार ५ गते*

दोलखाको जिरी नगरपालिका–१, स्यामास्थित 'स्टोनपार्क' आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ। प्राकृतिक रूपमा छरिएर रहेका विशाल ढुङ्गालाई संरक्षण गर्दै निर्माण गरिएको पार्कले पछिल्लो समय पर्यटकको ध्यान तानेको हो।

खिम्तीखोलाको किनारमा रहेको घाँसे मैदानमा फैलिएका सयौँ ठुलासाना ढुङ्गालाई व्यवस्थित गरी निर्माण गरिएको पार्क अन्य पर्यटकीय पार्कभन्दा फरक र आकर्षक देखिन्छ। पार्कभित्र ढुङ्गामाथि गुरु रिम्पोचे र भगवान् शिवका मूर्ति निर्माण गरिएका छन्। यसले यहाँको सौन्दर्य थप बढाएको छ।

पर्यटकको सुविधाका लागि प्रतीक्षालय, खानेपानी, स्टिल ट्रस कटेज, शौचालय, हेलिप्याड, स्विमिङ पुल, मनोरञ्जन स्थललगायतका पूर्वाधार निर्माण गरिएका छन्।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण पार्कबाट पूर्वोत्तर दिशामा देखिने हिमशृङ्खलाको दृश्यले पर्यटकलाई लोभ्याउने गरेको छ। जिरी नगरपालिकाका प्रमुख मित्रबहादुर जिरेलका अनुसार प्राकृतिक रूपमा रहेका विशाल ढुङ्गालाई यथावत् राखेर थप पूर्वाधार निर्माण गरी पार्कको विकास गरिएको हो।

उहाँका अनुसार पार्क निर्माणमा स्थानीय तह र बागमती प्रदेश सरकारको लगानी रहेको छ। प्रारम्भमा 'रक गार्डेन' का रूपमा चिनिएको यस क्षेत्रलाई ढुङ्गैढुङ्गाले भरिएको भूभाग भएकाले वडा कार्यालयको प्रस्तावमा 'स्टोनपार्क' नामकरण गरिएको हो। नगरप्रमुख जिरेलका अनुसार हाल हरेक शनिबार करिब दुई सय पर्यटक पार्क अवलोकनका लागि आउने गरेका छन्। आन्तरिक पर्यटन प्रवर्धनलाई प्राथमिकता दिँदै पार्कमा थप पूर्वाधार विस्तारको काम भइरहेको उहाँले बताउनुभयो।

जिरी नगरपालिकाले 'स्टोनपार्क' लाई दोलखा र रामेछाप क्षेत्रकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। आगामी दिनमा पार्कलाई 'टुरिजम हाइकिङ' सर्किटसँग जोड्दै पर्यटकीय हबका रूपमा विकास गर्ने योजना रहेको नगरपालिकाले जनाएको छ।

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**कर्णाली प्रदेशको सुर्खेत जिल्लामा प्रस्तावित कर्णाली प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८३/०३/०६

श्री कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रलाय, पूर्वाधार विकास निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत, प्रस्तावक रहेको कर्णाली प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन यस मन्त्रालयमा स्वीकृतिका लागि प्राप्त भएको छ।

प्राप्त प्रतिवेदन अनुसार, प्रस्तावित आयोजना क्षेत्र भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै मन्त्रालयहरुका लागि भवन, भूमिगत पार्किङ, बगैंचा, लगायत अत्याधुनिक संरचनाहरू निर्माण हुनेछन्। प्रस्तावित आयोजना निर्माणको लागि १२,६५८.६० वर्ग. मि. क्षेत्रफल जमिन आवश्यक पर्ने रहेको छ। यस आयोजनाको मुख्य उद्देश्य कर्णाली प्रदेश सरकारका मन्त्रालय तथा मातहतका निकायहरूलाई एकीकृत प्रशासनिक भवनमार्फत व्यवस्थित, प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु रहेको छ। यस आयोजनाको निर्माण गरिने जमिन नगर विकास समितिको स्वामित्वमा रहेको छ भने प्रस्तावित आयोजना स्थल कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरस्थित घण्टाघर चोकदेखि ३४० मिटर उत्तरमा वीरेन्द्रनगर वडा नं ७, इत्राममा रहेको छ।

कर्णाली प्रदेश सरकारको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न सक्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेबसाइट [www.https://moitfe.karnali.gov.np] मा सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा, यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती राय-सुझावहरूलाई समेत सम्बोधन गर्नेछ। उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भएमा यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र आफ्नो लिखित रूपमा राय–सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचना द्वारा आह्वान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू**
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री पूर्वाधार विकास निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेत।

**राय-सुझाव पठाउने ठेगाना**
**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**वातावरण शाखा, वीरेन्द्रनगर, सुर्खेत**
फोन नं.: ०८३५२५२८८; इमेल moitfe@karnali.gov.np

# सनातन सभ्यताको जीवित केन्द्र



शम्भुहरि बास्तोला

देवभूमि नेपालको धार्मिक, सांस्कृतिक र सभ्यतागत पहिचानका केन्द्रविन्दुमध्ये पशुपतिनाथको मन्दिर सर्वाधिक महत्त्वपूर्ण धरोहर हो। पशुपतिनाथको मन्दिर नेपाली सभ्यता, सनातन संस्कृति, आध्यात्मिक चेतना र राष्ट्रिय एकताको प्रतीक पनि हो। विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्र हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा मात्र नभई नेपालको ऐतिहासिक, सांस्कृतिक र धार्मिक गौरवको प्रतिनिधि स्थलका रूपमा स्थापित छ। प्रत्येक वर्ष लाखौँ श्रद्धालु तथा पर्यटकले दर्शन र अवलोकन गर्ने यस क्षेत्रको महत्त्व दिनप्रतिदिन बढिरहेको छ। यसको महत्त्व अनुसार व्यवस्थापन, संरक्षण र दीर्घकालीन विकासका क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

किराँतकाल अगाडिदेखिकै इतिहास बोकेको पाशुपत क्षेत्रको संरक्षण/संवर्धनका लागि पछिल्लो समयमा राजा महेन्द्रबाट विसं २०१४ मा सुधार समिति गठन भएको थियो। २०३२ सालमा स्थानीय व्यक्तिको सक्रियतामा गठित सुधार तथा विकास समिति, २०३४ सालमा सरकारीस्तरबाट गठित पाशुपत क्षेत्र सुधार तथा विकास समिति, २०३८ सालमा सरकारीस्तरबाटै नवगठित पशुपति क्षेत्र सुधार तथा विकास समिति जस्ता विभिन्न समिति गठन गरी आन्तरिक सुधार तथा बाह्य व्यवस्थापनका अनेक प्रयास भएका थिए। त्यसै क्रममा २०४३ पुस १ गते राजा वीरेन्द्रबाट पशुपति क्षेत्र विकास कोष खडा गर्ने घोषणा भयो। २०४३ फागुन १४ गते कोषसम्बन्धी अध्यादेश र २०४४ साउन ९ गते जारी पशुपति क्षेत्र विकास कोष ऐनसहित पशुपति क्षेत्र विकास कोष स्थापना भएको पनि चार दशक बितिसकेको छ। यस अवधिमा पनि विभिन्न व्यक्तिले नेतृत्व गर्ने अवसर प्राप्त गरेका छन्। उनीहरू मार्फत अनेकौँ कार्यक्रम सञ्चालन भए। केही भौतिक संरचना पनि निर्माण भए। पशुपति क्षेत्रलाई स्पष्ट दीर्घकालीन दृष्टिकोणका साथ विश्वस्तरीय धार्मिक/सांस्कृतिक केन्द्रका रूपमा विकास गर्ने अभियान अझै अधुरै छ। पशुपति क्षेत्रलाई मन्दिरपरिसरको व्यवस्थापनमा मात्रै सीमित राख्ने होइन, सम्पूर्ण सनातन सभ्यता, संस्कृति, अध्यात्म, अनुसन्धान, पर्यटन र सामाजिक जागरणको केन्द्रका रूपमा विकास गर्न आवश्यक छ।

> पशुपति क्षेत्र नेपाल राष्ट्रको आत्मासँग गहिरो रूपमा जोडिएको इतिहास, कला, संस्कृति, सभ्यता र धर्मको अनुपम धरोहर हो, यसको संरक्षण र विकास कुनै एक व्यक्ति, संस्था वा सरकारको मात्र दायित्व नभई सम्पूर्ण राष्ट्रको साझा उत्तरदायित्व हो, जसमा प्रत्येक नागरिकको चेतना, सहभागिता र प्रतिबद्धता समान रूपमा महत्त्वपूर्ण हुन्छ।

पशुपति क्षेत्रको विशेष धार्मिक मर्यादा र पूजा पद्धतिको संरक्षण पहिलो सर्त हुनु पर्छ। धार्मिक गतिविधि नै पशुपति क्षेत्रको आत्मा भएकाले यसको संरक्षणबिना कुनै पनि विकासको कल्पना पूर्ण हुन सक्दैन। यहाँ सञ्चालन हुने पूजाआराधना, पर्व, जात्रा, उत्सव तथा धार्मिक विधिको शुद्धता र मौलिकता कायम राख्नु कोषको पहिलो दायित्व हुनु पर्छ। धार्मिक परम्परा र व्यवस्थापनबिच सन्तुलन कायम गर्दै पूजा पद्धतिलाई थप व्यवस्थित, अनुशासित र मर्यादित बनाइनु पर्छ। अर्को महत्त्वपूर्ण पक्ष सरसफाइ र सौन्दर्य व्यवस्थापन हो। विश्वभरका प्रमुख धार्मिक केन्द्रको सफलताको आधार त्यहाँको स्वच्छता, अनुशासन र व्यवस्थापन रहेको पाइन्छ। पशुपति क्षेत्रमा प्रवेश गर्ने प्रत्येक व्यक्तिले पवित्रता र शान्तिको अनुभूति गर्न सक्नु पर्छ। मन्दिरपरिसर, धर्मशाला, घाटक्षेत्र, सडक, सार्वजनिक स्थल र बागमती नदीको सरसफाइलाई विशेष अभियानका रूपमा सञ्चालन गर्नु पर्छ। फोहोर व्यवस्थापनका लागि आधुनिक प्रणाली लागु गरी पशुपति क्षेत्रलाई नेपालकै नमुना स्वच्छ धार्मिक क्षेत्रका रूपमा विकास गर्न सकिन्छ।

सुरक्षा र दर्शनार्थी व्यवस्थापन अर्को महत्त्वपूर्ण विषय हो। पशुपतिनाथ ऐतिहासिक सम्पदा मात्रै नभई जीवित धार्मिक परम्पराको केन्द्र हो। यहाँ दैनिक हजारौँ र विशेष पर्वमा लाखौँ भक्तजनको उपस्थिति हुने भएकाले सुरक्षा व्यवस्थापनलाई आधुनिक प्रविधिसँग जोड्न आवश्यक छ। डिजिटल निगरानी प्रणाली, आपत्कालीन उद्धार संयन्त्र, भिड व्यवस्थापन तथा सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाइनु पर्छ। वृद्ध, बालबालिका तथा फरक क्षमता भएका व्यक्तिका लागि सहज दर्शनको व्यवस्था गरिनु पर्छ। धार्मिक आस्थालाई सम्मान गर्दै व्यवस्थापनलाई थप सहज र व्यवस्थित बनाउन सकियो भने पशुपति क्षेत्रको प्रतिष्ठा अझ उच्च हुने छ।

पशुपति क्षेत्रको दीर्घकालीन विकासका लागि सबैभन्दा महत्त्वपूर्ण काम अलपत्र रहेको गुरुयोजनाको पुनरवलोकन र कार्यान्वयन हो। जनसङ्ख्याको चाप, धार्मिक पर्यटन, सम्पदा संरक्षण तथा वातावरणीय चुनौतीलाई समेत समेटेर मौलिकता प्रवर्धन हुने गरी समयसापेक्ष गुरुयोजना परिमार्जन गर्नु पर्छ। यस्तो गुरुयोजना निर्माण गर्दा व्यक्तिकेन्द्रित नभई संस्थाकेन्द्रित र कम्तीमा आगामी सय वर्षलाई दृष्टिगत गरेर निर्माण गरिनु पर्छ। जसबाट राजनीतिक परिवर्तन वा नेतृत्व परिवर्तनसँगै योजना परिवर्तन हुने प्रवृत्तिको अन्त्य गरी दीर्घकालीन विकासको मार्गचित्र तय होस्।

स्वच्छ बागमतीबिना समृद्ध पशुपति क्षेत्रको कल्पना गर्न सकिँदैन। पशुपति क्षेत्रको आधुनिक विकासलाई पनि बागमती सभ्यताको पुनर्जागरणसँग जोड्न अत्यावश्यक छ। बागद्वारबाट उत्पत्ति भएको बागमती नदी जलस्रोत मात्र होइन; नेपालको धार्मिक, सांस्कृतिक परम्परा र इतिहासको अभिन्न अङ्ग हो। पशुपति क्षेत्र र बागमती एकअर्काका परिपूरक पनि हुन्। बागमती नदीको संरक्षण, सरसफाइ, घाटको व्यवस्थापन तथा नदी सभ्यताको अध्ययन र पुनर्जीवनलाई पशुपति क्षेत्र विकासको प्रमुख एजेन्डा तथा संस्थागत कर्तव्यका रूपमा स्थापित गर्नु पर्छ। जसबाट देश दुनियाँबाट आएका भक्तजनले बागमतीको पवित्र जलमा स्नान गरी जल लिएर पशुपतिनाथमा अर्पण गर्न सक्ने वातावरण बन्ने छ। पशुपति क्षेत्रसम्बन्धी इतिहास, संस्कृति, पुरातत्त्व, धार्मिक परम्परा, अभिलेख तथा सभ्यतागत अध्ययनका लागि विशेष अनुसन्धान केन्द्र स्थापना गर्न आवश्यक छ। आजका पुस्तालाई पशुपतिनाथ र यहाँका सांस्कृतिक सम्पदाको महत्त्वबारे ऐतिहासिक र वैज्ञानिक ढङ्गले जानकारी दिन सकियो भने यस क्षेत्रको संरक्षणमा उत्साहजनक रूपमा जनसहभागिता स्वतः बढ्छ।

पशुपति क्षेत्रलाई विश्वका हिन्दु सनातनीको आध्यात्मिक केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य निर्धारण गरिनु पर्छ। अन्तर र्राष्ट्रिय सनातन सम्मेलनलगायतका विविध कार्यक्रमको आयोजना, गुरुकुलको विस्तार, संस्कृत विद्याका वेद, वेदान्त, साङ्ख्य, वैशेषिक, न्याय, तन्त्र, मन्त्र, ध्यान, योग आदि विषयका दर्शनको अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरी आधुनिक विज्ञानसँग जोडेर युग सुहाउँदो व्याख्या गर्नु पर्छ। यसबाट विश्वभर रहेका सनातन हिन्दु धार्मिक संस्थासँग सहकार्य गरी पशुपति क्षेत्रलाई विश्वव्यापी धार्मिक वैज्ञानिक संवाद केन्द्र बनाउन सकिन्छ। सनातन शैव परम्परामा सौराष्ट्रको सोमनाथदेखि वेरुलको घृष्णेश्वरसम्मका सोमनाथ (गुजरात), मल्लिकार्जुन (आन्द्रप्रदेश), महाकालेश्वर (उज्जैन), ओमकारेश्वर (मध्यप्रदेश), केदारनाथ (उत्तराखण्ड), भीमाशङ्कर (महाराष्ट्र), काशी विश्वनाथ (वाराणसी), त्रयम्बकेश्वर (नासिक), वैद्यनाथ (देवघर), नागेश्वर (द्वारका), रामेश्वर (रामेश्वरम्) र घृष्णेश्वर (वेरुल) द्वादश ज्योतिर्लिङ्ग शिवतत्त्वका सार्वभौम आध्यात्मिक केन्द्रका रूपमा प्रतिष्ठित छन्।

शैव चेतनाको हिमवत् दार्शनिक केन्द्रका रूपमा पशुपति क्षेत्रलाई यी तीर्थको सारतत्त्व समाहित गर्ने परम पावन धाम तथा शिरो भागका रूपमा मानिँदै आइएको छ। बृहत् पाशुपत क्षेत्र र यहाँ अवस्थित चतुःषष्टि (सिद्ध, स्वयम्भुव र ज्योति) लिङ्ग तथा बृहत् पशुपति परिक्रमा परम्पराले शिवचेतनाको बहुआयामिक एकत्त्वलाई अभिव्यक्त गर्छ। यसरी द्वादश ज्योतिर्लिङ्ग र चतुःषष्टि (सिद्ध, स्वयम्भुव र ज्योति) लिङ्गको समन्वयले पशुपति क्षेत्रलाई तीर्थस्थल मात्रै नभई समग्र सनातन सभ्यताको केन्द्रीय आध्यात्मिक संरचना र जीवित चेतना केन्द्रका रूपमा प्रतिष्ठित गरेको छ। यी तीर्थको दर्शनपश्चात् पशुपतिनाथको दर्शनलाई आध्यात्मिक पूर्णताको प्रतीकका रूपमा स्वीकार गर्ने परम्पराले यसको दार्शनिक र आस्थागत महत्त्वलाई अझ सुदृढ बनाएको छ। शास्त्रीय र परम्परागत दुवै पक्षबाट चलिरहेको पशुपतिनाथको दर्शन गर्ने परम्परालाई समयसापेक्ष व्यापकता दिने र 'शिव सर्किट' अवधारणामार्फत यी सम्पूर्ण पवित्र तीर्थलाई एकीकृत प्रणालीमा आबद्ध गर्दै पशुपति क्षेत्रलाई यसको केन्द्रीय अक्षका रूपमा विकास गर्न सकिएमा पाशुपत क्षेत्र विश्वभरका सनातन धर्मावलम्बीको साझा आध्यात्मिक केन्द्रका रूपमा अझ सुदृढ, सङ्गठित र सार्वभौमिक रूपमा प्रतिष्ठित गराउन सकिन्छ।



पशुपति क्षेत्रको संस्थागत सुशासन अर्को महत्त्वपूर्ण पक्ष हो। जनताको आस्था र विश्वाससँग प्रत्यक्ष रूपमा जोडिएको यस्तो पवित्र संस्थामा पारदर्शितालाई हल्का रूपमा लिन मिल्दैन। कुनै पनि संस्था व्यक्तिको सक्रियता वा व्यक्तिगत प्रयासभन्दा संस्थागत प्रणाली बलियो भए मात्र दीर्घकालीन रूपमा सफल हुन सक्छ। विगतका अनुभवलाई गम्भीरतापूर्वक मनन गर्दै कोषको सम्पूर्ण आर्थिक, प्रशासनिक तथा विकास निर्माणसम्बन्धी गतिविधिलाई समेत पूर्ण रूपमा पारदर्शी बनाउनु आवश्यक छ। यसका लागि डिजिटल प्रशासन प्रणालीको प्रभावकारी कार्यान्वयन, नियमित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, आवधिक प्रतिवेदन प्रकाशन तथा नागरिक सहभागिताको संस्थागत अभ्यासलाई अनिवार्य रूपमा स्थापित गर्नु पर्छ। सार्वजनिक जीवनमा नैतिकता, पारदर्शिता र जवाफदेहिता अनिवार्य सर्त हुन्। अझ विशेष गरी ऐतिहासिक, सांस्कृतिक र धार्मिक धरोहरसँग सम्बन्धित संस्थामा कार्यरत सबै तहका व्यक्तिको जीवनपद्धति सत्य, धर्म, न्याय र सदाचारमा आधारित हुनु पर्छ। यस्तो मूल्य–आधारित आचरणले मात्र संस्थाप्रति जनविश्वास मजबुत बनाउँछ। पशुपति क्षेत्र जस्तो पवित्र धरोहरको गरिमा पनि दीर्घकालीन रूपमा सुरक्षित रहन सक्छ।

पशुपति सम्पूर्ण राष्ट्रको सम्पत्ति भए पनि यसको जीवन्तता र दैनिकी स्थानीय समुदायसँग प्रत्यक्ष रूपमा जोडिएको छ। पशुपति क्षेत्रको विकास स्थानीय समुदायको सहभागिताबिना सम्भव छैन। यहाँका गुठी, मठमन्दिरका पुजारी, स्थानीय बासिन्दा, धार्मिक सङ्घ संस्था, विद्वान् तथा सरोकारवालालाई विकास प्रक्रियामा अनिवार्य सहभागी गराइनु पर्छ। संरक्षण र विकासका कार्यक्रममा स्थानीय स्वामित्वको भावना निर्माण गर्न सकियो भने योजना अझ प्रभावकारी हुने छन्।

पर्यटन प्रवर्धन पनि पशुपति क्षेत्र विकासको महत्त्वपूर्ण आयाम हो। यस क्षेत्रभित्रको पर्यटनलाई आर्थिक लाभको दृष्टिले मात्रै हेर्नु हुँदैन। धार्मिक, सांस्कृतिक र आध्यात्मिक पर्यटनको अवधारणालाई सन्तुलित रूपमा अगाडि बढाउनु पर्छ। पशुपति क्षेत्रमा आउने विदेशी तथा स्वदेशी पर्यटकले नेपालको धार्मिक–सांस्कृतिक सम्पदाको वास्तविक अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनु पर्छ। यसका लागि धर्मशाला, सूचना केन्द्र, बहुभाषिक सामग्री, मार्गदर्शक सेवा तथा सांस्कृतिक प्रदर्शनीको विविध व्यवस्था गर्न सकिन्छ।

पशुपति क्षेत्रसँग सम्बन्धित गुठी जग्गा तथा सम्पत्तिको व्यवस्थित अभिलेखीकरण, संरक्षण र सदुपयोग सुनिश्चित गर्नु आवश्यक छ। यस क्षेत्रको धार्मिक, सांस्कृतिक, परम्परागत तथा प्राकृतिक परिवेशसँग अभिन्न रूपमा जोडिएका नन्दी, गाई, मृग, वानर, कुकुरलगायत पशुपन्छीको संरक्षण र कल्याणलाई समेत कोषको नेतृत्वले आफ्नो मानवीय, सांस्कृतिक र नैतिक दायित्वका रूपमा अनिवार्य ग्रहण गर्नु पर्छ। आराध्यदेव भगवान् पशुपतिनाथ क्षेत्रको विकासको लक्ष्य भौतिक संरचना निर्माण गर्नु मात्रै होइन। यसको मूल उद्देश्य धार्मिक आस्थाको संरक्षण, सांस्कृतिक पहिचानको संवर्धन, सभ्यताको पुनर्जागरण र भावी पुस्ताका लागि गौरवपूर्ण सम्पदा हस्तान्तरण गर्नु हो। पशुपति क्षेत्रलाई शुद्ध पूजा, स्वच्छ वातावरण, सुरक्षित सम्पदा, समृद्ध संस्कृति, पारदर्शी व्यवस्थापन र विश्वस्तरीय आध्यात्मिक केन्द्रका रूपमा विकास गर्न सकियो भने यसले धार्मिक क्षेत्रलाई मात्र नभई सम्पूर्ण राष्ट्रलाई नयाँ दिशाबोध गराउने छ।

पशुपति क्षेत्र नेपाल राष्ट्रको आत्मासँग गहिरो रूपमा जोडिएको इतिहास, कला, संस्कृति, सभ्यता र धर्मको अनुपम धरोहर हो। यसको संरक्षण र विकास कुनै एक व्यक्ति, संस्था वा सरकारको मात्र दायित्व नभई सम्पूर्ण राष्ट्रको साझा उत्तरदायित्व हो, जसमा प्रत्येक नागरिकको चेतना, सहभागिता र प्रतिबद्धता समान रूपमा महत्त्वपूर्ण हुन्छ। यस्तो पवित्र र ऐतिहासिक महत्त्व बोकेको संस्थामा अब आउने नेतृत्वले अल्पकालीन लोकप्रियता वा तात्कालिक उपलब्धिमा सीमित नभई दीर्घकालीन दृष्टिकोण, सुदृढ सुशासन, गहिरो सांस्कृतिक चेतना र प्रभावकारी कार्यान्वयन क्षमताका आधारमा पशुपति क्षेत्रलाई नयाँ युगको दिशातर्फ अगाडि बढाउनु पर्छ।

# आस्थाको धरोहर पौराई



सपूतबहादुर कार्की

मधेश प्रदेशको रौतहट जिल्लास्थित चन्द्रपुर नगरपालिका–१ मा पर्ने पौराई ब्रह्मस्थानप्रति आस्था र विश्वास बढ्दो छ। मधेश प्रदेश र भारतसँग सिमाना जोडिएका क्षेत्रका भक्तजन यस स्थलमा आई भाकल गर्छन्। भाकल पूरा भएपछि बलि (चडौना) दिने प्रचलन परापूर्वकालदेखि चलिआएको छ। विशेष गरेर सोमबार, बुधबार र शुक्रबारलाई विशेष दिनका रूपमा लिइन्छ। यस दिन भाकलको बलि पनि बढी चढाउने परम्परा छ। भाकल माग्ने पूरा भएपछि कतिले पञ्चबलि चढाउँछन् भने सामान्यतः बोका र परेवा चढाउने चलन छ।

किंवदन्ती अनुसार विसं १९३०–३२ तिर (अनुमानित) तराईतिर सिकार खेल्ने क्रममा जङ्गबहादुर पौराई पुगेका थिए। जङ्गलमा सिकार खेल्दै जाँदा उनका सबै सेना हराए। सेना हराएपछि थकित भएर जङ्गलमा एक्लै बास बस्ने क्रममा राति सपनामा देवी आइनर। उनले म देवी हुँ, यहाँ मेरो स्थापना गरिदिनू, भोलि तिम्रा सबै सेना आउने छन् भनी दर्शन दिइन्। नभन्दै भोलिपल्ट जङ्गबहादुरका सबै सेना आए। त्यसपछि जङ्गबहादुर खुसी भएर पौराई ब्रह्मस्थान (देवी) स्थापना गरे। उनले त्यहाँ राजधामी नियुक्त गरी तोकिए अनुसार पूजा गर्न लगाएको किंवदन्ती छ। हालसम्म पनि राजधामीको परम्परा चलिआएको छ।

सुरुमा यहाँ डिल्लीबहादुर कुसुवार राजधामी थिए। केही समय घर्तीमगरले पनि राजधामीको भूमिका निर्वाह गरे। हाल तीन पुस्तादेखि राजधामी हुँदै आएकाका नाति रामबहादुर कुसुवार राजधामी हुनुहुन्छ। जङ्गबहादुरले हात्ती बाँध्ने ठाउँलाई हात्तीलेट भनिन्थ्यो। उनले नुहाएको झरना जङ्गे झरना र हात्तीलेट अहिले पनि चर्चित छ। समय समयमा आन्तरिक पर्यटक मनोरञ्जनका लागि त्यहाँ पुग्ने गरेका छन्।

जङ्गबहादुरको किंवदन्तीसँग जोडिएको पौराई ब्रह्मस्थानको आफ्नै किसिमको महत्त्व र मौलिकता छ। हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्रविन्दु रहेको यस स्थानमा सबैले श्रद्धाका साथ पूजापाठ गर्छन्। बिदाको दिन त्यहाँ भक्तजनको ठुलो भिड लाग्छ। विवाह, व्रतबन्ध, पास्नी, मुण्डन, (चूडाकर्म) लगायतका शुभकार्य पनि यस स्थानमा गरिन्छ। नयाँ वाहन खरिदपछि पूजा गराउने, लामो यात्रा गरेपछि पनि ब्रह्मस्थानमा गएर मङ्गल कामना गर्ने र विदेश यात्रा गर्दा पनि मन्दिरको दर्शन गरेर जाँदा शुभ हुने जनविश्वास छ। जङ्गबहादुरको मृत्यु सर्लाहीको पत्थरघट्टामा भएको इतिहासकारले बताएका छन्। उनी सिकार खेल्ने क्रममा त्यस स्थानमा पुग्नु संयोग मात्रै थिएन भनिन्छ। जे होस्, जङ्गबहादुरको देनबाट स्थापना भएको पौराई ब्रह्मस्थान नेपाली र भारतीय (विशेष गरी विहार क्षेत्रका) का लागि महत्त्वपूर्ण छ।

यस मन्दिरमा वर्षमा दुई पटक वैशाख पूर्णिमा र कार्तिक पूर्णिमामा राजधामीद्वारा वही ठेल्ने (तान्त्रिक) पूजा गरिन्छ। यो पूजाको समयमा तीन दिनसम्म गाउँभरि वारना गरिन्छ। यस वारनामा खनजोत नगर्ने, जुम्रा नहेर्ने, शुभ कार्यलगायत नयाँ कार्यको थालनी नगर्ने प्रचलन छ। यस्तो पूजा मन्दिरमा ११ बजे गरिन्छ भने ४ बजे धूपबत्ती गरिन्छ। धूपबत्ती गरिसकेपछि मात्रै वारना खुल्छ। वारनाको अवज्ञा गर्दा गाईवस्तु हराएको; गोरु, गाई बाख्रा बाघले खाएको जस्ता घटना भएको स्थानीय बासिन्दा बताउँछन्। आजका दिनसम्म पनि वही ठेल्ने परम्परा कायम छ। मिश्रित जातिको बसोबास रहेको यस गाउँमा सबै धर्म र परम्परा मान्ने व्यक्तिले त्यसलाई पूर्ण रूपमा मान्दै आएका छन्। बाघ र हात्तीले पछिसम्म पनि देवीको मन्दिरमा राति परिक्रमा गर्ने गरेको पुराना स्थानीय बताउँछन्।

> लामो इतिहास बोकेको मधेश प्रदेशकै धार्मिक पर्यटकीय स्थल पौराई ब्रह्मस्थानप्रति नेपाल सरकार, पुरातत्त्व विभाग र पर्यटन बोर्डको विशेष चासो आवश्यक छ। आस्थाकी देवी पौराई ब्रह्मस्थानले धार्मिक पर्यटनमा ठुलो योगदान पुऱ्याएको हुँदा मधेश प्रदेश सरकारले यस स्थानको संरक्षणमा जोड दिई प्रचारप्रसारमा विशेष योगदान दिनु पर्छ।

आस्था र विश्वासकी देवीका रूपमा परिचित ब्रह्मस्थान जोरपिपलको गाछीमुनि राजदेवी माताब्रह्म बाबा स्थापना गरिएको छ। आआफ्ना आस्था अनुसार पूजा र धूपबत्ती गरिए पनि बलिपूजा भने सबैको भाकल अनुसार गरिन्छ। यस देवीको पवित्र मन्दिरमा नवरात्रिमा नौ दिनसम्म विशेष पूजा र धूपबत्ती गरी बलिसमेत दिइन्छ। बलि दिन नचाहनेले नरिवल चढाउने र परेवा उडाएरसमेत देवीको पूजा गर्छन्। आआफ्ना आस्था र श्रद्धा अनुसार नै देवीको पूजाआजा गरिन्छ। यस मन्दिरका राजधामी (राजाबाट नियुक्त गरिएको) बाट स्याहार संरक्षण हुँदै आएको १५० वर्षभन्दा बढी समयदेखि पूजापाठ गर्दै संरक्षण हुनु आफैँमा महत्त्वपूर्ण कार्य हो। समय र कालखण्ड अनुसार विभिन्न थरका व्यक्तिविशेष गरेर कुसुवार, घर्ती, मगर, ब्राह्मण, क्षेत्रीहरूबाट यसको संरक्षण हुँदै आयो भने कुनै समय यस मन्दिरको संरक्षणमा नरबहादुर कार्की (सानो मान्छेको नामले परिचित) भन्ने व्यक्तिको ठुलो योगदान रहेको पाइन्छ। सिन्धुली, धनुषा हुँदै बसाइँ सर्ने क्रममा पौराईको बागमतीमा (तत्कालीन गोपालकुटी नामले परिचित) बसोबास गरेको सानो मान्छेले यस स्थानको संरक्षण, संवर्धन र उत्थान योगदान दिई आफ्नो मृत्युपर्यन्त पूजापाठ र प्रचारप्रसारमा योगदान पुऱ्याएको सर्वविदितै छ।

यति लामो इतिहास बोकेको मधेश प्रदेशकै धार्मिक पर्यटकीय स्थल पौराई ब्रह्मस्थानप्रति नेपाल सरकार, पुरातत्त्व विभाग र पर्यटन बोर्डको विशेष चासो आवश्यक छ। आस्थाकी देवी पौराई ब्रह्मस्थानले धार्मिक पर्यटनमा ठुलो योगदान पुऱ्याएको हुँदा मधेश प्रदेश सरकारले यस स्थानको संरक्षणमा जोड दिई प्रचारप्रसारमा विशेष योगदान दिनु पर्छ। यस स्थानलाई प्रदेशको पर्यटकीय सूचीमा राखेर थप विस्तारका साथ पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्नु पर्छ।

मन्दिरको लामो समयदेखि संरक्षण र संवर्धन हुँदै आए पनि २०५२ सालदेखि यसले संस्थागत हुने अवसर पायो। पौराई ब्रह्मस्थान सुधार सङ्घ स्थापना गरी पर्यटक गन्तव्य बनाउनेसम्मका कार्य भएका छन्। सुधार सङ्घ स्थापनापश्चात् ब्रह्मस्थानको भौतिक निर्माणले ठुलै फड्को मारेको छ। यस परिसरभित्र विभिन्न किसिमका देवीदेवताका मन्दिर, महादेवको विशाल स्वरूपको मन्दिरदेखि धर्मशाला निर्माणलगायत खानेपानी र सरसफाइको काम पनि नियमित गरिन्छ। मन्दिरपरिसरमा प्रवेश गरेपछि भिन्नै किसिमको ईश्वरीय आनन्द महसुस हुने भक्तजन बताउँछन्। आस्थाका आधारमा र पर्यटकीय रूपमा समेत यो सबैका लागि गन्तव्यस्थल बनेको छ।

सङ्घले यस परिसरभित्र १०८ शिवलिङ्ग र कैलाश परिक्रमाको स्थापना जनस्तरबाट गराउने कार्य थालेको छ। यो सराहनीय कार्य हो। सङ्घका वर्तमान अध्यक्ष रामशरण तिमल्सेना, स्थानीयवासी गोपाल न्यौपाने, भरत लुङ्गेली, रूपेश पण्डित, श्रीराम न्यौपानेलगायतका व्यक्ति यस कार्यमा प्रत्यक्ष संलग्न छन्। हुन त यस पवित्र कार्यमा सम्पूर्ण पौराईवासीको ठुलो योगदान छ। स्थानीय सरकारको पनि पूर्ण चासो र थप सहयोग अपेक्षा गरिएको छ।

ब्रह्मस्थान पौराईवासीको मात्रै नभएर सम्पूर्ण हिन्दुजनको आस्थाको केन्द्र भएकाले यसतर्फ नेपाल सरकारलगायत सरोकारवाला सबै निकायको ध्यान जानु जरुरी छ। इतिहास बोकेको यो संरचनाले वर्तमानको समेत प्रतिनिधित्व गरिरहेको छ। अबका दिनमा यसको

# पर्यटनको नयाँ क्षितिज



प्राडा प्रेम शर्मा

'हाम्रो सुन्दर सुदूरपश्चिम प्रदेश हामी चिनाउँछौँ' भन्ने सङ्कल्पका साथ कर्णाली नदीपारिको पर्यटकीय सपना अब साकार हुँदै छ। परिकल्पना अवश्य पूरा हुन्छ। धमाधम बन्दै गरेको तीन हजार एक सय मिटर लामो 'जाल्पादेवी केबुलकार' र प्रस्तावित चार/पाँच किलोमिटर दुरीको 'प्याराग्लाइडिङ' उडानले सुदूरपश्चिमको पर्यटनमा ठुलो परिवर्तन ल्याउने छ। सफल उद्योगपति चन्द्रप्रसाद ढकाल समूहको सात अर्ब रुपियाँ लगानी र सुदूरपश्चिम प्रदेश सरकारको सक्रिय सहयोगमा यो बहुआयामिक काम सम्पन्न हुँदै छ।

यो व्यवसायले सुदूरपश्चिमको मूलढोका मानिने कर्णाली चिसापानी, विकट मोहन्याल गाउँपालिका, लम्कीचुहा र ऐतिहासिक टीकापुर नगरपालिकालाई आपसमा जोड्ने छ। ८५ बिघा क्षेत्रफलमा फैलिएको नेपालकै सबैभन्दा ठुलो टीकापुर पार्क र व्यवस्थित सहरी मापदण्ड अनुसार बनेको यो क्षेत्र अब नयाँ स्वरूपमा चिनिने छ।

भविष्यमा केबुलकार र प्याराग्लाइडिङले यस क्षेत्रका थुप्रै पर्यटकीय गन्तव्यलाई विश्वसामु चिनाउने छन्। जापानी प्रविधिबाट बनेको प्रसिद्ध कर्णाली पुल, कर्णाली नदीका मनमोहक टापुहरू, बर्दिया राष्ट्रिय निकुञ्ज, मोहना नदीमा देखिने डल्फिन, रैथाने थारू संस्कृति तथा पहाडी र मधेशी समुदायको सामाजिक सद्भाव यसका मुख्य आकर्षण हुन्।

साथै टीकापुरमा कालु हमालको 'दिनेश ब्रान्ड' अन्तर्गत केराका ४० थरी परिकारको स्वाद लिन पाइने छ। अझ पश्चिमतर्फ लाग्दा जैविक विविधताले भरिपूर्ण घोडाघोडी ताल र महाकालीपारिको दोधारा–चाँदनी झोलुङ्गे पुल (१.४५३ किमी) पुग्न सकिन्छ। छेवैमा रहेका रानाथारू होमस्टे र हजारौँ बाह्रसिङे देखिने शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको जङ्गल सफारीले पर्यटकलाई आकर्षित गर्ने छ।

यीबाहेक वेदकोट, ब्रह्मदेव र बेहडाबाबा जस्ता धार्मिक स्थल तथा पहाडी र हिमाली जिल्लाका अथाह पर्यटकीय क्षेत्रको पहिचान र प्रचारप्रसार गर्न बाँकी नै छ। यसका लागि शिक्षा, जनचेतना, आतिथ्य सत्कार र अनुसन्धानको आवश्यकता छ। विगतमा कैलाली उद्योग वाणिज्य सङ्घ, राजेन्द्र थापा र वेद उप्रेती जस्ता व्यक्ति तथा सञ्चार माध्यमले गरेका प्रयासलाई अब स्थानीय सरकार र निजी क्षेत्रले अझ अगाडि बढाउनु पर्छ।

पूर्वपश्चिम राजमार्गको चिसापानीमा हालसम्म गाडी रोक्ने, खाना खाने र माछा खाने एउटा क्षणिक विश्रामस्थल मात्र बनेको छ। अब यहाँ र्‍याफ्टिङ, कायाकिङ, नौकाविहार, रिभर बिच भलिबल, 'सनबाथ' जस्ता गतिविधि सुरु गर्नु पर्छ। नदी किनारमा स्थानीय कलासंस्कृति प्रदर्शन गर्ने, हाटबजार र मार्ट सञ्चालन गर्ने तथा सुदूरपश्चिमका नौ वटै जिल्ला र अन्य प्रदेशमा यसको नेटवर्क फैलाउनु पर्छ। दक्षिणतर्फ



भारत र उत्तरतर्फ तिब्बतको मानसरोवरसम्म सडक सञ्जाल जोड्न सके सुदूरपश्चिमको पर्यटकीय भविष्य सुनौलो छ।

केबुलकार र 'प्याराग्लाइडिङ' ले चिसापानी, लम्की र टीकापुरलाई मात्र नभएर बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली कोरिडोर, सुर्खेत र अछामसम्मको सडक सञ्जाललाई फाइदा पुऱ्याउने छ। केबुलकारको ओर्लिने ठाउँ (राजकाँडा र कुइनेक्षेत्र) को मुहार नै फेरिने छ। हिजो पानी, बिजुली र सडक नभएर कत्ति पनि मूल्य नआउने उराठलाग्दो जमिनको भाउ आज करोडौँ पुग्न थालेको छ। रानीजमरा कुलरिया सिँचाइ क्षेत्रको उत्पादन र बसोबास सुगम हुँदै छ। यसले गर्दा स्थानीय सुकुमवासी, वादी समुदाय र मुक्त कमैया बस्तीहरू थारू होमस्टेमा परिणत भई आर्थिक रूपमा सबल बन्दै छन्।

'भाग्यमा छ भन्दैमा डोकोमा दुध दुहेर खान पाइँदैन' भने झैँ यी गतिविधिले मात्र परिवर्तन आउँदैन। यसका लागि स्थानीय बासिन्दाको तत्परता, क्षमता र व्यवस्थापकीय कुशलता आवश्यक छ। तिनै तहका सरकार (स्थानीय, प्रदेश र सङ्घ) बिच समन्वय, नागरिक समाज र सञ्चार माध्यमको सहयोग तथा निजी क्षेत्रमैत्री वातावरण भएमा मात्र यो सम्भव छ। एउटा सानो स्थानीय व्यवसायबाट सुरु गरेर समग्र राष्ट्रलाई समृद्ध बनाउन सकिन्छ।

लगानीकर्ता सूर्यबहादुर थापाका अनुसार यो केबुलकार चढेर १२–१५ मिनेटमा यात्रा पूरा हुने छ। 'प्याराग्लाइडिङ' को उडान समय ३० मिनेटदेखि एक घण्टासम्मको हुने छ। पर्यटकले कर्णाली नदीका टापु, निलो–खैरो पानी, चुरे जङ्गल, थारू बस्ती र प्रसिद्ध जाल्पादेवी मन्दिरको मनमोहक दृश्य आकाशबाटै हेर्न पाउने छन्। आजसम्म टिकटक र क्यामरामा मात्र सीमित रहेको कर्णाली पुल र जाल्पादेवी मन्दिरको तस्बिर भोलि प्रत्येक घरको बैठककोठामा 'मायाको चिनो' का रूपमा सजिने छ।

अन्त्यमा नेपालको विकास कृषि, पर्यटन र जलस्रोतबाटै सम्भव छ। पर्यटनका लागि ठुलो लगानी चाहिँदैन, स्थानीय स्रोत र छिमेकी देश भारत तथा चीनका पर्यटक नै यसका लागि पर्याप्त छन्। सुदूरपश्चिम लामो समयदेखि ओझेलमा परेको क्षेत्र हो।

उदाहरणका लागि २०२८ सालमा पृथ्वी राजमार्ग खुल्दा मुग्लिङ–कुरिनटार क्षेत्र चेपाङहरूले घुमन्ते रूपमा खेती गर्ने पाखो मात्र थियो तर आज त्यो ठाउँ धेरै विकसित भइसकेको छ। त्यसै गरी आज खानेपानी र बत्ती नभएको पिछडिएको राजकाँडा गाउँ, बलचौर र चिसापानीको सुकुमवासी बस्तीलाई व्यवस्थित सहर बनाउन जाल्पादेवी केबुलकार र 'प्याराग्लाइडिङ' कोसेढुङ्गा साबित हुने छन्। यी पूर्वाधारले सुदूरपश्चिमको मात्र होइन, पूरै नेपालको मुहार फेर्ने छ। यो परिकल्पना अवश्य साकार हुने छ।

# लय साधनाबाट प्राप्त आनन्द



नेत्र सुवेदी 'प्रयास'

जीवनको वास्तविक रहस्य बुझ्दै आफ्नो आरोग्य कायम राख्न तथा विश्व आरोग्य नक्सामा नेपाललाई समेट्न पनि हामीले योग ध्यान गर्नु आवश्यक छ । अनियन्त्रित अवस्थामा रहेको रोगको विस्तार रोक्न, सम्बन्धमा देखिएको विचलन सच्याउन र नेपालको मौलिक संस्कृतिसहितको पहिचान जोगाउन पनि साधना आवश्यक छ ।

भनिन्छ कि जीवनलाई जगत् र परमात्मासँग जोड्ने कला र विज्ञान साधनामा भेटिनु पर्छ । बोध र लय दुवै त्यस्तै साधनाका नाम हुन् । जीवनको मूल लक्ष्यलाई सबै दुःखबाट मुक्ति र परम् आनन्द प्राप्ति गरी दुइटै समेटियो भने यीमध्ये पहिलो लक्ष्य प्राप्तिमा बोधले र दोस्रो लक्ष्य प्राप्तिमा लय साधनाले सहयोग गर्छ । यी दुवै साधना जीवन विज्ञानले एक/एक हप्तासम्म सञ्चालन गर्ने गरेको छ ।

### जीवन विज्ञानको संस्थागत यात्रा

हरेक मनुष्यभित्र रहने अथाह सम्भावनालाई आन्तरिक दिव्यतारूपी सद्गुण र क्षमताको कुशल प्रयोग गर्न सहजीकरण गर्ने कार्य जीवन विज्ञानले गर्दै आएको छ । आफ्नो मूल ध्येयका रूपमा प्रत्येक व्यक्तिभित्र बीजका रूपमा रहेको सद्गुण एवं क्षमतालाई उजागर गरी सोको माध्यमबाट सुख, शान्ति र समृद्धियुक्त नवयुग निर्माण गर्नुलाई मानेको छ (आत्मदर्पण, २०८३) यस्तो पुनीत कार्यका लागि १५ वर्षअघि स्थापित जीवन विज्ञान प्रतिष्ठानले मौलिक सनातन संस्कृति र आधुनिक मनोविज्ञानका विविध सूत्र, मन्त्र, तरिका, खोजको नतिजाका आधारमा देश र विदेशका विभिन्न स्थानमा मागमा आधारित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रशिक्षणमा रहने गरेको सहभागिता र थप कार्यक्रमको मागलाई विश्लेषण गर्दा जीवन विज्ञानप्रतिको विश्वास झन् झन् प्रगाढ हुँदै गएको छ । गुरुदेवद्वय भानु र रमेशको भूमिकाको चौतर्फी चर्चा हुन थालेको छ । संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने घोषणा गर्नुको पृष्ठभूमिमा जीवन विज्ञानको अग्रसरता प्रशंसनीय छ । आरोग्य पर्यटनको अवधारणा तथा गुरुयोजना सार्वजनिक हुनु र नेपाल सरकारले सन् २०२७ लाई आरोग्य पर्यटन वर्ष घोषणा गरेबाट आरोग्यको झनै महत्त्व बढेर गएको छ ।

### बोध विज्ञानबाट लय विज्ञानतर्फ

जीवन विज्ञानले सञ्चालन गर्ने थुप्रै कोर्समध्ये बोध विज्ञान र लय विज्ञान अन्तरसम्बन्धित साधना कोर्स हुन् । लय विज्ञानमा सहभागी हुनका लागि बोध विज्ञान लिएको हुनुपर्ने सर्त पनि छ । त्यसैले हुनु पर्छ, लय विज्ञानभन्दा लगत्तै अगाडि बोध विज्ञानको कोर्स रहने गर्छ । दुवै साधना नै हुन् ध्यान नै हुन् तथापि बोध विज्ञानमा अन्तरजगत् र बहिर्जगत्को चर्चा हुन्छ भने लय विज्ञानमा आएर परमजगत् थप हुन जान्छ । बोधमा सजगता हुँदै शून्यतासम्मको अभ्यास हुन्छ भने लयमा जीवन ऊर्जाको शाश्वत स्वरूप समाधि/चैतन्यको समेत अनुभव सम्भव हुन्छ । बोध विज्ञानमा जसरी ध्यानलाई गहिरो बनाउँदै अभ्यास गरिन्छ त्यसै गरी लय विज्ञान भक्ति सङ्गीतलाई प्रधानता दिँदै श्रवण शक्तिरूपी भित्री इन्द्रीयको माध्यमबाट ॐकाररूपी ईश्वर अनुभूत गर्ने कार्य हुन्छ ।

जीवन विज्ञानले दिव्य नवव्रतको पालनालाई आधारभूत सिद्धान्त मानेको छ । यी नवव्रतमा एउटा मानवमा हुनुपर्ने नौ वटा दिव्य गुणको निरन्तर अभ्यास पर्छन् । ती गुण सत्यता, स्वाध्याय, नीरअहङ्कारिता, क्षमाशीलता, सर्वकल्याणभाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन् । जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्छ । यी नवव्रतमध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ । दिव्य नवव्रत सङ्कल्प साथसाथै पालनाको विषय पनि हो । हामीमा सजगता टिकाउनका लागि पनि यी दिव्य नवव्रतको अभ्यास आवश्यक छ । नौमध्ये पहिलो तीन वटा गुणलाई सत्यम्, दोस्रो तीन वटा गुणलाई शिवम् र तेस्रो तीन वटा गुणलाई सुन्दरम् भनेर पनि नामकरण गरिएको छ । साधनामार्फत ईश्वर साक्षात्कार गर्ने व्यक्तिले यी सत्यम्, शिवम् र सुन्दरम् लाई निरन्तर अभ्यास गर्नुपर्ने देखिन्छ । एउटा कुरा के हेक्का राख्नु पर्छ भने सबै गुणले युक्त व्यक्तिले पनि आफ्नो गुणमा अहङ्कारभाव भने राख्न हुन्न अर्थात् गुणको दाबी राख्नुहुन्न । साथै अरूमा दुर्गुण पनि देख्नु हुँदैन मात्र विनम्र बन्न सक्नु पर्छ । अहिंसाको पालना गर्दै सेवाका लागि समर्पित रहन सक्नु पर्छ ।



### सेवा पनि साधना हो

हामीले गर्ने काम पनि भगवान्कै सेवा हो । मात्र फरक के हो भने हामी कत्तिको मनैदेखि काम गर्छौं, कति सजगता र खुसीसाथ काम गर्छौं । 'सरकारको काम कहिले जाला घाम' भने जस्तो जसोतसो मात्र काम गरेर प्रतिफल राम्रो हुँदैन । जिम्मेवारीबाट पन्छिएर सेवक भइँदैन । कुनै स्थानमा बाढी आएको छ, बस्तीमा राहतका सामग्री पुऱ्याउने र उद्धारको काममा खटिने कि त्यही बेला एकान्तमा बसेर ध्यान गर्ने ? पक्कै पनि जिम्मेवारी पूरा गर्नमा भोकतिर्खा नभनेर खटिने व्यक्तिले विपत्मा परेका जनबाट आशीर्वाद पाउँछ । भक्तिको मात्रा भएन भने सेवाग्राहीप्रतिको व्यवहार रुखो हुन जान्छ भने भक्तिभाव भयो भने स्वतः सेवाभाव उत्पन्न हुन्छ । सेवा स्थल मन्दिर हो भने सेवा लिन आउने व्यक्ति भगवान् हुन् । सेवाप्रदायक निकायमा बस्ने व्यक्ति आफू सन्तुलित छ भने उसबाट निःसृत हुने सेवा प्रभावकारी हुन्छ । सारमा भन्दा सेवा आफैँमा भक्ति हो र भगवान्प्रतिको सम्मान हो । सेवा गर्ने अवसरका लागि अनुग्रहभाव पनि सँगसँगै चाहिन्छ ।

### मधुर ध्वनि श्रवणबाट आनन्द

ध्यानमा लय ल्याउन भक्ति सङ्गत अर्थात् भजन र कीर्तनको श्रवण उपयोगी हुने बताइएको छ । यसका लागि नेपाली भाषामा रहेका भजन मात्र पर्याप्त नहुन सक्छन् । ' बजिरहेछ बाँसुरी, पिएर कृष्ण माधुरी । सहर्ष नामले झरी, जपेर जिन्दगीभरि । म बुझ्न खोज्छु बुझ्दिनँ, अनन्तपारको कथा, म जान्न खोज्छु जान्दिनँ, जनम् जनम्को यो व्यथा । विवेक ज्ञान ध्यानको नर्भ नभै त्यसै गयो, विराट् स्वरूप श्यामको नजानी जिन्दगी बिती गो ।' भक्तराज आचार्यको मधुर आवाज रहेको यो भजन युट्युबमा उपलब्ध छ । प्रकाश श्रेष्ठको कालजयी आवाजमा रहेको गीत 'गहिराइमा डुब्दै नडुब, डुबिसकेका छौ भने मोति नटिपी नफर्क' पनि जति सुन्यो उति सुनिरहन मन लाग्छ नै, जीवनका लागि निकै प्रेरणादायीसमेत छ । यो र यस्तो किन हुन्छ ? सुन्ने क्षमतामा वा ध्वनिको साधनामा सायद अन्तरआत्मालाई सुनिन्छ वा अन्तरआत्मामा रहेको सचितानन्दतर्फको यात्राका पाइला हुन्छन् । नीति श्लोक, मन्त्र, अन्तर्मनको सफाइका लागि विभिन्न कालखण्डमा सिर्जना भई हामीमाझ उपलब्ध कथा पनि कम छैनन् तर मानिस यी विषयमा गहिरिएर अध्ययन गर्न कि रुचि राख्दैन कि त उसले फुर्सद पाउँदैन । यो वास्तविकतामा सहयोगी बनेर अहिले प्रविधि अगाडि आएको छ र हाम्रो हात हातमा थमाएको मोबाइलभित्र युट्युबमा अनगन्ती भजन, वार्तालाप, साधनाका विभिन्न विधि पनि भेटिन्छन् बस् खोज्न जान्नु पर्छ र सुन्ने धैर्य राख्नु पर्छ । मानिस त मन्त्रमुग्ध हुन्छ नै प्राणी र वनस्पतिले समेत सङ्गीतका कारण बढी उत्पादन दिने गरेको अनुसन्धानले पुष्टि गरेको छ ।

लय विज्ञानमा ध्वनि श्रवणसँगै साधना हुने हुँदा ईश्वर साक्षात्कारका लागि सुन्ने क्षमताको प्रयोगलाई ज्यादा ध्यान दिइन्छ । ध्यान पक्रन र गहिरो आनन्दानुभूतिका लागि पनि लय साधना धेरै उपयोगी हुने देखिन्छ । मुख्य कुरा त साधक कति तयार छ, कत्तिको शुद्ध तनमनले सहभागी भएको छ र साधनाले निरन्तरता पाउँछ वा पाउँदैन भन्ने विषय मुख्य सरोकारको विषय हो ।

लय विज्ञान ११ वटा प्रश्नको उत्तरमा केन्द्रित छ । पहिलो प्रश्न : मानव जीवनको मूल लक्ष्य के हो ? दुःख निवृत्ति र परम आनन्द प्राप्ति । यी दुई कसरी प्राप्त हुन्छ भन्ने नै दोस्रो प्रश्न हो । सजगताबाट दुःख निवृत्ति हुन्छ भने ईश्वर साक्षात्कारबाट परम आनन्द प्राप्ति हुन्छ । तेस्रो प्रश्न : ईश्वर छ कि छैन ? ईश्वर छ र साक्षात्कार गर्न सकिन्छ । चौथो प्रश्न : ईश्वर छ भने कहाँ छ ? ईश्वर सबैतिर छ तथापि पहिले आफैँभित्र खोजिन्छ । पाँचौँ प्रश्न : ईश्वरलाई कसरी चिन्ने ? छैटौँ इन्द्रियको प्रयोग गरेर अर्थात् ध्वनि श्रवणको क्षमता बढाएर । छैटौँ प्रश्न : ईश्वरसम्म पुग्ने मूल बाटो कुन हो ? ध्यान भक्ति । सातौँ प्रश्न : ईश्वर साक्षात्कारको माध्यम के हो ? सद्गुरु । आठौँ प्रश्न : ईश्वर के हो ? परम् सत्य । नवौँ प्रश्न : ईश्वरका गुण के के हुन् ? आत्म, नित्य र सुख । १० औँ प्रश्न : ईश्वर साक्षात्कार गर्ने व्यक्तिका गुण के के हुन् ? जसले मानको खोजी गर्दैन । जो निरन्तर आफूभित्र जमेको छ । राग र द्वेषको द्वन्द्व अलग छ र अमुढा छ । अझ सरल बनाएर भन्ने हो भने ईश्वर साक्षात्कार गर्ने व्यक्तिका तीन गुण भनेका सत्यम्, शिवम् र सुन्दरम् हुन् । ११ औँ प्रश्न : साधकले कस्तो जीवन जिउने ? गुरुसँगको सत्सङ्ग, साधना र सेवासहितको जीवन ।

चञ्चल रहने मनलाई यथाशक्य स्थिर गर्ने र शुद्धीकरण गर्ने कार्यका लागि साधना सहयोगी हुन्छ । योग र साधनाले चेतन मनलाई एकाग्र अवस्था हुँदै ध्यानस्थ अवस्थामा पुऱ्याउँछ । ज्ञानको प्राप्ति र ज्ञान व्यवस्थापनका लागि पनि ध्यान अपरिहार्य देखिएको छ किनकि ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्छ ।

लय विज्ञान साधनाका क्रममा पाँच किसिमका प्रेमको पनि चर्चा हुने गर्छ । प्रेमका पाँच तहमा क्रमशः मोह (भौतिक वस्तुप्रति), स्नेह (आफूभन्दा सानालाई गरिने), प्रीति (समानस्तरसँग गरिने), श्रद्धा (मान्यजनप्रतिको प्रेम) र भक्ति (हरि गुरुप्रति) पर्छन् । प्रेमका पञ्चपाण्डवसमेत भन्न सकिने यी प्रेमका विविध रूपमा एउटा विषय भने गहिरोसँग बुझ्न आवश्यक छ । मोहमा अहङ्कारको तह ज्यादा हुन्छ, स्नेहमा समेत यसको केही अवशेष हुन्छ भने भक्तिमा आइपुग्दा अहङ्कार र अपेक्षा शून्य भइसकेको हुन्छ । के पनि भनिएको छ भने प्रेममा अपेक्षाको मात्रा धेरै भयो भने त्यसको नतिजा दुःख हुन्छ भने प्रेममा अपेक्षा पूरै हटेर गयो भने भक्तिभाव जन्मन्छ ।

अधिकाधिक चञ्चल रहने मनलाई यथाशक्य स्थिर गर्ने र शुद्धीकरण गर्ने कार्यका लागि साधना सहयोगी हुन्छ । योग र साधनाले चेतन मनलाई एकाग्र अवस्था हुँदै ध्यानस्थ अवस्थामा पुऱ्याउँछ । ज्ञानको प्राप्ति र ज्ञान व्यवस्थापनका लागि पनि ध्यान अपरिहार्य देखिएको छ किनकि ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्छ । त्यस्तै मनबाट आउने, शरीरबाट आउने र शरीरभन्दा बाहिरबाट आउने गरी तीन किसिमका दुःखको निवारणका लागि पनि योग तथा ध्यान साधना सहयोगी हुन्छ । यति मात्र नभएर योग ध्यान गर्नुमा हाम्रो मातृभूमि, इतिहास र संस्कृतिप्रतिको सम्मान र जिम्मेवारी पनि जोडिन आउँछ । जीवनको वास्तविक रहस्य बुझ्दै आफ्नो आरोग्य कायम राख्न तथा विश्व आरोग्य नक्सामा नेपाललाई समेट्न पनि हामीले योग ध्यान गर्नु आवश्यक छ । अनियन्त्रित अवस्थामा रहेको रोगको विस्तार रोक्न, सम्बन्धमा देखिएको विचलन सच्याउन र नेपालको मौलिक संस्कृतिसहितको पहिचान जोगाउन पनि साधना आवश्यक छ । लय विज्ञानले उपलब्ध गराएको गहिरो साधनाबाट आत्मगुफामा गुन्जिइरहने ध्वनि श्रवण गर्न सक्षम बनौँ र जीवनलाई सार्थक बनाऔँ ।

# राजविराज : सहर बसाउनेकै रोदन



धीरेन्द्रप्रसाद साह

राजविराज मधेश प्रदेशको ऐतिहासिक तथा योजनाबद्ध नगर हो । यसलाई तराई क्षेत्रको पहिलो तथा नेपालको चौथो नगरपालिका मानिन्छ । व्यवस्थित नगर योजनाका आधारमा निर्माण गरिएको यस नगरले नेपालको सहरी विकासको इतिहासमा विशिष्ट स्थान ओगटेको छ । यसको स्थापना एउटा नयाँ सहरको निर्माण मात्र नभई नेपालको आधुनिक सहरी विकास यात्राको महत्त्वपूर्ण अध्यायका रूपमा पनि हेरिन्छ ।

विसं १९९४ तिर सप्तकोशी नदीले तत्कालीन जिल्ला सदरमुकाम हनुमाननगर क्षेत्रमा तीव्र कटान गर्न थालेपछि सुरक्षित स्थानमा नयाँ सदरमुकाम स्थापना गर्ने आवश्यकता महसुस गरियो । त्यसबेला बडाहाकिम प्रकाशशमशेर जबराले नयाँ सहर निर्माणका लागि उपयुक्त स्थान छनोट गर्ने जिम्मेवारी प्रख्यात इन्जिनियर डिल्लीजङ थापालाई दिएका थिए । विस्तृत अध्ययन तथा स्थलगत अवलोकनपछि उनले आफ्नो जमिनदारी क्षेत्र अन्तर्गत पर्ने जोलहरी–मलेठनजिकको राजपुर मौजालाई नयाँ सदरमुकामका लागि उपयुक्त स्थानका रूपमा सिफारिस गरे ।

भारतको जयपुर सहरको नमुनालाई आधार मानेर १९९८ सालमा राजविराज नगरको निर्माण सम्पन्न गरियो । प्रारम्भिक चरणमा करिब ६० बिघा क्षेत्रफलमा मुख्य सडक, सहायक मार्ग, गल्ली तथा आवासीय र व्यावसायिक प्रयोजनका लागि आवश्यक संरचना तयार गरियो । गुदडी, गल्लालाइन, कचहरी जस्ता सार्वजनिक तथा प्रशासनिक क्षेरूको समेत योजनाबद्ध व्यवस्था गरिएको थियो । पछि सरकारी कार्यालय तथा कर्मचारी आवासको आवश्यकता पूरा गर्न थप १० बिघा जग्गा समेट्दै नगरको विस्तार गरियो । करिब ७० बिघा क्षेत्रफलमा निर्माण भएको राजविराज क्रमशः विस्तार हुँदै आज एक महत्त्वपूर्ण सहरी केन्द्रका रूपमा विकसित भएको छ ।

राजविराज नामकरणबारे विभिन्न मान्यता प्रचलित छन् । स्थानीय जनविश्वास अनुसार सेनवंशकालमा यस क्षेत्रमा कुलदेवी राजदेवी माताको मन्दिर स्थापना गरिएको थियो । राजदेवी माता यस भूमिमा विराजमान रहेको विश्वासका आधारमा यस स्थानको नाम 'राजविराज' रहन गएको मानिन्छ । केही इतिहासकारले भने यस क्षेत्रलाई प्रारम्भिक समयमा 'राजपुर' नामले चिनिने गरेको उल्लेख गरेका छन् । अर्को मत अनुसार 'राज' अर्थात् राज्य वा राजा र 'विराज' अर्थात् स्थापित वा प्रतिष्ठित भन्ने अर्थबाट यो नाम उत्पन्न भएको हो, जसले राजकीय संरक्षणमा निर्माण गरिएको नगरको पहिचानलाई झल्काउँछ ।

राजविराज स्थापना हुनुअघि यो क्षेत्र घनाजङ्गलले ढाकिएको थियो । जङ्गल फाँडेर बस्ती बसालिएको इतिहास पाइन्छ । आज पनि नगरको प्रसिद्ध खरसाल टोलको नाम 'खैरसाल' अर्थात् खयर र सालका रुखको बाहुल्य रहेको क्षेत्रबाट विकसित भएको मानिन्छ । यसले नगरको पुरानो प्राकृतिक स्वरूप र वातावरणीय इतिहासलाई स्मरण गराउँछ ।

२०१६ सालमा राजविराजलाई नगरपालिका घोषणा गरिएको थियो । प्रारम्भमा नौ वटा वडा रहेको यस नगरमा २०३२ सालमा चनौरा, पडरिया, डुमरी र शिवथान क्षेत्र समावेश गरिएपछि वडा सङ्ख्या १० पुगेको थियो । स्थानीय तह पुनर्संरचना अन्तर्गत २०७३ सालमा मलेठ, दिघवा, हरिहरपुर, फर्सेठ, विषहरिया, कोइलाडी मधेपुरा, देउरी भरुवा तथा बोरियालगायतका साबिकका गाविस गाभिएपछि नगरपालिकाको क्षेत्रफल उल्लेखनीय रूपमा विस्तार भयो । हाल राजविराज नगरपालिका १६ वटा वडामा विभाजित छ । यसको कुल क्षेत्रफल ५५.६४ वर्ग किलोमिटर छ ।

राजविराज कुनै समय सगरमाथा अञ्चलको मुख्यालयका रूपमा परिचित थियो भने लामो समयसम्म सप्तरी जिल्लाको सदरमुकामका रूपमा पनि रह्यो । मधेश प्रदेशको पूर्व–दक्षिणी क्षेत्रमा अवस्थित यस नगरले प्रशासनिक, आर्थिक, शैक्षिक तथा सामाजिक गतिविधिको केन्द्रका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा १४ हजार १३३ घरपरिवार रहेका छन् भने कुल जनसङ्ख्या ७० हजार ८०३ रहेको छ । यसमध्ये ३६ हजार २८४ पुरुष र ३४ हजार ५१९ महिला रहेका छन् । यसमध्ये सुरुको ७० बिघा क्षेत्रफलभित्र पाँच हजारभन्दा बढी परिवार बिटौरी जग्गामा बसोबास छ । उनीहरूले अहिलेसम्म जग्गाको भोगचलन गर्दै आएका छन् तर जग्गाको स्वामित्व अर्थात् लालपुर्जा छैन ।

सप्तरी जिल्ला ऐतिहासिक, सांस्कृतिक तथा राजनीतिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यसको सदरमुकाम राजविराज योजनाबद्ध सहरी विकासको उत्कृष्ट उदाहरणका रूपमा परिचित छ । यद्यपि आधुनिक नगरका रूपमा विकसित भइसके पनि यसको निर्माण प्रक्रिया, प्रारम्भिक बसोबास, भूमिसम्बन्धी व्यवस्था तथा विशेष गरी स्थापनाकालमा वितरण गरिएका बिटौरी जग्गाको स्वामित्वसँग सम्बन्धित विषय आजसम्म पनि महत्त्वपूर्ण सामाजिक तथा ऐतिहासिक बहसका विषय बनेका छन् । बिटौरी जग्गाको स्वामित्व प्राप्तिका लागि विभिन्न समयमा भएका आन्दोलनले समेत राजविराजको इतिहासलाई थप विशिष्ट र अर्थपूर्ण बनाएका छन् । ऐतिहासिक सम्पदा, योजनाबद्ध संरचना, सामाजिक सङ्घर्ष र प्रशासनिक महत्त्वको सङ्गमका रूपमा राजविराज नेपालको एक विशिष्ट तथा गौरवशाली नगरका रूपमा स्थापित छ ।



### बसोबास कसरी भयो

राजविराज निर्माण हुनुअघि अहिलेको नगर क्षेत्र अधिकांश रूपमा खेतीयोग्य जमिन, खुला भूभाग तथा बिरलै बस्ती भएको क्षेत्र थियो । नगर स्थापना गर्ने सरकारी योजना अनुसार विभिन्न गाउँ तथा आसपासका क्षेत्रबाट व्यापारी, कर्मचारी, कारिगर, शिक्षक, किसान तथा सेवा व्यवसायीलाई यहाँ आएर बसोबास गर्न प्रोत्साहन गरियो ।

नगरलाई जीवन्त बनाउन राज्यले विभिन्न व्यक्तिलाई घर निर्माण, व्यापार सञ्चालन तथा स्थायी बसोबासका लागि निश्चित भूभाग उपलब्ध गराएको थियो । त्यस समयमा नगर बसाउने उद्देश्य प्रमुख भएकाले स्वामित्वभन्दा उपयोगलाई प्राथमिकता दिइएको थियो । धेरै परिवारले सरकारको अनुमति र प्रोत्साहनका आधारमा घर निर्माण गरे, पसल खोले, बजार विस्तार गरे र नगर विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याए ।

प्रारम्भिक बसोबासकर्ताले जङ्गल फाँडेर, खुला जमिन सम्याएर र आफ्नै श्रम तथा लगानी प्रयोग गरेर अहिलेको राजविराज निर्माण गरेका थिए । त्यस समय धेरैलाई आफ्नो बसोबास भविष्यमा विवादको विषय बन्ने कल्पनासमेत थिएन ।

### बिटौरी जग्गाको उत्पत्ति

राजविराजको विकाससँगै 'बिटौरी जग्गा' भन्ने शब्द प्रचलनमा आयो । बिटौरी जग्गा भन्नाले राज्यको स्वामित्वमा रहेको तर निश्चित व्यक्ति वा परिवारलाई बसोबास, व्यापार वा अन्य प्रयोजनका लागि प्रयोग गर्न दिइएको जग्गालाई बुझिन्छ । यो पूर्ण निजी स्वामित्वको जग्गा थिएन तर राज्यको अनुमति प्राप्त उपयोगको अधिकार भएको भूमि थियो ।

राजविराज नगर बसाउने क्रममा सयौँ परिवारलाई यस्ता बिटौरी जग्गा उपलब्ध गराइयो । ती परिवारले राज्यको विश्वासमा घर बनाए, व्यवसाय सञ्चालन गरे र पुस्तौँदेखि त्यहीँ बसोबास गर्दै आए । समयक्रममा उनीहरूका सन्तान र नातिनातिनासम्म पनि त्यहीँ बसोबास गर्न थाले । जग्गाको कानुनी स्वामित्व भने अझै सरकारी अभिलेखमै सीमित रह्यो ।

### बिटौरी जग्गाको समस्या

सुरुमा बसोबासको सुविधा प्रदान गर्ने उद्देश्यले वितरण गरिएको बिटौरी जग्गा समयसँगै जटिल समस्याका रूपमा देखा पर्न थाल्यो । नेपालमा भूमि प्रशासन प्रणाली क्रमशः व्यवस्थित हुँदै जाँदा नापी, मालपोत र स्वामित्वसम्बन्धी कानुनी व्यवस्था लागु भए । बिटौरी जग्गामा बसोबास गर्ने धेरै परिवारको नाममा स्वामित्व प्रमाणपत्र जारी भएन । उनीहरूले आफ्नो जग्गा बेचबिखन गर्न, बैङ्कबाट ऋण लिन, उत्तराधिकार हस्तान्तरण गर्न वा कानुनी रूपमा सम्पत्ति प्रमाणित गर्न कठिनाइ भोग्न थाले । दशकौँसम्म एउटै स्थानमा बसोबास गरे पनि उनीहरू सरकारी अभिलेखमा वास्तविक जग्गाधनीका रूपमा स्थापित हुन सकेनन् ।

### नागरिक अधिकारको प्रश्न

भूमि आर्थिक सम्पत्ति मात्र होइन, सामाजिक सुरक्षा, पारिवारिक पहिचान र नागरिक अधिकारको आधार पनि हो । राजविराजका बिटौरी जग्गाधारीले राज्यकै आग्रहमा बसोबास गरे, नगर निर्माणमा योगदान दिए । नियमित रूपमा कर तथा शुल्क तिर्दै आए । उनीहरूसँग लालपुर्जा नहुँदा आफूलाई दोस्रो दर्जाको नागरिक सरह व्यवहार गरिएको अनुभूति गर्न थाले ।

धेरै परिवारले पुस्तौँदेखि एउटै स्थानमा बसोबास गरे पनि कानुनी स्वामित्वको अभावमा असुरक्षित महसुस गरिरहेका छन् । यही कारणले बिटौरी जग्गाको प्रश्न भूमि व्यवस्थापनको नभई सामाजिक न्याय र नागरिक अधिकारको विषयका रूपमा विकसित भएको छ ।

### लालपुर्जा प्राप्तिको आन्दोलन

राजविराजका बिटौरी जग्गा उपभोगकर्ताले विगत धेरै दशकदेखि लालपुर्जा प्राप्तिका लागि विभिन्न आन्दोलन गर्दै आएका छन् । स्थानीयस्तरमा गठन भएका सङ्घर्ष समितिले सरकारसमक्ष बारम्बार आफ्ना माग राखेका छन् । बजार बन्द, विरोध प्रदर्शन, धर्ना, ज्ञापनपत्र बुझाउने कार्यक्रम तथा जनदबाब सिर्जना गर्ने अभियान सञ्चालन गरिएका छन् । पछिल्लो समय करिब दुई साताभन्दा बढी समयदेखि राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, धर्ना, लाठी जुलुस, अर्धनग्न, मसाल जुलुस, थाल पिट्ने, अनिश्चित बजार बन्दगायतका सङ्घर्षका कार्यक्रम गर्दै आएका छन् ।

आन्दोलनकारीको मुख्य माग राज्यले नगर बसाउन दिएको जग्गामा पुस्तौँदेखि बसोबास गर्दै आएका वास्तविक उपभोगकर्तालाई लालपुर्जा प्रदान गरिनु पर्छ । उनीहरूको तर्क छ, राज्यले नै बसोबास गराएको अवस्थामा अहिले आएर स्वामित्व नदिनु ऐतिहासिक अन्याय हो ।

### लालपुर्जा वितरणमा कानुनी अडचन

बिटौरी जग्गाको लालपुर्जा वितरण सहज रूपमा हुन नसक्नुका पछाडि विभिन्न कानुनी तथा प्रशासनिक कारण छन् । पहिलो, अधिकांश बिटौरी जग्गा सरकारी अभिलेखमा अझै पनि सरकारी स्वामित्वकै रूपमा दर्ता छन् । सरकारी जग्गालाई निजी स्वामित्वमा हस्तान्तरण गर्न विशेष कानुनी प्रक्रिया आवश्यक हुन्छ । दोस्रो, कतिपय जग्गाको नापी अभिलेख र वास्तविक उपयोगबिच ठूलो अन्तर छ । तेस्रो, केही क्षेत्र सार्वजनिक प्रयोजन, सडक विस्तार वा सरकारी योजनासँग सम्बन्धित हुन सक्छन् । चौथो, बिटौरी जग्गा व्यवस्थापनसम्बन्धी स्पष्ट र विशेष कानुनको अभावले समस्या झन् जटिल बनेको छ । यी सबै कारणले गर्दा सरकारलाई निर्णय लिन कठिनाइ भइरहेको छ ।

### समस्याको सम्भावित समाधान

बिटौरी जग्गाको दीर्घकालीन समाधानका लागि विस्तृत तथ्याङ्क सङ्कलन आवश्यक छ । वास्तविक बसोबासी, उनीहरूको बसोबास अवधि, उपयोगको अवस्था तथा अभिलेखीय विवरणको वैज्ञानिक अध्ययन हुनु पर्छ । वास्तविक र योग्य बसोबासीको पहिचान गरी स्वामित्व हस्तान्तरण प्रक्रिया अघि बढाउन सकिन्छ । सरकारले विशेष कानुनी व्यवस्था वा छुट्टै ऐन निर्माण गरी ऐतिहासिक रूपमा बसोबास गरिरहेका परिवारलाई लालपुर्जा दिने व्यवस्था गर्न सक्छ । सार्वजनिक प्रयोजनका लागि आवश्यक जग्गा सुरक्षित राख्दै बाँकी जग्गा योग्य उपभोगकर्तालाई वितरण गर्न सकिन्छ । यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, नापी कार्यालय र मालपोत कार्यालयबिच प्रभावकारी समन्वय आवश्यक छ ।

### निष्कर्ष

राजविराजको नगर बिटौरी नगरवासीको श्रम, सङ्घर्ष र योगदानको इतिहास हो । राज्यको योजना अनुसार बसोबास गराइएका नागरिकले आफ्नो मेहनतबाट एउटा आधुनिक नगर निर्माण गरे । उनीहरूमध्ये धेरै परिवार आज पनि लालपुर्जाविहीन अवस्थामा जीवन बिताइरहेका छन् । बिटौरी जग्गाको समस्या समाधान गर्नु प्रशासनिक दायित्वसँगै ऐतिहासिक न्याय स्थापित गर्ने कार्य पनि हो । दशकौँदेखि एउटै स्थानमा बसोबास गरिरहेका नागरिकलाई कानुनी स्वामित्व प्रदान गर्नु राज्यको जिम्मेवारी हो । उचित कानुनी व्यवस्था, राजनीतिक इच्छाशक्ति र सरोकारवालाबिचको सहकार्यबाट मात्रै राजविराजका बिटौरी जग्गाधारीको बहुप्रतीक्षित लालपुर्जाको सपना पूरा हुन सक्छ ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

बझाङी भाषा पृष्ठ

# सेरा जिउलाकी रोपाइँकी सौँराइ

■ लोक बहादुर सिंह

बालख्ख कालका बेला गाउँतिर असाणका मइना रोपाइँ लाग्याको याद सदाइ आइ रँदो छ। हामे खेतगणा झान्याँ घरगोड्या किसानका चेलाचेली हौँ। तइ बेला मौ कविलाकी लागि हामे आदी किसान भयाउँ। पढ्ना लेख्नाका लागि हामे गाउँका माइस, ठुला सहर आयाउँ, पड्याँउ। जागिरी खानाकी लागि गाउँ ठौर है बाइर, नौला ठौर बस्न आयाउँ। कोइ प्रदेश पन पुग्याकाइ छौँ। अइल ता कति हामे, असाण मइनाको खेतको पाँगो रे पानीसँगको हाउँरो साइनु बिर्सिन लाग्याउँ। खेतमी हलबल्ल जोत्नु, धानको बिउ राख्नु, खनकुट अर्नु, कुला रिटाउनु, आँट सोर्नु खेतका इल्चा लाउनु, ओणकुण्टा खन्नु, बिउ निकाल्नु, पोर्सो पलेटी अर्नु रे रोप्नाका अरु धामाबाट हाँमे टाणा भयाउँ। अइल ता हामे आप्ना खेतको अनाज भन्दा बजार है किन्याका चामलको भात खानु निको मान्याउँ। बाउसा, कुटा कोदाला, चलाउन्या हात कलम समाउदा ठुलाइ भै गयाउँ। हामे, ब्वा बाज्याका दिनका चलन रे आपुइ अरि खान्या पौरख बिर्सिन लाग्याउँ।

किसानी अरि पसिना बगाउन्याँ काम छइडी गयो। गाइ भैंसा पालि आप्ना खेत गणामि हाल्न्या पोर्सो बनाउन क्या कसो अर्दा छ्या हामुले हेऱ्याउन। वनका पात स्याउला आनी गोठ हालि गाइ भैंसाको सोतर बनाइ पोर्सो बनाउँदा रे धिनालो गाइ भैंसा सदाइँ राख्ता छ्या,। घरको लागि चाइन्या सागपात, दाल, तेल, मरमसला, फलफुल रे कवास पन लाउन्या चलन छ्यो।

बारेकोट गाउँपालिका अध्यक्ष वीरबहादुर गिरीले सरकारले पुनर्निर्माणका लागि क्षतिको यकिन विवरण आकलन (डिडिए) गर्न आएका प्राविधिकले त्रुटि गरेपछि समस्या भएको बताउनुभयो। सरकारले (डिडिए) मा खटाएका प्राविधिकले वास्तविक तथ्याङ्क सङ्कलन गर्दा पुनर्निर्माण अलमलमा परेको छ ।

एकै प्रकृतिको एउटा पुनर्निर्माणमा पर्ने, अर्को नपरेको भन्दै पीडितले भने विरोध गरेका छन्। प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले भूकम्पले घरबारविहीन भएका जनताका निजी आवास निर्माणका लागि स्थानीय तहबाट आएका फाइलको अन्तिम रूप दिन सरकारले आठ जना प्राविधिक टोली खटाएको बताउनुभयो। सरकारले छ जना जाजरकोट, दुई जना रुकुमपश्चिममा प्राविधिक टोली खटाएको छ। भेरी नगरपालिका–१, ३, ११ का लाभग्राहीको फाइल जाँचको काम सकेर ८ नम्बर वडा र नलगाड नगरपालिका–१ मा पनि सुरु गरिएको छ।

भेरी र नलगाड नगरपालिकामा पाँच सय बढी सेवाग्राहीका फाइल जाँच भएको छ। नलगाड नगरपालिकाले लाभग्राहीसँग सम्झौता गरेको छैन। भेरी नगरपालिका–३ मा ९७ जनामध्ये ७८ जना पुनर्निर्माणमा पर्ने योग्य देखिएको प्राविधिक टोलीले पेस गरेको छ। प्रजिअ अधिकारीका अनुसार पुनर्निर्माणका लागि सम्झौता गरेका ६४१ जनामध्ये २५८ जनाले प्रक्रिया पूरा गरेका छन्। भेरी नगरपालिका र नलगाड नगरपालिकाका ११ हजारभन्दा बढी लाभग्राहीका कागजात जाँच गरी असार १५ गतेसम्म पुनर्निर्माणको काम अघि बढाउन प्राविधिकलाई निर्देशन दिइएको उहाँले बताउनुभयो।

- सरकारले दिएको ५० हजार रुपियाँ अनुदानमा अस्थायी आवासमा बस्दै आएका सर्वसाधारण २९ महिना हुनै लाग्दा पनि सरकारले सुरक्षित आवासको व्यवस्था नगर्दा चिन्तामा छन् ।
- स्थानीय तहले भूकम्पपछि तत्काल ४८ हजार लाभग्राही कायम गरे पनि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको (डिडिए) रिपोर्टमा १४ हजार २४५ पुनर्निर्माण, १२ हजार ७४४ प्रबलीकरणको प्रतिवेदन सार्वजनिक गरेको छ ।

नलगाड नगरपालिका–१ का कल्पना परियारले दिउँसो टिनको छानाभित्र पस्न नसकी दिनभर रुखको छहारीमा बसी बेलुका मात्र भित्र पस्ने गरेको बताउनुभयो। अब बर्खायाम लागेकोले अस्थायी आवासमा कसरी बस्ने भन्ने उहाँलाई चिन्ता छ। अस्थायी आवासको बसाइ जोखिमपूर्ण भएपछि केही पीडितले लघुवित्तबाट महँगो कर्जा लिएर घर बनाउन थालेका छन्।

स्थानीय तहले भूकम्पपछि तत्काल ४८ हजार लाभग्राही कायम गरे पनि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको (डिडिए) रिपोर्टमा १४ हजार २४५ पुनर्निर्माण, १२ हजार ७४४ प्रबलीकरणको प्रतिवेदन सार्वजनिक गरेको छ। (डिडिए) मा त्रुटि भएपछि पीडितले पुनः (डिडिए) गर्न माग गरेका छन्।

# तलब नपाएपछि शिक्षक धर्नामा

**पञ्चकोशी समाचारदाता**
*पञ्चकोशी (दैलेख), असार ५ गते*

गाउँपालिकाभित्रका ३९ सामुदायिक विद्यालयका शिक्षकलगायत अन्य सहयोगीले लामो समयदेखि तलब नपाएको भन्दै विद्यालय बन्द गरेर धर्नामा उत्रिएका छन्।

दैलेखको ठाटीकाँध गाउँपालिकाको विद्यालयमा कार्यरत पालिका अनुदान शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगी गरी ९६ जनाले तलब पाएका छैनन्। पालिकाले करिब दुई करोड ८५ लाख ७८ हजार रुपियाँ तलब शिक्षकलाई दिन बाँकी रहेको जनाइएको छ।

संयुक्त शिक्षक तथा विद्यालय कर्मचारी सङ्घर्ष समितिका अनुसार पालिका अनुदान शिक्षकले ११ महिनादेखि, बालविकास सहजकर्ताले १४ महिनादेखि र विद्यालय कर्मचारीले १९ महिनादेखि तलब पाएका छैनन्। बारम्बार सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको उनीहरूको भनाइ छ।

गाउँपालिकाले विभिन्न समयमा तलब भुक्तानी गर्ने प्रतिबद्धता जनाए पनि हालसम्म कार्यान्वयन नभएको ठाटीकाँध गाउँपालिका



तलब भुक्तानीको माग गर्दै विद्यालय बन्द गरेर धर्नामा बसेका शिक्षकहरू ।

अनुदान सङ्घर्ष समितिका अध्यक्ष कमलकुमार खत्रीले बताउनुभयो। उहाँले माग पूरा नभएसम्म समितिले विद्यालयको पठनपाठन प्रभावित बनाउने, शिक्षा शाखासहित गाउँपालिकाका विभिन्न प्रशासनिक कार्यालयमा तालाबन्दी गर्ने तथा आन्दोलनका कार्यक्रमलाई थप सशक्त बनाउने निर्णय गरेको जनाउनुभयो। उहाँले समस्या समाधान नभएसम्म आन्दोलन जारी रहने पनि बताउनुभयो।

"लामो समयदेखि तलब नपाउँदा शिक्षक तथा कर्मचारीको दैनिक जीवनयापन नै कठिन बनेको छ, पटक पटक आग्रह गर्दा पनि सुनुवाइ नभएपछि विद्यालय बन्द गरेर आन्दोलन गर्न बाध्य भएका हौँ," उहाँले भन्नुभयो।

गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख नेत्रबहादुर थापाले शिक्षक तथा कर्मचारीको तलब भुक्तानीका लागि पहल भइरहेको बताउनुभयो। उहाँले लामो समयदेखि तलब नपाउँदा शिक्षक आक्रोशित बनेका र तलब नपाउँदासम्म विद्यालय सञ्चालन नहुने बताउनुभयो। दुई महिनाको भुक्तानी दिने निर्णय भए पनि शिक्षकले सबै तलब पाउने माग गरेपछि समस्या भएको उहाँको भनाइ छ। साथै उहाँले आन्दोलनका कारण विशेष गरी विद्यार्थीको पढाइ प्रभावित भएकोसमेत जनाउनुभयो।

"शिक्षक तथा कर्मचारीले लामो समयदेखि पारिश्रमिक नपाउँदा समस्या हुनु स्वाभाविक हो, गाउँपालिकाले समस्या समाधानका लागि आवश्यक पहल गरिरहेको छ," शिक्षा अधिकृत थापाले भन्नुभयो, "विद्यालय बन्द हुँदा हजारौँ विद्यार्थीको पढाइ प्रभावित भएको छ भने अभिभावक र सरोकारवालाले पनि समस्या छिटो समाधान गर्न सम्बन्धित पक्षसँग आग्रह गरेका छन्।" सङ्घर्ष समितिले शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको श्रमको सम्मान गर्दै तत्काल तलब भुक्तानीको व्यवस्था गर्न माग गरेको पनि उहाँले बताउनुभयो। आन्दोलनलाई रोजगारी र बाँच्न पाउने अधिकारसँग जोडिएको विषयका रूपमा व्याख्या गर्दै माग पूरा नभएसम्म आन्दोलन नरोकिने बताएका छन्।

# विद्यालयमा रैथाने परिकारको दिवा खाजा

**जुम्ला समाचारदाता**
*जुम्ला, असार ५ गते*

जुम्लाको पातारासी गाउँपालिकाका विद्यालयमा रैथाने कृषि उत्पादनबाट बनेका परिकार दिवा खाजाका लागि प्रयोग गर्न थालिएको छ। गाउँपालिकाले एक वर्षदेखि यस क्षेत्रका विद्यालयमा स्थानीय उत्पादनको रैथाने खाद्य परिकार विद्यार्थीलाई दिउँसो खाजा खुवाउन थालेको हो। पोषणको दृष्टिले अत्यन्तै उपयोगी र रोग प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय उत्पादनका सामग्रीबाट बनेको परिकार खाजा खुवाउन सुरु गरिएको गाउँपालिकाले जनाएको छ। पातारासी गाउँपालिका शिक्षा शाखा प्रमुख रामचन्द्र रेग्मीका अनुसार एक वर्षदेखि पातारासीका सबै विद्यालयमा स्थानीयस्तरमा उत्पादन भएका रैथाने परिकारको दिवा खाजा खुवाउन सुरु गरिएको छ।

# किसानलाई हातेट्याक्टर

**राष्ट्रिय समाचार समिति**
*जुम्ला, असार ५ गते*

जुम्लास्थित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइले यहाँका २६ जना किसानलाई अनुदानमा हातेट्याक्टर (मिनी टिलर) वितरण गरेको छ।

कृषि समूह, किसान र कृषि उद्यमीलाई २६ वटा हातेट्याक्टर वितरण गरिएको हो । कृषिमा आधुनिकीकरण ल्याउने उद्देश्यका साथ उद्यमीलाई कृषि यान्त्रीकरण मिनी टिलर वितरण गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन कार्यालय जुम्लाका कृषि अधिकृत कमल देवकोटाले जानकारी दिनुभयो।


## वर्गीकृत डिस्प्ले

### मोटरसाइकल हरायो

मिति २०८३।०३।०४ गते बा.प्र. ०२–०६० प ७४०४ नं. को कालो रातो रङको Bajaj Pulsar 220 CC मोटरसाइकल बानेश्वर आलोकनगरबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८५१२७६६४३ मा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दछु।
**नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणी : श्रीजन तामाङ**
**ठेगाना** : काभ्रेपलाञ्चोक, चौरी देउराली ९
**इन्जिन नं.**: DKXCSC25944
**च्यासिस नं.**: MD2A13EX5SCC83910

### भूमिसुधार तथा मालपोत कार्यालय, सर्लाहीबाट

**सर्लाही जिल्ला, बलरा गा.वि.स. वडा नं. १ मा बस्ने मनसिफ झाको नाति, श्री योगेन्द्र झाको छोरा, माधवेन्द्र झा र राघवेन्द्र झाको नाउँमा जारी भएको ३५ दिने सूचना/म्याद**

यसमा जिल्ला सर्लाही, बलरा गा.वि.स. वडा नं. १ हाल ललितपुर उ.म.न.पा. वडा नं. ४ बस्ने मनसिफ झाको नाति, रामनन्दन झाको छोरा, अमरनाथ झाले जिल्ला सर्लाही, बलरा गा.वि.स. वडा नं. ३ कित्ता नं. ३५८ क्षेत्रफल ०–४–५ को जग्गा तपाईंहरूको संयुक्त नाममा समेत दोहोरो स्रेस्ता देखिएकोले उक्त जग्गाको स्रेस्ता खारेज गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा निवेदन पेस गरी कारबाहीको सिलसिलामा तपाईंसँग सो सम्बन्धमा केही कुरा बुझ्नुपरेकोले तपाईंको नाउँमा यो सूचना म्याद प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र ठोस सबुद प्रमाण सहित आफ्नो दाबी जिकिर गर्न यस कार्यालयमा आउनुहोला वा कानून बमोजिम वारेस मुकरर गरी पठाउन सूचित गरिएको छ। म्यादभित्र लिखत लिई तपाईं आफैँ वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने सो मुद्दामा कानून बमोजिम फैसला हुने छ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन। **इति संवत् २०८३ साल वैशाख १६ गते रोज ४ शुभम्।**

### महालक्ष्मी नगरपालिका ४ नं. वडा कार्यालयको नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना।

**(मिति : २०८३।०३।६)**

महालक्ष्मी नगरपालिका वडा नं. ४ साविक इमाडोल ८ कित्ता नं. ६८१, ५५८, ६८२, ६४७ क्षेत्रफल ५०४९.५७ व.मि. जग्गामा हिराकाजी अवाले र राम काजी अवालेले भवन निर्माण गर्न नक्सापासका लागि मिति २०८३।०२।१३ मा महालक्ष्मी वडा नं. ४ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर/जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लिखित सँधियारहरूसँग सम्पर्क हुन नसकेकाले नक्सा पासका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । उल्लिखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं साँधसँधियारहरूलाई बाधा तथा मर्का भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिका वडा नं. ४ को कार्यालयमा निवेदन दिनुहुन तथा साँधसँधियारको जानकारीका लागि सूचित गरिन्छ। म्यादभित्र कसैको प्रतिक्रिया दाबी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासका लागि नगर पालिकामा सिफारिस भइजाने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**
**पूर्व कित्ता** – ७२०,२२०
**उत्तर कित्ता नं.** ५५४
**दक्षिण कित्ता नं.** –६४८, ७१८, ५७५

### गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०३।०६ गते**

ललितपुर जिल्लाका तपसिल बमोजिमका सामुदायिक वन क्षेत्रमा सङ्कलन भएका वन पैदावार जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी सिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सङ्घ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फाराम खरिद गरी यसै कार्यालयमा २२औँ दिन दिउँसो १:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। विस्तृत सूचना समूहको कार्यालय तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ। **तपसिल**

| सि.नं. | सामुदायिक वन समूहको नाम, ठेगाना | प्रजाति | परिमाण |
|---|---|---|---|
| १ | कुमारी सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ४, ललितपुर | खोटेसल्ला समेत | गो. थान २४४४ को १०३९०.७१ क्यु.फि. काठ |
| २ | वनदेवी शान्ति सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ०४, ललितपुर | खोटेसल्ला समेत | गो. थान ५५० को २४४०.१५ क्यु.फि. काठ |
| ३ | चण्डोल मासडाँडा सामुदायिक वन उपभोक्ता समूह, गोदावरी ०४, ललितपुर | पाटेसल्ला समेत | गो. थान ४८६ को १७९२.७३ क्यू.फि. काठ |

**कुमारी सामुदायिक वन उपभोक्ता समूह**
**गोदावरी न.पा. ४, बडिखेल**

### सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयलाई आवश्यक पर्ने सवारीसाधन खरिद गर्ने प्रयोजनका लागि दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारीसाधन उत्पादक वा अधिकृत बिक्रेताले २०८३ असार ८ गते कार्यालय समयभित्र सूची दर्ता गर्नुहुन अनुरोध गरिन्छ।
**महान्यायाधिवक्ताको कार्यालय, नेपाल**
**रामशाह पथ, काठमाडौँ।**

### सूचना ! सूचना ! सूचना !

यस कार्यायलका लागि आवश्यक पर्ने सवारीसाधन खरिद गर्ने प्रयोजनका लागि दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारीसाधन उत्पादक वा अधिकृत बिक्रेताले मिति २०८३ साल असार ८ गते सोमबार कार्यालय समयभित्र सूची दर्ता गर्नुहुन अनुरोध गरिन्छ।
**जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौँ**

### सूचना ! सूचना !! सूचना !!!

**यस कार्यालयलाई आवश्यक पर्ने सवारीसाधन खरिद गर्ने प्रयोजनका लागि चार पाङ्ग्रे सवारीसाधन उत्पादक वा अधिकृत बिक्रेताले २०८३ असार ८ गते कार्यालय समयभित्र सूची दर्ता गर्नुहुन अनुरोध गरिन्छ।**
**विशेष सरकारी वकील कार्यालय, काठमाडौँ**

### Citizen Investment Trust
**New Baneshwor, Kathmandu, Nepal**
**Bid Addendum Notice No. 2**

This is to notify all concerned that the Citizen Investment Trust (CIT), New Baneshwor, Kathmandu, Nepal has made the amendment to the Bid Document for **The Procurement of Supply, Delivery, Installation & Commissioning of Backup & Replication Software License, IFB No. CIT/GOODS/NCB-2/2082/83** as per the notice published on Jestha 11, 2083 (May 25, 2026) in the "Gorkhapatra" national daily newspaper and www.bolpatra.gov.np/egp. For details, visit www.bolpatra.gov.np/egp or CIT's website https://nlk.org.np.

### महालक्ष्मी नगरपालिका कार्यालय
**९ नं वडा कार्यालय लामाटार, ललितपुर**
**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**
**मिति २०८३।३।६**

महालक्ष्मी नगरपालिका वडा नं. ९ साविक लामाटार ८ख कित्ता नं. २२३२, १२९६ क्षेत्रफल ४०५.३७ वर्गमिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासका लागि २०८३।२।२१ मा महालक्ष्मी नगरपालिका कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लिखित सँधियारहरूसँग सम्पर्क हुन नसकेकोले नक्सा पासका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लिखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं साँध सँधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिकाको ९ नं. वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँध सँधियारको जानकारीका लागि सूचित गरिन्छ। म्यादभित्र कसैको कुनै प्रतिक्रिया दाबी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्साका लागि नगरपालिकाको सिफारिस भइजाने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**
पश्चिमतर्फ ९९१, १०४७, १०४३
उत्तरतर्फ ९७२, ९९६१, १२९७
दक्षिणतर्फ परिस्कृत पौडेल २२३३
पूर्वतर्फ कित्ता नं. १२९७

### Tribhuvan University
### Institute of Medicine
### Pokhara Nursing Campus
Pokhara, Nepal

**Notice for the Letter of Intent**

Date of Publication : 2083/03/06

For the provision on sub clauses 27.2 and 27. 3 public Procurment Act 2063, this is notifying to all Bidders who submitted their bids for the contracts as per the IFB notice published on National Daily, that the following mentioned lowest evaluated substanta responsive bidders intended to award the confrac

| S. N. | Name of project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Ammount (with vat and PS) |
|---|---|---|---|
| 1. | construction of Lab Building Pokhara Nursing | Khansaar Company Pvt. Ltd. | 67,47,484.89 |

**Campus Chief**

### सिद्धार्थनगर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**सिद्धार्थनगर, रुपन्देही**

**आशय-पत्र सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३।०३।०६**

यस सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट निम्न मितिमा प्रकाशित बोलपत्रको सूचना बमोजिम तोकिएको समयभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्र दाताहरूको नियमानुसार बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेशको दफा २७ (१। बमोजिम सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको रूपमा छनोट गरी सोही ऐनको दफा २७ उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको नाम/ठेक्का नं. | बोलपत्र आह्वान मिति | स्वीकृत बोलपत्र दाता | कबोल अङ्क (मू.अ.कर तथा पी.एस. समेत) |
|---|---|---|---|---|
| 1. | Supply of Sanitary pads at Siddharthanagar Municipality (SNP/JINSI/NCB-003/082/083) | 2083.02.07 | श्री Jasmine Hygiene Products Pvt. Ltd., Balbhadra Chowk, Dharan | NRs. 10,62,945.80 |

**थप जानकारीका लागि सिद्धार्थनगर नगरपालिका योजना शाखामा सम्पर्क गर्नुहोला।**

### भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

यसमा निवेदक श्री कृष्ण लाल श्रेष्ठले मेरी बजै मान ठामुक श्रेष्ठनीको नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा मान ठामुक श्रेष्ठनीको मिति २०२८ सालमा मृत्यु भएको र निज समेतको मृत्यु पछिका सबैभन्दा नजिकका हकदारहरू हामीमध्ये अन्य हकदारहरूका मञ्जुरीनामाले तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनुपर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरु कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| गोकर्ण | ४/क | ४७ | १–२–३–० | बुगाती पाध्यानी का.ई. बानेश्वर | मान ठकुम श्रेष्ठनी |

नोट : रै.प. मि.नं. ६८/०५३/५४ रै.प. दर्ता मिसिल भिडेको संलग्न रहेको।

### भूमि प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

उपरोक्त विषयमा दिप राजको नाति, हिरा रत्न ब्रम्हचार्यको छोरा भक्त मान ब्रम्हचार्यका बुबा हिरा रत्न ब्रम्हचार्यको नाममा तपसिल अनुसारको जग्गाहरू भएकोमा हिरा रत्न ब्रम्हचार्यको मिति २०७३।०४।१५ मा मृत्यु भई निज मृतकको शेषपछि हक खाने हकदारहरूमा एक मात्र पत्नी लक्ष्मी साके (भिक्षु) र छोराहरू हेरा काजी वांडा–१, कृष्ण मान शाक्य–१, भक्त मान ब्रम्हचार्य–१, कृष्ण भक्त ब्रम्हचार्य–१ र विनोद ब्रम्हचार्य–१ गरी जना ५ तथा एक मात्र अविवाहिता छोरी कृष्ण देवी शाक्य र विवाहित छोरीहरू गंगा, जमुना र पुर्ण देवी भएकोमा हेरा काजी वाडाको मिति २०६३।०६।३० मा मृत्यु भई निज मृतकको शेष पछिको हक खाने हकदारहरूमा एक मात्र पत्नी जुनी वाडा र छोराहरू राम काजी शाक्य–१, विकेश शाक्य १ र दिकेश शाक्य १ गरी जना ३ तथा एक मात्र अविवाहिता छोरी हिरा शोभा शाक्य भएको हुँदा उक्त कित्ता जग्गाहरू हिरा रत्न साके भिक्षु, निवेदकको नागरिकता प्रमाण पत्रमा बुबाको नाम, थरमा उल्लिखित हिरा रत्न ब्रम्हचार्य र माथि उल्लिखित कित्ता जग्गाहरूको ज.ध. प्रमाण पुर्जामा उल्लिखित हेरा रत्न वाँडा फरक फरक नाम थर गरेको व्यक्ति फरक फरक व्यक्ति नभई एकै व्यक्ति हो भएको हुँदा निवेदकका नाममा नियमानुसार दर्ता नामसारी हुन सिफारिस साथ अनुरोध गरिन्छ भनी ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ५९ मिति २०८२।४।१३ गतेको सिफारिस सहित जग्गा दर्ता नामसारी गरी पाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. १०९० मिति २०८२।४।१५ मा लक्ष्मी साके (भिक्षु) समेत ६ जनाको निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? कसैको हकदाबी छ, छैन ? उक्त जग्गाका जग्गाधनीको नाम जग्गाधनी स्रेस्ता तथा स्रेस्तामा भएको हिरा रत्न ब्रम्हचार्यको जग्गा हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिनभित्र आफ्नो दाबी प्रमाण पुग्ने कागजात सहित यस कार्यालयमा दाबी विरोध गर्न आउनुहोला/सूचना गर्नुहोला। अन्यथा नियमानुसार जग्गा दर्ता नामसारी भइजाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा | कै. |
|---|---|---|---|---|---|---|---|
| बुंगमती | १ ख | ५२<br>५५ | ०–१–१–०<br>०–५–२–० | हेरारत्न बाडा ल.पु. बुंगमती १ नं. वडा ल्या. | | यो जग्गा बाबु दिपराज बाडाको हो अंश भागमा परी बगैचा पालि आएको छु द. | |

### आशा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**हनुमानढोका; मखन २४ काठमाडौँ फोन नं : ५–३३२७७२, ५–३४१६३६**

**तपसिलमा उल्लिखित सदस्य ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सूचना**

यस आशा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, हनुमानढोका, मखनबाट विभिन्न मितिमा विभिन्न कर्जा शीर्षक अन्तर्गत ऋणी तपाईं विन्देश्वर श्रेष्ठ भई यस संस्थामा सुरक्षण बापत सम्पत्ति धितो जमानत राखी तपसिलका ऋणीले मिति २०७९।०४।२२ मा अन्य विविध कर्जा शीर्षक अन्तर्गत लिनुभएको ऋण कर्जाको साँवा ब्याज लगायतका रकम नतिरी शर्त बमोजिम यस संस्थामा समय समयमा बुझाउनुपर्नेमा नबुझाई भाका नघाई ऋण सम्बन्धी शर्त बन्देज उल्लङ्घन गर्नुभएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा टेलिफोन मार्फत सम्पर्क गर्न खोज्दा पनि सम्पर्क नभएको हुँदा मिति २०८२।११।११ पहिलो पटक र मिति २०८२।१२।२३ मा दोस्रो पटक लिखित ताकेता पत्र गरी का.जि., का.म.न.पा वडा नं. २२ को वडा कार्यालयलाई बुझाइएको साथै उक्त पत्र बुझाउँदा तथा पहिलो पटक मिति २०८३।०१।३० राष्ट्रिय दैनिक गोरखापत्र पत्रिकामा सूचना प्रकाशित गर्दा पनि संस्थाको साँवा ब्याज हर्जाना रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले पुनः यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने बाँकी साँवा ब्याज हर्जाना समेत बुझाउनुहुन यो सूचना मार्फत पुनः सूचित गरिन्छ। अन्यथा निजले आफ्नो हकहिस्सा मात्र यस संस्थामा धितोस्वरूप लेखी लेखाई दिएको तपसिल बमोजिमको अचल सम्पत्ति सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ बमोजिम लिलाम बिक्री गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा ऋणी, जमानीकर्ता तथा धितो लेखिदिने व्यक्ति सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ऋणीको तीन पुस्ते नाम ठेगाना तथा सुरक्षणको विवरण**

**ऋणीको नाम, थर र वतन**
**ऋणी** : विन्देश्वर श्रेष्ठ
**बुबा** : पुरुषोत्तम प्रशाद श्रेष्ठ
**बाजेको नाम** : भैरब बहादुर श्रेष्ठ
**ठेगाना** : का.जि., का.म.न.पा.वडा नं. २२ खिचापोखरी, न्यूरोड



**धितोको विवरण**
**आवासको नाम** : महर्जन बिजनेश एशोसियट्स प्रा.लि.
**आवासको तल्ला** : १
**पसल कवल नं.** : F२
**क्षेत्रफल** : २३८ वर्ग मिटरको पसल

**जमानीकर्ताको नाम र ठेगाना**

**ऋणीकी श्रीमती**
**नाम** : हसना शाक्य
**बुबा** : त्रिरत्न शाक्य
**ठेगाना** : वडा नं. २२, खिचापोखरी, न्यूरोड



# संसदीय अधिकार संरक्षण गर्न ऐक्यबद्धता



घोषणापत्र सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलन ।

**भैरहवा समाचारदाता**
*भैरहवा, असार ५ गते*

बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेश सभाका विशेषाधिकार समितिको प्रथम राष्ट्रिय सम्मेलन सातबुँदे लुम्बिनी घोषणापत्र–२०८३ जारी गर्दै सम्पन्न भएको छ। लुम्बिनी प्रदेश सभाको विशेषाधिकार समितिको आयोजनामा असार २ र ३ गते सञ्चालन भएको सम्मेलनले संसदीय विशेषाधिकारको संरक्षण, प्रदेश सभाको स्वायत्तता र लोकतान्त्रिक संस्थाको सुदृढीकरणका विषयलाई मुख्य प्राथमिकतामा राखेको छ।

सम्मेलनद्वारा जारी घोषणापत्रमा प्रदेश सभाहरूको स्वायत्तता तथा मर्यादालाई संवर्धन गर्न संसदीय विशेषाधिकारसम्बन्धी सार्वभौम सिद्धान्तलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार आत्मसात् गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। सङ्घीय गणतन्त्र नेपालको संसदीय अभ्यासप्रति नागरिकको भरोसा र विश्वास अभिवृद्धि गर्न राज्यका सबै पक्ष उत्तिकै जिम्मेवार बन्नुपर्ने धारणा घोषणापत्रमा अघि सारिएको छ।

सम्मेलनले कार्यपालिका र व्यवस्थापिकाबिचको सुमधुर सम्बन्धलाई लोकतन्त्र संस्थागत गर्ने मुख्य आधार मानेको छ। व्यवस्थापिकाले दिने निर्देशन, निगरानी तथा खबरदारीप्रति कार्यपालिका पर्याप्त रूपमा गम्भीर नहुँदा संसद् र सांसदको विशेषाधिकार प्रभावित भएको विषयमा सम्मेलनले गम्भीर ध्यानाकर्षण गराएको छ। यसका साथै नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियताप्रति संवेदनशील हुन तथा यसको संरक्षणका लागि सबै पक्ष जिम्मेवार र गम्भीर बन्नुपर्नेमा जोड दिइएको छ।

नेपालको संविधानको धारा १८७ को उपधारा (९) बमोजिम प्रदेश सभाहरूमा विशेषाधिकारसम्बन्धी कानुन तर्जुमा गर्न आवश्यक रहेको निष्कर्ष निकाल्दै सम्मेलनले सबै प्रदेशका विशेषाधिकार समितिले आवश्यक पहल गरी कानुन निर्माण प्रक्रियालाई तत्काल अघि बढाउने निर्णय गरेको छ। समितिहरूबिच आपसी सहकार्य, समन्वय र अनुभव आदानप्रदानलाई संस्थागत गर्न एक समन्वय समिति स्थापना गरिएको घोषणासमेत गरिएको छ।

यसअघि सम्मेलन उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन प्रदेश सभाको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभएको थियो। उहाँले व्यवस्थापिका र कार्यपालिकाबिचको समन्वय, उत्तरदायित्व र पारदर्शितालाई अझ प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिनुभएको थियो।

# अख्तियारद्वारा कोटहीमाई गाउँपालिकामा छापा

**भैरहवा समाचारदाता**
*भैरहवा, असार ५ गते*

नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन तथा उत्खनन प्रक्रियामा अनियमितता भएको उजुरीपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलले रुपन्देहीको कोटहीमाई गाउँपालिकामा छापा मारी आवश्यक कागजात नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ।

अख्तियारको टोलीले मङ्गलबार गाउँपालिकामा पुगेर नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिएको हो। तिनाउ र दानव नदी क्षेत्रमा गरिएको ठेक्का प्रक्रियामा मिलेमतो र अनियमितता भएको आरोपसहित आयोगमा उजुरी परेको थियो।

गाउँपालिकाले चालु आर्थिक वर्षमा तिनाउ र दानव नदीका चार स्थानमा नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का दिएको थियो तर ठेक्का प्रक्रिया र उत्खनन व्यवस्थापनमा जनप्रतिनिधि तथा कर्मचारीको संलग्नतामा सेटिङ भएको आरोप लाग्दै आएको छ। गाउँपालिकाको वडा नं. ५ स्थित बेनीघाट क्षेत्रमा नमुना कन्स्ट्रक्सनले १६ लाख रुपियाँमा एक लाख ७७ हजार ७७२ घनफिट नदीजन्य पदार्थ उत्खननको ठेक्का प्राप्त गरेको थियो।

कम्पनीले भने अनुमति प्राप्त क्षेत्रभन्दा बाहिर घाटगद्दी गरेको तथा मापदण्डविपरीत उत्खनन गरेको विषय सार्वजनिक भएपछि विवाद चर्किएको थियो।

स्थानीयवासीका अनुसार उत्खननका क्रममा पटक पटक गुनासो गर्दा पनि सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले चासो नदेखाएको आरोप छ। उनीहरूले ठेकेदारले मनपरी ढङ्गले उत्खनन गरी नदीक्षेत्रमा ठुलो क्षति पुऱ्याएको दाबी गरेका छन्।

अख्तियारले कागजात नियन्त्रणमा लिएपछि गाउँपालिकाले बुधबार बसेको कार्यपालिका बैठकबाट अनुमतिविपरीत थुपारिएको नदीजन्य पदार्थ जफत गर्ने तथा सम्बन्धित ठेकेदारमाथि कारबाही प्रक्रिया अघि बढाउने निर्णय गरेको छ।

# शिविरबाटै ब्लु बुक नवीकरण

**रामपुर समाचारदाता**
*रामपुर (पाल्पा), असार ५ गते*

यातायात व्यवस्था सेवा कार्यालय पाल्पाले शिविरमार्फत सेवा प्रदान गरेको छ। सवारीसाधनको ब्लु बुक, जाँचपास र रुट परमिट नवीकरण सेवा दिइएको हो।

रामपुर नगरपालिका ५ नं. वडा कार्यालय भवनमा सञ्चालित शिविरमार्फत ९८ जना सवारीधनीले सेवा लिएका छन्। तीमध्ये १७ जनाले जाँचपास र अन्यले ब्लु बुक नवीकरण सेवा लिएका यातायात व्यवस्था कार्यालय तानसेन पाल्पाका निमित्त प्रमुख श्रीराम पाण्डेले जानकारी दिनुभयो। नवीकरण सेवामार्फत पाँच लाख ५६ हजार रुपियाँ राजस्व सङ्कलन भएको प्रमुख पाण्डेले बताउनुभयो।

शिविरमा रामपुर नगरपालिका क्षेत्रका सवारीधनीको सहजताका लागि नमस्ते रामपुर यातायात प्रालि रामपुरले यातायात व्यवस्था सेवा कार्यालय पाल्पा, जिल्ला ट्राफिक कार्यालय पाल्पा, इलाका प्रहरी कार्यालय रामपुरको सहजीकरण र रामपुर नगरपालिकाको समन्वयमा सचेतनासहितको शिविर सञ्चालन गरेको थियो।

# स्वास्थ्य परीक्षणबिनै निरोगिता प्रमाणपत्र !

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, असार ५ गते*

यातायात व्यवस्था कार्यालय नेपालगन्जमा सवारीचालक अनुमतिपत्र (लाइसेन्स) लिन तथा नवीकरण गर्नका लागि आवश्यक पर्ने स्वास्थ्य निरोगिताको प्रमाणपत्र वितरणमा अनियमितता हुँदै आएको पाइएको छ।

स्वास्थ्य परीक्षण नै नगरी चिकित्सकले हस्ताक्षर गरेको स्वास्थ्य निरोगिताको प्रमाणपत्र सेवाग्राहीलाई दिई रकम असुली गर्दै आएको आरोपमा दुई चिकित्सकसहित पाँच जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार सवारीचालक अनुमतिपत्रका लागि आवश्यक पर्ने मेडिकल परीक्षण आधिकारिक चिकित्सकबाट गराई प्रमाणपत्र जारी गर्नुपर्ने कानुनी व्यवस्था रहे पनि चिकित्सकले चेकजाँचबिनै पहिले नै हस्ताक्षर गरी प्रमाणपत्र छाड्ने र अन्य कर्मचारीले सेवाग्राहीको नाम, थर तथा ठेगाना भरी प्रतिव्यक्ति दुई सय रुपियाँ असुल गर्दै प्रमाणपत्र वितरण गरिरहेको भन्ने सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो।

प्रहरी टोलीले यातायात व्यवस्था कार्यालय नेपालगन्जमा पुगेर अनुसन्धान गर्दा त्यहाँ सो कार्य भइरहेको पाएपछि सो अवैध कार्यमा संलग्न दुई चिकित्सकसहित पाँच जनालाई पक्राउ गरेर कानुनी कारबाही प्रक्रिया सुरु गरेको बाँकेका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठोरले बताउनुभयो।

# क्रिप्टोकरेन्सी कारोबारमा संलग्न चिनियाँ नागरिक पक्राउ

**बुटवल समाचारदाता**
*बुटवल, असार ५ गते*

नेपालमा कानुनले निषेध गरेको क्रिप्टोकरेन्सी कारोबारमा संलग्न रहेको आरोपमा रुपन्देही प्रहरीले सात चिनियाँ नागरिकलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार बुटवल उपमहानगरपालिका–१२ स्थित एक स्थानबाट बिहीबार उनीहरूलाई नियन्त्रणमा लिइएको हो। चिनियाँ नागरिकले विभिन्न मोबाइल एप्स तथा वेबसाइटमार्फत अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी) को कारोबार गरिरहेको विशेष सूचनाका आधारमा छापा मारेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई कारोबार गरिरहेको अवस्थामा पक्राउ गरेको हो। पक्राउ परेकामाथि विद्युतीय माध्यम प्रयोग गरी गैरकानुनी वित्तीय कारोबार गरेको आशङ्कामा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा ४९ वर्षीय छिओङ गुओफु, ४३ वर्षीय हु गाङ, ४५ वर्षीय ली सुआनहे, ३६ वर्षीय सन हुई, ३५ वर्षीय झाओ किउचेन, ३१ वर्षीय सियाङ जियासुन र ४५ वर्षीय ली बिन छन्।

प्रहरीका अनुसार उनीहरूले पेटिएम, फोनपेलगायत विभिन्न डिजिटल प्लेटफर्म तथा मोबाइल एप्स प्रयोग गरी क्रिप्टोकरेन्सी कारोबार सञ्चालन गरिरहेका थिए। उनीहरूका साथबाट विभिन्न कम्पनीका ११ थान मोबाइल फोन र दुई थान ल्यापटप बरामद गरिएको छ। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डिएसपी) कृष्णकुमार चन्दले पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

नेपाल राष्ट्र बैङ्कले क्रिप्टोकरेन्सीको खरिदबिक्री, लगानी तथा कारोबारलाई गैरकानुनी घोषणा गरिसकेको छ। त्यसैले यस्ता गतिविधिमा संलग्नमाथि प्रचलित कानुन अनुसार कारबाही हुने व्यवस्था छ।

# युवा विकास सम्मेलन सुरु

**जमुनाह समाचारदाता**
*जमुनाह (बाँके), असार ५ गते*

युवाको क्षमता विकास, नेतृत्व अभिवृद्धि र सामाजिक उत्तरदायित्व प्रवर्धन गर्ने उद्देश्यले नेपालगन्जमा 'नेपालगन्ज युवा विकास सम्मेलन–२०२६' सुरु भएको छ। सम्भावना नेपालको आयोजना तथा नेपालगन्ज उपमहानगरपालिकाको सहयोगमा आयोजित दुईदिने सम्मेलन बिहीबारदेखि सुरु भएको हो। सम्मेलनको उद्घाटन समारोहमा वक्ताहरूले युवालाई समाज रूपान्तरणको प्रमुख शक्ति भएको उल्लेख गर्दै जिम्मेवार नागरिक, सक्षम नेतृत्वकर्ता तथा सकारात्मक परिवर्तनका संवाहक बन्न आह्वान गरेका छन्।

नेपालगन्ज उपमहानगरपालिकाका नगरप्रमुख प्रशान्त विष्टले वर्तमान पुस्ता सूचना प्रविधिसँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै त्यसको सही उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले सामाजिक सञ्जाल तथा विद्युतीय माध्यमलाई मनोरञ्जनमा मात्र सीमित नराखी ज्ञान, सिप र चेतना अभिवृद्धिको माध्यमका रूपमा प्रयोग गर्न सके युवाको भविष्य उज्ज्वल बन्ने बताउनुभयो।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले युवालाई परिवर्तनका अग्रदूतका रूपमा व्याख्या गर्दै समाज, समुदाय र राष्ट्रप्रति उत्तरदायी बन्नुपर्ने बताउनुभयो। उहाँले युवाको सोच, व्यवहार र सक्रियताले समाजलाई सही दिशातर्फ डोहोऱ्याउन सक्ने उल्लेख गर्दै ज्ञान, सिप र क्षमताको विकासमार्फत नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। तामाङले नेपालगन्जसहित देशभर लागुऔषध दुर्व्यसन युवासामु गम्भीर चुनौतीका रूपमा देखा परेको बताउँदै यसको नियन्त्रणका लागि युवाले अभियानकै रूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक अङ्गुर जिसीले सुरक्षित समाज निर्माणमा प्रहरीको प्रयास मात्र पर्याप्त नहुने बताउँदै समुदाय र युवाको सक्रिय सहभागिता अपरिहार्य रहेको धारणा राख्नुभयो। उहाँले लागुऔषध दुर्व्यसन, चोरी तथा सडक सुरक्षा जस्ता विषयमा जनचेतना फैलाउन युवाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।

आयोजकका अनुसार सम्मेलनमा युवासँग प्रत्यक्ष सरोकार राख्ने विविध समसामयिक विषयमा छलफल हुने छ। सम्भावना नेपालका अध्यक्ष साहिल अन्सारीले साइबर सुरक्षा र साइबर अपराध नियन्त्रण, पर्यटन प्रवर्धन, नेतृत्व तथा व्यक्तित्व विकास, सकारात्मक सोच, सूचना प्रविधिका अवसर र चुनौती तथा स्थानीय विकास योजनामा युवाको सहभागितालगायत विषयमा विज्ञबिच अन्तर्क्रिया तथा छलफल हुने जानकारी दिनुभयो।

## राष्ट्रिय वाणिज्य बैंक लि.

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK

**शाखा कार्यालय, धनकुटा (२०१)**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।०६)**

कोशी प्रदेश, सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं. ०४ बस्ने श्री मुसाई चौधरीको नाति, श्री नथु चौधरीको छोरा, श्रीमती राधा देवी चौधरीको श्रीमान् वर्ष ५५ को श्री ब्रहम नारायण चौधरीको मिति २०७९।०८।१६ गते मृत्यु भएकोले यस बैंकमा निज मृतकको नाममा यस बैंकमा रहेको बचत खाता नं. २०१०१००००००८८१०४ को रकम भुक्तानी पाऊँ भनी निज खातावालाका श्रीमती नाता पर्ने सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं. ०४ बस्ने वर्ष ४५ की श्रीमती राधा देवी चौधरीले यस बैंकमा मिति २०८३।०१।२१ गते निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय धनकुटामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

## श्री आदर्श माध्यमिक विद्यालय

**मालारानी गाउँपालिका, वडा नं. ३, खनदह, अर्घाखाँची**

### सूचना

**मिति : २०८३/०३/०४**

श्री आदर्श माध्यमिक विद्यालय मालारानी–३, खनदह अर्घाखाँचीको मिति २०८३/०२/०४ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा मालारानी गाउँ कार्यपालिकाको मिति २०८३/०३/०२ गतेको विज्ञापन अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहायक कर्मचारीको पदपूर्ति गर्नका लागि आवश्यक योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं.** : ०१/०८२/०८३
२. **पद** : विद्यालय सहायक कर्मचारी
३. **नियुक्तिको प्रकार** : अस्थायी करार
४. **योग्यता** : कम्तीमा +२ उत्तीर्ण
५. **सङ्ख्या** : एक जना
६. **परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
७. **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
८. **आवेदन दस्तुर** : रु १,०००।–
९. **दरखास्त बुझाउने अन्तिम मिति** : २०८३/०३/१९
१०. **आवश्यक कागजात**:
 क. शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति
 ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति
 ग. पासपोर्ट साइजको फोटो ४ प्रति
११. **तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

अन्य जानकारीका लागि मोबाइल नं. ९८६९१०२८३४ मा सम्पर्क राख्नुहोला।

**प्रधानाध्यापक**

## नेपाल विद्युत प्राधिकरण

**विद्युत व्यापार विभाग**

### प्रबर्द्धक कम्पनीहरूलाई आयोजनाको प्रगति विवरण पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०६**

ने.वि.प्रा. र विभिन्न प्रबर्द्धक कम्पनीहरूबीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता (PPA) बमोजिम निर्माणाधीन अवस्थामा रहेका जलविद्युत तथा सौर्य विद्युत आयोजनाहरूले आयोजना निर्माण सम्बन्धी प्रगति प्रतिवेदन कम्तीमा चौमासिक रूपमा प्राधिकरणलाई उपलब्ध गराउने सम्बन्धी व्यवस्था विदितै छ । सो सम्बन्धमा विद्युत खरिद बिक्री सम्पन्न भई निर्माणाधीन अवस्थामा रहेका विद्युत आयोजनाका सम्पूर्ण प्रबर्द्धक कम्पनीहरूले आयोजनाको प्रगति प्रतिवेदन यो सूचना प्रकाशित भएको मितिले सात (७) कार्यालय दिनभित्र यस विभागमा अनिवार्य रूपमा पेश गर्नुहुन सूचित गरिन्छ । प्रगति प्रतिवेदनको ढाँचा विभागबाट प्राप्त गर्न सकिनेछ । यस सूचना बमोजिम प्रगति प्रतिवेदन प्राप्त नभएमा PPA अनुसार कारबाही प्रक्रिया अगाडि बढाइने समेत जानकारी गराइन्छ ।

**सूचना www.nea.org.np मा समेत प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।**

## सर्वोच्च अदालत

**रामशाह पथ, काठमाडौँ**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशन मिति : २०८३/०३/०६)**

गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा तपसिलमा उल्लिखित ठेक्का नं. का लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये निम्न बोलपत्र, बोलपत्र मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट र सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्काको विवरण | प्रभावग्राही देखिएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (मू.अ.क. सहित) |
|---|---|---|---|
| १ | Supply and Delivery of Video Conference Devices (SCN/M/204000114/2082/083/24) | Sharif Trading Company Pvt. Ltd. | ६९,१५,४८७।०० |

## रूपनी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी, मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३।०३।०६ गते**

यस गाउँपालिकाद्वारा विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र/दरभाउपत्र आह्वान गरिएकोमा तोकिएको समयभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्र/दरभाउपत्रहरूको मूल्याङ्कन समितिले प्रचलित कानून बमोजिम मूल्याङ्कन गरी तपसिल अनुसारको न्यूनतम मूल्याङ्कित एवं सारभूत रूपमा प्रभावग्राही भएकाले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको फर्म विवरण | कबोल गरेको रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| 1. | 02/NCB /GOODS/ RPNIMUN/2082 | Chap Cutter Machine 50% Subsidy Purchase/ Shipping/ Distribution Program | Kuber and Son's Trade Pvt. Ltd., Itahari | 53,14,800.00 |
| 2. | 05/SQ/RPNIMUN/ 2082/83 | Supply And delivery Of Premium Quality Of Sanitary Pads | Birat Healthcare Industries Pvt. Ltd., Budiganga Gaupalika 1 Morang | 4,26,600.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## अग्नीसाईर कृष्णासवरन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**सीतापुर, सप्तरी, मधेश प्रदेश, नेपाल**

### कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०६)**

यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको तपसिल बमोजिमका सीप विकास तथा जनचेतनामूलक कार्यक्रमहरू गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाहरूको सहकार्यमा सञ्चालन गर्नुपर्ने भएकोले तपसिलमा उल्लेख तालिम/कार्यक्रमहरूका लागि कानून बमोजिम योग्यता पुगेका गैरसरकारी संस्था/समुदायमा आधारित संस्थाहरूबाट निम्न अनुसारको प्रमाणित कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन मिति २०८३।०३।१० गतेभित्र प्रस्ताव पेश गर्न जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ

**१. तपसिल**

| सि.नं. | कार्यक्रम/तालिमको नाम | तालिम सञ्चालन हुने वडा क्षेत्र | दिन/अवधि | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | ढकिया बनाउने सीपमूलक तालिम | ३ नं. वडा | ७ दिन | ३ लाख | |
| २. | सर्फ (डिटरजेन्ट) बनाउने तालिम | ५ नं. वडा | ५ दिन | ४ लाख | |
| ३. | बालविवाह न्यूनीकरण सम्बन्धी तालिम | २ नं. वडा | ३ दिन | ३ लाख | |
| ४. | अपाङ्गता सचेतना सम्बन्धी कार्यक्रम | ४ नं. वडा | ३ दिन | ३ लाख | |
| ५. | स्यानिटरी प्याड बनाउने तालिम | गा.पा. स्तरीय | ७ दिन | ५ लाख | |
| ६. | वातावरण मैत्री झोला बनाउने तालिम | गा.पा. स्तरीय | ७ दिन | ३ लाख | |
| ७. | साबुन बनाउने तालिम | गा.पा. स्तरीय | ५ दिन | ३ लाख | |
| ८. | आत्महत्या न्यूनीकरण सम्बन्धी तालिम | गा.पा. स्तरीय | ३ दिन | ३ लाख | |
| ९. | सवारी दुर्घटना सम्बन्धी जनचेतनामूलक कार्यक्रम | २ नं. वडा | ३ दिन | २ लाख | |
| १०. | युवाहरूका लागि लागूऔषध न्यूनीकरण जनचेतना सम्बन्धी तालिम | २ नं. वडा | ३ दिन | २ लाख | |
| ११. | सीपमूलक तालिम सञ्चालन | ३ नं. वडा | ५ दिन | २ लाख | |
| १२. | जनचेतनामूलक कार्यक्रम (लागूपदार्थ दुर्व्यसन) | ६ नं. वडा | ३ दिन | ३ लाख | |
| १३. | सीपमूलक तालिम (नुहाउने साबुन बनाउने) | ६ नं. वडा | ५ दिन | ३ लाख | |

**२. पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**

निवेदनका साथ संस्थाले देहायका कागजातहरूको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः

- आधिकारिक निकायमा दर्ता तथा आबद्धता भएको ।
- संस्था नवीकरण भएको प्रमाणपत्र ।
- लेखापरीक्षण भएको प्रतिवेदन ।
- भ्याटमा दर्ता भएको प्रमाणपत्र ।
- आ.व. २०८१।०८२ को आयकर चुक्ता प्रमाणपत्र ।
- प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रस्ताव पत्र बुझाउनुपर्नेछ ।
- प्रस्तावित कार्यक्रमको विस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ ।
- सङ्घ/संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यता तथा अनुभव प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
- संस्थाको प्रोफाइल अनिवार्य पेश गर्नुपर्नेछ ।
- कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।
- यस कार्यालयमा सूची दर्ता भएको हुनुपर्नेछ ।

**३. अन्य सर्त तथा जानकारीहरूः**

- कार्यसर्त तथा प्रस्ताव सम्बन्धी विस्तृत विवरण यस गा.पा.को सामाजिक विकास शाखा वा गा.पा.को आधिकारिक वेबसाइटः https://agnisairkrishnasawaranmun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।
- प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी, बाहिरी खाममा "प्राविधिक तथा आर्थिक प्रस्ताव" र "कार्यक्रमको नाम" प्रस्ट खुलाई कार्यालयमा खामबन्दी दर्ता गराउनुपर्नेछ ।
- एक सेवा प्रदायकले बढीमा दुई वटा तालिम/कार्यक्रममा मात्र प्रस्ताव गर्न पाउनेछ ।
- म्याद नाघी आएका, रीत नपुगेका वा इमेल मार्फत प्राप्त भएका प्रस्तावहरू उपर कुनै कारबाही गरिनेछैन ।
- प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा सूचना रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।
- तालिम/कार्यक्रम प्रस्ताव गर्दा नेपाल सरकारले तोकेको खर्चको मापदण्ड (Norms) भित्र रही प्रस्ताव गर्नुपर्नेछ ।
- यस सूचनामा नखुलेका कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा गाउँपालिकाको आर्थिक ऐन/नियम बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# किसानलाई अनुदानमा मौरीघार

**सुलीकोट समाचारदाता**
*सुलीकोट, असार ५ गते*

गोरखा नगरपालिका–११ ले किसानलाई अनुदानमा मौरीघार वितरण गरेको छ। वडाभित्रका किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा ५० घरपरिवारलाई मौरीघार वितरण गरिएको हो। वडाभित्रका कृषक तथा इच्छुक घरपरिवारलाई लक्ष्य गरी सञ्चालन गरिएको कार्यक्रममा प्रत्येक परिवारलाई मौरीघार हस्तान्तरण गरिएको गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले बताउनुभयो।

"नगरपालिकाभित्रका किसानलाई कृषि तथा पशुपालनमा विशेष जोड दिँदै आएका छौँ," नगरप्रमुख रानाले भन्नुभयो, "मौरीपालनलाई ग्रामीण आयआर्जनको प्रभावकारी माध्यमका रूपमा विकास गर्दै स्थानीय सरकार उत्पादनमुखी कार्यक्रम ल्याउन लागिपरेको छ।"

मौरीपालनबाट मह उत्पादनमा वृद्धि हुनुका साथै वातावरणीय सन्तुलन पनि कायम हुने उहाँले बताउनुभयो। मौरीपालन कम लगानीमा सञ्चालन गर्न सकिने र राम्रो आम्दानीको सम्भावना रहेकाले कृषकलाई यसतर्फ आकर्षित गर्न कार्यक्रम ल्याइएको वडाध्यक्ष रामबहादुर खड्काको भनाइ छ।

वडाध्यक्ष खड्काले किसानको आर्थिक अवस्था सुदृढ बनाउन र व्यावसायिक मौरीपालन विस्तार गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो। वडा कार्यालयले मौरीघारको प्रभावकारी उपयोग गर्दै उत्पादन वृद्धि गर्न कृषकलाई आग्रहसमेत गरेको छ। कृषिमै आधारित अधिकांश परिवार रहेको वडा नम्बर ११ मा मौरीपालन प्रवर्धनका लागि गरिएको पहललाई स्थानीयले सकारात्मक रूपमा लिएका छन्।

# योजना तथा बजेट तयारीमा स्थानीय तह

**नवीनराज कुइँकेल**
*लमजुङ, असार ५ गते*

आगामी आर्थिक वर्षको योजना तथा बजेटका लागि लमजुङका स्थानीय तहले तयारी तीव्र पारेका छन्। जिल्लाका आठ वटा स्थानीय तह आव २०८३/८४ का लागि योजना छनोट, बजेट निर्धारण, नीति तथा कार्यक्रम निर्माणका लागि सुझाव सङ्कलनमा जुटेका हुन्।

आगामी आवका लागि योजना छनोटसँगै बजेट निर्माणका लागि आवश्यक पर्ने आधारभूत नीति अवलम्बन गर्दै नागरिकको सुझाव लिइरहेको जिल्लाका स्थानीय तहहरूले जनाएका छन्। त्यसका लागि वडा तथा टोलहरूमा परामर्श र पालिकास्तरीय विषयगत छलफल चलिरहेको मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो।

कुनै अभाव र गुनासो आउन नदिन जिल्लाका स्थानीय तहहरूले तयारीलाई तल्लो तहसम्म पुर्‍याएको दाबी गरेका छन्। नागरिकको प्रत्यक्ष सहभागितामा जोड दिँदै उनीहरूकै परामर्शमा योजना छनोट र बजेट निर्माणको तयारी गरिएको सुन्दरबजार नगरपालिकाका प्रमुख कृष्णप्रसाद कोइरालाको भनाइ छ। विगतका वर्षमा झैँ यस पटक पनि सोही अनुसारको तयारी गरेको स्थानीय तह प्रमुखहरूले बताएका छन्। प्रत्यक्ष


तस्बिर : नवीनराज कुइँकेल
**लमजुङको मर्स्याङ्दी गाउँपालिका।**

सहभागिता हुन नसकेका सरोकारवालाहरूबाट पनि वैकल्पिक माध्यमबाट सुझाव लिने स्थानीय तहहरूको तयारी छ।

सङ्घीय र प्रदेश सरकारको अनुदान र गाउँपालिकाको स्रोतको पहिचानलाई प्राथमिकतामा राखेर योजना छनोट र बजेट निर्माणको तयारी गरिने पालिकाहरूले जनाएका छन्। स्थानीयको आवश्यकताका आधारमा आगामी आवका लागि नीति तथा कार्यक्रम, योजना र बजेट ल्याउने पालिका प्रमुखहरूले बताएका छन्।

सङ्घीय सरकारले आगामी आव २०८३/८४ का लागि लमजुङका स्थानीय तहलाई तीन अर्ब १६ करोड ७८ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। यो रकम चालु आव २०८२/८३ को तुलनामा ९८ लाख रुपियाँ कम हो।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरण विवरण अनुसार जिल्लाका चार वटै नगरपालिकाको बजेट घटाइएको छ भने चारमध्ये तीन गाउँपालिकाको बजेट बढाइएको छ। नगरपालिकातर्फ करिब आठ करोड रुपियाँ कटौती हुँदा गाउँपालिकातर्फ करिब सात करोड रुपियाँ वृद्धि गरिएको छ।

# संस्कारयुक्त मौलिक समाजलाई पहिलो प्राथमिकता

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, असार ५ गते*

अर्जुनचौपारी गाउँपालिकाको १९ औँ गाउँ सभाले आफ्नो नीति तथा कार्यक्रममा संस्कारयुक्त मौलिक समाज निर्माणलाई पहिलो प्राथमिकतामा राखेको छ। पालिकाका अध्यक्ष प्रकाश तिवारीले शुक्रबार प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा 'सर्वजन हिताय सर्वजन सुखाय' को सनातन मर्मलाई आत्मसात् गर्दै पालिकाका नीति, योजना तथा कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

सुसंस्कृत, जनहित, सुशासन, सामाजिक न्याय र दिगो समृद्धिलाई केन्द्रमा राखी कार्ययोजना तर्जुमा गरिएको छ भने कार्यान्वयन गर्ने नीति तथा कार्यक्रममा समेटिएको छ। परम्परागत ग्रामीण एकीकृत कृषि तथा पशुपालन प्रवर्धन, वैदिक संस्कृति र रैथाने ज्ञान र उत्पादन संरक्षणलाई भने पहिलो प्राथमिकतामा राखिएको छ। सिप, श्रम र कर्मको सम्मान, समतामूलक समाजको आधार भन्ने मान्यतालाई आत्मसात् गर्दै श्रमप्रतिको विभेदपूर्ण सोच तथा जातीय कुप्रथा अन्त्य, श्रम संस्कृतिको प्रवर्धन र बाँझो जमिनको उत्पादनशील उपयोगलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने योजना समावेश छ।

कृषि, पशुपालन, लघुउद्यमलगायत उत्पादनशील क्षेत्रमा सक्रिय परिवारलाई ५० युनिटसम्म विद्युत् महसुल छुट, जग्गाको उठ्तीमा सहुलियत, स्वास्थ्य बिमा तथा बिउ पुँजी कार्यक्रम विशेष सुविधा, प्राथमिकता तथा प्रोत्साहन गरिने व्यवस्था पनि नीति तथा कार्यक्रममा समेटिएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय सुशासन जोखिम मूल्याङ्कन जस्ता राष्ट्रिय मापदण्डमा अभुतपूर्व उपलब्धि हासिल भएकाले यस्ता कार्यक्रमलाई विशेष प्राथमिकता दिने उल्लेख गरिएको छ।

महिला सशक्तीकरणका क्षेत्रमा गाउँपालिकाले अघि सारेको 'आमा समूह मोडेल' अहिले देशकै उत्कृष्ट मोडेलका रूपमा स्थापित भएको र यसलाई नीति तथा कार्यक्रममा समेटिएको छ। पालिकाले गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा र दिगो तथा सुरक्षित पूर्वाधारलाई नीति तथा कार्यक्रममा समेटेको छ भने धार्मिक, आरोग्य, शैक्षिक र खेल पर्यटन प्रवर्धनमार्फत आर्थिक समृद्धिको नयाँ आधार तयार गर्ने भनिएको छ।

स्थानीयस्तरमा आरन सञ्चालन गर्ने, जुत्ता सिलाउने, कपडा बुन्ने तथा काठ र ढुङ्गामा कलात्मक बुट्टा कुँद्ने जस्ता परम्परागत कालिगडको सिप र दक्षतालाई सूचीकृत गरी 'विश्वकर्मा श्रम बैङ्क' स्थापना नीति पालिकाले ल्याएको छ। कालिगडको सम्मान, संरक्षण र प्रोत्साहनका लागि वर्षमा एक पटक 'शिल्प शिरोमणि' उपाधिसहित विशेष सम्मान प्रदान गरिने उल्लेख छ।

विद्यालयस्तरमा एआईमा आधारित सिकाइ कार्यक्रमलाई निरन्तरता दिँदै प्रविधिमैत्री शिक्षा विस्तार गर्ने नीति तथा कार्यक्रममा समेटिएको छ भने शिक्षक क्षमता विकास, उत्प्रेरणा तथा विद्यालय शिक्षा सुधार अभियानलाई एकीकृत रूपमा अगाडि बढाई शैक्षिक गुणस्तर अभिवृद्धि गरिने छ। नागरिकलाई उपचारमुखी होइन; स्वास्थ्यमुखी जीवनशैलीतर्फ उन्मुख गर्दै नसर्ने रोगको रोकथाम, रैथाने जडीबुटीको संरक्षण, सात्विक खानपान; योग, ध्यान तथा मानसिक स्वास्थ्य प्रवर्धनका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

# सामूहिक खुर्सानी खेती

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, असार ५ गते*

यहाँको भिरकोट नगरपालिकाले अकबरे खुर्सानी खेती प्रवर्धन कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाएको छ। कृषिमा आत्मनिर्भरता र ग्रामीण अर्थतन्त्र सुदृढीकरणका लागि स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका बेला यहाँ अकबरे खुर्सानी खेती प्रवर्धन अगाडि बढाइएको हो। नगरपालिकाका नौ वटै वडामा २६ वटा सामूहिक नर्सरी स्थापना गरेर एक लाख चार सय अकबरे खुर्सानीका बिरुवा लगाइएको छ।

पालिकाले बिरुवा २७० जना कृषकलाई वितरण गरेर १२५ रोपनी क्षेत्रफलमा खेती विस्तार गरेको हो। यसले नगरपालिकाभित्र व्यावसायिक कृषि प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याएको नगरपालिकाले जनाएको छ। परम्परागत खेती प्रणालीमा उत्पादनशील जमिन बाँझो रहने, जङ्गली जनावरको बिगबिगी बढ्दै जाने तथा खेतीमा अत्यधिक रासायनिक प्रयोग हुने समस्याबिच नगरपालिकाले थालेको यो अभियान किसानका लागि नयाँ आशाको आधार बनेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्सालले बताउनुभयो।

कार्यक्रम अन्तर्गत किसानलाई अभिमुखीकरण, समूह गठन, बिउ खरिद तथा वितरण, प्राविधिक सहजीकरण, रोग तथा किराको व्यवस्थापन, झोल मल तथा जैविक विषादी निर्माण तालिमलगायतका गतिविधि सञ्चालन गरिएको लम्सालले बताउनुभयो। हेफर प्रोजेक्ट नेपाल परियोजना अनुगमन तथा समन्वय समितिको निर्णय अनुसार एक रोपनीभन्दा बढी क्षेत्रफलमा अकबरे खुर्सानी खेती गर्ने कृषकलाई मल्चिङ प्लास्टिकसमेत सहयोग गरिएको छ। कृषि क्षेत्रमा देखिएका चुनौतीलाई अवसरमा बदल्न यस्ता कार्यक्रम प्रभावकारी माध्यम बन्ने स्थानीयले बताएका छन्।

स्थानीय तह, विकास साझेदार संस्था र कृषकबिचको सहकार्यले बाँझो जमिनको सदुपयोग, रोजगारी सिर्जना तथा आयआर्जन वृद्धि गर्ने लक्ष्यलाई थप मजबुत बनाउन यो कार्यक्रमले सहयोग पुग्ने भिरकोट नगरपालिका कार्यपालिका सदस्य ताराप्रसाद अर्यालले जनकारी दिनुभयो।

# एउटै वडाको सेवा तीन ठाउँबाट

**मध्यविन्दु समाचारदाता**
*मध्यविन्दु, असार ५ गते*

नवलपुरमा एउटै वडा छ तर सेवा भने तीन फरक स्थानबाट प्रदान गरिन्छ। भौगोलिक विकटता र नमिलेको भूगोलका कारण वडा कार्यालयले आलोपालो रूपमा तीन स्थानबाट सेवा सञ्चालन गर्दै आएको छ। जिल्लाको हुप्सेकोट गाउँपालिका–५ का नागरिकले कार्यालय खुलेका सबै दिन आफूलाई पायक पर्ने स्थानबाट सेवा लिन सक्ने अवस्था छैन। पहाडी र विकट भूगोलका कारण यहाँका बासिन्दाले वडा कार्यालयको सेवा लिन सास्ती झेल्दै आएका छन्।

वडाको धौवादी, बसेनी र झ्यालबास गरी तीन स्थानबाट सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ। धौवादीस्थित कार्यालयबाट पहिले आइतबार र सोमबार सेवा दिइने कार्यतालिका रहे पनि हाल आइतबार बिदा हुने भएपछि सोमबार मात्र सेवा प्रदान गरिँदै आएको छ। धौवादी पायक पर्ने स्थानीयले एक दिन मात्र यस कार्यालयबाट सेवा लिन पाउँछन्। मङ्गलबार र बुधबार बसेनी तथा बिहीबार र शुक्रबार झ्यालबासबाट सेवा प्रदान गरिने वडाध्यक्ष पदमबहादुर रानाले बताउनुभयो।

तीन स्थानबाट आलोपालो सेवा सञ्चालन गरिएकाले सेवाग्राहीले आफूलाई पायक पर्ने स्थानमा हप्तामा दुई दिन मात्र कार्यालय खुलेको जस्तो अनुभव गर्ने गरेको श्यामगाका स्थानीय नुनबहादुर सोतीले बताउनुभयो। अझै पनि झ्यालबास सेवा लिन जान दुई घण्टा पैदल हिँड्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ।

वडाध्यक्ष रानाका अनुसार भौगोलिक विकटता र ठुलो क्षेत्रफलका कारण एकै स्थानबाट सबै नागरिकलाई सहज सेवा दिन सम्भव नभएकाले घुम्ती शैलीमा सेवा सञ्चालन गर्नु परेको हो। "सामान्य काम त तोकिएको दिनमा गर्न सकिन्छ तर आकस्मिक काम परे घन्टौँ हिँडेर कार्यालय पुग्नुपर्ने बाध्यता छ," वडाध्यक्ष रानाले भन्नुभयो।

वडाको भूगोललाई व्यवस्थित नगरेसम्म नागरिकले यो समस्या भोगिरहनुपर्ने अवस्था छ। तीन वटै सेवा केन्द्रबिचको दुरी धेरै भएकाले पनि स्थानीयले समस्या खेप्नु परिरहेको हो। धौवादीस्थित वडा कार्यालयबाट पाङ्ग्रे, हर्दे, राम्चे र पोखरी क्षेत्रका सेवाग्राही लाभान्वित हुने गरेका छन्। बसेनीस्थित सेवा केन्द्रबाट नाम्जाकोट, बसेनीलगायतका बासिन्दाले सेवा लिने गरेका छन् भने झ्यालबासस्थित केन्द्रबाट बजारक्षेत्र तथा षट्कुन आसपासका नागरिकले सेवा प्राप्त गर्ने गरेका छन्। यसरी हेर्दा स्थानीयले आफूलाई पायक पर्ने ठाउँबाट सेवा प्राप्त गरिरहेका छन्।

# जलेर मृत्यु

**स्याङ्जा** (गोरखापत्र), असार ५ गते। अर्जुनचौपारी गाउँपालिका–१, रैतेमा आगोले जलेर एक जनाको मृत्यु भएको छ। आफू सुत्ने कोठामा आफैँले आगो लगाई जलेर गम्भीर घाइते भएका सार्कीलाई प्रदेश अस्पताल पुतलीबजार स्याङ्जामा उपचारका लागि लगिएको थियो।

स्थानीय ३९ वर्षीय थमबहादुर सार्कीको जलेर मृत्यु भएको प्रहरी नायब उपरीक्षक रमेशदत्त अवस्थीले बताउनुभयो। कोठामा भएका सामानसमेत आगोमा परेर नष्ट भएको तथा यस सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


**नेपाल सरकार**
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**
## शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर
सूचना प्रकाशित मिति : २०८३।०३।०६

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस केन्द्रबाट नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।१०।१२ गते निम्न ठेक्काहरूका लागि प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखी स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| ठेक्काको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | छनोट भएका न्यूनतम मूल्याङ्कित सि.नं. हरू | कबोल अङ्क रु. |
|---|---|---|---|
| SDNTC/NCB/82/83/08 The Supply and Delivery of Antiasthmatic Medicine | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | १, ४, ६, ७, ९, १५, १६, १९ | ४,२०,३१०/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ। | २, ३, १२, १३, १८ | १,१२,०८०/- |
| | गोरेटेक्स फार्मेसी प्रा लि, महाराजगञ्ज, काठमाडौँ। | ११ | १६,२५०/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | १७ | १,६८,०००/- |
| SDNTC/NCB/82/83/09 The Supply and Delivery of Contrast and Methylprednisolone | शुभम सप्लायर्स प्रा. लि. लैनचौर, काठमाडौँ। | ४ | ७७,४५०/- |
| | गोरेटेक्स फार्मेसी प्रा. लि., महाराजगञ्ज, काठमाडौँ। | १, २, ९ | २८,९८,७८९/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि., बालुवाटार, काठमाडौँ। | ६, ७, ८ | ८६,७७,७००/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ। | ५ | ७,२९,०००/- |
| SDNTC/NCB/082/83/10 (The Supply and Delivery of Anti-human thymocyte immunoglobulin, (rabbit) ATG) | यतिकेम डिस्ट्रिब्युटर्स प्रा. लि. सुन्धारा, काठमाडौँ | १ | २,५९,००,०००/- |
| SDNTC/NCB/082/83/11 (The Supply and Delivery of Anti-human T-Lymphocyte immunoglobulin, (rabbit) Graflon) | श्री डि. के. एम. फर्मास्युटिकल्स प्रा. लि., कुलेश्वर काठमाडौँ | १ | १,६५,१९,८००/- |
| SDNTC/NCB/082/83/12 The Supply and Delivery of Basiliximab Injection (Simulect) | यतिकेम डिस्ट्रिब्युटर्स प्रा प्रा. लि. सुन्धारा, काठमाडौँ | १ | ६८,००,०००/- |
| SDNTC/NCB/82/83/13 The Supply and Delivery of Immunosuppressant-1 | सोहन मिडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | १, २ | २,५०,६४,०००/- |
| SDNTC/NCB/82/83/14 The Supply and Delivery of Immunosuppressant-2 | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा,काठमाडौँ। | १, ३, ७, ९, ११, १४ | ६५,५४,०२५/- |
| | गोरेटेक्स फार्मेसी प्रा लि, महाराजगञ्ज, काठमाडौँ। | ६, ८ | १,७४,३०,०००/- |
| | सोहन मिडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | १०, १२, १३ | ५१,६९०/- |
| SDNTC/NCB/82/83/15 The Supply and Delivery of NS/RL/Saline and IV Fluids | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ५, ६, ८, १०, ११, १२, १३, १४, १८, १९ | २५,६३,०१०/- |
| | हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि | ३, ६, ७, १४, १६, १७, २० | ३४,३३,३५०/- |
| SDNTC/NCB/82/83/16 The Supply and Delivery of Erythropoetin | डि. के. मेडिसेल्स, कुलेश्वर, काठमाडौँ। | २ | २,६०,५५,०००/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ। | १, ३ | ६२,६९,८००/- |
| SDNTC/NCB/82/83/17 The Supply and Delivery of Darbepoetin | गोरेटेक्स फार्मेसी प्रा. लि., महाराजगञ्ज, काठमाडौँ | १, २ | ९१,९७,०००/- |
| SDNTC/NCB/82/83/18 The Supply and Delivery of Injectables | गोरेटेक्स फार्मेसी प्रा. लि., महाराजगञ्ज, काठमाडौँ। | ६, १०, १७, ३९, ४७, ५२, ६३ | २०,७८,४००/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा.लि. गैह्रीधारा, काठमाडौँ। | १२, २७, २८, ४६, ४९, ५५, ५६, ६०, ६४, ६५ | १,११,४६,०७३/- |
| | आर.एस. फर्मास्यूटिकल्स इन्टरप्राइजेज, काठमाडौँ | १, ४, ५, १३, २०, २२, २३, ३१, ३२, ३५, ३६, ३८, ४५, ५९, ६१, ६२ | १०,९३,०२५/- |
| | इभोल्भ फर्मा प्रा लि, बनस्थली, काठमाडौँ। | ४०, ४१, ५७, ५८ | १२,१५,९६६/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | ३७ | ३,१८,०००/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ। | २, १८, २४, २५, २९, ४२ | २०,९८,९२४/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ७, ८, ९, १६, ४३, ५३ | २,९२,२१०/- |
| | डि के मेडिसेल्स कुलेश्वर, काठमाडौँ | १९, ३०, ३३, ५१ | २४,१६,५००/- |
| SDNTC/NCB/82/83/19 The Supply and Delivery of Vitamin and Supplements | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ। | १, १०, ११, ३०, ३१ | २९,०६,१४०/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ७, १४, २७ | ४,०४,१००/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | ५, ६,८, १३, २०, २८, २९, ३२, ३६, ३७ | ६,०१,९४०/- |
| | गोरेटेक्स फार्मेसी प्रा लि, महाराजगञ्ज, काठमाडौँ। | ४, ९, ३५ | ९,८२,०००/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | २५, २६ | ३१,४००/- |
| | आर.एस. फर्मास्युटिकल्स इन्टरप्राइजेज बालुवाटार, काठमाडौँ | २, ३, १५, १६, १७, १९, २३, ३३, ३४ | ११,५५,२३५/- |
| SDNTC/NCB/82/83/20 The Supply and Delivery of Antihypertension 1 | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | १, १६, १७, ३७, ३८, ४२ | ८,१६,६००/- |
| | आर.एस. फर्मास्यूटिकल्स इन्टरप्राइजेज, काठमाडौँ | १२, ४९, ५० | ३,३६,३००/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | ४४, ४५ | ४२,८००/- |
| | गोरेटेक्स फार्मेसी प्रा लि, महाराजगञ्ज, काठमाडौँ। | २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १५, १८, १९, २०, २१, २३, २५, २६, २७, २८, ३१, ३२, ३३, ३४, ३५, ३६, ३९, ४०, ४३, ४६, ४७, ४८ | १६,५२,१००/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | १३, १४, २२ | २,७३,९५०/- |
| SDNTC/NCB/82/83/21 The Supply and Delivery of Antihypertension 2 | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | ५, ६, १६, १७, १९, २० | ३९,२९,१५०/- |
| | गोरेटेक्स फार्मेसी प्रा. लि., महाराजगञ्ज, काठमाडौँ। | १, २, ३, ४, ९, ११, १२, १३, १४, १५, १८, २१, २२ | ९,५५,१८०/- |
| SDNTC/NCB/82/83/22 The Supply and Delivery of Hypoglycemics | गोरेटेक्स फार्मेसी प्रा. लि., महाराजगञ्ज, काठमाडौँ। | १, २, ८, ९, १०, ११, १२, १३, १८, २७, २८, २९ | ७,७९,१००/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | २१ | १,८८,०००/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | १९ | ६४,०००/- |
| | आर.एस. फर्मास्यूटिकल्स इन्टरप्राइजेज बालुवाटार, काठमाडौँ | ५, ६, १४, १५, १६, १७, ३०, ३१, ३२, ३३, ३४, ३५ | ५,४१,५००/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ। | ३, ४, ७, २०, २२, २३, २४, २५, २६, ३७, ३८ | ७,६७,६००/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ३६ | २७,०५०/- |
| SDNTC/NCB/82/83/23 The Supply and Delivery of Hypolipidemics and Anticoagulants | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | १, २, ८, १५, १६, १७, १८, १९ | २,०४,५००/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ७ | १,१८,०००/- |
| | आर.एस. फर्मास्युटिकल्स प्रा. लि., बालुवाटार, काठमाडौँ | ६, ९, १०, ११ | ५,६८,३००/- |
| | गोरेटेक्स फार्मेसी प्रा.लि., महाराजगञ्ज, काठमाडौँ। | ३, ४, ५, १२, १३, १४ | ११,३७,७५०/- |
| SDNTC/NCB/82/83/24 The Supply and Delivery of Urology and GI Medicines | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | २, ३, ५, ७, १०, १५, २०, २२, ३२, ३६ | १,९४,०५०/- |
| | आर.एस. फर्मास्युटिकल्स इन्टरप्राइजेज, काठमाडौँ। | १४, १६, १७, १८, १९, २१, २९ | ४,२८,२४०/- |
| | गोरेटेक्स फार्मेसी प्रा. लि., महाराजगञ्ज, काठमाडौँ। | १, २३, २५, २८, ३० | २,३४,७५०/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ४, २७, ३७ | ७,२७,५८०/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | ९, २६, ३१, ३४ | ११,८८,८००/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ | ८, ११, १२, १३, २४ | १,७१,१५०/- |
| SDNTC/NCB/82/83/25 The Supply and Delivery of Anti-infectives | आर.एस. फर्मास्यूटिकल्स इन्टरप्राइजेज, काठमाडौँ। | ४, ६, २८ | १,२८,३१७/- |
| | गोरेटेक्स फार्मेसी प्रा.लि., महाराजगञ्ज, काठमाडौँ। | १, ३, १०, १५ | ९३,२००/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | २, ७, ९, ११, १२, २३, २४, २९, ३१, ३२, ३३, ३४, ३५, ३७, ४०, ४३ | ५५,४५,५५०/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | १४, ३८, ४४ | ७,५८,४५०/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | ५, ८, १६, १७, १९, २०, २६, २७, ३०, ३६ | ९,२४,१७०/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ | १३, १८, २२, ३९, ४२ | ७,००,१५०/- |
| SDNTC/NCB/82/83/26 The Supply and Delivery of Vaccines | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | १ | १,१६,१४०/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | ३, ५ | २०,४९,५००/- |
| SDNTC/NCB/82/83/27 The Supply and Delivery of Neuro, Thyroid and General Medicines | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | २२, ३९, ४१, ४५, ६१, ६३ | १,१४,२५०/- |
| | आर.एस. फर्मास्यूटिकल्स इन्टरप्राइजेज, काठमाडौँ। | १५, २५, २६, ३६, ३७, ४०, ४२, ४३ | १,०६,६७०/- |
| | गोरेटेक्स फार्मेसी प्रा.लि., महाराजगञ्ज, काठमाडौँ। | ३, ४, ५, ८, ९, १२, १३, २४, २८, ३०, ३४, ३५,४६, ४७, ४८, ५४, ५५, ६० | १८,०३,५००/- |
| | डि के मेडिसेल्स, कुलेश्वर, काठमाडौँ | १६, १७, १८ | २,७३,५००/- |
| | ग्लोबल मेडिहेल्थ प्रा. लि. बालुवाटार, काठमाडौँ | ७, २०, २१, ४४ | ५५,५००/- |
| | सोहन मेडिहेल्थ, च्याम्हासिंह, भक्तपुर | २, ३१ | १८,७२०/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | १, ६, १०, ११, १४, १९, २७, २९, ३२, ३३, ३८, ४९, ५०, ५१, ५२, ५३, ५६, ५७, ५८, ५९, ६२ | ३६,०५,७१५/- |
| SDNTC/NCB/82/83/28 The Supply and Delivery of Anesthesia M edicines | गोरेटेक्स फार्मेसी प्रा.लि., महाराजगञ्ज, काठमाडौँ। | ५, ६, १३, १८, २५, २६, २८, २९, ३१, ३६, ३९, ४३, ४७ | ३०,०९,४८०/- |
| | डि के मेडिसेल्स, कुलेश्वर, काठमाडौँ | ४६ | २४,८०,०००/- |
| | सर्जिमेड डिस्ट्रिब्युटर्स प्रा. लि. गैह्रीधारा, काठमाडौँ | २, ४, १५, १६, २४, २७, ३०, ३३, ३७, ४०, ५० | २,७३,१८०/- |
| | आर.एस. फर्मास्यूटिकल्स इन्टरप्राइजेज, काठमाडौँ। | १, १०, ११, १४, २०, ३५, ४४, ५३ | २,५२,९३२/- |
| | ग्लोबल मेडिहेल्थ प्रा.लि. बालुवाटार, काठमाडौँ | ३ | १२,३२०/- |
| | ब्लुमुन मेडिटेक फर्मा, नक्साल, काठमाडौँ। | ४, ७, ८, ९, १२, १७, २१, ३२, ४१, ४५, ४९ | २८,६३,०२६/- |
| SDNTC/NCB/82/83/34 The Supply and delivery of Dialyzer | प्यासेफिक इन्टरप्राइजेज, महालक्ष्मी १८, ललितपुर | १ | ३,४३,७४,६००/- |
| SDNTC/NCB/82/83/35 The Supply and delivery of AV Tubing | डायटेक इन्टरनेशनल प्रा. लि., गोकर्णेश्वर ८, काठमाडौँ | १ | १,४०,३४,६००/- |
| SDNTC/NCB/82/83/36 (The Supply and delivery of Fistula Needle) | प्यासेफिक इन्टरप्राइजेज, महालक्ष्मी १८, ललितपुर | १ | २७,६२,१७२/- |

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

मिति २०८३।०१।१४ गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना बमोजिम तपसिलमा उल्लिखित बोलपत्रहरूका लागि पेश हुन आएका बोलपत्रहरूमध्ये प्राविधिक मूल्याङ्कनबाट सफल भएका देहाय बमोजिमका बोलपत्र दाताहरूको आर्थिक प्रस्ताव मिति २०८३।०३।१४ गते दिउँसो ०२:०० बजे यस केन्द्रको मिटिङ हलमा खोलिने भएकोले सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| Contract Details | Bidders Name |
|---|---|
| SDNTC/NCB/082/83/39, The Supply, Delivery, Installation & Commissioning of Hemodialysis Machine | Pecific Enterprises, Lalitpur |
| SDNTC/NCB/082/83/40, The Supply, Delivery, Installation & Commissioning of High-End color Doppler Ultrasound Machine | Max Meditech System Pvt.Ltd., Kathmandu |
| SDNTC/NCB/082/83/41, The Supply, Delivery, Installation & Commissioning of Washer Extractor (60KG) Machine | Biomed International Pvt. Ltd. Kathmandu |

## दाताले प्रदान गरेको जग्गामा वडा कार्यालय

**सर्लाही समाचारदाता**
*सर्लाही, असार ५ गते*

भाडाको घरबाट सञ्चालन हुँदै आएको सर्लाहीको दक्षिण–पूर्वी भेगस्थित हरिपुर्वा नगरपालिका ६ नं. वडा कार्यालयको आफ्नै भवन निर्माण भई सञ्चालनमा ल्याइएको छ। नवनिर्मित वडा कार्यालय भवनको शुक्रबार नगरप्रमुख विनोदकुमार साह तेली र वडाध्यक्ष रामसोगारथ राय यादवले संयुक्त रूपमा उद्घाटन गर्नुभएको हो। नगरपालिका कार्यालयले ६० लाख रुपियाँ बजेट खर्चिएर वडा कार्यालय भवन निर्माण गरेको हो।

वडा कार्यालय भवन बनाउन हरिपुर्वा नगरपालिका–६ का रामदरेश राय र उहाँकी पत्नी जयमन्ती देवीसहित उहाँका चार छोराले गत वर्ष वैशाख ८ गते एक कट्ठा जग्गा रजिस्ट्रेसन पास गरेर दिनुभएको थियो। उहाँहरूले वडा कार्यालयका लागि करिब २० लाख रुपियाँ पर्ने जग्गा निःशुल्क प्रदान गर्नुभएको वडाध्यक्ष रामसोगारथ राय यादवले जानकारी दिनुभयो। वडा कार्यालयलाई निःशुल्क जग्गा प्रदान गर्ने रामदरेश रायको परिवारलाई भवन उद्घाटनको अवसरमा वडा कार्यालयले सम्मान प्रदान गरेको छ।

## अव्यवस्थित बसोबासी र सुकुमवासीलाई सेतो पुर्जा

**राष्ट्रिय समाचार समिति**
*महोत्तरी, असार ५ गते*

बर्दीबास नगरक्षेत्रका १० हजार २९८ जना अव्यवस्थित बसोबासी र सुकुमवासीले पहिलो पल्ट सेतो पुर्जा (घरजग्गाको निस्सा) पाउने भएका छन्।

बर्दीबास नगरपालिकाका १४ वटा वडामा बसौंदेखि ऐलानी, पर्ती र सरकारी जग्गामा घर बनाएर बसेका अव्यवस्थित बसोबासी र सुकुमवासीलाई बसोबास र जग्गाको भोगाधिकार प्रमाणित गर्दै सेतो पुर्जा दिने व्यवस्था अन्तिम चरणमा पुगेको छ। नगरपालिकाले भोग प्रमाणका आधारमा सेतो निस्सा प्रदान गरे पनि जग्गाको स्थायी निस्सा (लालपुर्जा) प्रदानको अधिकार भने सङ्घीय निकाय अन्तर्गत नै रहने कानुनी व्यवस्था छ। आगामी आर्थिक वर्षभित्रै अव्यवस्थित बसोबासी र सुकुमवासीलाई जग्गा र सेतो पुर्जा उपलब्ध गराउने बर्दीबास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले जानकारी दिनुभयो।

बर्दीबास नगरक्षेत्रका १४ वटै वडामा अव्यवस्थित बसोबासी र सुकुमवासीको बसोबास छ। जिल्लाका १५ स्थानीयमध्ये सबैभन्दा बढी बर्दीबास नगरपालिकाको १४ नं. वडामा ६० भन्दा बढी सुकुमवासी बस्ती छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधान अनुसूची–८ ले स्थानीय तहलाई भूमि व्यवस्थापनसम्बन्धी प्रदान गरेको अधिकार क्षेत्रमा रही नगरपालिकाले सेतो निस्सा वितरण गर्ने प्रक्रिया सुरु गर्ने भएको हो।

## मन्जुरीबिना विवाह गराएको आरोपमा एक जना पक्राउ

**राजविराज समाचारदाता**
*राजविराज, असार ५ गते*

मन्जुरीबिना विवाह गराएको आरोपमा फरार रहेका एक जनालाई सप्तरी जिल्लाका प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार पक्राउ पर्नेमा सुरुङ्गा नगरपालिका–९ बस्ने २४ वर्षीय मनोज ठाकुर रहनुभएको छ। उहाँलाई घरबाट पक्राउ गरिएको हो। प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी हेमराज घिमिरेका अनुसार २०८२ साउन ३१ गते सुरुङ्गा नगरपालिका–९ स्थित श्री केशव स्मारक जनता माध्यमिक विद्यालयपरिसरभित्र रहेको सरस्वती मन्दिरमा नागेन्द्र यादवको इच्छा तथा मन्जुरीविपरीत प्रियङ्काकुमारी यादवसँग जबरजस्ती विवाह गराइएको आरोपमा ठाकुरविरुद्ध मुद्दा दर्ता भएको थियो।

### १२ औँ अन्तर्राष्ट्रिय योग दिवस

# स्वस्थ जीवनका लागि योग अभ्यास आवश्यक



तस्बिर : धर्वेन्द्र झा

**योग शिविर उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री कृष्णप्रसाद यादव ।**

**धनुषा समाचारदाता**
*जनकपुरधाम, असार ५ गते*

१२ औँ अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा भारतीय महावाणिज्य दूतावासले शुक्रबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा योग शिविरको आयोजना गरेको थियो। जानकी मन्दिरको प्राङ्गणमा आयोजना गरिएको कार्यक्रमको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गर्नुभएको थियो। अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा भारतीय दूतावासले नेपालका विभिन्न ठाउँमा यस्तै शिविरको आयोजना गर्दै आएको छ। जुन २१ अर्थात् असार ७ मा मनाइने यस वर्षको अन्तर्राष्ट्रिय नारा ‘स्वस्थ वृद्धावस्थाका लागि योग’ रहेको छ।

शिविरमा मुख्यमन्त्री यादव, प्रदेश सभाका सभामुख रामअशिष यादवलगायत मन्त्री, प्रदेश सभा सदस्यलगायत जानकी मन्दिर महन्थका उत्तराधिकारी रामरोशन दास, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहसहित अन्य विशिष्ट व्यक्तिको उपस्थिति थियो।

योग शिविरमा आफ्नो धारणा राख्दै मुख्यमन्त्री यादवले स्वस्थ्य जीवनका लागि योग गर्नु अति जरुरी रहेको बताउनुभएको थियो। योगबाट मान्छेलाई शान्ति र तनावबाट मुक्ति मिल्ने गरेको भन्दै मान्छेको जीवनमा योग अभ्यास गर्नु जरुरी रहेको बताउँदै उहाँले खानपानमाथि ध्यान नदिनु र व्यस्त जीवनशैलीका कारण विभिन्न खालका नसर्ने रोगको प्रकोप बढ्दै गएको बताउनुभयो।

कार्यक्रममा मधेश प्रदेशका सभामुख यादवले निरन्तरको योग अभ्यासले मानिसको मानसिक तथा शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने भएकाले सबैका लागि योगाभ्यास जरुरी रहेको बताउनुभयो। भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मिनाले भारत सरकारको प्रस्ताव र संयुक्त राष्ट्रसङ्घको आह्वानमा हरेक वर्ष जुन २१ लाई विश्वव्यापी रूपमा योग दिवसका रूपमा मनाइँदै आएको जानकारी दिँदै योगले मानिसलाई शारीरिक र मानसिक रूपमा सबल बनाउने भएकोले नै विश्वका विकसित देशमा समेत यसको लोकप्रियता तीव्र रूपमा बढिरहेको बताउनुभयो।

# ‘प्रदेशमा आफ्नै प्रहरी प्रशासन आवश्यक’



तस्बिर : लक्ष्मी चौधरी

**सडक सुरक्षा कार्यशाला गोष्ठीमा मुख्यमन्त्री कृष्णप्रसाद यादवसहितका अधिकारी ।**

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, आसार ५ गते*

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशले आफ्नै प्रहरी प्रशासन र कर्मचारी संरचना प्राप्त भए मात्र सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनलगायतका काम प्रभावकारी रूपमा गर्न सकिने बताउनुभएको छ।

जनकपुरधाममा बिहीबार आयोजित प्रदेशस्तरीय सडक सुरक्षासम्बन्धी कार्यशालालाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकारलाई आवश्यक अधिकार र संरचना नहुँदा काम प्रभावकारी रूपमा अघि बढाउन कठिन भइरहेको बताउनुभयो। उहाँले प्रदेश सरकार आफ्नै प्रहरी प्रशासन र कर्मचारी संरचनाबिना अधिकारविहीन जस्तो बनेको उल्लेख गर्दै सङ्घीय संरचनामाथि प्रश्नसमेत उठाउनुभयो।

उहाँले भन्नुभयो, “प्रदेशको प्रमुख विषय प्रदेश प्रहरी प्रशासन र कर्मचारी हो, त्यसमै अधिकार नहुँदा प्रदेशले कसरी प्रभावकारी रूपमा काम गर्न सक्छ ? अहिले पनि सङ्घ सरकारले प्रदेशमाथि हुकुम चलाइरहेको अवस्था छ तर अधिकारमा पूर्णता दिएको छैन।” मुख्यमन्त्री यादवले सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि आवश्यक बजेट र अधिकारसमेत प्रदेशलाई पूर्ण रूपमा नआएको उल्लेख गर्दै प्रदेश सरकारलाई ‘अधिकारविहीन’ बनाइएको टिप्पणीसमेत गर्नुभयो।

यस्तै कार्यक्रममा श्रम तथा यातायातमन्त्री शारदादेवी थापाले सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतना विस्तार अत्यावश्यक रहेको बताउनुभयो। उहाँले विद्यालय तहमा ट्राफिक नियमबारे शिक्षा दिइएको अभ्यासलाई सकारात्मक भन्दै आगामी दिनमा महिला समूह तथा समुदायस्तरमा पनि सचेतना कार्यक्रम विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

त्यसै गरी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले सडक सुरक्षासम्बन्धी विषयमा व्यापक छलफल आवश्यक रहेको उल्लेख गर्दै प्रमाणमा आधारित नीति निर्माण, सडक संरचनामा सुधार तथा समन्वय र सहकार्य सुदृढ गर्नुपर्ने बताउनुभयो। प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले ट्राफिक प्रहरीलाई प्रभावकारी रूपमा जिम्मेवारी दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले पर्याप्त बजेट र अधिकारबिना ट्राफिक व्यवस्थापन प्रभावकारी नहुने बताउँदै सडक दुर्घटनाका कारण पहिचान गरी नीतिगत सुधार गर्नुपर्नेमा जोड दिनुभयो।

एसियाली विकास बैङ्क (एडिबी), राष्ट्रिय सडक सुरक्षा परिषद् नेपाल तथा मधेश प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयको संयुक्त आयोजनामा कार्यक्रम आयोजना भएको थियो।

# प्रतीक्षामा वैज्ञानिक फोहोर व्यवस्थापन केन्द्र

**लक्ष्मी चौधरी**
*जनकपुरधाम, असार ५ गते*

जनकपुरधाम उपमहानगरपालिकामा फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यविधि बनेको सात वर्षभन्दा बढी समय बितिसक्दा पनि यसको दीर्घकालीन तथा वैज्ञानिक समाधान हुन सकेको छैन। फोहोरमैला व्यवस्थापनका लागि निर्माण गरिएका वैज्ञानिक संरचना र उपकरणसमेत प्रयोग तथा मर्मतसम्भारको अभावमा क्रमशः जीर्ण बन्दै गएका छन्। उपमहानगरपालिकाले फोहोरमैला व्यवस्थापनमा हरेक वर्ष करोडौँ रुपियाँ खर्च गर्दै आए पनि समस्या समाधानका लागि प्रभावकारी, वैज्ञानिक र दीर्घकालीन योजना कार्यान्वयन गर्न सकेको छैन।

अर्थ क्लिन ग्रिन फाउन्डेसन (इसिजी) ले जनकपुरधामकै फोहोरमैला व्यवस्थापन गर्ने उद्देश्यले निजीस्तरमा स्थापना गरेको संरचना तथा उपकरण उपयोगमा उपमहानगरपालिकाले आवश्यक चासो नदेखाउँदा ती संरचना र उपकरणसमेत उपयोगविहीन बन्दै जीर्ण अवस्थामा पुगेका छन्।दैनिक हजारौँ पर्यटक भित्रिने मधेश प्रदेशको राजधानी तथा धार्मिक सहर जनकपुरधामलाई सफा र सुन्दर सहर बनाउने उद्देश्यले सुरु गरिएको फाउन्डेसन अन्तर्गतका फोहोरमैला व्यवस्थापनका संरचना र उपकरण प्रयोगमा नआउँदा अहिले जीर्ण अवस्थामा पुगेको फाउन्डेसनका अध्यक्ष दीपु ठाकुरको भनाइ छ।

ठाकुरका अनुसार जनकपुरधाम उपमहानगरपालिकामा बढ्दो जनसङ्ख्या, पर्यटक, अस्पताल, होटेल तथा व्यापारिक गतिविधिसँगै दैनिक उत्पादन हुने फोहोरको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएपछि फाउन्डेसनले दीर्घकालीन समाधानका लागि आवश्यक संरचना र उपकरण स्थापना गरेको थियो। “उपमहानगरपालिकाले फोहोर व्यवस्थापनका लागि तीन पटक इबिडिङमार्फत प्रस्ताव आह्वान गरिसकेको छ तर अहिलेसम्म कुनै ठोस कदम चाल्न सकेको छैन,” उहाँका अनुसार जनकपुरधामलाई सफा र व्यवस्थित सहर बनाउने उद्देश्यले फाउन्डेसनले नौ वर्षअघि निजी लगानीमै अभियान सुरु गरेको थियो। “जनकपुरधाम–२३ स्थित बिन्हीमा १२ कट्ठा क्षेत्रफलमा फोहोर व्यवस्थापन केन्द्र स्थापना गरी सुक्खा र गिलो फोहोर छुट्याउने उपकरण जडान गरेका थियौँ,” उहाँले भन्नुभयो।

उहाँका अनुसार फोहोर व्यवस्थापनलाई संस्थागत बनाउन सार्वजनिक–निजी साझेदारी (पिपिपी) मोडेलसमेत स्वीकृत गरिएको थियो। यसका लागि प्रिफिजिबिलिटी अध्ययन, सुक्खा, गिलो तथा हानिकारक फोहोरको व्यवस्थापनसम्बन्धी अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार पारिएको थियो तर योजना कार्यान्वयनमा जान नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेन।

हाल जनकपुरधाममा दैनिक ५० टनभन्दा बढी फोहोर उत्पादन हुने अनुमान गरिएको छ। त्यसमध्ये ३५ टन सुक्खा, १० टन गिलो तथा पाँच टन हानिकारक फोहोर रहेको फाउन्डेसनले जनाएको छ। फोहोर वर्गीकरणका लागि आवश्यक ‘सेग्रिगेसन’ मेसिन तथा आधारभूत पूर्वाधार उपलब्ध रहेकाले हानिकारक फोहोर व्यवस्थापनका लागि थप पाँचदेखि १० करोड रुपियाँ लगानी भए एक महिनाभित्रै काम सुरु गर्न सकिने फाउन्डेसनको दाबी छ। उपमहानगरले फोहोर व्यवस्थापनका लागि तीन पटक प्रस्ताव आह्वान गरे पनि अहिलेसम्म कुनै ठोस निर्णय हुन सकेको छैन।उपमहानगरले दोस्रो पटकको आह्वानपछि गुठी संस्थान अन्तर्गत वडा नम्बर २४, बसहियामा १० बिघा जग्गामा फोहोर व्यवस्थापनका लागि लिने प्रक्रिया अघि बढाए पनि स्थानीय विरोधका कारण कार्यान्वयन हुन सकेन।

उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले पटक पटक गुठी संस्थानले जग्गा उपलब्ध नगराउँदा फोहोर व्यवस्थापन हुन नसकेको बताउनुभयो। उहाँले आफूले चाहेर पनि जग्गा अभावमा दीर्घकालीन रूपमा फोहोर व्यवस्थापन हुन नसकेको बताउनुभयो। यसअघि जनकपुरधामका प्रमुखसहितका जनप्रतिनिधि तथा फाउन्डेसनका पदाधिकारीले धरान उपमहानगरपालिकाको फोहोर व्यवस्थापन प्रणालीको अवलोकनसमेत गरेका थिए।

# ‘विपत् व्यवस्थापनलाई वैज्ञानिक र प्रविधिमैत्री बनाउनु पर्छ’

**सर्लाही समाचारदाता**
*सर्लाही, असार ५ गते*

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले विपत् व्यवस्थापनलाई वैज्ञानिक, प्रविधिमैत्री र दीर्घकालीन योजनासहित अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ।

शुक्रबार सर्लाहीको बागमती नगरपालिका–११, कर्मैया र रौतहटको चन्द्रपुर नगरपालिका–१, पौराहीको सीमास्थित बागमती नदीमा सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय बर्दीबासले आयोजना गरेको विपत् उद्धार कृत्रिम घटना अभ्यास कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री महतोले सो कुरा बताउनुभएको हो। उहाँले भन्नुभयो, “विपत् व्यवस्थापनलाई परम्परागत दृष्टिकोणबाट मात्र नभई वैज्ञानिक, प्रविधिमैत्री र दीर्घकालीन योजनासहित अगाडि बढाउन सुरक्षा निकायसँग सहकार्य गर्दै विपत् व्यवस्थापन क्षेत्रमा आवश्यक सहयोग र समन्वय गर्न प्रदेश सरकार प्रतिबद्ध छ।”

मन्त्री महतोले प्रदेश सरकारले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई विकास तथा सुशासनको महत्त्वपूर्ण आधारका रूपमा लिएको बताउनुभयो। प्रत्येक नागरिकको जीवन स्वतन्त्रता तथा सुरक्षा सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको मन्त्री महतोले बताउनुभएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय बर्दीबासका वाहिनीपति एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) विष्णुप्रसाद भट्टले राष्ट्र, नागरिक र मानवीय सेवाका लागि सशस्त्र प्रहरी सदैव तत्पर रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा बाढी तथा डुबानका समयमा के कसरी उद्धार गर्ने भनी बागमती नदीमा अभ्यास प्रदर्शन गरिएको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक अम्बरबहादुर खत्रीले जानकारी दिनुभयो। कृत्रिम घटना अभ्याससँगै विपत्को समयमा उद्धारका लागि प्रयोग हुने सामग्रीको प्रदर्शनीसमेत गरिएको छ। कार्यक्रममा सर्लाही र रौतहटका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा प्रमुख, पालिकाका प्रमुखलगायतको उपस्थिति थियो।

# उमेर पुगेर बिहे गर्ने छोरीलाई ५१ हजार नगद

**राष्ट्रिय समाचार समिति**
*महोत्तरी, असार ५ गते*

अब महोत्तरीको बर्दीबास नगरक्षेत्रका २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरी (महिला) ले ५१ हजार नगद प्रोत्साहन पाउने भएका छन्। नगरको १८ औँ नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यमा यस्तो घोषणा गरिएको हो।

“बालविवाह न्यूनीकरणका लागि यसपालि यस्तो प्रोत्साहनको व्यवस्था गरिएको हो,” नगरप्रमुख प्रह्लादकुमार क्षेत्री भन्नुहुन्छ, “अब सुरु हुने नयाँ आव २०८३/८४ मा यो प्रोत्साहन रकम उमेर पुगेर विवाह गर्ने नगरक्षेत्रका प्रत्येक छोरीले पाउने छन्।”

यसले बालविवाहलाई निरुत्साहित गर्नसँगै कानुन अनुसार उमेर पुगेर विवाह गर्नु पर्छ भन्ने सचेतना अभिवृद्धिमा सघाउ पुग्ने क्षेत्रीको विश्वास छ। गत मङ्गलबार प्रस्तुत नीति तथा कार्यक्रमभित्रको यो व्यवस्थाबारे समाजका सबैतिरबाट हौसला पाइएको उहाँले बताउनुभयो।

यसअघि २०८० चैत ५ गते नगरक्षेत्रका मुसहर समुदायलाई लक्षित गरी नगरप्रमुखले उमेर पुगेर विवाह गर्ने मुसहर जोडीलाई ५० हजार नगद प्रोत्साहनको घोषणा गर्नुभएको थियो। सोही अनुसार हालसम्म बर्दीबास–१२ को एक जोडीले मात्र प्रोत्साहन रकमको दाबी गरेर लिएका नगर कार्यपालिकाको कार्यालयको अभिलेखबाट देखिन्छ।

जम्मा १४ वडाको नगरपालिका क्षेत्रमा सबैजसो वडामा मुसहर समुदायको बसोबास छ तर उमेर पुगेर विवाह गर्नेलाई दिइने प्रोत्साहन रकम एक जोडीले मात्र लिनुले यिनीहरूमा अझै बालविवाह कायमै रहेको अड्कल गर्न सकिने बर्दीबास–२ का सामाजिक–राजनीतिक कार्यकर्ता देवनारायण महतो बताउनुहुन्छ। अहिले एक लाख हाराहारीको जनसङ्ख्या भएको नगरपालिकामा यहाँका १३ वडा पछिल्ला दुई वर्षभित्र बालविवाहमुक्त वडा घोषणा भइसकेका छन्। अब बर्दीबास–१२ मात्र बालविवाहमुक्त क्षेत्र घोषणा हुन बाँकी छ। नगरले आउने आवदेखि लागु हुने गरी निर्णय गरेको २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरीलाई ५१ हजार रुपियाँ प्रोत्साहन रकमको व्यवस्थाले सामाजिक सचेतना बढाउन सहज हुने अपेक्षा गरिएको छ।

नगरका आमसमुदायका छोरीका लागि यो व्यवस्था भए पनि मुसहर समुदायको हकमा पुरुष, महिला दुवैले पाउने यसअघिदेखिको व्यवस्था कायम नै राखिएको नगरप्रमुख क्षेत्रीले स्पष्ट पार्नुभयो।

मुसहर जाति समुदायमा बालविवाहका घटना बाक्लै पाइने हुँदा यसलाई नियन्त्रण गर्न पुरुष, महिला दुवैलाई प्रोत्साहन दिइने व्यवस्था कायम नै राखिएको उहाँको भनाइ छ। नगरपालिकाको यो नयाँ निर्णयलाई महिला अधिकारवादीले सामाजिक सुधारमा सहयोग पुग्ने प्रतिक्रिया दिएका छन्।


**Manmohan Memorial Institute of Health Sciences**
Soalteemode, Kathmandu

**Vacancy Announcement**

| Department | Post | Seat | Qualification |
|---|---|---|---|
| Lab Medicine | Associate Professor | 1 | B. Sc MLT with M. Sc MLT (PhD Preferred) |
| Nursing | Lecturer | Few | M.Sc. Nursing or MN in Adult Health Nursing |
| Nursing | Lecturer | 1 | M.Sc. Nursing or MN in Community Nursing |
| Administration | Liberian (6th Level) | 1 | Masters' in Library and Information Science (MLISc.) or Equivalent |

**Note:** Experienced & verified candidates are encouraged to apply.
Apply within 30 days.
Application Fee as per institution's rules.

**For Details, Contact:** Phone :- 5908745, Email: mmiohs@gmail.com

Government of Nepal
**National Vigilance Centre**
Singh durbar, Kathmandu
**Invitation for Sealed Quotation**
**Date of Publication: 2083/03/05 (19 June, 2026)**
The National Vigilance Centre invites sealed quotations from eligible bidders for the following bid:

| Contract Identification No. | Description | Estimated Amount (NRs. without VAT) | Bid Validity Period (Days) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| NVC/GOODS/SQ/082-83/SQ-03 | Supply, Delivery, and Installation of Electrical Equipment | 11,08,500.00 | 45 | 37,000.00 |

**Cost of Bidding Document:** NRs. 1,000
**Last Date of Bid Submission:** 26 June, 2026 12:00 PM and **Bid Opening Date:** 26 June, 2026 1:00 PM
For further details, please visit NVC website https://nvc.gov.np/ and http://www.bolpatra.gov.np/egp

नेपाल सरकार
**राष्ट्रिय परीक्षा बोर्ड**
**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**
सानोठिमी, भक्तपुरको

**कक्षा १२ को पुनर्योगको आवेदन सम्बन्धी सूचना**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८३ साल वैशाख १४ गतेदेखि ऐ. २७ गतेसम्म सञ्चालन भएको कक्षा १२ को नियमित/आंशिक परीक्षार्थीहरूको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८३/०३/०५ गतेको निर्णयानुसार प्रकाशित हुँदा नतिजामा चित्त नबुझी पुनर्योगका लागि निवेदन दिन चाहने परीक्षार्थीहरूले मिति २०८३/०३/१२ गतेभित्र निम्नानुसार अनलाइन फाराम भरी निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**अनलाइन फाराम भर्ने प्रक्रिया** :
- neb.gov.np मा गई Online payment (Retotaling) मा जाने। वा payment.neb.gov.np/StudentPortal मा जाने।
- सिम्बोल नं. (Symbol No.) र जन्ममिति (DOB) राखेर search गर्ने।
- कुन विषयमा retotal गर्ने हो सो विषयको अगाडि ठिक (√) चिन्ह लगाउने।
- Digital wallet बाट प्रति विषय रु. १,०००।– (एक हजार) payment गर्ने।
- प्राप्त हुने confirmation message लाई save गरेर राख्ने।
- Result का लागि बोर्डको website: neb.gov.np मा हेर्ने।
- पुनर्योगका लागि निवेदन दिने समयावधि मिति २०८३/०३/०६ गते बिहान ११:०० बजेदेखि मिति २०८३/०३/१२ गते साँझ ५:०० बजेसम्म कायम गरिएको छ।

– परीक्षा नियन्त्रक
मिति : २०८३/०३/०५

**लोहारपट्टी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी, मधेश प्रदेश, नेपाल

**प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने एवं बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

यस कार्यालयबाट प्रकाशित तथा www.bolpatra.gov.np/egp को तपसिल बमोजिमको ठेक्काहरूको सूचनामा उल्लिखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही बोलपत्रहरू देहाय बमोजिम भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समय आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतिका लागि छनोट भएको सूचना सम्बन्धित सबैमा जानकारीका लागि आज मिति २०८३/०३/०५ मा प्रकाशित गरिएको छ।

**तपसिल**
**Opening Date, Time and Venue: 2083/03/12, 11:00 am Lohharpatti Municipality Office**

| S.N. | Contract No. | Name of Successful Bidders |
|---|---|---|
| 1. | LM/NCB/DB/WORKS/2082/083-01 | Ramjanaki-Sunrise-Modern JV, Janakpur. Rashi-Shiv Shakti J.V, Janakpur. R.P.A / ANKIT J/V Parsa |

साथै तपसिल बमोजिमको बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरू स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Name of Successful Bidders | Bid Amount (With VAT & PS) |
|---|---|---|---|
| 1 | NCB/WORKS/LM/2082/83/03 | Roman Nirman Sewa, Pipara Ga Pa-03, Mahottari. | 20,18,036.85 |
| 2 | NCB/WORKS/LM/2082/83/01 | Bindeshwori Construction, Janakpurdham-08, Dhanusha. | 21,80,684.75 |

# मनसुन सुरु नहुँदै मेची राजमार्गमा समस्या

**कोकिला ढकाल**
*इलाम, असार ५ गते*

मनसुन सुरु नहुँदै मेची राजमार्ग अन्तर्गत इलामको माइखोलामाथि राजदुवाली–भन्ज्याङ सडकखण्ड सवारी पार गर्न समस्या भएको छ। गत असोज १८ गते रातिको वर्षाका कारण पहिरो गएको सो खण्डमा पहिरोमाथि नै ट्याक खोलेर यातायात सञ्चालनमा ल्याइएको थियो।

बिहीबारदेखि निरन्तर वर्षा हुन थालेपछि उक्त खण्डमा निरन्तर सडक बग्ने र हिलोका कारण सवार साधनलाई सञ्चालनमा समस्या भएको हो। बिहीबार राति माईखोलामा आएको बाढीले सो स्थानमा मर्मतका सामग्री बगाएको छ। बाढीले तारजारी, पाइपलगायत केही मेसिनसमेत बगाएको सडक डिभिजन कार्यालयले जनाएको छ। यहाँ खोलाबाटै वाल उठाएर सडक मर्मतको काम हुँदै थियो। खोलाबाटै पर्खाल उठाएर बाटो बनाउनुपर्ने भएकाले मर्मतका सामग्री खोलाकै सतहमा थिए। सडक डिभिजन प्रमुख पवन भट्टराईले भन्नुभयो, "बगरै ढाक्ने गरी आएको बाढीले राजमार्ग मर्मतको सामान बगाएको छ। पुनः सामग्री भेला गरेर मर्मत त गर्नु नै छ।"

असोज १८ को बाढीले माईखोलाको बेलासेस्थित पक्की पुलको आधा भाग भासिएको, पुवाखोला र जोगमाईखोलाको बेलिब्रिज बगाएको थियो। मेची राजमार्गको राजदुवालीमाथिको सडकमा भने पहिरो गएर १२ दिनसम्म यातायात अवरुद्ध भएको थियो। अहिले पनि यो स्थानमा सवारी पार गराउन धेरै मुस्किल रहेको पुर्वेली जिप तथा ट्याक्सी व्यवसायी सङ्घ इलामका अध्यक्ष गृष्म सुब्बाले बताउनुभयो।

सुब्बा भन्नुहुन्छ, "वैकल्पिक सडकमा बेलैमा काम भएको भए यति दुःख हुने थिएन। अब अरू बेलिब्रिजको पनि काम होला जस्तो छैन। यस पटक मेचीका पहाड क्षेत्रका बासिन्दाले धेरै सास्ती खेप्नुपर्ने छ।"



तस्बिर : कोकिला ढकाल

**मेची राजमार्गको माईखोलास्थित राजदुवालीमा सडकखण्ड पार गर्दै सवारी।**

यस्तै इलाम–झापा केचनाञ्चनजङ्घा द्रुतमार्गको बेलासे माईखोलामा निर्माणाधीन बेलिब्रिज पनि बाढीले क्षति गरेको छ। बेलासेमा बनाइएको डाइभर्सन पनि बाढीले बगाएपछि यो सडक पूर्ण रूपमा यातायात अवरोध भएको छ। अर्को वैकल्पिक मार्गका रूपमा रहेको सिमल गोलाई तिल्केनी सडकपर्ने जोगमाईखोलामा आएको बाढीले त्यहाँको डाइभर्सनसमेत बगाएको प्रहरीले जनाएको छ। जोगमाई, केचनाञ्चनजङ्घा द्रुतमार्गको बेलासे र पुवाखोलामा बेलिब्रिजका लागि फाउन्डेसनको काम भइरहेको सडक डिभिजन कार्यालय इलामले जनाएको छ। बेलासेका लागि भारतबाट बेलिब्रिजको सामान आइपुगे पनि पुल जोड्ने प्राविधिक टोली भारतबाट आई नपुगेकाले काममा ढिलो हुने डिभिजन प्रमुख भट्टराई बताउनुहुन्छ। भारत सरकारको सहयोगमा निर्माण हुने तीन वटै पुल जोड्न पनि भारतीय प्राविधिक सहयोग रहेकाले उतैबाट टोली आउनुपर्ने सम्झौता रहेको छ। एउटा पुल जोड्न कम्तीमा १५ दिन लाग्ने भए पनि काम सुरु हुनै लागेको भट्टराईले बताउनुभयो।

मेची राजमार्ग इलामसहित पाँचथर, ताप्लेजुङ र तेह्रथुमको केही भागका लागि 'लाइफलाइन' का रूपमा रहेको छ। वर्षायाममा राजदुवालीमा अवरोध हुनासाथ वैकल्पिक सडक पनि नखुलेको अवस्थामा मेची पहाडको दैनिक जनजीवनमा समस्या हुने आशङ्का बढेको छ।

# एक सय छयालिस सहकारी उच्च जोखिममा

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, असार ५ गते*

कोशी प्रदेशका एक हजार ७५ सहकारी संस्थामध्ये १४६ वटा संस्था उच्च जोखिममा रहेको पाइएको छ। प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवाले गरेको जोखिममा आधारित तथ्याङ्क विश्लेषणले यस्तो देखाएको हो।

रजिस्ट्रार भूपेन्द्र खनालका अनुसार आर्थिक वर्ष २०८०/८१ मा विश्लेषण गरिएका पाँच सय सहकारीमध्ये १४६ वटा उच्च जोखिममा, ३३० वटा मध्यम जोखिममा र २४ वटा न्यून जोखिममा रहेका छन्। अति न्यून जोखिममा कुनै पनि सहकारी संस्था भेटिएका छैनन्।

कोशी प्रदेशमा सहकारी क्षेत्रको वित्तीय आकार भने उल्लेखनीय रहेको छ। प्रदेशको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थामा १४ अर्ब ४६ करोड ३३ हजार ६७६ रुपियाँ सेयर पुँजी रहेको छ। यस्तै बचत दायित्व ७७ अर्ब ६० करोड ५६ लाख १३ हजार ८८३ रुपियाँ पुगेको छ भने विभिन्न कोषमा १० अर्ब ३६ करोड ६१ लाख ९७ हजार ७९० रुपियाँ सञ्चित रहेको छ। सहकारीहरूले ८२ अर्ब ४८ करोड ६५ लाख ८३ हजार ९३ रुपियाँ ऋण लगानी गरेका छन्।

सहकारी क्षेत्रको कुल सम्पत्ति एक खर्ब १४ अर्ब २६ करोड १७ लाख पाँच हजार ८१९ रुपियाँ पुगेको छ। प्रदेशभरका सहकारी संस्थामा १३ लाख ८८ हजार ५१० जना सेयर सदस्य आबद्ध रहेका छन्। सहकारी क्षेत्रले सात हजार ३५४ जनालाई प्रत्यक्ष रोजगारीसमेत प्रदान गरेको कार्यालयले जनाएको छ।

यता आव २०८१/८२ मा प्रदेशका एक हजार ७५ सहकारी संस्थामध्ये ५६३ वटा अर्थात् ५२.३७ प्रतिशत संस्थाले अनिवार्य विवरण नै बुझाएका छैनन्। विवरण बुझाउने ५०७ संस्थामध्ये २५५ वटाले जरिबाना तिरेर अद्यावधिक भएका छन् भने २५७ वटा संस्था जरिबाना नतिरी अद्यावधिक भएका छन्।

आव २०८०/८१ मा सहकारी संस्थाहरूबाट विभिन्न ११ शीर्षकमा ५७ करोड ५४ लाख ९२ हजार ७१४ रुपियाँ राजस्व सङ्कलन भएको थियो। यसबाहेक दर्ता शुल्क तथा जरिबानाबापत ५१ लाख दुई हजार ४५८ रुपियाँ सङ्कलन भएको कार्यालयले जनाएको छ। कार्यालयका अनुसार सहकारी क्षेत्रबाट सङ्कलित राजस्व र जरिबानाको रकम प्रदेश सहकारी तथा रजिस्ट्रार कार्यालयको वार्षिक बजेटभन्दा करिब २३ करोड रुपियाँले बढी रहेको छ।

# पन्चैबाजा संरक्षणमा महिला



तस्बिर : सन्तोष सुवेदी

**खाँदबारी नगरपालिका–९ को वडा कार्यालयद्वारा स्थानीय महिलालाई पन्चैबाजा वितरण गरिँदै।**

**पाखीबास समाचारदाता**
*पाखीबास, असार ५ गते*

सङ्खुवासभाको खाँदबारी नगरपालिकास्थित तुम्लिङटारका स्थानीय महिला समूह नै गठन गरी पन्चैबाजा संरक्षणमा लागिपरेका छन्। विभिन्न धार्मिक कार्य विवाह, व्रतबन्ध वा अन्य सामाजिक समारोहमा नौमती पन्चैबाजा बजाउन थालिएको छ। परम्परागत संस्कृतिलाई जोगाई राख्न स्थानीय महिला सक्रिय रूपमा लाग्दै आएका छन्। स्थानीय तहले पनि यसलाई प्रोत्साहन गर्दै आएको छ। परम्परागत बाजाको संरक्षण गर्न खाँदबारी नगरपालिका–९ को वडा कार्यालयमा महिलाले नौमती बाजाको माग प्रस्तुत गरेको स्थानीय कुमारी मगरले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "पहिला पहिला पुरुषले मात्रै बाजा बजाउने गरेका थिए तर सिप सिकेपछि बाजाको संरक्षण पनि हुने र महिला आत्मनिर्भर हुन सक्ने भएकाले पनि वडासँग बाजाको माग गरेका हौँ।"

त्यसो त विगतमा कुनै निश्चित समुदायका मानिसले मात्र नौमती वा पन्चैबाजा बजाउने गर्थे तर पछिल्लो समय पन्चैबाजा बजाउने मानिस कम भएको र ती लोप हुन थालेपछि महिलाहरू अगाडि सरेको तुम्लिङटारकी नरकुमारी कुमाल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "हामीले पनि बाजा बजाउन केही समय तालिम पाएमा पुरुषले जस्तै बजाउन सक्छौँ।"

खाँदबारी नगरपालिका–९ का वडाध्यक्ष विमलराज गौतम पन्चैबाजा संरक्षण र प्रवर्धनका लागि महिला समूहको माग अनुसार बाजा खरिद गरेर वितरण गरेको बताउनुभयो। उहाँले तीन लाख रुपियाँमा बाजा र पोसाक खरिद गरेर महिला समूहलाई वितरण गरिएको स्पष्ट पार्नुभयो। उहाँले दक्ष अनुभवी व्यक्तिबाट महिलालाई बाजा बजाउने तालिम दिइने वडाको योजना रहेको पनि बताउनुभयो।

# लोभलाग्दो दुर्गाभिट्टा सामुदायिक वन

**राष्ट्रिय समाचार समिति**
*सुरुङ्गा (झापा), असार ५ गते*

झापाको दक्षिणी सीमावर्ती क्षेत्र कचनकवल गाउँपालिका–३ मा फैलिएको दुर्गाभिट्टा सामुदायिक वन पछिल्ला वर्षमा सबैका लागि आकर्षणको केन्द्र बन्दै गएको छ। केही वर्षअघि वन दोहन, चोरी–तस्करी, वन्यजन्तुको त्रास तथा असुरक्षित क्षेत्रका रूपमा परिचित यो वन अहिले संरक्षण र व्यवस्थापनको सफल उदाहरण बनेको छ।

सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष धनराज गुरुङका अनुसार वन व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय समुदायको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। उपभोक्ताको बढ्दो चेतना, सहभागिता र जिम्मेवारीबोधले वन संरक्षण तथा विकासमा उल्लेखनीय परिवर्तन ल्याएको उहाँको भनाइ छ।

वन क्षेत्रमा सोलार फेन्सिङ प्रणाली जडान गरिएपछि वन्यजन्तु र मानव बस्तीबिचको द्वन्द्व उल्लेखनीय रूपमा घटेको छ। सामुदायिक वन उपभोक्ता महासङ्घ झापाका सदस्य भीमप्रसाद लुइटेलका अनुसार नियमित गस्ती, स्थानीय निगरानी तथा आधुनिक प्रविधिको प्रयोगले वन्यजन्तुको आक्रमणबाट हुने क्षति नियन्त्रणमा महत्त्वपूर्ण सुधार आएको छ।

दुर्गाभिट्टा सामुदायिक वन जैविक विविधताका दृष्टिले पनि अत्यन्त समृद्ध मानिन्छ। यहाँ अमला, वनकटहर, मालागिरि, वनलिची, बाँस, थाकल, सुनाखरीलगायतका बहुमूल्य तथा औषधीय वनस्पति पाइन्छन्। लुइटेलका अनुसार जलथल क्षेत्रको जैविक विविधतासम्बन्धी अध्ययनले नेपालमा पाइने करिब छ सय प्रजातिका वनस्पतिमध्ये १५० भन्दा बढी प्रजाति यसै वन क्षेत्रमा रहेको देखाएको छ।

वनभित्र रहेका सिमसार क्षेत्र, कृत्रिम पोखरी तथा हरियालीयुक्त संरचनाले चराचुरुङ्गी, सरिसृप, हात्तीलगायत विभिन्न वन्यजन्तुका लागि सुरक्षित वासस्थानका रूपमा काम गरिरहेका छन्। चराचुरुङ्गीको चिरबिराहट, हरियाली वातावरणले यस क्षेत्रलाई इकोटुरिजमका लागि थप उपयुक्त बनाएको छ।

वनको सबैभन्दा उल्लेखनीय उपलब्धि मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनलाई मानिएको छ। विगतमा हात्तीका बथानले स्थानीय बस्तीमा ठुलो क्षति पुर्‍याउने समस्या गम्भीर थियो तर सोलार फेन्सिङ, जनचेतनामूलक कार्यक्रम तथा सुधारिएको वन व्यवस्थापनका कारण अहिले यस्तो समस्या उल्लेखनीय रूपमा न्यूनीकरण भएको छ।

संरक्षणसँगै वनले स्थानीय आर्थिक गतिविधिमा पनि महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। वृक्षरोपण, सरसफाइ अभियान, औषधीय वनस्पति संरक्षण तथा बेसार खेती जस्ता कार्यक्रममार्फत स्थानीयवासीका लागि आयआर्जनका अवसर सिर्जना भएका छन्।

हरियालीले ढाकिएको वातावरण, सिमसार क्षेत्र, वनको बिचभागमा रहेको प्राकृतिक टापु तथा समृद्ध जैविक विविधताले दुर्गाभिट्टा सामुदायिक वनलाई इकोटुरिजमको सम्भावनायुक्त गन्तव्य बनाएको छ।

डिभिजन वन कार्यालय झापाका प्रमुख नथुनी गुहिवर यादवका अनुसार पूर्वाधार विकास, सूचना केन्द्र स्थापना, पदमार्ग निर्माण तथा संरक्षण कार्यक्रमलाई व्यवस्थित रूपमा अघि बढाउन सके यो वन झापाकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन सक्छ। स्थानीय युवा पनि वन संरक्षण अभियानमा सक्रिय रूपमा जुटेका छन्। उनीहरूले वन संरक्षणलाई केवल दायित्वका रूपमा नभई भविष्य निर्माणका आधारका रूपमा लिएको यादवको भनाइ छ।

कुल क्षेत्रफलको करिब १२ प्रतिशत अर्थात् १९ हजार पाँच सय हेक्टर क्षेत्रफल ओगटेको दुर्गाभिट्टा सामुदायिक वन आज संरक्षण, जैविक विविधता र दिगो विकासको उत्कृष्ट नमुना बन्दै अघि बढिरहेको छ।

# लागुऔषध कारोबारी पक्राउ

**दमक समाचारदाता**
*दमक, असार ५ गते*

झापा गाउँपालिका–४, सुकुमवासी बस्तीबाट प्रहरीले सरकारी मोटरसाइकलमा ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार भारतबाट नेपालतर्फ आउँदै गरेको मे.१ ब ३१८ नम्बरको सरकारी मोटरसाइकल जाँच गर्ने क्रममा चालक शिवसताक्षी–९ का २२ वर्षीय नगिन्द्र दर्जीको साथबाट एक ग्राम १८ मिलिग्राम ब्राउन सुगर बरामद गरेको हो। मोटरसाइकलमा सवार कनकाई–३ का ३७ वर्षीय बलबहादुर सुवेदीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। यातायात व्यवस्था कार्यालय बिर्तामोडका अनुसार उक्त मोटरसाइकल पशु सेवा कार्यालय भद्रपुरको नाममा दर्ता रहेको छ।

प्रारम्भिक अनुसन्धानको क्रममा उक्त मोटरसाइकल २०७३ सालमा कनकाई नगरपालिकालाई पशु सेवा कार्यालयले हस्तान्तरण गरेको थियो। उक्त मोटरसाइकल चोरी भएको र अहिले सोही मोटरसाइकल प्रयोग भएको हुन सक्ने नगरपालिकाले जनाएको छ।

# इटहरीलाई पर्यटकको प्रमुख गन्तव्य बनाउने

भारतीय राज्य विहार र पश्चिम बङ्गालका पर्यटकलाई लक्षित गरी विशेष पर्यटन प्याकेज तथा प्रचार अभियान सञ्चालन गर्न सके इटहरीको पर्यटन क्षेत्रले उल्लेखनीय फड्को मार्ने विश्वास।

**सुनसरी समाचारदाता**
*इटहरी, असार ५ गते*

इटहरीलाई पूर्वी नेपालको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले आयोजित पर्यटन प्रवर्धनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालयको सहयोग तथा जिल्ला होटेल तथा पर्यटन व्यवसायी सङ्घ सुनसरीको संयोजन र कोशी मिडिया नेटवर्क प्रालिको आयोजनामा कार्यक्रम गरिएको हो। कार्यक्रममा इटहरीका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक सम्भावनालाई पर्यटनसँग जोडेर आर्थिक समृद्धिको आधार बनाउने विषयमा छलफल भएको थियो।

सो अवसरमा जिल्ला होटेल तथा पर्यटन व्यवसायी सङ्घ सुनसरीका अध्यक्ष तेजबहादुर पुरीले इटहरीलाई पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न सरकारी तथा निजी क्षेत्रबिचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो। उहाँले भारतीय राज्य विहार र पश्चिम बङ्गालका पर्यटकलाई लक्षित गरी विशेष पर्यटन प्याकेज तथा प्रचार अभियान सञ्चालन गर्न सके इटहरीको पर्यटन क्षेत्रले उल्लेखनीय फड्को मार्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल रेडक्रस सोसाइटीका उपाध्यक्ष दिनेश भट्टराई, इटहरी खानेपानी संस्थाका पूर्वअध्यक्ष रामप्रसाद चौलागाईं, होटेल व्यवसायी महासङ्घका केन्द्रीय उपाध्यक्ष देवी गौतम तथा सिवी कलेजका अध्यक्ष देशबन्धु कार्कीलगायत वक्ताले पर्यटनमैत्री वातावरण निर्माण, नयाँ गन्तव्यको खोजी, पूर्वाधार विकास र प्रभावकारी प्रचारप्रसारमा जोड दिनुभएको थियो।

सहभागीले पर्यटन क्षेत्रको विकासले रोजगारी सिर्जना, स्थानीय उत्पादनको प्रवर्धन तथा नगरको आर्थिक गतिविधि विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्ने धारणा राखेका थिए। अन्तर्क्रियाबाट प्राप्त सुझावलाई आगामी पर्यटन विकास योजनामा समेट्ने प्रतिबद्धता आयोजकले जनाएको छ। कार्यक्रम कोशी मिडिया नेटवर्क प्रालिका सञ्चालक घनेन्द्र पौडेल 'विकल' ले पर्यटन विकासका लागि सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै इटहरीको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्न निरन्तर पहल गर्नु अपरिहार्य रहेको बताउनुभयो।


## कलैया उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**मधेश प्रदेश, बारा, कलैया**

### आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

**प्रथम पटक प्रकाशित गरिएको सूचना मितिः २०८३।०३।०६**

यस उपमहानगरपालिकाले गत विगत वर्षहरूमा आय सङ्कलनका लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शीर्षकहरूमा ठेक्काबाट कर शीर्षकमा उठाउनका लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपसिलको शर्तहरूको अधीनमा रहने गरी भ्याटमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीहरूले ३० दिनभित्र बोलपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का शीर्षक | ठेक्का अवधि | वार्षिक न्यूनतम अङ्क रु. (भ्याट बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ३/०८२/०८३ | कलैया हाट बजार (दरबार चौक, बरेवा चौक र श्री दुर्गा चौक समेत) | २०८३।०८४ | ४२,५१,०००।– | ३,०००।– | ३० दिन |
| ४/०८२/०८३ | कलैया–६ को साप्ताहिक खसी बजार | २०८३।०८४ | २०,२५,५००।– | ३,०००।– | ३० दिने |
| ५/०८२/०८३ | कलैया–६ (लहेर्वा टोला)को माछा पोखरी | ०८३।०८४ देखि ०८७।०८८ सम्म | २,२३,३००।– | १,०००।– | ३० दिने |

**अन्य शर्तहरू**

१) बोलपत्र दाताले खामको बाहिरपट्टि ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रस्ट लेख्नुपर्नेछ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथि उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ३०औँ दिनसम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाणपत्र र आ.व. ०८१।०८२ को कर चुक्ता पत्रहरूको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।
४) सूचना प्रकाशित भएको मितिले ३०औँ दिन सम्ममा खरिद गरी ३१औँ दिनमा दिनको १२:०० बजेभित्र कलैया उपमहानगरपालिका, बारामा सिलबन्दी बोलपत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा सोपछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्र दाताहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
६) मूल्य अभिवृद्धि कर लगायतका करहरू ठेक्दार स्वयंले तिर्नुपर्नेछ।
७) आगामी किस्ता रकम बापत बैंक ग्यारेन्टी वा नगद जम्मा गर्नुपर्नेछ।
८) पोखरीहरूको हकमा पोखरी मर्मत गर्नुपरेमा ठेकेदार स्वयं मर्मत गर्नुपर्नेछ।
९) बोलपत्रको साथ आफूले कबोल गरेको ५ (पाँच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैंक कलैया शाखामा रहेको खाता नं. १२६०१००३०३००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको बिडबन्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ।
१०) ठेक्का सम्बन्धी अन्य थप कुराहरू बुझ्नुपरेमा यस कार्यालयको राजस्व शाखा तथा लेखा शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
## राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**
**सानोठिमी, भक्तपुर**

### कक्षा १२ को मौका (पूरक) परीक्षाको समय तालिका तथा आवेदन फाराम बुझाउने सम्बन्धी सूचना

२०८३ सालको वैशाख महिनामा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा नियमित परीक्षार्थीको रूपमा (रजिस्ट्रेसन नम्बरको सुरुका दुई अङ्क ८२ भएका) परीक्षामा सहभागी भई सैद्धान्तिकतर्फ अन्य विषयमा न्यूनतम D वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गरी बाँकी दुई विषयमा NG (Not Graded) प्राप्त गर्ने वा सैद्धान्तिकतर्फ अन्य विषयमा D वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गरी बाँकी बढीमा दुई विषयमा अनुपस्थित (Absent) भएका वा सैद्धान्तिकतर्फ अन्य विषयमा D वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गरी कुनै एक विषयमा NG (Not Graded) वा कुनै एक विषयमा अनुपस्थित (Absent) भएका परीक्षार्थीहरू मात्र परीक्षामा सम्मिलित हुन पाउने गरी तपसिल अनुसारको मौका (पूरक) परीक्षा कार्यक्रम तय गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**परीक्षा समयः बिहान ११:०० बजेदेखि २:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १. | २०८३ साउन २ गते शनिबार | ➢ अनिवार्य अङ्ग्रेजी (००४१)<br>➢ एक विषयमा मात्र परीक्षा दिने परीक्षार्थीहरूको सबै विषय<br>➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरूका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको सानो कोड नम्बर भएको विषय ***तर अनिवार्य अङ्ग्रेजी र अनिवार्य नेपाली दुवै विषयमा मौका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अङ्ग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) विषयको परीक्षा दिनुपर्नेछ।)*** |
| २. | २०८३ साउन ३ गते आइतबार | ➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरूका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको ठूलो कोड नम्बर भएको विषय (यस दिन अनिवार्य अङ्ग्रेजी (००४१) विषयको परीक्षा सञ्चालन हुनेछैन।) |

**परीक्षा आवेदन फाराम बुझाउने सम्बन्धी व्यवस्था**

❖ २०८३ सालको कक्षा १२ को मौका (पूरक) परीक्षामा सहभागी हुनका लागि मिति २०८३ असार १९ गतेभित्र बोर्डको सम्बन्धित कार्यालयको खातामा परीक्षा शुल्क बापत प्रति विद्यार्थी रु. ८००।– (आठ सय) का दरले हुन आउने रकम बुझाइसक्नुपर्नेछ। उक्त अवधिभित्र रकम दाखिला गर्न छुट भएका परीक्षार्थीहरूका लागि मिति २०८३ असार २६ गतेभित्र विलम्ब शुल्क सहितको रकम प्रति विद्यार्थी रु. १,६००।– (एक हजार छ सय) बुझाई सम्बन्धित विद्यालय मार्फत मिति २०८३ असार २८ गते कार्यालय समयभित्र रकम दाखिला गरेको भौचर वा Online भुक्तानी गरेको प्रमाण सहित बोर्डका सम्बन्धित कार्यालयहरूमा आवेदन फाराम बुझाइसक्नुपर्नेछ।

**द्रष्टव्य**

➢ मौका (पूरक) परीक्षा दुई दिन मात्र सञ्चालन हुनेछ। एक विषयको मात्र परीक्षामा सहभागी हुने परीक्षार्थीले जुनसुकै विषय भए पनि परीक्षा सञ्चालन भएको पहिलो दिन (मिति २०८३/०४/०२ गते) मै परीक्षामा सहभागी हुनुपर्नेछ।
➢ अनिवार्य अङ्ग्रेजी (००४१) विषयमा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको परीक्षा पहिलो दिन मात्र सञ्चालन हुनेछ।
➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीले आफूले परीक्षा दिने सानो कोड नम्बर भएको विषयमा पहिलो दिन *(अनिवार्य नेपाली (००२१) र अनिवार्य अङ्ग्रेजी (००४१) दुवै विषयमा परीक्षा दिने परीक्षार्थीको हकमा सानो कोड ००२१ भए तापनि पहिलो दिन ००४१ विषयको परीक्षा दिनुपर्ने)* परीक्षा दिनुपर्नेछ।
➢ तोकिएको परीक्षा कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि पुनः अर्को व्यवस्था गरिने छैन।
➢ परीक्षाका लागि चाहिने ग्राफ पेपर, चार्ट, लगटेबल, गोश्वारा भौचर आदि जस्ता सामग्रीहरू परीक्षार्थी स्वयंले ल्याउनुपर्नेछ।
➢ परीक्षा हलमा मोबाइल फोन, स्मार्ट घडी, ब्लुटुथ उपकरण लगायत अन्य इलेक्ट्रोनिक्स डिभाइस लैजान निषेध गरिएको छ। सूचना अवज्ञा गरी उपरोक्त सामग्री लगेको पाइएमा परीक्षा रद्द गरिनेछ।
➢ परीक्षार्थीहरू १५ मिनेट अगाडि अनिवार्य रूपमा परीक्षा केन्द्र पुगी परीक्षा हलभित्र प्रवेश गरिसक्नुपर्नेछ।
➢ परीक्षा केन्द्र निर्धारण सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ।
➢ तोकिएको परीक्षा केन्द्रबाट मात्र परीक्षा दिनुपर्नेछ। केन्द्र परिवर्तन गर्न पाइनेछैन।
➢ बोर्डका सम्बन्धित कार्यालयहरूले यसै सूचना अनुसार गर्नु गराउनुहुन अनुरोध छ।

**– परीक्षा नियन्त्रक**
**मिति : २०८३/०३/०५**

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | |
|---|---|
| छापावाल सुन | २,८६,७०० ▼ |
| चाँदी | ४६४० ▼ |

**सेयर बजार**

| | |
|---|---|
| नेप्से इन्डेक्स | २७०२.९१ (+१.६३) ▲ |
| कारोबार रकम | ४,५३४,९८३,५६८ ▲ |
| कारोबार भएका सेयर | १०,९२२,५२५ |
| कारोबार सङ्ख्या | ६१,१७० |
| कारोबार भएका कम्पनी | ३५३ |

# अवरोध हटाउन कूटनीतिक पहल जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

परराष्ट्रमन्त्री शिशिर खनालले नेपाली चियाको भारत निर्यातमा देखिएको अवरोधको विषयमा भारतीय पक्षसँग कूटनीतिक संवाद भइरहेको बताउनुभएको छ। बिहीबार नेपाल उद्योग वाणिज्य महासङ्घका प्रतिनिधिमण्डलसँगको भेटमा मन्त्री खनालले यो विषयप्रति सरकार गम्भीर रहेको र भारतीय पक्षसँग कूटनीतिक संवाद भइरहेको जानकारी गराउनुभएको महासङ्घले जनाएको छ।

चिया निर्यातमा देखिएका समस्याबारे जानकारी गराउन बिहीबार महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठको नेतृत्वमा एक टोली परराष्ट्र मन्त्रालय पुगेको थियो । महासङ्घको टोलीले भारतीय चिया बोर्डको नयाँ व्यवस्थाका कारण नेपाली चिया उद्योगले भोग्नु परेको समस्याबारे ध्यानाकर्षण गराएको थियो।

सो अवसरमा परराष्ट्रमन्त्री खनालले समस्याको व्यावहारिक समाधान निकाल्न पहल भइरहेको बताउनुभएको महासङ्घले जनाएको छ। "नेपालबाट चिया निर्यातमा देखिएका समस्या



समाधानका लागि हामीले भारतीय अधिकारीसँग कुराकानी अगाडि बढाइसकेका छौँ," उहाँले भन्नुभयो, "भारतीय पक्षबाट प्राप्त जानकारी अनुसार यसको छिट्टै समाधान निस्किने छ ।" उहाँले अन्य वस्तुको निर्यातमा समेत आउने यस्ता समस्याको दीर्घकालीन समाधानका लागि समेत भारतीय पक्षसँग कुरा भइरहेको जानकारी दिनुभयो।

महासङ्घका अध्यक्ष श्रेष्ठले वार्षिक करिब १२ देखि १४ अर्ब रुपियाँ बराबरको कारोबार हुने र चियाक्षेत्र सङ्कटमा पर्दा समग्र अर्थतन्त्र र लाखौँको जीविकोपार्जनमा असर पर्ने बताउँदै जतिसक्दो छिटो समाधानका लागि मन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो। उहाँले दीर्घकालीन समाधानका लागि नेपालमै अन्तर्राष्ट्रियमान्यताप्राप्तप्रयोगशालास्थापना गर्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा सांसद एवं रास्वपा संसदीय दलका उपनेता गणेश पराजुली र सासंद एवं उद्योग समितिका सभापति रहबर अन्सारीले यस्ता समस्याको अल्पकालीन तथा दीर्घकालीन समाधान खोज्नुपर्ने बताउनुभयो।

## दैनिक बिस लाख किलो घाटा



**कोकिला ढकाल**
*इलाम, असार ५ गते*

चिया निर्यातमा भारतले अवरोध गरेपछि पाँच दिनयता बन्दा भएका चिया उद्योगले कुनै निकास पाएका छैनन् । यसले दैनिक २० लाख किलोभन्दा बढी हरियो पत्ति हुर्किएर किसानलाई घाटा भइरहेको छ। भारतीय टी बोर्डले चिया आयातमा कडाइ गरेपछि भारतीय गोदाममा थन्किएको दुई लाख किलोभन्दा बढी तयारी चियाको नमुना परीक्षणको रिपोर्ट एक महिना पूरा हुँदा पनि प्राप्त नभएको व्यवसायीले बताएका छन्।

चिया उद्योगी ज्ञानी लिम्बूले भारतीय गोदाममा आफ्नो चिया थन्किएको एक महिना पूरा भएको र अहिलेसम्म ल्याब रिपोर्ट नआएको बताउनुभयो । "राम्रो रिपोर्ट आयो भने त बिक्री भएको चियाको पैसा आउँछ नत्र उतै नस्ट गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "पुनः नेपाल फर्काउन सकिँदैन । फर्काए पनि नेपाल ल्याउँदा ४० प्रतिशत भन्सार तिर्नु पर्छ। पुनः परीक्षणका लागि पनि थप रकम चाहिन्छ ।" उहाँका अनुसार अहिले एउटा नमुना परीक्षणका लागि साढे १३ हजार भारतीय रुपियाँ खर्च हुने गरेको छ।

चिया पठाउन नसकेपछि इलामका ७९ र झापाका ३० वटा उद्योगहरू बन्द अवस्थामा छन् । गत असार १ गतेदेखि इलामका ५३ चिया उद्योग बन्द भएका थिए । बिहीबारदेखि थप उद्योग बन्द भएका हुन् । भारतीय टी बोर्डले गत वैशाख १८ गतेदेखि स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर (एसओपी) लागु गरेको थियो । यो नियम लागु भएपछि नेपाली तयारी चिया भारतको कोलकत्ता र सिलिगुढीका गोदाममा पुगेर थन्किएको छ।

चिया निकासीमा समस्या आएपछि सरकारको ध्यानाकर्षण गराउँदै आएका चिया व्यवसायीले सरकारले समाधानको प्रयास नगरेको भन्दै चिया उद्योग नै बन्द गरेर सहज निकासीको वातावरण मिलाउन माग गर्दै आएका छन्।

## कूटनीतिक पहल गर्न आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

नेपाल फ्रेट फरवार्डरस एसोसिएसनले भारततर्फ निर्यात हुने चियामा देखिएको प्रक्रियागत तथा प्राविधिक अवरोधका कारण नेपाली चिया उद्योग गम्भीर सङ्कटमा परेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ।

एसोसिएसनले चियाक्षेत्रले नेपालको निर्यात प्रवर्धन तथा व्यापार सहजीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै नेपाल सरकारसँग यस विषयलाई उच्च प्राथमिकतामा राखी तत्काल कूटनीतिक पहल गर्नसमेत आग्रह गरेको छ।

मुलुकभर करिब १२० वटा चिया उद्योग, हजारौँ किसान तथा ५० देखि ६० हजार श्रमिकको रोजगारी यस क्षेत्रसँग प्रत्यक्ष रूपमा जोडिएकाले यस्तो अवस्थामा चिया उद्योगको गतिविधि ठप्प हुनु निर्यात व्यापार, विदेशी मुद्रा आर्जन तथा समग्र राष्ट्रिय अर्थतन्त्रलाई प्रत्यक्ष असर पर्ने एसोसिएसनले जारी विज्ञप्तिमा उल्लेख छ।

## धितोपत्र बोर्डको अध्यक्षमा भट्ट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*



दुई महिनापछि पुँजी बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) ले नयाँ नेतृत्व पाएको छ । शुक्रबार बसेको मन्त्रीपरिषद् बैठकले डा. गोपालप्रसाद भट्टलाई अध्यक्ष नियुक्ति गर्ने निर्णय गरेको हो। यसअघि बोर्डका अध्यक्ष रहेका सन्तोषनारायण श्रेष्ठले वैशाखमा पदबाट राजीनामा दिएपछि उक्त पद रिक्त रहेको थियो । सेवोनका नवनियुक्त अध्यक्ष डा. भट्टले 'स्टक मार्केट इफिसियन्सी इन नेपाल' विषयमा विद्यावारिधी गर्नुभएको छ। उहाँ राष्ट्र बैङ्कका पूर्वकार्यकारी निर्देशकसमेत हुनुहुन्छ। केन्द्रीय बैङ्कमा ३० वर्ष सेवा गरेर उहाँ सेवानिवृत्त हुनुभएको थियो।

कैलाली हसनपुरका भट्टले व्यवस्थापन सङ्कायमा प्राध्यापन गर्नुका साथै नेपाल एसबिआई बैङ्क र सानिमा क्यापिटलमा स्वतन्त्र सञ्चालक भएर पनि काम गर्नुभएको थियो। सेबोनको अध्यक्षका लागि आह्वान भएको दरखास्तमा ४७ जनाले आवेदन दिएका थिए । आवेदकमध्येबाट सिफारिस समितिले तीन जनाको नाम सर्टलिस्ट गरेको थियो । भट्टसँगै विनयदेव आचार्य र मुकुन्दकुमार क्षेत्री पनि सिफारिसमा पर्नुभएको थियो।

## घट्दै सुनको मूल्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

साताको अन्तिम दिन शुक्रबार स्थानीय बजारमा सुनको मूल्य तोलामा साढे १० हजार रुपियाँले घटेको छ।

अमेरिका र इरानबिच युद्धविराम गर्ने सम्झौतापछि अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा त्यसको प्रभाव स्थानीय बजारमा परेको हो। बिहीबार प्रतितोला दुई लाख ९७ हजार दुई सय रुपियाँमा कारोबार भएको सुनको मूल्य एकैदिन तोलामा १० हजार पाँच सय रुपियाँले घटेर दुई लाख ८६ हजार सात सय रुपियाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ। आगामी दिनमा सुनको मूल्य थप घट्दै जाने महासङ्घको अनुमान छ।

सुनचाँदी व्यवसायी तेजरत्न शाक्यले दुई देशबिच भएको सम्झौताका कारण लगानीकर्ता सुन बिक्री गर्न थालेपछि मूल्य घट्न पुगेको जानकारी दिनुभयो । शुक्रबार अन्तर्राष्ट्रिय बजारमा प्रतिऔँस सुनको मूल्य चार हजार १४८ अमेरिकी डलरमा कारोबार भएको छ। आगामी दिनमा अन्तर्राष्ट्रिय बजारमा प्रतिऔँस सुनको मूल्य घटेर चार हजार डलरमा आउने अनुमान गरिएकाले स्थानीय बजारमा सुनको मूल्य घटेर दुई लाख ७५ हजार रुपियाँसम्म झर्ने शाक्यको भनाइ छ।

भन्सारदर वृद्धि नभएको अवस्थामा सुनको मूल्य घटेर दुई लाख ५० हजारसम्म झर्ने व्यवसायीको भनाइ छ। सरकारले आगामी आवको बजेटमार्फत सुन आयातमा लाग्दै आएको भन्सार महसुल बढाएर २० प्रतिशत पुऱ्याएको छ। चाँदीको मूल्य पनि घटेको छ। बिहीबार चार हजार ९४५ रुपियाँमा कारोबार भएको चाँदीको मूल्य शुक्रबार घटेर चार हजार ८४० रुपियाँमा कारोबार भएको महासङ्घले जनाएको छ।

## कृषि अनुदान छानबिन हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*




विगत १० वर्षमा कृषि तथा पशुपन्छी मन्त्रालयबाट वितरण भएको अनुदान छानबिन गरिने भएको छ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले एक दशकसम्म प्रवाह भएको कृषि तथा पशुपन्छी अनुदानको छानबिन गर्न पाँच सदस्यीय कार्यदल गठन गर्नुभएको हो।

कार्यदललाई आर्थिक वर्ष २०७२/७३ देखि हालसम्म प्रवाह भएको कृषि तथा पशुपन्छी अनुदानको छानबिन गर्न क्षेत्राधिकार तोकिएको छ।

सहसचिव बद्रीप्रसाद दाहालको संयोजकत्वमा गठित कार्यदललाई छ महिनाभित्र विस्तृत प्रतिवेदन मन्त्रालयसमक्ष पेस गर्ने समयसीमा दिइएको छ। कार्यदलले पुराना प्रतिवेदनको पुनरवलोकन गर्दै अनुदान दुरुपयोगको अवस्था लेखाजोखा गरी सुधारका लागि उपयुक्त सुझाव दिने छ।

नेपालको कुल गार्हस्थ उत्पादनमा करिब २५ प्रतिशत योगदान रहेको कृषि र पशुपन्छी क्षेत्रको उत्पादन वृद्धि र व्यावसायिक विकासका सरकारले बर्सेनि विभिन्न शीर्षकमा अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ।

विगतका वर्षमा अनुदान रकम वास्तविक तथा सीमान्तकृत किसानसम्म पुग्न नसकेको र अनुगमन कमजोर भएको भन्दै प्रभावकारिता माथि प्रश्न उठ्दै आएको छ।

कार्यदलको कार्यादेश (टिओआर) मा पुराना प्रतिवेदनसमेत पुनरवलोकन गरी अनुदान दुरुपयोग भएको भुक्तानको पहिचान गर्ने विषय समावेश गरिएको छ । प्रभावकारी देखिएका प्रणालीका हकमा असल अभ्यासको उदाहरण सहित 'ग्याप एनालाइसिस' गरी आवश्यक सिफारिस गर्ने र अनुदान दुरुपयोग भएको अवस्था लेखाजोखा गरी सुधारका लागि उपयुक्त कदम चाल्न सिफारिस गर्ने कार्यादेश पनि कार्यदललाई दिइएको छ।

कार्यदलले कम्तीमा एक महिनामा दुई पटक वा आवश्यकता अनुसार त्यसभन्दा बढी पटक मन्त्रालयका सचिवसमक्ष आफ्नो प्रगति विवरण अनिवार्य पेस गर्नुपर्ने छ।

नेपाल सरकार
**राष्ट्रिय परीक्षा बोर्ड**
सानोठिमी, भक्तपुर

**नियुक्ति पत्र बुझ्न आउने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८३/०३/०६

राष्ट्रिय परीक्षा बोर्ड, पदपूर्ति समितिको सिफारिस तथा बोर्डको स्थायी नियुक्ति गर्ने निर्णयानुसार नियुक्ति पत्र बुझ्न सूचना गरिएकोमा हालसम्म पनि नियुक्ति पत्र बुझ्न सम्पर्कमा नआउनुभएका देहाय बमोजिमका व्यक्तिहरूलाई यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र नियुक्ति पत्र बुझ्न आउनुहुन राष्ट्रिय परीक्षा बोर्डको कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी विनियम, २०७६ को विनियम १७ को उपविनियम (४) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | नाम, थर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | १३/२०७९/०८० | शाखा अधिकृत | कृष्ण प्रसाद ढुंगेल | चौरी देउराली-०६, काभ्रेपलाञ्चोक |
| २. | २६/२०७९/०८० | प्रशासन सहायक | विवेक सुनुवार | लिखु-२, रामेछाप |

कर्मचारी प्रशासन तथा जनशक्ति विकास महाशाखा
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर ।
फोन नं. ०१-६६३०८४८

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
बर्दिया, नेपाल

**ठेक्का सम्झौता अन्त्य गरिएको र वित्तीय फरफारक गर्न आउने सम्बन्धमा ।**

मिति : २०८३/०३/०६ गते

यस कार्यालय र निर्माण व्यवसायी/कम्पनी श्री अमन कन्ट्रक्शन गुलरिया ४ बर्दियाबीच मिति २०७७/११/२६ मा यस कार्यालयको ठेक्का नं. DCSIO/BARDIYA/NCB/WORK/BIG/077/078/01 निर्माण कार्यका लागि सम्झौता भएकोमा, उक्त सम्झौताका शर्त तथा कार्यतालिका बमोजिम निर्माण व्यवसायीले तोकिएको समयभित्र कार्य सम्पन्न नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ (नेपाल राजपत्र भाग २ मिति २०८३/०१/१७ मा जारी भएको अध्यादेश) को दफा ५९ को उपदफा ७ अनुसार यस कार्यालय र तपाईं निर्माण व्यवसायी/कम्पनीबीच भएको सम्झौता यस कार्यालयको मिति २०८३/०३/०४ गतेको निर्णयानुसार अन्त्य गरी उपदफा ८ अनुसार सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउँदै सोही ऐनको दफा ६३ बमोजिम कालो सूचीमा राख्ने प्रक्रिया समेत अगाडि बढाइएको छ। साथै यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालयमा सम्पर्क राखी हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरी वित्तीय फरफारक गर्न आउनुहुन सम्बन्धित निर्माण व्यवसायीलाई यो सूचना प्रकाशित गरिएको छ। साथै निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा कार्यालयबाट नापजाँच गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**त्रिवेणी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल ।

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः २०८३/०३/०६ गते)

यस कार्यालयको मिति २०८३/०२/२८ गते www.bolpatra.gov.np/egp तथा website मा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नका लागि रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये तपसिल बमोजिमको सिलबन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृत गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्काको नं. | ठेक्काको विवरण | सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मिति | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (पी.एस. र भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| 1 | TRM/ROLPA/ WORKS / SQ/29/2082/083 | Yari-Kareti-Tukla Rural Road Restoration, TRM-01, Rolpa | June 11, 2026 | M/S Maliya Construction and Suppliers Pvt. Ltd., TRM-01, Rolpa | 17,27,510.00 |

प्रमुख प्रशासकीय अधिकृत

**मटिहानी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी, मधेश प्रदेश, नेपाल

**E-biding procurement स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८३।०३।०६ गते

यस कार्यालयको मिति २०८२।१२।२९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा E-biding procurement सम्बन्धी प्रकाशित सूचना अनुसार उक्त कार्यका लागि E-biding procurement आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका E-biding procurement हरूमध्ये तपसिल बमोजिमका बोलपत्र दाताको procurement न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कार्य गर्ने अवधि कम हुने भएकोले यसको म्याद तीन दिनको मात्र हुनेछ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | 18/M-mun/TW/ NCB/082/083 | construction of Shallow/Deep tubewell for irrigation in Agriculture Region in matihani municipality | Aarohi Boaring udhyog, Janakpur-14 | 34,68,535.00 |

प्रमुख प्रशासकीय अधिकृत

# जापानको प्रलोभनमा सरकारी कर्मचारीसमेत ठगिए



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

वैदेशिक रोजगारीमा युरोप, जापान, अमेरिकालगायतका देशमा आकर्षक सेवा सुविधासहित कमाइ हुने प्रलोभनमा परेर बेरोजगार युवा कन्सल्टेन्सीबाट ठगीमा पर्ने घटना नयाँ होइन । पछिल्लो समयमा सरकारी संस्थानमा सेवारत कर्मचारीसमेत गेट्सवाइ इन्टरनेसल ट्राभल एवं भिसा नामको कम्पनीको आकर्षक विज्ञापनको प्रलोभनमा ठगीमा परेको पाइएको छ।

पासबहादुर लामा वैदेशिक रोजगारीमा जापान जाने तयारी गरिरहेकै बेलामा सामाजिक सञ्जालमा गेट्सवाइ इन्टरनेसल ट्राभल एवं भिसा नामको कम्पनीबाट चाहे जस्तो माग आयो । यसअघि जापानमै काम गरेर फर्किनुभएका लामालाई उक्त कम्पनीको कामको प्रक्रिया सही लागेपछि पहिलो चरणमा भिसा प्रक्रिया गर्ने गरी तीन लाख रुपियाँ दिनुभयो।

जापानमा मासिक साढे दुई लाखदेखि तीन लाख रुपियाँसम्म कमाइ हुने प्रलोभनमा परेर उहाँले गएको मङ्सिरमा त्यो बराबरको रकम बुझाएको र बाँकी भिसा आएपछि तिर्ने सर्त थियो। भिसा आउला भन्दाभन्दै दुई महिनादेखि उक्त कम्पनीका मुख्य सञ्चालक केशरबहादुर गुरुङ फोन अफ गरेर फरार भएपछि मात्रै उहाँलाई आफू ठगीमा परेको थाहा भयो। उक्त कम्पनीबाट ठगिनेमा उहाँ मात्रै एक्लो भने होइन।

लामा जस्तै गरी ललिता श्रेष्ठ पनि जापान जाने चक्करमा ठगिन पुग्नुभयो। जापानमा राम्रै कमाइ हुने ठाउँमा जान पाउने भएपछि पहिलो चरणमा भिसा प्रक्रियाका लागि भनेर उहाँले दुई लाख रुपियाँ कम्पनीलाई दिनुभयो।

१२ लाख रुपियाँमा जापानको राम्रै होटेलमा कामका लागि पठाउने भनेपछि श्रेष्ठले बाँकी पैसा पनि भिसा आउनेबित्तिकै तिर्ने भनेर आफ्नातर्फबाट रकम सङ्कलन गरिसक्नुभएको थियो।

गत कात्तिकमै दुई महिनामा भिसा आउँछ भनेर तयारीमा रहनुभएकी श्रेष्ठले भन्नुभयो, "छ महिनासम्म भिसा नआएपछि फलोअफ गर्न खोज्दा सञ्चालकको फोन अफ भयो र कार्यालय पुग्दा कार्यालयमा ताला झुन्डिएको देखेपछि मात्रै आफू ठगिएको थाहा भयो। उक्त कम्पनीबाट ठगिनेमा लामा र श्रेष्ठ मात्रै हुनुहुन्न। उहाँसहित १५० जना एउटै लटमा ठगिएको उजुरी विभागमा परेको छ।

यसरी ठगिनेमा सार्वजनिक संस्थाको राम्रै तहमा काम गर्ने कर्मचारीसमेत रहेको पाइएको छ । नेपाल सरकारको स्वामित्वमा रहेको सार्वजनिक संस्थानमा कार्यरत युवाले नाम नभन्ने सर्तमा भन्नुभयो, "जापानमा मासिक साढे दुई लाख कमाउन लोभले फसियो, उसको कामको प्रक्रिया हेर्दा त्यस्तो गलत थिएन र ठग रहेछ पछि थाहा भयो।"

उक्त कम्पनी काठमाडौँ रातोपुलमा रहेको छ । केहरबहादुर गुरुङ, प्रेम पुरी, प्रतीक बुढाथोकी, अस्कर हुमागाईंलगायतले सञ्चालन गरेको उक्त कम्पनीको नामबाट यसअघि पनि युरोप पठाउने भन्दै पैसा उठाएर त्यत्तिकै सङ्ख्याका युवालाई ठगेको पाइएको छ । त्योबेलामा पनि उनीहरूले केही समय कार्यालय नै बन्द गरेर पछि फेरि पुनः खुला गरेको पाइएको छ।

प्रभावित युवाले वैदेशिक रोजगारीका नाममा ठगिएको भन्दै यही जेठको पहिलो साता चार जनालाई प्रतिवादी बनाएर वैदेशिक रोजगार विभागमा उजुरी गरेका छन्। विभागले उक्त उजुरीको सुनुवाइ गर्दै फरार भएका कम्पनीका सञ्चालकको खोजीका लागि नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग (सिआइबी) लाई पत्राचार गरेको जनाएको छ। सिआइबीले फरार रहेका अभियुक्त खोज्ने काम गरेको छ।

युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार क्षेत्रमा सुशासन स्थापना गर्न निरन्तर क्रियाशील रहेको जनाएको छ । पारदर्शिता, जवाफदेहिता र पीडितलाई न्याय दिलाउने प्रतिबद्धतासहित पुराना मुद्दालाई चाँडो फर्स्योट गर्ने प्रक्रिया अगाडि बढाइएको मन्त्रालयको दाबी छ।

# पानीका जारमा नयाँ प्रिन्ट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

खानेपानी उद्योगले पिउने पानीको बोतल तथा जारको लेबलिङ र गुणस्तर नियमनसम्बन्धी तोकेको नयाँ मापदण्ड अनुसार पानीको बोतल वा जारमा 'इम्बोस्डिङ स्क्रिन प्रिन्ट' वा 'लेजर प्रिन्ट' गर्ने काम लगभग पूरा गरेको जनाएका छन् । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत चैतमा बोतल तथा जारको लेबलिङ र गुणस्तर नियमनसम्बन्धी नयाँ मापदण्ड कार्यान्वयनमा दिएको निर्देशन अनुसार उद्योगीले पानीको बोतल वा जारमा त्यस्तो प्रिन्ट गरेर बजारमा पठाउन थालेका हुन् । विभागका अनुसार पिउने पानीको गुणस्तर सुनिश्चित गर्न र वातावरणीय प्रदूषण न्यूनीकरण गर्ने उद्देश्यले गत चैत ३० गते विभागले जारी गरेको नयाँ मापदण्ड उद्योगीले कार्यान्वयन गरेका हुन् । नेपाल पानी उद्योग महासङ्घका अध्यक्ष विक्रमबाबु लिम्बूले खानेपानीका जार अधिकांश उपभोक्ताको घर घरमा रहने भएकाले केहीमा प्रिन्ट हुन बाँकी रहेको हुन सक्ने अनुमान गर्नुभयो। यसअघि बोतलमा 'नेकसिल' प्रयोग हुँदै आएको थियो। प्लास्टिकको अनावश्यक प्रयोग घटाएर वातावरणमा पर्ने नकारात्मक प्रभावलाई कम गर्ने यो सरकारको कदमले उद्योगलाई पनि केही राहत भएकाले सबै उद्योगबाट सहयोग भएको उहाँले जानकारी दिनुभयो।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वातावरण विभाग र पानी उद्योगीका छाता सङ्गठनको समन्वयमा खानेपानीको बोतलमा 'नेकसिल' वा बाह्य प्लास्टिक लेयर प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्ने निर्णय गर्ने सहमति अनुसार यो कार्य सुरु गरिएको महासङ्घले छ। विभागका अनुसार जारमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट प्राप्त अनुज्ञापत्र नम्बर, उत्पादक कम्पनीको नाम, ठेगाना र सबै विवरण समेटिएको लोगो हुनुपर्ने छ।

**भूमि प्रशासन कार्यालय, डिल्लीबजार, काठमाडौँबाट बिर्ता जग्गा दर्ताको हकदाबी सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।**

यसमा मेरा पिता जगत बहादुर बोहोरा नाममा मोही कायम भएको दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित जग्गा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७क र दफा १२क को प्रतिबन्धात्मक वाक्यांश तथा बिर्ता उन्मूलन नियम, २०१७ को नियम ३क र ३ख हाल नवौँ संशोधन नियमावली २०८२ बमोजिम नियम ३ख बमोजिम "ख" श्रेणीको बिर्ता जग्गा मोहीले रै.प. दर्ता गर्न पाउने कानूनी व्यवस्था बमोजिम रै.प. दर्ता नहुँदै मोही जगत बहादुर बोहोराको परलोक भई उल्लिखित जग्गा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी का.म.न.पा. वडा नं. १६ बस्ने नारायण बोहोराले निवेदन गर्नुभएकोले तपसिलमा उल्लिखित जग्गा निवेदकको नाममा रै.प. दर्ता नामसारी हुनुनपर्ने कुनै कारण भए वा कुनै सरकारी सार्वजनिक, मठ मन्दिर, साझा चोक भए वा अन्य कुनै व्यक्ति विशेषको हकदाबी पुग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी उजुर गर्न आउनुहोला। अन्यथा प्रचलित कानून बमोजिम माग निवेदन बमोजिम रै.प. दर्ता नामसारी भइजाने व्यहोरा सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| जिल्ला | गाविस/न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| काठमाडौँ | बालाजु | ५क | २२१ | ०-८-०-० | जगत बहादुर बोहरा का.ई. बालाजु बोहोराटार | दर्तावाला हिरण्य बज्राचार्य मर्दा हक खाने नाति पुर्णमान बज्राचार्य का.ई., ईटुंबहाल | यो जग्गा इटंबहाल बस्ने पूर्णमानलाई ११४ धान तिरी खाएको छु। |

**कैफियत** – का.म.न. दो. मौजा बालाजु हा.नं. १६९ अस्पष्ट पुखुडोल खेत रोपनी १ तिरो २।४४ पैसा का.ई. इटुंबहाल दर्ता नामसारी बाँकी
**पुनश्च** – मोठ स्रेस्तामा २६५/०५३/०५४ र मि.नं. ५८/०५४/०५५ भिडेको

# पोखराले ल्यायो सात अर्बको बजेट

**फडिन्द्र अधिकारी**
*लेखनाथ, असार ५ गते*

पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सात अर्ब १५ करोड २५ लाख रुपियाँको बजेट सार्वजनिक गरेको छ। महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले १९ औँ नगर सभामा बजेट प्रसतुत गर्दै चालु खर्चतर्फ ५५ प्रतिशत र पुँजीगततर्फ ४५ प्रतिशत बजेट विनियोजन गर्नुभएको हो।

बजेटका स्रोतमा सङ्घीय सरकारबाट कुल तीन अर्ब १८ करोड ६० लाख प्राप्त हुने अनुमान छ। जसमध्ये ससर्त अनुदानबाट दुई अर्ब ६१ करोड ९१ लाख, विशेष अनुदान पाँच करोड ५० लाख, समपूरक अनुदान एक करोड ८२ लाख, समानीकरण अनुदान ४९ करोड ३७ लाख रुपियाँ प्राप्त हुने अनुमान गरिएको छ।

त्यस्तै गण्डकी प्रदेश सरकारका तर्फबाट समपूरकतर्फ ६० लाख, विशेष अनुदान ४० लाख, समानीकरण अनुदान आठ करोड १५ लाख ३६ हजार गरी प्रदेश सरकारको वित्तीय हस्तान्तरणबाट कुल नौ करोड १५ लाख ३६ हजार प्राप्त हुने बजेटमा उल्लेख छ। राजस्व बाँडफाँटमा सङ्घ सरकारबाट ३४ करोड ३४ लाख ७३ हजार, प्रदेशबाट चार करोड नौ लाख ८६ हजार र स्थानीय सरकारतर्फ एक अर्ब ३१ लाख १४ हजार प्राप्त हुने अनुमान छ। आन्तरिक स्रोततर्फ दुई अर्ब ४८ करोड ७३ लाख ९१ हजार प्राप्त हुने प्रक्षेपण छ। नगर सभामा उपप्रमुख गुरुङले आन्तरिक आयबाट तीन अर्ब ८७ करोड ४९ लाख ६४ हजार जुट्ने अनुमान पेस गर्नुभएको छ। चालु वर्ष पोखरा महानगरले आठ अर्ब ३५ करोड १२ लाखको बजेट कार्यान्वयन गरिरहेको छ।

बजेटमा महानगरले ग्रामीण र विकट क्षेत्रमा घुम्ती क्षेत्रमा शिविर सञ्चालन गरी घरदैलोमै सेवा दिने उल्लेख गरेको छ। आन्तरिक आम्दानी अपेक्षित गर्न नसकेको महानगरले आगामी वर्ष स्थलगत अनुगमन गर्न राजस्व टोली परिचालन गर्ने भएको छ। महानगरलाई प्रविधिमैत्री बनाउँदै आगामी वर्षदेखि सबै प्रकारका राजस्व घरबाटै भुक्तानी गर्न मिल्ने व्यवस्था गर्ने भएको छ।




*तस्बिर : गोरखापत्र*

**पोखरा महानगरको १९ औँ नगर सभामा आगामी आवको बजेट प्रस्तुत गर्नुहुँदै उपप्रमुख मञ्जुदेवी गुरुङ ।**

बजेटले पर्यटकीय गतिविधिलाई पनि समेटेको छ । विभिन्न मेला, महोत्सवलाई सघाउनेबाहेक महानगरले पर्यटन प्रवर्धनका लागि ६० लाख छुट्याएको छ। महानगरले पोखरा भरतपुर लुम्बिनी ट्रायङ्गल प्रवर्धन गर्ने भएको छ भने लगानी आकर्षण गर्न आगामी वर्ष लगानी सम्मेलनसमेत गर्ने भएको छ । उपप्रमुख गुरुङले आगामी बजेटले पूर्वाधार र मानवीय विकास गरी पोखरालाई अन्तर र्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा प्रवर्धनमा सघाउने अपेक्षा गर्नुभयो।

# साना उद्योगमा आकर्षित हुँदै विदेशी लगानीकर्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

मुलुकमा वैदेशिक लगानीकर्ताको आकर्षण मुख्यतः साना उद्योगतर्फ केन्द्रित हुँदै गएको तथ्याङ्कले देखाएको छ । उद्योग विभागका अनुसार चालु आर्थिक २०८२/८३ को ११ महिनामा दर्ता भएका ९१४ उद्योगमध्ये ८९४ साना उद्योग रहेका छन्।

साना उद्योगमा कम लगानी पर्ने भएकाले पनि दर्ता हुनेमा सबैभन्दा धेरै साना उद्योग रहेका छन्। ११ महिनामा ११ वटा मझौला र नौ वटा मात्र ठुला उद्योग दर्ता भएका छन्। ११ महिनामा सबैभन्दा धेरै ५७७ सूचना प्रविधिमूलक परियोजना दर्ता भएका छन्।

विभागका विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विभाग प्रमुख प्रशान्त बोहोराले सूचना मुलुक उद्योगमा सीमा नभएकाले धेरै सङ्ख्यामा लगानी प्रतिबद्धता आएको जानकारी दिनुभयो।

सूचना प्रविधिमा आधारित उद्योगमा लगानीकर्ताले सानो सानो रकम पनि लगानी गर्न सक्ने भएकाले धेरै सङ्ख्यामा दर्ता भएको उहाँको भनाइ छ। चीन र युरोपियन मुलुकबाट सूचना प्रविधिमूलक परियोजनामा लगानी प्रतिबद्धता आएको उहाँको भनाइ छ।

चालु आवको ११ महिनामा ४७ अर्ब ६२ करोड रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ। विभागका अनुसार साउनदेखि जेठ मसान्तसम्म विदेशी लगानीकर्ताले ९१४ वटा उद्योगमा सो रकम लगानी गर्ने प्रतिबद्धता जनाएका हुन्।

विभागको तथ्याङ्क अनुसार सो अवधिमा सबैभन्दा धेरै लगानी प्रतिबद्धता कृषि तथा वनपैदावारमा आधारित उद्योगमा आएको छ । यस क्षेत्रका १६ उद्योगमा मात्रै २२ अर्ब आठ करोड रुपियाँ बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ; जुन कुल प्रतिबद्धताको सबैभन्दा ठुलो हिस्सा हो । सिन्धुलीको मासु प्रशोधन उद्योगमा सो लगानी प्रतिबद्धता आएको हो।

पर्यटन क्षेत्रका २०२ उद्योगमा १२ अर्ब ९९ करोड ७४ लाख रुपियाँ बराबरको लगानी प्रतिबद्धता आएको विभागले जनाएको छ । यस्तै उत्पादनमूलक ५२ उद्योगमा तीन अर्ब ५७ करोड १० लाख रुपियाँ लगानी प्रतिबद्धता आएको छ। सूचना प्रविधिमा आधारित ५७७ वटा परियोजनाका लागि दुई अर्ब ३६ करोड ५८ लाख रुपियाँ लगानी गर्ने प्रतिबद्धता आएको छ।

पूर्वाधारमूलक एउटा उद्योगमा एक अर्ब ६५ करोड ४४ लाख रुपियाँ, दुई वटा ऊर्जामूलक उद्योगमा २३ करोड, ४२ लाख ५० हजार र दुई खनिज उद्योगमा ११ करोड ५० लाख रुपियाँ लगानी प्रतिबद्धता आएको विभागको तथ्याङ्क छ।

विभागका अनुसार जेठमा मात्रै दुई अर्ब २९ करोड ५३ लाख रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको विभागले जनाएको छ । सो अवधिमा १८६ वटा नयाँ परियोजना दर्ता भएका छन्; जसबाट एक हजार २२१ जनाले रोजगारी पाउने अपेक्षा गरिएको छ।

# सिउँडीफल फुल्दा किसानमा उत्साह

**बबई समाचारदाता**
*बबई (बर्दिया), असार ५ गते*

बर्दियामा व्यावसायिक रूपमा सिउँडीफल खेती गर्दै आएका कृषक यस वर्ष उत्पादन बढ्ने आशामा उत्साहित छन्। विगतका वर्षको तुलनामा यस वर्ष सिउँडी फल समयअगावै फुलेर फल लाग्न थालेपछि कृषकमा उत्साह थपिएको हो।

सामान्यतः असार महिनामा फुल्ने सिउँडी फल यस वर्ष भने जेठमै फुल्न सुरु भएको थियो। असार लाग्नासाथ फल उत्पादन हुन थालेको छ। यसले उत्पादन अवधि लम्बिने र कुल उत्पादनमा वृद्धि हुने कृषकको अपेक्षा छ।



*तस्बिर : ज्योति पन्थी*

**कृषक हिमबहादुर पुन ।**

बर्दियाको गुलरिया नगरपालिका–८, सुरजपुर र मधुवन नगरपालिका–६, तारातालक्षेत्रमा पछिल्ला केही वर्षदेखि नगदेबालीका रूपमा सिउँडीफल खेती विस्तार हुँदै आएको छ। उत्पादनपछि सहज रूपमा बजार पाइने र राम्रो मूल्य प्राप्त हुने भएकाले कृषक यस खेतीतर्फ आकर्षित हुँदै गएका छन्।

सुरजपुरका कृषक हिमबहादुर पुनले विगतका वर्षको तुलनामा यस वर्ष सिउँडी फल चाँडै फुलेको र फल लाग्न सुरु भइसकेको जानकारी दिनुभयो । उहाँले हाल छ कट्ठा जमिनमा सिउँडीफल खेती गर्दै आउनुभएको छ।

त्यस्तै तारातालका कृषक जीवन मल्लले सिउँडीको फलले सजिलै बजार पाउने भएकाले आफू पाँच वर्षदेखि यसको व्यावसायिक खेतीमा संलग्न रहेको बताउनुभयो । उहाँले हाल १० कट्ठा क्षेत्रफलमा सिउँडी खेती गरिरहनुभएको छ। बर्दियामा उत्पादित सिउँडी गुलरिया, मधुवन, भुरीगाउँ तथा बाँसगढीलगायतका स्थानीय बजारमा बिक्री हुने गरेको छ। कृषकका अनुसार सिउँडीको फल प्रतिकेजी पाँच सय रुपियाँसम्ममा बिक्री हुने गरेको छ । राम्रो मूल्य र सुनिश्चित बजारका कारण पछिल्ला वर्षमा जिल्लामा सिउँडी खेतीप्रति कृषकको आकर्षण बढ्दै गएको छ।

कृषकका अनुसार यस वर्ष मौसम अनुकूल रहेकाले उत्पादन पनि विगतको भन्दा बढी हुने अपेक्षा गरिएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**भक्तपुर क्यान्सर अस्पताल**

**आधिकारिक बिक्रेता वा आधिकारिक एजेण्टको सूचीदर्ता सम्बन्धी सूचना**

**प्रकाशित मिति २०८३/०३/०६**

यस अस्पतालमा सञ्चालनमा रहेका तपसिल बमोजिमका मेशिनरीहरूका लागि आगामी आ.व. २०८३/०८४ का लागि आवश्यक पर्ने Kits, Reagents तथा Consumables हरू आपूर्ति तथा नियमित मर्मत गर्नका लागि आवश्यक पर्ने पार्टपूर्जा, वार्षिक मर्मत सम्झौता AMC(Annual Maintenance Contract)/CMC (Comprehensive Maintenance Contract) गर्ने प्रयोजनका लागि सम्बन्धित फर्म/कम्पनीबाट यो प्रस्ताव माग गरिएको छ । सम्बन्धित फर्म कम्पनी/आधिकारिक विक्रेताले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस अस्पतालको खरिद एकाइमा देहाय अनुसारका कागजात संलग्न गरी शिलवन्दी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | मेशिन उपकरण | उत्पादक कम्पनी | मोडेल नं. |
|---|---|---|---|
| 1. | Fully Automated Immunohistochemistry stainer (IHC) Machine | Roche Diagnostics | VENTANA Bench Mark GX |
| 2. | Fully Hematology Cell Counter | Horiba Medical ABX SAS | ABX Pentra XLR |
| 3. | Semi -Automated Coagulation Machine | Shenzhen Mindray Bio-Medical Electronics Co. Ltd. | C2000-4 |
| 4. | Capillary Electrophoresis Machine | Sebia | Minicap Flex Piercing 1232 |
| 5. | Fully Autmated Blood Culture System | Becton Dickison and Company | BACTEC FX 80 |
| 6. | Blood Gas and Chemistry Analyzer | Edan Instruments inc. | i15 |
| 7. | Electrolyte Analyzer | Medica | Easylite Expand |
| 8. | Fully Automatic Biochemistry Analzer | Ortho Clinical Diagnostic | Vitrous 350 |
| 9. | Fully Automatic CLIA Analzer | Ortho Clinical Diagnostic | ECI |
| 10. | Digital Radiograph X-Ray Systems | DRGEM Corporation | GXR68SD |
| 11. | Digital Mammography Systems | Metaltronica S.P.A | Heliantus |
| 12. | CT Scan Film | Agfa Healthcare | Dryster 5302 |
| 13. | I-stat ABG | Abbott Laboratories | I- STAT Abbott |
| 14. | ESR Anayzer | CPC Diagnostic | YHLO VISION PRO ESR |
| 15. | LBC Machine | Becton Dickison | PRP |
| 16. | Fully Automatic Biochemistry Analzer | Beckman Coulter | 0XC |
| 17. | Fully Automatic CLIA Analzer | Abbott Laboratories | i1000SR |
| 18. | Frozen Section | Dakewe | 6250 |
| 19. | Fully Automated IHC | Henan Celnovte Biotechnology Co. Ltd | CNT300 |
| 20. | Flow Cytometry | Becton Dickison | BD Facslyric |
| 21. | Urine Analyzer | Shenzhen Reeto Biotechnology | RT-U600 |
| 22. | Protien Analyzer | Goldside Diagnostic | GPP 100 |
| 23. | HBA1C Analyzer | Human mBH | Humanex A1C Varient |
| 24. | Semi Bio-Analyzer | Human mBH | Humalyzer Primus |
| 25. | CT SCAN (256 Slices) | Siemens Healthcare | Somatom Drive |
| 26. | CT Simulator | Siemens Healthcare | Somatom RT 20 Pro |
| 27. | Radiotherapy Accelerator (LINAC) | Varian Medical System | Clinac 2100C/D |
| 28. | Cobalt Therapy Machine | Panacea Medical Technologies | Bhabhatron II |
| 29. | Cobalt Simulator | Panacea Medical Technologies | Imagin I |
| 30. | Oxygen Plant | Hanghou Durui Air Seperation equipment Co. Ltd. | ORO-20 |

**आवश्यक कागजातहरू**

१. कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
५. सम्बन्धित कम्पनीको मिति समेत खुल्ने आधिकारिकताको प्रमाणपत्रको प्रतिलिपी
६. Reagents तथा Consumables/Spare Parts को मूल्य सूची
७. AMC/CMC को लागि मूल्य सूची सहितको यथार्थ विवरण




# मेक्सिको नकआउटमा पुग्ने पहिलो टिम



मेक्सिकोका खेलाडी शुक्रबार दक्षिण कोरियाविरुद्ध गोल गरेपछि । *तस्बिर : एपी*

**ग्वाडालाजारा** (मेक्सिको), असार ५ गते सहआयोजक मेक्सिको शुक्रबार दक्षिण कोरियालाई १–० ले हराएर विश्वकप फुटबल–२०२६ को नकआउट चरणमा पुग्ने पहिलो टिम बनेको छ। मेक्सिको दुई खेलपछि नै समूह 'ए' विजेता बन्ने पक्का भएको छ। उसले पहिलो खेलमा दक्षिण अफ्रिकालाई पनि पराजित गरेको थियो। पछिल्लो विश्वकपमा मेक्सिकोले समूह चरण पार गर्न सकेको थिएन। कतार विश्वकपअघिका सात संस्करणमा मेक्सिकोले समूह चरण पार गरे पनि प्रिक्वाटरफाइनलमा निराशा बेहोरेको थियो। सन् १९७० र १९८६ मा क्वाटरफाइनल खेल्दा मेक्सिकोले नै विश्वकपको आयोजना गरेको थियो। मेक्सिको यसपालि घरेलु मैदानमा लामो यात्रा तय गर्ने दाउमा छ।

खेलको ५० औँ मिनेटमा दक्षिण कोरियाका डिफेन्डर र गोलरक्षकको गल्तीमा लुइस रोमोले निर्णायक गोल गर्नुभएको हो। गोलरक्षक किम सियुङ–ग्यु र डिफेन्डर लिग गि–ह्युक ठोकिएपछि डिबक्सभित्र बल प्राप्त गरेका रोमोले सहज गोल गर्नुभयो। खेलको ८७ औँ मिनेटमा दक्षिण कोरिया बराबरी गोलको निकै नजिक पुगेको थियो। चो गुइ–सुङले गोलपोस्ट नजिकबाट गरेको हेडर र त्यसपछि रिबाउन्डमा याङ ह्युन जुनले गरेको प्रहारमा गोलरक्षक राउल रान्गेलले 'डबल सेभ' गरेपछि दक्षिण कोरियाले बराबरी गर्न सकेन।

### दक्षिण अफ्रिका–चेक बराबर

समूह 'ए' मै भएको अर्को खेलमा दक्षिण अफ्रिकाले चेक गणतन्त्रलाई १–१ ले बराबरीमा रोकेपछि मेक्सिको समूह विजेता बन्ने पक्का भएको हो। मेक्सिकोको दुई खेलबाट छ अङ्क भएको छ। समान दुई खेलबाट दक्षिण कोरिया तीन तथा दक्षिण अफ्रिका र चेकको एक/एक अङ्क छ। दक्षिण अफ्रिका र चेकको पनि नकआउट चरणमा पुग्ने सम्भावना कायम छ। यस समूहको समापन बुधबार मेक्सिको र चेक तथा दक्षिण कोरिया र दक्षिण अफ्रिकाबिचको खेलसँगै हुने छ।

माइकल साडिलेकले खेलको छैटौँ मिनेटमा गरेको गोलबाट चेकले अग्रता बनाएको थियो। अलेक्ज्यान्दर सोकाको पासमा गोलपोस्टनजिक रहेका साडिलेकले 'स्लाइड' गर्दै बल गोलपोस्टमा छिराउनुभएको हो। यद्यपि दोस्रो हाफमा टेबोहो मोकोएनाको पेनाल्टी गोलले दक्षिण अफ्रिकाले खेल बराबर गर्‍यो। निर्धारित समय सकिन सात मिनेट बाँकी छँदा दक्षिण अफ्रिकाले पेनाल्टी प्रहार गर्ने अवसर पाएको थियो। पेनाल्टीमा गोल गर्ने मिडफिल्डर मोमोएनाले समूह चरणको अन्तिम खेलमा दक्षिण कोरियाविरुद्ध भने खेल्न नपाउने भएका छन्। उहाँले लगातार दोस्रो खेलमा पहेँलो कार्ड पाउनुभएको थियो।

### स्विट्जरल्यान्डको फराकिलो जित

दुई स्थानापन्न खेलाडी जोहान मान्जाम्बी र रुवेन भर्गासको गोलको सहयोगमा समूह 'बी' अन्तर्गत भएको खेलमा स्विट्जरल्यान्डले १० खेलाडीमा सीमित बोस्निया–हर्जगोभिनालाई ४–१ को फराकिलो अन्तरले पराजित भएको छ। पहिलो खेलमा बराबरीमा खेलेको स्विट्जरल्यान्डको यस जितसँगै नकआउट चरणमा पुग्ने सम्भावना बलियो भएको छ। खेलको ७२ औँ मिनेटमा प्रशिक्षक मुराट याकिनले मान्जाम्बी र भर्गास मैदानमा छिर्नुभएको थियो। यी दुई मैदान छिर्नुअघि स्कोर गोलरहित थियो र यी दुवै फरवार्डले चाँडै नै छाप छोडेपछि स्विट् जरल्यान्डले जित प्राप्त गर्‍यो।

खेलको ७४ औँ मिनेटमै मन्जाम्बीले आफ्नो पहिलो टचमै भली प्रहारमा गोल गरेपछि मात्र स्विट् जरल्यान्डले अग्रता बनाएको हो। त्यसपछि ९० औँ मिनेटमा मन्जाम्बीले अर्को गोल गर्नुभयो। यसै गरी भर्गासिले खेलको ८४ औँ मिनेटमै ब्रिल इम्बोलाको पासमा गोल गर्नुभएको थियो। इन्जुरी समयमा ग्रानिट जाकाले पनि पेनाल्टीमा गोल गर्नुभयो। खेलको ८० औँ मिनेटमै बोस्नियाका तारिक मुहारेमोभिचले रातो कार्ड पाएपछि पनि स्विट्जरल्यान्डलाई खेल सहज बनेको थियो । स्विट्जरल्यान्डका ब्रिल इम्बोलो गोलतर्फ अग्रसर भइरहेका बेला फाउल गरेपछि मुहारेमोभिच कारबाहीमा परेको हो। बोस्नियाका लागि ९३ औँ मिनेटमा इर्मिन मामिकले एक गोल फर्काउनुभएको थियो। एपी

# कसरी अगाडि बढ्छ समूह तेस्रो हुने टिम

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

विश्वकप–२०२६ मा अहिलेसम्मकै सर्वाधिक ४८ टिम समावेश छन्। यसपालि समूह चरणबाट थुप्रै टोली तेस्रो भएर पनि नकआउट चरणमा पुग्ने छन्। त्यसैले यस पटक धेरै टिमले पहिलो पटक नकआउट चरणमा स्थान बनाएमा आश्चर्य मान्नुपर्ने अवस्था छैन।

सन् १९९४ मा अमेरिकाले पछिल्लो पटक विश्वकप आयोजना गर्दा २४ टिम थिए। सो समय १६ टोलीले नकआउट चरणमा स्थान बनाए। सन् १९९८ मा विश्वकपलाई ३२ टोलीमा विस्तार गरेपछि नकआउट चरणमा १६ टोली नै रह्यो। जसले नकआउटमा पुग्ने गणितलाई सजिलो बनायो। चार टोलीको आठ समूहका प्रत्येक समूहका शीर्ष दुई टोली अगाडि बढे। यस पटक नकआउट अन्तिम ३२ बाट सुरु हुँदै छ। जसले तेस्रो स्थानका टोली अगाडि बढ्ने समीकरण फिर्ता ल्याएको छ। जुन २७ मा समूह चरण समाप्त भएपछि तेस्रो स्थानका १२ मध्ये आठ टिम नकआउट चरणमा पुग्ने छ।

### तेस्रो स्थानका टोली कसरी निर्धारण गरिन्छ

नकआउटमा पुग्ने तेस्रो स्थानमा रहेका शीर्ष आठ टिम अङ्कद्वारा नै निर्धारण गरिने छ तर धेरै टोलीको अङ्क बराबर हुने पक्का छ। त्यसैले अङ्क बराबर भएमा पहिलो प्राथमिकता गोल भिन्नता हो। दोस्रो प्राथमिकतामा कम गोल बेहोर्ने टिम पर्ने छ। यदि गोलअन्तर बराबर छ भने कम गोल बेहोर्ने टोली अगाडि बढ्ने छ। तेस्रो प्राथमिकता समूह चरणमा पहेँलो र रातो कार्डको सङ्ख्याको आधारमा टोलीको फेयर प्ले स्कोर हुने छ। जति कम कार्ड, त्यति राम्रो। रातो कार्डले पहेँलो कार्डले भन्दा टोलीको फेयर प्ले स्कोरलाई नकारात्मक रूपमा असर गर्ने छ। यदि नकआउट राउन्डका लागि लाइनमा रहेका टोली फेयर प्ले अङ्कमा पनि बराबर छन् भने फिफाको विश्व वरीयता अन्तिम टाइब्रेकर हो।

# मेसीका बुवा अस्वस्थ



**डालास**, असार ५ गते। लियोनेल मेसीका बुवा जर्ज मेसी अस्वस्थ हुनुभएको छ। उहाँको परिवारले शुक्रबार ६८ वर्षीय जर्ज अस्वस्थ भएको खुलासा गर्दै मेसी विश्वकपमा संलग्न भएको अवस्थामा यसलाई आफूखुसी सनसनीपूर्ण समाचार नबनाएर मानवता देखाउने अनुरोध गरेको छ। मेसीको परिवारले जर्जको उपचार भइरहेको भने पनि उहाँलाई लागेको रोगको खुलासा गरेको छैन।

३८ वर्षीय मेसीले पनि विश्वकपमा अल्जेरियाविरुद्ध ह्याट्रिक गरेपछि आफू कठिन समयबाट गुज्रिरहेको बताउनुभएको थियो। पहिलो गोल गरेपछि भावुक बनेका मेसीको आँखामा आँसु थियो। मेसीले भन्नुभएको थियो– पहिलो गोल गरेपछि आँसु आयो। अहिले मेरो लागि समय कठिन छ तर यो फुटबलसँग सम्बन्धित भने होइन। सो समय उहाँले आफ्नो बुवाका बारेमा केही नभने पनि दुई दिनपछि मेसी भावुक हुनुका कारण पत्ता लागेको हो।

जर्जले मेसीको फुटबल जीवनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। जर्जले मेसीको एजेन्ट भएर पनि काम गर्नुभएको छ। यसै गरी मेसीको मैदानबाहिरका व्यवसायको व्यवस्थापन पनि जर्जले नै गर्दै आउनुभएको थियो। उहाँले मेसीलाई सानो उमेरमै बार्सिलोना एकेडेमीमा भर्ना गर्नुभएको थियो। एपी

# क्यानडाका डेभिडको ह्याट्रिक



क्यानडाका जोनाथन डेभिड कतारविरुद्ध ह्याट्रिक गरेपछि। तस्बिर : एपी

**भ्यानकुभर** (क्यानडा), असार ५ गते। विश्वकप फुटबल प्रतियोगता–२०२६ मा नयाँ नायकका रूपमा क्यानडाका जोनाथन डेभिडको उदय भएको छ। डेभिडले ह्याट्रिक गरेपछि शुक्रबार सहआयोजक क्यानडाले एसिया च्याम्पियन कतारलाई ६–० ले नराम्ररी हरायो।

न्युयोकमा जन्मेका डेभिडका आमाबुबा हाइटीका हुनुहुन्छ। डेभिड छ वर्षको हुँदा उहाँको परिवार क्यानडा सरेको हो। क्यानडामै उहाँले फुटबल सिक्नुभयो। अहिले उहाँकै प्रदर्शनले क्यानडाले विश्वकपमा पहिलो जित हासिल गर्न सफल भएको छ। यसै गरी डेभिडले गरेका तीन गोल विश्वकपमा क्यानडाको कुल गोलसङ्ख्या बराबर हो। यसअघि सन् १९८६ मा मेक्सिकोमा भएको विश्वकपमा क्यानडा तिनै खेलबिना गोल गरी हारेको थियो। सन् २०२२ को विश्वकपमा पनि क्यानडाले तीन खेलमा दुई गोल मात्र गरेको थियो। चालु विश्वकपको पहिलो खेलमा क्यानडाले बोस्निया हर्जगोभिनासँग १–१ ले बराबरीमा खेलेको थियो।

कतारविरुद्ध ह्याट्रिक गरेर डेभिड सन् १९६६ मा ज्यौफ हस्टपछि विश्वकपमा घरेलु मैदानमा ह्याट्रिक गर्ने पहिलो खेलाडी बन्नुभएको छ। यद्यपि यस विश्वकपअघि डेभिड टिममा पर्दा प्रशिक्षक जेसी मार्सको आलोचना भएको थियो। डेभिडले पछिल्ला चार अन्तर्राष्ट्रिय खेलमा गोल गर्न सक्नुभएको थिएन। डेभिडले खेलको २९, पूर्वार्धको इन्जुरी समय र खेलको इन्जुरी समयमा गोल गरी विश्वकपमा ह्याट्रिकको गौरव हासिल गर्नुभएको हो। यस विश्वकपमा यो दोस्रो ह्याट्रिक भएको छ। यसअघि अर्जेन्टिनाका लियोनेल मेसीले पनि अल्जेरियाविरुद्धको खेलमा तीन गोल गर्नुभएको थियो। क्यानडाका लागि लारिन (१६ औँ मिनेट), स्थानापन्न खेलाडी नाथन सालिबा (६४ औँ मिनेट) ले पनि गोल गर्नुभयो। क्यानडालाई एक गोल आत्मघाती रूपमा प्राप्त भएको थियो। खेलको ७५ औँ मिनेटमा मोहम्मद मनाइले गोल बचाउने क्रममा आफ्नै गोलपोस्टमा बल छिराउनुभएको हो। कतार नौ खेलाडीमा सीमित हुँदा पनि क्यानडालाई फाइदा भएको हो। खेलको ३३ औँ मिनेटमा ताजोन बुचाननलाई लडाएपछि होमान अहमद र उत्तरार्धमा स्माइल कोनलाई नराम्ररी लडाएपछि असीम माडिबोले रातो कार्ड पाउनुभएको थियो। खुट्टा भाँचिएपछि कोनलाई स्ट्रेचरमा राखेर मैदानबाहिर लग्नु परेको थयो। जसले क्यानडाको जित अलि खल्लो भएको छ। एजेन्सी

# रूपेश र कृतिसरा राष्ट्रिय चेस च्याम्पियन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*



एफएम रूपेश जैसवाल तथा कृतिसरा अधिकारी शुक्रबार २६ औँ खुला र ११ औँ महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिता जितेर राष्ट्रिय च्याम्पियन बन्नुभएको छ।

नेपाल बुद्धिचाल महासङ्घको तत्वावधानमा प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेश तथा जिल्ला बुद्धिचाल सङ्घ झापाको स्थानीय आयोजनामा सम्पन्न प्रतियोगितामा पुरुष खुलातर्फ रूपेशले ११ खेलमा सर्वाधिक ९.५ अङ्क बनाउनुभयो। तेस्रो पटक नेपाल विजेता बनेका रूपेशले अन्तिम खेल सुश्रुत दाहालसँग बराबरीमा खेल्नुभएको थियो। दोलखाका युवा आशिष फुयाँल ७.५ अङ्कसहित दोस्रो, नेपालका पूर्वच्याम्पियन राजन सुवेदी तेस्रो, झापाका सिएम सुश्रुत दाहाल चौथो, काठमाडौँका सिएम पुरुषोत्तम सिलवाल पाँचौँ तथा पाँचथरका रिसोन थापा छैटौँ स्थानमा रहनुभयो। राजन, सुश्रुत, पुरुषोत्तम र रिसोनले समान सात अङ्क बनाएपछि यिनीहरूको स्थान टाइब्रेकका आधारमा निर्धारण भएको थियो।

महिलातर्फ झापाकी कृतिसरा ८.५ अङ्कसहित राष्ट्रिय महिला च्याम्पियन बन्नुभयो। झापाकै पूजा भण्डारी ७.५ अङ्कसहित दोस्रो तथा दोलखाका निहाना श्रेष्ठ सात अङ्कसहित तेस्रो स्थानमा रहनुभयो। समान सात अङ्क प्राप्त गरेकी एन्जल महर्जन टाइब्रेकका आधारमा चौथो स्थानमा सीमित हुनुभयो। यस प्रतियोगिताबाट आगामी सेप्टेम्बरमा उज्बेकिस्तानको समरकन्दमा हुने ४६ औँ चेस ओलम्पियाडका लागि पुरुष तथा महिला गरी १० जना खेलाडी छनोट भएका छन्।

सदस्य राजु ताम्राकारका अनुसार विश्व बुद्धिचाल महासङ्घले आयोजना गर्ने ४६ औँ चेस ओलम्पियाडमा पुरुषतर्फ रूपेश, आशिष, राजन, सिएम सुश्रुत र पुरुषोत्तम तथा महिलातर्फ पूर्वविजेता सिन्दिरा जोशी, कृतिसरा, पूजा, निहाना र एन्जल छनोट हुनुभएको छ।

# ओलम्पिक डे गतिविधि सुरु



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

नेपाल ओलम्पिक कमिटी (एनओसी) को तत्वावधानमा ओलम्पिक डे–२०२६ को अवसरमा नेपालमा विभिन्न गतिविधि सुरु भएको छ। हरेक वर्ष जुन २३ मा हुने ओलम्पिक डे मनाउन नेपालमा केही साताअघिदेखि नै सातै प्रदेश, राष्ट्रिय खेल सङ्घ, विभागीय टोली, स्कुल, प्रिस्कुल, सुरक्षा निकायका, विभिन्न क्षेत्रका संस्थासँग सहकार्य गरेर विभिन्न कार्यक्रम गरिने परम्परा रहेको छ। नेपालमा सन् २०११ देखि प्रत्येक वर्ष ओलम्पिक डे मनाइँदै आइएको छ।

आधुनिक ओलम्पिकको सुरुवात भएको दिन जुन २३ को अवसर पारेर नेपाललगायत विश्वभर विभिन्न कार्यक्रम गरेर ओलम्पिक डे मनाउने गरिन्छ। यसैक्रममा ओलम्पिक डे–२०२६ भव्य रूपमा मनाउने क्रममा शुक्रबार फुटबल, फुटसल, बास्केटबल, चेस, भलिबल, टग अफ वार र आर्ट्स प्रतियोगिता भएका छन्। ओमेगा अन्तर्राष्ट्रिय सेकेन्डरी स्कुलमा फुटसल, ज्ञानोदय बालवाटिकामा फुटबल र आर्ट, रिजेन्ट रेसिडेन्सियल स्कुलमा फुटसल र बास्केटबल, महेन्द्र भृकुटीमा टग अफ वार, विलियम पब्लिक स्कुलमा चेस र आर्ट तथा आदर्श कन्या निकेतनमा भलिबल प्रतियोगिता सम्पन्न भएको छ।

ओलम्पिक डेका संयोजक तथा नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष अशोकरत्न वज्राचार्यले यसपालि ओलम्पिक डेका अवसरमा साताव्यापी रूपमा विभिन्न स्कुल, खेल सङ्घ र विभिन्न संस्थासँग मिलेर ५३ प्रतियोगिताको आयोजना गरिने जानकारी दिनुभयो। उहाँका अनुसार २२ प्रतियोगिता सकिसकेको छ। एनओसीले ओलम्पिक डेमा खेलकर्मीका लागि प्रतिष्ठित अवार्ड कार्यक्रमको पनि आयोजना गर्ने गर्दछ।

## नेपाल राष्ट्र बैङ्क

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

**२०८३ साल असार ६ गते (जुन २०, २०२६) शनिबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |
| खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि) | | | |
| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
| अमेरिकी डलर | १ को रु. | १५०।६२ | १५१।२२ |
| युरो | १ को रु. | १७२।६६ | १७३।३४ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १९९।३४ | २००।१३ |
| स्विस फ्रैङ्क | १ को रु. | १८६।७६ | १८७।५० |
| अस्ट्रेलियन डलर | १ को रु. | १०५।६१ | १०६।०४ |
| क्यानेडियन डलर | १ को रु. | १०६।४६ | १०६।८९ |
| सिङ्गापुर डलर | १ को रु. | ११६।६५ | ११७।११ |
| जापानी येन | १० को रु. | ९।३४ | ९।३८ |
| चिनियाँ युआन | १ को रु. | २२।२५ | २२।३४ |
| साउदी अरब रियाल | १ को रु. | ४०।१३ | ४०।२९ |
| कतारी रियाल | १ को रु. | ४१।३५ | ४१।५२ |
| थाई भाट | १ को रु. | ४।५८ | ४।६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।०१ | ४१।१७ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३६।४१ | ३६।५५ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।८४ | ९।८८ |
| स्विडिस क्रोनर | १ को रु. | १५।७३ | १५।७९ |
| डेनिस क्रोनर | १ को रु. | २३।१० | २३।१९ |
| हङ्कङ डलर | १ को रु. | १९।२१ | १९।२९ |
| कुवेती दिनार | १ को रु. | ४९०।१४ | ४९२।०९ |
| बहराइन दिनार | १ को रु. | ३९९।५२ | ४०१।११ |
| ओमानी रियाल | १ को रु. | ३९१।२४ | ३९२।७९ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**गोरखापत्र संस्थान**का लागि निमित्त प्रमुख **उमेशकुमार ओझा**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

गोरखापत्र
शनिबार
२०८३ साल असार ६ गते शनिबार
2026 June 20 Saturday
gorkhapatraonline.com

# केराको कुथुङ्ग्री

'एन्सेट नेपालेन्से' नामबाट विश्वभर परिचित केरालाई नेपाली भाषामा 'वनकेरा' वा 'भुइँकेरा' र नेवारीमा 'गोम्पु कुला' वा 'पासलाती मा' भनिन्छ । तामाङ भाषामा यसको नाम 'ड्वा मोफे' हो भने कतै कतै यसलाई 'भोटेकेरा' पनि भनिएको पाइन्छ ।



केदार वाशिष्ठ



भक्तपुर र काभ्रेको सीमाक्षेत्र (रानीकोट भन्ज्याङ) मा फेला परेको 'एन्सेट नेपालेन्से'का पसाएको घरी । *तस्बिर : लेखक*

इन्सेटमा पूर्ण फल लाग्दै गरेको घरी र पाकेका कोसाभित्र काला दानामा देखिएका बिउ । *तस्बिर सौजन्य : गौरव परमार*



विराटनगरस्थित स्नातकोत्तर क्याम्पसको बगैँचामा पसाएको 'मुसा रुब्रा' को बुङ्गो र कोसा । *तस्बिर : डा. भविन्द्र निरौला कमल मादेनको सौजन्यबाट प्राप्त*

> जरा वा गानाबाट नयाँ बिरुवा उम्रने नभई यस केराको कोसाभित्र हुने बिउबाट मात्र उम्रने भएकाले एक ठाउँमा एउटा मात्र थाम हुने गर्छ । पसाउँदा ठुलो छाता जस्तो बुङ्गो हुन्छ । त्यसैमा केराका काइँया र कोसा लाग्छन् । हरिया कोसा पाकेपछि पहेँला हुन्छन् र भित्र एक सेन्टिमिटरसम्मका दाना बिउका रूपमा रहन्छन् । यसको स्वाद कसैले मिठो त कसैले नमिठो भनेका छन् ।

'नपाउनेले केरा पायो, बोक्रैसँग खायो'– यस उखानले केरालाई ताछेर वा बोक्रो फालेर मात्र खाने फलका रूपमा चिनाउँछ । बहुगुणकारी केरा खासमा जङ्गली वनस्पति हो। केराको उत्पत्ति दक्षिणपूर्वी एसिया त्यसमा पनि पपुआ न्युगिनी, इन्डोनेसिया, फिलिपिन्सबाट भएको मानिन्छ। पछि भारत, अफ्रिका, ल्याटिन अमेरिका र अन्य उष्णदेशीय क्षेत्र हुँदै अहिले यो विश्वभरि नै उपयोगी र लोकप्रिय फल बनेको छ । नेपालमा यसको लोकप्रियता र प्रचलनको अनुमानित समय उखानले नै दर्साउँछ।

केराका जात अनेक छन् । अहिले यसको व्यावसायिक खेती विश्वव्यापी नै हुन्छ । नेपालीमा बोक्रो फालेर मात्र खान सुझाव दिइने केरा त्यसको फलबाट मात्र होइन, अरू पनि आधारमा बहुउपयोगी छ। यस्तो केरालाई नचिन्ने कमै होलान्। त्यसैले धेरैले चिनेको केराबारे लेख्नु पनि के लेख्नु ? तर एउटा नचिनेको केराको बोट, त्यसमा लागेको बुङ्गो र नजिकै उम्रेका लहरे बिरुवाले भने केही लेख्न कर लगाए।

खासमा त्यस्तो लेख्नुपर्ने पनि दुई वर्षअघि नै हो 'नजिकको तीर्थ हेला' जस्तै भयो। थाहा पाएर पनि लेखिएन तर प्रसङ्ग जोडिन्छ एउटा पदयात्रासँग । २०८१ वैशाख २९ गते शनिबार बिहानै साथी मदन तिम्सिना, श्यामकुमार खत्री, नारायण ज्ञवाली (भाइ), भूमिराज ढुङ्गाना र यो लेखक पदयात्राका लागि निस्कियौँ। हाम्रो गन्तव्य थियो सूर्यविनायक नगरपालिका भक्तपुरमा रहेको पाइलटबाबा, घ्याम्पेडाँडा हुँदै त्यसमाथिको रानीकोट दरबारको भग्नावशेष भएको वन क्षेत्र। काफल, ऐँसेलु खाँदै र चराचुरुङ्गी तथा वनस्पति नियाल्दै अगाडि बढेको थियो पदयात्रा।

पूर्वी पहाडी जिल्ला भोजपुरका जस्तै वनस्पति र प्रकृतिले मलाई बालापनको स्मृतिरमणमा पुर्‍याएको थियो । ऐँसेलुका बिरुवाका ठोसादेखि पोथ्रामा खेल्दै गरेका फूल, परिपक्व बन्दै गएका र पाकेका फलले वनस्पतिको जीवनचक्र हामीलाई पढाउँदै थियो । कतै निरस डम्फरका सोझा काँढाले अनायासै च्वास्स पार्थ्यो भने धेरै अवस्थामा ऐँसेलुको फल चोर्दा त्यसका कोप्रे काँढाले लुछेर दिएको दण्ड चाहिँ हाम्रा लागि रसिलो थियो। पदयात्रा मनमौजी अघि बढ्दै थियो, अचानक भन्ज्याङको गाउँ पो आइसकेछ।

भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाको सिमानामा पर्ने रानीकोट भन्ज्याङको गाउँको सानो पसलमा कालो चिया र कुकिज नखाई भएन हामीलाई तर पसलकै छेउमा रहेको ठुलो ऐँसेलुको झ्याङमा माथिको वनका भन्दा बढी लटरम्म फल रहेछन् । हामीले धीत मरुन्जेल खायौँ र घरमा चखाउने पनि जोहो गर्‍यौँ।

केराको कुथुङ्ग्री कथ्न लागेको मान्छे काफल र ऐँसेलुका गाथा गाएर बस्छ भन्ने भइसक्यो होला। मेसो नै त्यस्तै, बल्ल सुरु हुन्छ त्यो कुथुङ्ग्री। ओरालो लागेको कच्ची बाटाको अलि पर पिच देखेपछि हामीले पसलेसँग सोध्यौँ, "यो बाटो कता जाने हो ?"

उक्त सडक काभ्रेपलाञ्चोकको पनौतीतर्फ जाने रहेछ । नजिकै रेन्बो ट्राउट फार्म पनि पर्ने थाहा भयो । फार्मसम्म जाने सामान्य सहमति हामीबिच भयो र लागियो ओरालो।

अलि पर पुगेपछि सडकको बायाँ किनाराको पाखामा एउटा केरा पसाएको देखियो तर बुङ्गो अचम्मको । एकल थाममा छाता उघारे जस्तो पसाएको छ केरा, रङ पनि भिन्न । छातेबुङ्गो निकै आकर्षक र कुतूहलपूर्ण थियो। अलि तल लहरै ससाना बिरुवा पनि हुर्कंदै थिए, त्यसैका होलान् तर स्वतन्त्र लाग्ने। भिरालो पाखामा ससाना गरामध्ये एउटाको डिलमा थियो केराको थाम। सडकबाट निकै गरा चढेर मात्र छातेबुङ्गो चुम्न सकिने।

## तान्यो छातेबुङ्गोले

म रमाइलो पार्क योग व्यायाम समूह लोकन्थलीमा आबद्ध भएको झन्डै एक महिना मात्र भएको थियो । त्यहाँका कुनै अभ्यासले मेरो शरीरमा केही असहज अवस्था उत्पन्न गरेको थियो। ढाड कता कता दुख्दै थियो। सामान्य नै होला भनेर वास्ता गरेको थिइनँ; अरूलाई भनेको पनि थिइनँ । केराले त दुखाइ बिर्साएर तान्यो पो आफूतिर अनि उक्लिएँ मास्तिर । भोजपुर र आसपासका अक्करे भिरपाखामा हुर्केको जोसले पनि काम गरेको थियो उक्लिन।

उक्लँदै गर्दा भने निकै समस्या भयो। दुखाइ एकातिर, अर्कातिर पानी परेको चिप्लोले झन् कठिन । कनीकुथी माथि पुगेर मोबाइल निकाली केराका विभिन्न तस्बिर लिएँ। नजिकैबाट छातेबुङ्गोको तस्बिर लिन आफू अडिने ठाउँका कारण निकै नै गाह्रो भयो तर पुग्दा र फोटो खिच्दाको आनन्द भने बेग्लै । बल्ल पो लाग्यो, सामान्य नभई विशेष केरा थियो त्यो। केही फोटा लिएर झर्न थालेँ; चढ्दाभन्दा ओर्लंदा गाह्रो भो। जसोतसो झरेँ; साथीहरूलाई फोटा देखाएँ। फोटा देखाएर कुरा गर्दा सगरमाथा शिखर चुमेर फर्के जस्तै अनुभूति भयो। त्यसैले दुखाइबारे कुरै गरिनँ; हिँडाइले थाहा पाएर केही सोध्ने सम्भावना थियो तर त्यो भएन।

रेन्बो ट्राउट फार्म जाने हाम्रो योजना बिचमै रद्द भयो र फर्कियौँ। श्यामजीको गाडीमै ऐँसेलुको 'सेन्टर कलेक्सन' गरेर आआफ्ना भाग सोलीमा बोकी हामी फिर्‍यौँ। केराको कुरो पनि हरायो। हरायो दुई वर्ष नै।

मोबाइलको भण्डार भरिन लाग्यो भन्ने सन्देश पटक पटक आइरहन्थे मेरो मोबाइलमा । त्यसो हुँदा हटाउनेमा फोटा र भिडियो नै पर्छन् । धेरै पटक धेरै फोटा र भिडियो हटाएँ । अन्तिममा त ती फोटा पनि हटाउन सिफारिस गर्‍यो। मलाई भने लोभ लाग्यो, हटाइनँ। बरु तीमध्ये चार वटा फोटा फेसबुकमा राखेँ २०८३ जेठ १९ (२ जुन २०२६) मा 'केरा चिनौँ !' भनेर । खासमा लेख्नुपर्ने त थियो 'केरा चिनाउनुहोस्' ।

राखेको केही समयमै आउन थाल्यो परिचय। कसैले के भने कसैले के, धेरैले अचम्म नै माने। फेसबुक साथी विम्ब प्रकाशले भने त्यस केराको बोटानिकल नामसमेत दिएर लेख्नुभयो, "यो लगभग दुर्लभ हुँदै गएको वनकेरा/भुइँकेरा/घ्याम्पेकेरा (एन्सेट नेपालेन्से) हो। यसको कोसाभित्र मसिना बिउ हुन्छन्।"

फेसबुकमा मसँग सम्बन्ध नभएकाबाट पनि त्यसका विशेषताबारे जानकारी आउन थाल्यो । करुणा तामाङले त्यस्तो केरा पाइने स्थानसहित लेख्नुभयो, "नेपालमा मात्र पाइने जङ्गली केरा घ्याम्पा/घ्याम्पेकेरा (एन्सेट नेपालेन्से) टिआर–४ जस्ता रोगसँग जुध्न सक्ने आनुवंशिक स्रोत मानिने यो दुर्लभ वनस्पति अहिले बढ्दो सहरीकरण र बढ्दो तापक्रमका कारण सङ्कटमा छ।"

यति जानकारीपछि वनकेराको भोक जाग्यो । 'एन्सेट नेपालेन्से' बारे खोजी गर्दा त्यसबारे निकै र वनकेराबारे खोजी गर्दा थप जानकारी पाइयो।



भक्तपुर र काभ्रेको सीमा क्षेत्र (रानीकोट भन्ज्याङ) मा फेला परेको 'एन्सेट नेपालेन्से'का पसाएको घरी र साना विरुवा । *तस्बिर : लेखक*

## 'मुसा नेपालेन्सिस' बाट 'एन्सेट नेपालेन्से'

केरा मूलतः जङ्गली वनस्पति/फल हो । यसको फल विश्वमै धेरै उपभोग गरिनेमा पर्छ। केरा खेती प्रविधि पुस्तिकामा उल्लेख भए अनुसार हामीले हाल प्रयोग गरेका केरा 'मुसा अक्युमिनाट' र 'मुसा बाल्बिसियाना' नामक जङ्गली जातबाट विकास भएका हुन् । वनस्पतिविद् कमल मादेनले उल्लेख गरे अनुसार नेपालका फूल फुल्ने वनस्पतिको सूचीमा जङ्गली केराका तीन प्रजाति– 'मुसा बाल्बिसियाना', 'एन्सेट ग्लाउकम' र 'एन्सेट नेपालेन्सिस' छन् । 'एन्सेट' प्रजातिको जङ्गली केरा बिउबाट उम्रन्छ, पसाउँछ र मर्छ। त्यही ठाउँमा त्यसको गानोबाट पलाउँदैन तर मादेनकै खोजीमा चारकोसे झाडीको सुनसरी क्षेत्रमा 'मुसा रुब्रा' प्रजातिको जङ्गली केरा फेला परेको छ।

खोजी गर्दै जाँदा थाहा भयो, नेपालमा वनकेरा वा घ्याम्पेकेरा सन् १८२० मा नथानिएल वालिचले पहिलो पटक पत्ता लगाएर वर्णन गरेका रहेछन्। सन् १८२० मा काठमाडौँ उपत्यका आउने क्रममा अमलेखगन्जबाट थानकोटको यात्रामा वालिचले यसको पहिलो पटक अवलोकन गरी 'मुसा नेपालेन्सिस' केरा परिवार 'मुसेसी' सँग सम्बन्धित प्रजाति भएको उल्लेख गरेका रहेछन्। नथानियल वालिचले काठमाडौँ उपत्यकाबाट सङ्कलन गरी 'मुसा नेपालेन्सिस' वैज्ञानिक नाम राखेर सन् १८२४ मा 'विश्वका निम्ति नयाँ' भनेर प्रकाशित गरेका थिए।

त्यसपछिका विभिन्न अध्ययनमा यस केरालाई 'एन्सेट ग्लाउकम' भनी अध्ययन गर्ने प्रयास भएको थियो तर दुई सय वर्षपछि सन् २०२३ मा भने पुनः पत्ता लागेर 'एन्सेट नेपालेन्से' नामबाट यो अन्तर्राष्ट्रिय जगत्मा प्रचार भएको हो।

सन् १८२४ पछि यसलाई कसैले पनि वास्ता गरेका रहेनछन् तर ललितपुरको गोदावरीस्थित राष्ट्रिय वनस्पति उद्यानका अनुसन्धानकर्ता गौरव परमारले यो मुसा प्रजाति होइन भन्दै अध्ययन गर्नुभएको पाइन्छ। उहाँले विदेशी अनुसन्धानकर्तासमेतको सहकार्यमा यो 'मुसा प्रजाति' को नभई 'एन्सेट प्रजाति' को भन्ने पत्ता लगाउनुभएको मादेनको भनाइ छ।

त्यसको पुष्टि परमार र अरूले विभिन्न लेखमा उल्लेख गर्नुभएको छ । जुन ९, २०२३ मा दी राइजिङ नेपालमा गौरव परमार र हेमराज पौडेलले लेख्नुभएको लेख अनुसार मे २०२३ मा गौरव परमार, दीपक लामिछाने, हेमराज पौडेल र अन्ना ट्रायस ब्लासीले प्रतिष्ठित जर्नल 'केव बुलेटिन' मा 'एन्सेट नेपालेन्सिस, अ न्यु कम्बिनेसन ल्याक्टोटाइपिफिकेसन एन्ड रिकग्निसन एज अ डिस्टिङ्क्ट स्पाइसिस एन्डेमिक टु नेपाल' शीर्षकको अनुसन्धानमूलक लेखमा अस्तित्वमा शङ्का गरिएको 'एन्सेट नेपालेन्सिस' काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा रहेको पुनः पत्ता लागेको उल्लेख छ । उहाँहरूका अनुसार यो प्रजाति अहिलेसम्म नेपालबाहेक अन्य देशमा फेला नपरेकाले यो नेपालको रैथाने केरा हो। यसरी यस वनकेराको प्रजाति नाम 'मुसा' बाट 'एन्सेट' मा रूपान्तरण गरी 'एन्सेट नेपालेन्से' बनाइयो।

उहाँहरूका अनुसार यो जङ्गली केरा ललितपुरको गोदावरी र बडीखेल तथा काठमाडौँको थानकोटमा पाइन्छ तर यस लेखकले भक्तपुर र काभ्रेपलाञ्चोकको सीमाक्षेत्रमा विसं २०८१ वैशाखमा फेला पारेको केराको रूपाकृति अनुसार यो पनि सन् १८२० नथानिएल वालिचले पहिलो पटक पत्ता लगाएको र सन् २०२३ मा परमारलगायतले पुनः पत्ता लगाई उल्लेख गरेकै प्रजातिको हो। भक्तपुरकै नगरकोट क्षेत्रमा पनि यो केरा अलिपछि पाइएको जानकारी गौरव परमारले फेसबुकमा दिनुभएको छ।

'एन्सेट नेपालेन्से' वा वनकेरा/घ्याम्पेकेरा थाम हेर्दा जहाजी केरा जस्तै होचो हुन्छ तर अरू केराभन्दा भिन्न एक ठाउँमा एउटा थाममा मात्र । जरा वा गानाबाट नयाँ बिरुवा उम्रने नभई यस केराका कोसाभित्र हुने बिउबाट मात्र उम्रने भएकाले एक ठाउँमा एउटा मात्र थाम हुने गर्छ। जनावर वा चराले फल खाएर गरेको बिस्टाबाट वा त्यसै भुइँमा झरेर उम्रने बिरुवा नजिकै वा टाढा पनि हुन सक्छन्।



चारकोसे झाडीको सुनसरी क्षेत्रको जङ्गलमा पाइएको 'मुसा रुब्रा' को झ्याङ र इन्सेटमा पसाउँदै गरेको बोट *तस्बिर सौजन्य : कमल मादेन*

'एन्सेट नेपालेन्से' पसाउँदा ठुलो छाता जस्तो बुङ्गो हुन्छ। त्यसैमा केराका काइँया र कोसा लाग्छन्। हरिया कोसा पाकेपछि पहेँला हुन्छन् र भित्र एक सेन्टिमिटरसम्मका दाना बिउका रूपमा रहन्छन्। यसको स्वाद कसैले मिठो त कसैले नमिठो भनेका छन्।

परमार र अरूले यस केराको नाम नेपाली भाषामा 'वनकेरा' वा 'भुइँकेरा' र नेवारीमा 'गोम्पु कुला' वा 'पासलाती मा' भनिने जानकारी दिएका छन्। सोनु लामाले यस लेखकलाई दिनुभएको जानकारी अनुसार तामाङ भाषामा यसको नाम 'ड्वा मोफे' हो भने कतै कतै यसलाई 'भोटेकेरा' पनि भनिन्छ।

कोसाभित्र धेरै बिउ (गेडा) हुने भएका कारण यसको फल मानिसले कमै खान्छन्। पात भने स्थानीय समुदायमा परम्परागत रूपमा धार्मिक कार्यक्रममा प्लेटका रूपमा रुचाइन्छ। परमार र अरूले यसरी नेपाल 'एन्सेट' प्रजातिका दुई केराको घर रहेको निष्कर्ष निकालेका छन्।

## सुनसरीमा 'मुसा रुब्रा'

यसरी दुई प्रजातिको घर भनिए पनि कमल मादेनको विसं २०८३ को खोजीबाट अर्को एक जङ्गली केरा पनि नेपालमा फेला परेको छ । चारकोसे झाडीको सुनसरी क्षेत्रमा माथिल्लो सतह गाढा हरियो र तल्लो सतह हल्का पहेँलो–हरियो देखिने अन्डाकार–लाम्चो आकारको पात भएको 'मुसा रुब्रा' केरा फेला परेको हो।

विसं २०८३ जेठ २ गते अनलाइनखबर डटकममा प्रकाशित कमल मादेनको लेख अनुसार यो केराको बुङ्गो सिधा अकासिएको गुलाबी र भाला जस्तो आकृतिको हुन्छ अर्थात् छातेबुङ्गाको जस्तै बेग्लै विशिष्टतायुक्त। सन् २०१६ मा 'ताइवानिया' जर्नलको वर्ष ६१, अङ्क १ मा 'नोट्स अन मुसा रुब्रा' शीर्षकको लेखमा प्रकाशित बोट, बुङ्गा, फूलका विभिन्न अङ्गको सचित्र विवरणका आधारमा सुनसरीमा भेटिएको जङ्गली केरा 'मुसा रुब्रा' हो भन्ने दाबी छ। पहिचान सुनिश्चित गर्न उक्त बिरुवाका तस्बिर र भिडियो भारतीय वनस्पति सर्वेक्षणसँग आबद्ध जङ्गली केराका विशेषज्ञ राजीव गोगोईलाई पठाएको र उहाँले 'मुसा रुब्रा' नै भएको पुष्टि गर्नुभएको उल्लेख छ।

यसरी 'एन्सेट' का दुई प्रजाति र 'मुसा रुब्रा' नेपालमा पाइने रैथाने वनकेरा हुन्। जङ्गली क्षेत्रमा मान्छेको आवादी विस्तार र वातावरणीय असन्तुलनले यिनको विस्तारमा असर पारेको छ।

'एन्सेट' प्रजातिको वनकेराको वंश विस्तार कोसाभित्र लाग्ने दानाको बिउबाट मात्र हुन्छ। पाकेको केरा चराचुरुङ्गी, चमेरा र साना स्तनधारी जनावरले खान्छन्। तिनैको बिस्टाबाट यो टाढा टाढा फैलन्छ। 'मुसा रुब्रा' भने कोसामा लागेका दाना र जराका टुप्पाबाट उम्रिने बिरुवा दुवै तरिकाबाट विस्तार हुन्छ। जङ्गली केरा औषधीय गुणयुक्त हुन्छन् भने 'मुसा रुब्रा' अहिले सौन्दर्यका लागि बगैँचामा पनि लगाइन्छ। माथि दायाँको चित्रमा दिइएको 'मुसा रुब्रा' को बुङ्गो र कोसा स्नातकोत्तर क्याम्पस विराटनगरको बगैँचाको हो।

## अँठिया अर्कै प्रजाति ?

नेपाल कृषि अनुन्धान केन्द्र (नार्क) अन्तर्गतको राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैङ्क) ले जङ्गली केराको अध्ययन अनुसन्धान गर्दै संरक्षणको पहल थालेको छ। वनकेरा पत्ता लागेका स्थानमा गई बिउ र बिरुवा सङ्कलन गरी तथा टिस्युकल्चर प्रविधिबाट पनि वंश विस्तार गर्न लागेको जानकारी केन्द्रका वरिष्ठ वैज्ञानिक (बागवानी) दीपासिंह श्रेष्ठले दिनुभयो।

यीबाहेक नेपालको तराई क्षेत्रतिर पाइने अर्को केरा अँठिया हो । ठुलो बोट हुने र गानाबाट नयाँ बिरुवा बन्ने यो केराको बुङ्गो तलतिर फर्केको हुन्छ । यसका कोसामा दाना हुन्छन् तर तिनबाट बिरुवा उम्रँदैन । यी जानकारीसहित यो कुन केरा होला भन्ने जिज्ञासामा वरिष्ठ वैज्ञानिक (बागवानी) श्रेष्ठले त्यो 'मुसा बाल्बिसियाना' हुन सक्ने बताउनुभयो।

उहाँले चाँडै नै 'मुसा रुब्रा' पत्ता लागेको सुनसरीको क्षेत्रमा गएर अवलकोन गरी नमुना लिने जानकारी दिँदै अँठियाको पनि अध्ययन गर्ने योजना सुनाउनुभयो। जुन केरा जहाँ पत्ता लागेका छन्, त्यही वातावरणमा विकासका लागि पहल गर्ने योजना रहेको जानकारी उहाँले दिनुभयो।

उहाँका अनुसार यी वनकेरा नेपालकै सम्पत्ति हुन् भनेर बुझाउँदा स्थानीय उत्साहित भएका तर बँदेलले भने वनकेरालाई समस्यामा पार्ने गरेको गुनासो रहेको उहाँले सुनाउनुभयो। 'एन्सेट नेपालेन्से' का पात स्थानीयका लागि विशेष महत्त्वका हुने रहेछन् । यस्ता केराको खोजी र संरक्षण गरी जैविक विविधता संरक्षण र वातावरणीय सन्तुलनमा काम गर्नु आवश्यक छ।

अन्त्यमा, फेरि पनि केरासम्बन्धी अर्को उखान– 'मरेपछि खा बाबै केरा'। यसको अर्थ हुन्छ, जीवित हुँदा वा आवश्यकता पर्दा वास्ता नगर्ने तर मरेपछि वा समय बितिसकेपछि मात्र महँगो वा राम्रो कुरा देखाउने वा खुवाउने भन्ने। यही उखानलाई मनन गर्दै केराको संरक्षण र विकासमा पनि लाग्नु आवश्यक छ। नत्र उखान चरितार्थ हुन्छ।

# ऐय्या...ऐय्याया !

मखमल झैँ सुकोमल नारी ढुङ्गो झैँ साह्रो वेदनामा व्यवधान हुनु विधिकै विधान रहेछ । अर्धशरीरलाई उचाल्दै पछार्दै गरेकी नारीको जीवनको अवस्था नसोचे बराबर बीभत्स देखिन्थ्यो । शिरका साथै छातीसम्म उठाउँदै आफ्नै शरीरको उँधो भाग चिच्याउनु प्रसव वेदनाकालको नारीचर्या अनौठो हुन्छ ।



कथा



तेजेश्वरबाबु ग्वंगः

घाम अस्ताएको थिएन तर सूर्य देखिँदैनथ्यो । घना बादलको दल भौँतारिरहेको देखिन्थ्यो । भित्र कोठाबाट कहालीलाग्दो स्वर सुनिन्थ्यो बिच बिचमा । स्वरको चढाव मच्चिँदै गइरहेथ्यो । ऐय्या... ऐय्याया... उहु... उहुहुहु... मरेँ... मरेँ... बाबा... मरेँ । भएन... भएन... लौ न नि लौ न... ऐय्या... ऐय्याया... उहु... उहुहुहु... । निरन्तर उत्पीडनको झोका मच्चिरहेको थियो । मानौँ जीवन भयङ्कर प्रसवले थिचिइरहेको थियो ।

ऊ सुक्दै थियो, झुरिँदै थियो । सानु फिलिङ्गो मात्र चाहिन्थ्यो; भस्माभूत हुनका लागि । जिउमा पानीको कणसम्म निखिसकेको थियो । जीवन एउटा पतकर बन्यो, जिउ एक खँगारिएको मुढो झैँ रहेको थियो ।

त्यो घडी हर्षबहादुरलाई जीवनको सुखको सार लागेन । जिन्दगी एक कहालीलाग्दो विवशता बन्यो । छटपटी असह्य थियो । ऊ आफूभित्रै छटपटिरहेको थियो । ऊ आफूलाई निरर्थक ठानिरहेथ्यो । न आफ्नै जलनलाई सम्याउन सक्यो उसले न त कसैको पीडाहरण नै गर्न सक्थ्यो । छटपटीमा किंकर्तव्यविमूढ हुने साधारण मानिसको स्वभाव उसमा अवतरित थियो ।

दम्भ र घमण्डमाथिको आस्था चकनाचुर हुँदै गयो । याँ गरेँ, त्याँ गरेँ, यसो गरूँला, उसो गरूँलाको दम्भ ऐन मौकामा भस्म भएको नकचरो जीवनप्रति अनास्था हर्षबहादुरको मनमा उठ्यो । उत्पीडनमा पनि सुकेको रुख झैँ ठिङ्ग्रिङ्ङ उभिने जीवन के जीवन ? कहालीमा पनि केही गर्न नसक्ने जिन्दगी के जिन्दगी ? जिन्दगी एउटा तमासा थिएन, जीवन तमासा भइरह्यो । सहयोग जीवन थियो, जिन्दगी सहयोग भएन तर भयङ्कर उत्पीडनबाट निस्केको उहुँ... उहुहुहु.... ऐय्या... ऐय्याया... मरेँ... मरेँ बाबा मरेँ... भएन... भएन... लौ न... लौ न नि... ऐय्या मा... स्वर सहयोगको नारासित टक्कराइरहेकै थियो ।

ऊ बढीभन्दा बढी अनुभव गर्न चाहन्थ्यो । किनकि अनुभूति जीवन हो । उत्पीडनको अवस्थामा ऊ आफूलाई सहयोगी अनुभव गराउन चाहन्थ्यो । आफ्नो अवस्थितिबाट उत्पीडन शान्त भएको अनुभूति लिन उत्कट अभिलाषा उसको थियो तर अनुभूति एकहोरो रह्यो, दोहोरो हुन सकेन । एकहोरो अनुभूति ऊ खल्लो अनुभव गरिरहेको थियो । अनुभव गर्ने लहडमै उसले मुटु गाँसेको र अनुभवकै गोरेटो लाग्दा ऊ स्वयम् अनुमानबाट श्रीमान् बनेको कुरा ऊ मनमै गुन्दै थियो । अनुभूति चाख्दाचाख्दै श्रीमान्‌बाट ऊ बुवा भयो, अनुभवको दौरानमा के के भइन्छ अरू भने थाहा छैन उसलाई ।

प्रवेश निमित्त अनुमति चाहिन्थ्यो । अनुमति पाउनु सजिलो थिएन । अनुमतिबिना प्रवेश निषेध । निषेधाज्ञा उल्लङ्घन अशोभनीय हुन्छ । बेथा वेदनाको आर्तनाद सह्य थिएन । ऊ विह्वल थियो । विदीर्ण भइरहेको थियो ऊ । विह्वलताले पनि मानिसलाई दुस्साहसतिर धकेल्दो रहेछ । उसले चार पाइला जति अगाडि सार्‍यो । ढोकैमा पुगिसकेको थियो ऊ । जिम्मेवारीको भावनाले उसलाई सतर्क गराएछ क्यार, पाइला स्तब्ध रह्यो ।

ढोका जो खोलिनु पर्थ्यो, नखोलीकनै देखिने पाएछ उसले । आँखा जो खोलिनु पर्थ्यो, ढोका जस्तै पाएछ उसले । ढोका जहाँबाट मानिस आउनेजाने गर्छन्, आँखा झैँ उसलाई लाग्न थालेछ । हिँडाउन सक्नुपर्दो रहेछ, आँखाले पनि ओहोरदोहोर गर्छ । खोल्न सक्नुपर्दो रहेछ, ढोकाले पनि आँखाको काम गरिदिन्छ; उसले मनमनै भन्यो । ढोकोको माथिल्लो खण्डका दुवैतिर ऐना लगाएको थियो । बेथा वेदनाको मार्मिक अवस्थालाई ऐनाले हर्षबहादुरको आँखासम्म पुर्‍याइरहेको थियो ।

भयङ्कर छटपटी त्यसबेलाको गति थियो । नारीत्व र मातृत्वको दोसाँधमा जीवन च्यापिएर कहाली लागेको थियो । होस बेहोसमा उडिरहेको थियो, बेहोसमा होस छटपटाइरहेको थियो । वेदना नै वेदनामा नारीत्व छताछुल्ल भइरहेको थियो । कोखबाट जिन्दगी छुट्नुको अवस्था जीवनबाटै जिन्दगी उड्नु बराबर हुँदो रहेछ । नारीको बीभत्सताको त्यो अवस्था चिच्याहटपूर्ण थियो । रोइकराइमा पनि आँसु नझर्ने अवस्था त्यो, हर्षबहादुर झैँ सहृदय आत्माका लागि विदारक रहनु अस्वाभाविक थिएन । मखमल झैँ सुकोमल नारी ढुङ्गो झैँ साह्रो वेदनामा व्यवधान हुनु विधिकै विधान रहेछ । अर्धशरीरलाई उचाल्दै पछार्दै गरेकी नारीको जीवनको अवस्था नसोचे बराबर बीभत्स देखिन्थ्यो । शिरका साथै छातीसम्म उठाउँदै आफ्नै शरीरको उँधो भाग चिच्याउनु प्रसव वेदनाकालको नारीचर्या अनौठो हुन्छ । अर्धशरीर उठाउँदै उँधो भाग च्याउँदै गर्दा प्रसूति निमित्त बल पुग्दो प्रकृतिको प्रबन्धप्रति हर्षबहादुर तीनछक्क परी सोचिरहेको थियो ।

कति शर्मिली नारी जीवन, कति लज्जावती ! जीवन नै शरमको पोको झैँ अति लज्जालु अनुभव हुन्थ्यो । त्यसबेला नारी जीवन निर्लज्जताको प्रतीक बन्यो । अर्धनग्नता आकर्षण थिएन, विकर्षण मात्र । नारीमा बीभत्सताले बास बसेको त्यसबेला पुरुषको मुटुमा भुइँचालो गइरहेको हुन्छ । यतिन्जेल नै फेरि पुरुष आफूभित्रै असमर्थ बनिरहेको हुन्छ– किंकर्तव्यविमूढ । त्यस अवस्थाको पुरुष जाति झन्डै एउटा दल दल जस्तो हुन्छ– पाइला हाल्नेबित्तिकै भासिने धाप । उसले लाख प्रयत्न गर्दा पनि लाज छोप्न सक्दैन त्यसबेला । त्यसबेला त्यस्तो लाज छोप्ने होइन, उदाङ्गिने आफूलाई बिर्सेर । बेथा वेदनाले विह्वल र व्यथित नारी लाजको सीमालाई तोडिरहेकी हुन्थिन्– बेहोस भएर । लाजको भाँडाको र विवेकको बिर्कोको ध्यान बेथा वेदनामा बिर्सिंदो रहेछ भन्ने कुरा हर्षबहादुर अनुभव गरिरहेको थियो ।

एउटी डाक्टर 'इपिसोटोमी' अपरेसन गरिरहेकी थिइन् । एउटा डाक्टर पेट थिचिरहेका थिए । थिच्दै, चिर्दै बच्चा पैदा गराउनु डाक्टरको पेसा थियो । फोर सेपको सहाराले बच्चा पैदा हुन्छ । बालक रगताम्मे थियो । ढोकाको ऐनाबाट भित्रको दृश्य च्याइरहेको थियो हर्षबहादुर । डाक्टर र हर्षबहादुरको आँखा चार भए । सरक्क पर्दा तानेर चोर आँखामाथि ढकनी हालिदिए डाक्टरले ।

प्रजनन कोठाबाहिर च्याउँदै हर्षबहादुर चोर आँखाले हेर्दै थियो– पर्दाभित्रको लीला । मनमाया, जोगमाया र कृष्णमाया खडा थिइन् उनकै नजिक । डाक्टरले पर्दा छोपे पनि अनायास बोली फुस्क्यो, "च च च च... बच्चा त मरेछ, बाबै बच्चा ।"

"हरे शिव, हरे... के भएको, बाबै," जोगमाया कराइन् । "होइन होला बाबु, होइन होला," मनमाया दिदीले ढाडस दिनुभयो । "ल म झुटो बोल्छु र भन्या, आँखैले देख्या, बच्चाको जिउभरि रगतैरगत थियो । काखी मुनितिर प्वाल परे झैँ एक चक्लै रगताम्मे थियो," हर्षबहादुरले हठात्‌मा भने ।

"हो र बाबु ? तिमीलाई थाहा छैन यी कुरा," मनमाया दिदीले दोहोर्‍याउनुभयो । "ए, बच्चाको रुवाइ त सुनियो," दिदीले फेरि भन्नुभयो । "हो र ?" फेरि रुवाइ सुनियो बच्चाको । "हो, हो, भाइ हो, बच्चा रोएकै हो भित्र ।" त्यतिन्जेल उहाँ आफैँले सुस्तरी ढोका यसो तानी च्याउनुभयो । "अहो कत्रो बच्चा, लौ हेर हेर कपाल पनि कति लामा लामा छन्, छोरी पो हुन् क्यार !" नारी दृष्टिकोण बोक्दै एकै पटक तीन स्वर निस्क्यो । घना बादलका दलबाट सूर्य अनायास उघ्रिए झैँ भयो हर्षबहादुरलाई ।

घन्टौँ मच्चिरहेको कहालीलाग्दो स्वर ठप्प भइसक्या थियो । उत्पीडित स्वरको साटो अब डाक्टर र नर्सको मिश्रित स्वर सुनिन थाल्यो । आफ्नो जिम्मेवारी पूरा गर्न सफल भएका डाक्टरहरू ठट्याउला प्रश्न गर्न थालिरहेका थिए रामकलासित । "के पाइएछ क्यार डार्साब ?" कता कता दुर्बल स्वर सुनियो । "भन्नुस् तपाईंलाई के मन पर्छ ? हामी तपाईंलाई मन परेको दिउँला ।"

"मैले जे पाएँ त्यही नै मन पर्छ," फेरि उही कमजोर स्वर सुनियो ।

"छोरो मन पर्दैन ?" डाक्टरले ठट्यौलो पारामा सोधे ।

"छोरी भए हुन्थ्यो ।"

"लौ उहाँलाई छोरी मन परे छोरी नै दिउँला, कसो ?" डाक्टर र नर्सहरू हलल्ल हाँसे ।

लुसुक्क डाक्टर साब बाहिर निस्कनुभयो, मुस्कुराउँदै । "लौ, तपाईंलाई बधाई छ, छोरी भएछ," हर्षबहादुरको कानमा डाक्टरले सुटुक्क फुक्नुभयो, "राम्रै भयो । एउटा छोरो, एउटी छोरी । सानु परिवार सुखी परिवार ।"

"अँ, सानु परिवार, सुखी परिवार– एउटा छोरा एउटा छोरी । पुग्यो, अब पुग्यो डाक्टर साब, यहीबेला स्थायी परिवार नियोजनको प्रक्रिया अपनाउन हुन्न र ?" हर्षबहादुरले आफ्नो जिज्ञासा जाहेर गरे । "तपाईंकी पत्नीको पनि त स्वीकृति लिनु पर्ला नि, पर्दैन र ? त्यो त भइजान्छ पछि पनि," डाक्टरले सान्त्वना दिँदै भने ।

वरपर कोही आमा हुने र कोही आमा भइसकेका महिला लम्पसार थिए खाट खाटमा । आमा हुनेले तीन त्रिभुवन देखिसकेका थिए । आमा बन्ने कोठाको सँघार टेकिरहेका महिलाको रूपरङ र होसहवास चकनाचुर हुँदै थियो । दुई/तिन दिनका बासी आमाहरू खितिती हाँसी हर्षबहादुरको उपस्थितिमाथि व्यङ्ग्य गरिरहेका थिए । मातृत्वको सँघार नटेकेका तर टेक्न आएका गणपति नारी पनि हर्षबहादुरप्रति पेचिलो खितखित मच्चाउँदै थिए बिस्तारै ।

हर्षबहादुर आफैँसित बोलिरहेको थियो । नारीको जीवन सिपाहीको जीवनभन्दा कम खतरापूर्ण छैन । सिपाही त युद्धमा मर्छ एकै हनाइमा । सुइक्क आयो गोली, लाग्यो गोली– प्राण विसर्जन तर नारीको जीवनमा कति लाग्छ गोली कति ? प्रत्येक प्रसवकालले एउटा मृत्यु नारीको थाप्लोमा कसिदिएको हुँदो रहेछ । तैपनि दुनियाँमा कोही असम्भार प्राणी छन् भने नारी नै छन् । कहिल्यै नचेत्ने प्राणीको पहिलो दर्जामा पनि विशिष्ट दर्जामा पुगेकी नारी नै रहेको कुरा हर्षबहादुर आफैँसित निर्णय माग्दै अस्पतालको प्रसूति कोठामा एकटक उभिइरहँदा पनि उसको कानमा गुन्जिरहे झैँ लाग्थ्यो । नेपथ्यमा उही स्वरलहरी ऐय्या... ऐय्याया... ऐय्याया... मरेँ... मरेँ बाबा... मरेँ... भएन... लौ न नि... ऐय्याया... ।

कविता

## आशाको डोरी



कृष्ण बाउसे

फुटेको घन्टीको लयमा
लडखडाउँदै बगिरहेका
प्लास्टिकका थोत्रा झोला
र कुच्चिएका बोतलको
चीत्कारले विचलित नबनी
उषाले बिनाभेदभाव
भूगोललाई चुमेको देखेर
प्रदूषित पानीमै पनि
मुस्काउँदै छिन् शुक्लपक्षकी जून ।

दुई किनारका पर्खालको चेपमा
मुस्किलले सास फेरिरहेको
धोबीखोलाको कुहिरोभित्र
दुनियाँ ब्युँझनुअघि नै
उभिएको छ एउटा बकुल्लो ।

नवजात सूर्यको नयनमा जस्तै
उसको मनमा पनि छ आशाको बिस्कुन
नभए पनि खोलामा माछा ।

अचेल बस्तीहरूबाट
पानीको सट्टा
विषादी बग्छ भनेर
कसैले नपारिदिनू बकुल्लाको कानमा ।

आशाको डोरी चुँडिएर
जो पछारिए पनि
आखिर
ब्रह्माण्डको अंश नै खस्ने हो समयको पिँधमा ।



## प्रेमको वर्णमालामा





डा. ऋषि बस्ताकोटी

धातुलाई पगालेर
पत्थरलाई आकार दिएर
शिल्पीले मूर्ति बनाइसकेपछि
मन्दिरभित्र विराजमान हुँदा
शिल्पी अछुत बनेर लुसुक्क बाहिरिए जस्तै
कठ्याङ्ग्रिँदा यादहरू बिलाउँदै
समयले कोल्टो फेरेपछि
हिउँदका अन्तिम सिलसिलाहरू
वसन्तसँग छुट्दै गए झैँ
समयसँग पौंठेजोरी खेल्दै
हुर्केको एउटा बोटमा
बेला आएपछि
ढकमक्क फूल फुलेर
मौरी धुरिन थालेपछि
जराको अस्तित्व युगले बिर्से झैँ
कथामा नभेटिने गरी
गीतमा नगाइने गरी
तिम्रो प्रेमको वर्णमालामा
लेख्दालेख्दै
छुटेको अक्षर हो ऊ !

# यथार्थको धरातलमा रङ्गमञ्चीय शिल्प



सुकृत नेपाल

लामो समयदेखि नेपाली रङ्गमञ्चमा आबद्ध पुरु लम्साल केवल नाटककार मात्र नभई एक कुशल रङ्गकर्मी, निर्देशक र अभिनेता पनि हुनुहुन्छ । उहाँका नाटकमा मञ्चीय सम्भाव्यता उच्च हुने गर्दछ । उहाँका नाटक पढ्नका लागि मात्र नभई मञ्चनका लागि पनि उपयुक्त मानिन्छन् । उहाँ आफैँ निर्देशक र कलाकार भएकाले पात्रको आवतजावत, दृश्य विधान र प्रकाशको प्रयोगलाई ध्यानमा राखेर नाटक लेख्नुहुन्छ । उहाँका नाटकमा प्रयोग गरिने संवाद छोटा, चोटिला र रङ्गमञ्च अनुकूल हुन्छन् ।

लम्सालका सिर्जनामा समसामयिक नेपाली समाजको जीवन्त चित्रण पाइन्छ । वैदेशिक रोजगारीले ल्याएको पारिवारिक विखण्डन, गाउँको रित्तोपन, वृद्धवृद्धाको एक्लोपन र आधुनिक पुस्तामा हराउँदै गएको मानवीय संवेदनालाई उहाँले आफ्ना नाटकमा प्रमुखताका साथ उठाउनुभएको छ । उहाँको लेखनमा नारी पात्रलाई सशक्त रूपमा प्रस्तुत गरिएको पाइन्छ । 'निऋति' नाटकसङ्ग्रहमा पनि उहाँले वंश र उत्तराधिकारका नाममा छोरीमाथि हुने विभेद र पितृसत्तात्मक सोचमाथि कडा प्रहार गर्नुभएको छ । उहाँको लेखनशैली जटिल छैन । आममानिसले बुझ्ने सरल भाषा र गाउँघरकै जस्तो लाग्ने परिवेशको निर्माण गर्नु उहाँको विशेषता हो । उहाँ समाजका साना र ओझेलमा परेका घटनालाई पनि नाटकीय रूप दिएर पर्दामा उतार्न सिपालु हुनुहुन्छ । विभिन्न नाट्य उत्सवमा उहाँको सहभागिता र निर्देशनमा प्रदर्शन भएका नाटकले नेपाली रङ्गमञ्चलाई गतिशील बनाउन मद्दत पुर्‍याएका छन् । यस नाटकसङ्ग्रहमार्फत उहाँले नेपाली नाट्य साहित्यको भण्डारलाई अझ समृद्ध बनाउने कोसिस गर्नुभएको छ ।

पहिलो नाटक पर्खिनेले सामाजिक विस्थापन र 'पर्खिनेहरू' को कथा भन्छ । यस नाटकले वर्तमान नेपाली समाजको सबैभन्दा ठुलो त्रासदी वैदेशिक रोजगारी र त्यसले निम्त्याएको सामाजिक शून्यतालाई मुख्य विषय बनाएको छ । 'पर्खिनेहरू' केवल एउटा नाटक मात्र नभई नेपाली गाउँघरको उजाडिएको तस्बिर हो । नाटकमा वैदेशिक पलायनले युवाशक्ति रित्तिएपछि गाउँमा बाँकी रहेका वृद्धवृद्धाको एक्लोपन र निरीहतालाई अत्यन्तै कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ ।

दोस्रो नाटक हो– 'आमालय', जसमा मानवीय संवेदनाको स्खलनको कथा छ । 'आमालय' नाटकले आधुनिकता र भौतिकवादको विकाससँगै मानिसभित्रको संवेदना र नैतिकता कसरी स्खलित हुँदै छ भन्ने कुरालाई उजागर गर्छ । सन्तानका लागि आफ्नो जीवनको सम्पूर्ण ऊर्जा र खुसी बलिदान गर्ने आमाले बुढेसकालमा आफ्नै छोरा र बुहारीबाट तिरस्कृत हुनुपर्ने अवस्था यसको केन्द्रीय द्वन्द्व हो ।

तेस्रो नाटक 'कल्पान्तर' मा सर्जकको आन्तरिक द्वन्द्वको कथा छ । 'कल्पान्तर' एउटा सर्जकको अन्तरद्वन्द्वको कथा हो । समाजले कुनै सर्जकलाई मञ्चमा सम्मान र ताली दिइरहँदा उसको पर्दापछाडिको जीवन कति अभावग्रस्त छ भन्ने कुरालाई यसले नजिकबाट नियालेको छ ।




पुस्तक

चौथो नाटक 'मौनताका रङ्गहरू' दार्शनिक र कलात्मक चिन्तनमा बुनिएको छ । यो सङ्ग्रहको सबैभन्दा कलात्मक र दार्शनिक नाटक 'मौनताका रङ्गहरू' हो । यसले जीवनलाई स्थूल रूपमा मात्र नहेरी चित्रकला, सङ्गीत र काव्यको सूक्ष्म आँखाबाट हेर्ने प्रयास गरेको छ । शब्दले व्यक्त गर्न नसकिने मानवीय संवेदना र सम्बन्धका जटिल पत्रलाई यसमा कलाको माध्यमबाट अभिव्यक्त गरिएको छ ।

शीर्ष नाटक 'निऋति' अस्तित्वको खोजीका लागि बलशाली नाटक हो । यसले नेपाली समाजमा जरो गाडेर बसेको 'वंश धान्न छोरा नै चाहिन्छ' भन्ने सामन्ती र पितृसत्तात्मक सोचमाथि निर्मम प्रहार गरेको छ । एउटी छोरीले पनि वंश र उत्तराधिकार धान्न सक्छिन् भन्ने वैचारिक धरातलमा उभिएर यसले लैङ्गिक विभेदविरुद्ध आवाज उठाएको छ ।

सङ्ग्रहका नाटकले समाजका विभिन्न तह र तप्काका समस्यालाई रङ्गमञ्चीय शिल्पका साथ प्रस्तुत गरेका छन् । लम्सालका नाटकमा आक्रोशभन्दा बढी संवेदना र कल्पनाभन्दा बढी यथार्थको बाहुल्य पाइन्छ, जसले गर्दा यी रचना आमपाठक र दर्शकको निकै नजिक पुग्न सफल देखिन्छन् ।

लम्सालका नाटक केवल कल्पनाका उपज नभई समकालीन नेपाली समाजका जीवन्त दस्ताबेज हुन् । विशेष गरी विसं २०६० को दशकयता नेपाली समाजले भोगेको राजनीतिक सङ्क्रमण, वैदेशिक रोजगारीको लहर र त्यसले निम्त्याएको सामाजिक, सांस्कृतिक विघटनलाई नाटककारले अत्यन्तै वस्तुपरक ढङ्गले उधिन्नुभएको छ । बसाइँसराइका कारण उजाडिएका गाउँबस्ती, एक्लिएका वृद्धवृद्धा र रेमिट्यान्सले भित्र्याएको उपभोक्तावादी संस्कृतिबिच हराउँदै गएको मानवीय आत्मीयतालाई उहाँले यस नाटकसङ्ग्रहमार्फत निकै मार्मिक रूपमा चित्रण गर्नुभएको छ ।

संवाद नाटकको मुटु हो र यस पक्षमा लम्साल निकै खरो उत्रिनुभएको छ । उहाँले नाटकमा अनावश्यक दार्शनिक व्याख्या वा बोझिला लामा संवाद लाद्नुभएको छैन । पात्रको सामाजिक पृष्ठभूमि र मानसिक अवस्था सुहाउँदा छोटा, प्रभावकारी र व्यङ्ग्यात्मक संवादको प्रयोग गर्नु उहाँको मुख्य विशेषता हो । थोरै शब्दमा धेरै गम्भीर भाव सम्प्रेषण गर्न सक्ने खुबीले गर्दा नाटकका संवादले पाठक र दर्शकको मानसपटलमा अमिट छाप छोड्छन् । संवादमा पाइने स्वाभाविक लय र स्थानीय लवजको प्रयोगले नाटकलाई अझ बढी मौलिक बनाएको छ ।

'आमालय' लगायतका नाटकमा देखाइएको पारिवारिक कलह वा सासूबुहारीको विषयवस्तु नेपाली साहित्य र नाटकका लागि केही परम्परागत लाग्न सक्छ । आजको बदलिँदो सामाजिक परिवेश, चेतनाको विकास र आधुनिक जीवनशैलीको कोणबाट यस्ता द्वन्द्वलाई थप नवीन र पृथक् ढङ्गले व्याख्या गर्ने ठाउँ सधैँ खुला रहन्छन् । पुराना र स्थापित विषयवस्तुमा पनि समसामयिक समाधान र नवीन दृष्टिकोणको खोजी गर्न सकेको भए कथामा अझ बढी मौलिकता र ताजापन झल्किन सक्ने थियो ।

सङ्ग्रहका फरक फरक नाटकमा उठाइएका कतिपय सामाजिक मुद्दा र तिनको प्रस्तुतीकरणको शैलीमा केही हदसम्म समानता पाइन्छ । यसले गर्दा एकपछि अर्को नाटक पढ्दै जाँदा पाठकले वैचारिक नवीनता र विविधताको तिर्खा मेट्न थप कौतूहल राख्न सक्छन् । नाटककारले दिन खोजेको मूल सन्देश कतिपय ठाउँमा केही दोहोरिएको जस्तो लागे पनि आगामी सिर्जनामा विषयको बहुआयामिकता, नवीन विम्बको प्रयोग र प्रस्तुतीकरणको शिल्पमा थप विविधता ल्याउन सके लम्सालको लेखन अझ ओझिलो र सर्वोत्कृष्ट बन्ने निश्चित छ ।

नेपाली नाट्य साहित्यको श्रीवृद्धिमा यो सङ्ग्रह एक महत्त्वपूर्ण र अर्थपूर्ण कृतिका रूपमा रहने निश्चित छ । समाजको सूक्ष्म शल्यक्रिया गर्न सक्ने र पाठकलाई आत्मचिन्तनका लागि बाध्य पार्ने यस्ता नाटकले रङ्गमञ्च र साहित्य दुवै क्षेत्रलाई लामो समयसम्म झकझकाइरहने देखिन्छ । अन्ततः 'निऋति' वर्तमान समयको एउटा ज्वलन्त दस्ताबेज हो, जसले हामी बाँचिरहेको समाजको अनुहार देखाउँदै हामीलाई सभ्य र मानवीय बन्न घचघच्याइरहन्छ ।

# हात हातमा कोशी



यात्रा निबन्ध



अनिता कोइराला

अरनिको राजमार्गमा धुलो उडाउँदै गुडेको छ गाडी। गाडीको जुलुस छ सडकमा । समयमा छिचोल्न कठिन देखेर सूर्यविनायकबाट चालक भाइले घुमाए गाडी सल्लाघारीतिर । जाम खानुभन्दा वैकल्पिक मार्गबाट हिँड्ने निर्णय लिए।

डाँडैडाँडा कुद्न थाल्यो इभी गाडी । गाडीभित्र हामी कवितामय भएका छौँ। देवकोटा, बालकृष्ण सम, भानुभक्तदेखि भवानी खतिवडा, विनोदी गुरु र सिर्जनाका सिर्जनाले गाडीभित्रको मौसम काव्यिक उत्सवभन्दा कम छैन। निकै लाभदायक भएको छ गाडीभित्रको साहित्यिक विमर्श । गफको लहरो टुङ्गिने अवस्था नै छैन। घरी गीतमा बहकिन्छौँ, घरी कवितामा त घरी विमर्शमा। प्रतीक दाजु भन्नुहुन्छ, "हेरौँला तिमीहरूको ऊर्जा जिरी पुगुन्जेल।" तर हामी पलभर पनि नरोक्किई अनैकोट पुगेका छौँ। बाटो सानो भए पनि सलल गुडेको छ गाडी।

पाँचखालको फाँट देखियो । आलुका बोरा गरा गरामा उभिएर हामीलाई स्वागत गर्दै छन्। आफ्नो अस्तित्वको उचाइ लिएर हाँस्दै छन् किसानको मेहनत र पसिना। बोरा बोरामा श्रमको अर्थ समृद्धशाली आकाश ओढेर उठ्दो छ। किसानका ठेलामा अर्थको महक मगमगाउँदो छ। कृषिविज्ञ भवानी दिदी भन्नुहुन्छ, "पाँचखाल आलुको पकेट क्षेत्र हो।"

कृषि प्राविधिक भवानी दिदी मलाई बुझाउनुहुन्छ, "जुन ठाउँमा जुन किसिमको बाली राम्रोसँग उत्पादन हुन्छ, त्यो ठाउँमा नेपाल सरकारले कृषि र किसानलाई सहयोग गर्छ। उपयुक्त माटो, हावा, पानी सुहाउँदो बाली विस्तार गर्न नेपाल सरकारले सहकार्य गर्दै आएको छ। जस्तैः सिन्धुलीको जमिन जुनारको पकेट क्षेत्र हो, इलामको चिया चियाका लागि पकेट क्षेत्र भए जस्तै मुडे र मुस्ताङ आलुको पकेट क्षेत्र हो।" भवानी दिदीले कति सरल तरिकाले कृषिको परिभाषित शब्दलाई बताइदिनुभयो।

जमिनमा उभिएका आलुका भारी भारी बोराले सिकाएको पकेट क्षेत्रको अर्थ सुन्दासुन्दै हामी त पाँचखाल पो कटिसकेछौँ। अरनिको राजमार्गमा जाम छैन। इन्द्रावती झैँ सलल बगेका छौँ पक्की सडकमा। एउटा आँखाले इन्द्रावती पिउन थाल्छौँ, अर्को आँखाले भोटेकोशी। भोटबाट आएर होला भोटेकोशी अलि धमिलो देखिन्छ तर इन्द्रावती उज्यालो। दोलालघाटको दृश्य हेर्दै अगाडि बढेका छौँ। गीतको सारङ्गी रेट्न छाडेका छैनौँ।

गाडी मोडियो सिम्लेतिर । कोशी साइडतिर देखियो होटेल। होटेलमा खाना खायौँ। खानाले पेट उज्यालो भएपछि तल कोशी किनारातिर ओरालियौँ। सडकको मोडमै देखियो कर्कश आवाज फैलाउँदै हाँसिरहेको क्रसर उद्योग। कृत्रिम पहाड छ आँखैअगाडि। बालुवाको चुली पहाड बनेर बसेको छ। ढुङ्गाको रास छ छेउमा। धुलो उडेको छ सुन्दर वातावरणमा। क्रसरमा ससाना ढुङ्गा छानिएका छन्। जाली जस्तो लामो फित्ता आफ्नै तालमा चलायमान। बगर छाड्न विवश ढुङ्गाहरू घररर आवाज निकाल्दै कुदेका छन् फित्ताको बाटो भएर, नजिकै हिँडेका साथीको बोली पनि सुनिँदैन आवाजको प्रदूषणले। ठुला ठुला ट्रक ओरालिएका छन् कोशीको सौन्दर्य ओसार्न। देखिन्छ कोशीको गालामा खोपिल्टा। दोहनका गहिरा खाडल देखिन्छन् कोशी किनारामा। पानी धमिलो भएको कारण पनि दोहन नै त रहेछ।

कोशी जननी झैँ लाग्छ मलाई । आमाको दुधले मात्र कहाँ पुग्छ र अचेलका कतिपय सन्तानलाई । जब दुधभन्दा रगतको मूल्य बढी हुन्छ तब आमाको मुटु फुटाएर तातो रगत पनि बेच्न पछि पर्दैनन् तिनीहरू। तिनीहरूलाई कोशीको शीतल जल प्रीतिकर लाग्दैन। अनियन्त्रित व्यापारको क्षेत्र विस्तार हुँदा कोशीको छातीमा ढुङ्गा, बालुवा घट्दै आएको छ। आकाशमा उडेका चरीदेखि, पानीमा पौडने माछासम्म चाहिएको छ हामीलाई। भोग गर्न मात्र आएको छ मान्छे यो धरामा झैँ लाग्छ। तृष्णाको अन्त्यहीन आकाश पेटमा ग्रहण गरेर बसेको मान्छे पृथ्वीको शत्रु झैँ लाग्दै छ। विशाल छ तृष्णा। चाहनाको लहरो अप्राप्य छ। जति

> कोशीको किनारमा बस्दा भोटको सुगन्धले हामी मौलिक थियौँ। मोहित हुन्थ्यौँ आफ्नो पहिचानप्रति। बगर भएर किनारभरि फैलिँदा पनि निकै हर्षित थियौँ। निर्जीव भएर पनि हामी जीवन्त थियौँ।

भरिए पनि झन् झन् खोक्रो छ मान्छेको भोक। सुरक्षाको प्राकृतिक आकाश ओढे पनि खोज्छ पलपल नवीन र कृत्रिम नभ। आधुनिक सभ्यतामा बगर बन्छ खोला। खोलाको गतिशीलताभन्दा प्रिय छ पोखरीको स्थिरता।

बालुवा, ढुङ्गा झिकेर धमिलो पोखरी बनाइँदै छ कोशीलाई। खहरे पनि बन्न सक्छ कोशी कुनै दिन। खोलाको सभ्यता व्यापार भएपछि नैतिकता बग्दो रहेछ उदाउँदै । ढुङ्गा हुँदै गएको मान्छे ढुङ्गा बेच्न लालायित छ पलपल । बालुवाको राजनीति गर्न अभ्यासी छ खनेर आफू उभिएको जग। खोलाको किनार होस् या जङ्गलको सौन्दर्य हरदम लुट्न तयार छ नाफाको काँचो वायु। देख्छु कोशीको पोटिलो गाला विरूप भएका । आधुनिक मान्छे विवश हो कि विचारशून्य बुझ्न सक्दिनँ आफ्नै स्वभाव। मन भरिन्छ प्रलयको आँधीबेरीले। क्रसरको आवाज चर्को छ। गाडीको गति धीमा भए पनि बाटो सानो छ। छेउ लागेर उभिन्छौँ। कोशी तटमा पुगेपछि देखिन्छ माटो बालुवा बगाउँदै आएकी कोशी। बालुवा झिकेको कारण बनेको छ ढिस्को। भन्छन् स्थानीयहरू छेउमा नजानू भ्यास्स खस्न सक्छ कोशीको किनार। म हराउँछु कोशी किनारमा। चिन्तित कोशी कानैमा भन्छिन्, "बिस्तारै तल झर अनिता के थाहा कुनै दिन म बगर बन्न पनि त सक्छु। मेरो मुहान पनि त कहाँ स्थायी छ र अचेल। हिउँको वर्षा कम हुँदै छ। हिउँ पर्न छाड्यो भने त मेरो अस्तित्व पनि नामेट हुन्छ। आज मौका छ उठा कोशी आफ्नो हातमा। भर हृदयमा हिमाली जल। अनुभूत गर मेरो शीतलता।" तर्सिन्छु कोशीको पुकारले र ओर्लिन्छु कोशीको तटमा। धुलोकण मिसिएको पानी पिउन लायक छैन तर पनि उचाल्छु कोशीलाई हत्केलामा। शिर सेचन गर्छु। कोशीको जीवन्त स्पर्शले मलाई ऊर्जाशील बनाउँछ। साथीहरू किनारभन्दा माथि अग्लो स्थानमा छन्। भवानी दिदी ढुङ्गामाथि ढुङ्गा राखेर बनाउँदै हुनुहुन्छ छोर्तेन। म कोशी उचालेर फ्याँक्छु किनारमा। साथीहरू उत्साहित छन् कोशी छुन। प्रत्येक स्रष्टाको हातहातमा उचालेर कोशी थपक्क राखिदिन्छु। दङ्गिनु हुन्छ साथीहरू चिसो पानीको छुवाइमा । पारिबाट घना जङ्गल मुस्कुराउँछ हाम्रो किशोरवय व्यवहारमा। वसन्तको बहार बोकेर जवान हुँदै गएको सिङ्गो जङ्गलले पनि भन्छ, "जङ्गलको दर्शन उचालेर जा अनिता आफ्नो गन्तव्यमा। जङ्गलको एकतालाई ग्रहण गर। परिवर्तनको धर्मलाई स्वीकार गर। कुनै दिन त यता आउँदा पात खसेर कुरूप पनि देखेका थियौ होला तर अटल विश्वास सजाएका थियौ। मौसम फेरिन्छ। फेरिनु नै सौन्दर्य हो प्रकृतिको। पात झर्नु सक्किनु होइन। नवीनताका लागि मार्ग खोल्नु हो। वसन्त त आउँछ आउँछ भन्दै हामीले धीरताको ध्यान गर्दै आएका थियौ। पतझड आउँदैमा जीवन समाप्त हुँदैन। खडेरी लाग्दैमा बर्सात समाप्त हुँदैन। आज हेर अङ्ग अङ्गमा वसन्त मुस्कुराएको। तँ पनि वसन्त फुलाउने कोसिस गर आफ्नो जीवनमा। मानव समुदायमा। विनाशको दुन्दुभीले मानव सभ्यतालाई नामेट नपारोस्। समय छँदै जगा तेरो समुदायलाई।" नमन गर्छु जङ्गलको सत्सङ्गमा। कोशी र जङ्गल ज्ञान बनेर मसँगै हिँडेका छन्। राजमार्गमा उक्लिन अगाडि बढ्दै छौँ।

बालुवाको थुप्रो मलाई हेरेर रुन्चे हाँसो हाँस्छ र दबिएको आवाजमा भन्छ, "हामी कोशीको काखमा सुरक्षित थियौँ। शक्तिशाली थियौँ। हामी उदण्ड हुन खोज्दा पनि सामूहिकताको धर्मले छेक्थ्यो। हामी साँच्चै आफ्नै बाटोमा सलल बग्दै थियौँ तर आज हाम्रा अङ्गहरू चुँडालिएका छन्। लुटिएका छौँ हामी। भत्किएको छ संरचना। विश्वास दिलाउन सक्दिनँ! हामी अब शान्त भएर नै बगिरहने छौँ। अब सीमा भत्किन सक्छ। आउन सक्छ प्रलय। विनाश हाम्रो रहर होइन तर कर्मको फल त भोग्नै पर्छ मान्छेले। कोशीले कोरेको आफ्नै पहिचान फेरिनसक्छ। हेर त हामीलाई आफ्नै आँगनबाट खोसेर बेचिँदै छ अन्धाधुन्द।

कोशीको किनारमा बस्दा भोटको सुगन्धले हामी मौलिक थियौँ। मोहित हुन्थ्यौँ आफ्नो पहिचानप्रति। बगर भएर किनारभरि फैलिँदा पनि निकै हर्षित थियौँ। निर्जीव भएर पनि हामी जीवन्त थियौँ। हामीलाई पहाडसँग दाँजिनु छैन। हाम्रो उचाइ बगरमै छ।" बालुवा पनि समवेत स्वरमा बोल्छन्, "हामी बालुवा हौँ। बालुवा नै रहन चाहन्छौँ। बालुवाको पहाड बनाएर चढ्न खोज्छ उचाइ विमूढ मान्छे। थुप्रो मात्र भएर कोशीलाई हेर्दै उभिनुपरेको भए पनि त ठिकै थियो। आमाको काखमा छौँ भन्थ्यौँ। ऊ हेर त टिप्परमा राखेर लैजाँदै छन् हामीलाई कताकता। नदीको सिङ्गो सभ्यताबाट अलग बनाएर हामीलाई पृथक् अस्तित्व दिँदा झर्नुपर्ने रहेछ अनेक पटक फुस्स फुस्स। बालुवाको पहाड बोल्दा बोल्दै मौन हुन्छ। मेरो मन यता धमिलो हुन्छ। मलाई बेचिएका चेली झैँ लाग्दै छन् यी कोशीका ढुङ्गा र बालुवा। मान्छे पनि त समुदायभित्र सुरक्षित हुन्छ। अलग्गिनु अस्तित्व निर्माण गर्नु मात्र पनि त नहुन सक्छ। यात्रा महाप्रस्थान पनि त हुन सक्छ! चिन्तनशील हुँदै थिएँ। प्रतीक दाजुको फोन आउँछ, "पछाडि आउने गाडी हिँडिसक्यो लु चाँडो आउनु पर्‍यो।" हृदयभरि कोशी बोकेर हतारिँदै राजमार्जमा पुग्छौँ!

# हराउँदै बालापन



सीताकुमारी न्यौपाने (धिताल)

बिदाको दिन आँगनमा बसेर लुगा धोइरहेकी छु। कान्छो छोरा आँगनको एक कुनामा बसेर खेल्दै छ। "हेर हेर माटोमा खेलेको," घरअगाडिको बाटोबाट हिँड्दै गरेकी अपरिचित महिला भन्छिन्, "मोबाइल दिएको भए कोठामा भुलिएर बस्थ्यो होला नि!" एकनासले काममा मग्न भइरहेको मेरो ध्यान भङ्ग हुन्छ।

तरकारी केलाउन लाग्यो, मामु! खाना पकाउन लाग्यो, मामु! लुगा धुन लाग्यो, मामु! पछि लागेको छ, झुन्डिएको छ। फिटिक्कै काम गर्न दिने होइन। जे गर्न लाग्यो पछि पछि लागेको छ। अवरोध पुर्‍याएको छ। बरु मोबाइल खोलिदिएर एउटा कुनामा राखिदियो आनन्द हुन्छ, साना नानीबाबु भएका अधिकांश आमाको बोली हो, यो।

भान्सामा आफूसँगै राख्यो तरकारी छरिदिन्छ। चामल पोखिदिन्छ। पानी पोखिदिन्छ। लुगा धोइरहेको ठाउँमा सँगै बसेर नाना छपक्कै बनाउँछ। त्यसो त सहरी क्षेत्रमा माटो देखिने जग्गा नै कहाँ पाउनु र! पाउने ठाउँ नै भए पनि एकछिन बाहिर छाडिदियो, माटो खेलेर हैरान! छिन छिनमा लुगा मैलो पारेको छ, फोहेरी बनेको छ! एकछिन हेर्न भ्याएन भने भाँडाको पानी सबै खन्याएर निथ्रुक्क बनेको छ! कहाँ कहाँबाट पातपतिङ्गर–ढुङ्गा बटुलेर आँगन फोहोर पारेको छ! यी सबै समस्या पार पाउने अचुक औषधी स्मार्ट फोन भएको छ। यसैमा अटेको छ सारा संसार। यसले बच्चालाई भुलाएर मात्र राख्दैन, आमाबाबुलाई समेत ढुक्क बनाउँछ। न बिगार हुने डर, न बच्चा फोहोरी बन्ने डर, न त बेला बेला लुगा फेराइदिनुपर्ने झन्झट!

> सबै समस्या पार पाउने अचुक औषधी स्मार्ट फोन भएको छ। यसैमा अटेको छ, सारा संसार। यसले बच्चालाई भुलाएर मात्र राख्दैन, आमाबाबुलाई समेत ढुक्क बनाउँछ। न बिगार हुने डर, न बच्चा फोहोरी बन्ने डर, न त बेला बेला लुगा फेराइदिनुपर्ने झन्झट!



हामी सानो छँदा सबै मानिस खेतबारीमै व्यस्त हुन्थे। घरमा हुनेले कृषि उपज सुकाउने, केलाउने, थन्क्याउने काम गर्थे। साना केटाकेटी हिँड्न सक्ने भएपछि बाजेबज्यै, बाबुआमासँग लुटुपुटु गर्थे। बाबुआमा खनजोत गरिरहँदा उनीहरूलाई पछ्याउँदै माटोमै खेलिरहेका हुन्थे। मुसाले खनेको माटोको थुप्रोमा चिप्लेटी खेल्थे। ठुलाले पनि उनीहरूलाई बिस्तारै सक्ने काम लगाउँथे। खेतबारीमा काम गर्दा बच्चाका लागि कुटो जस्ता साना खन्ने कुरा दिएर बारीमा आफूसँगै काम लगाउँथे। केटाकेटी जानी नजानी कुटोले माटो पैट्याउँथे।

अभिभावकले बच्चालाई गाली गर्दैनथे। प्रकृतिमा स्वतन्त्र छोडिदिन्थे। जे खेले पनि वास्ता गर्दैनथे। "बच्चाले खेल्नु पर्छ" भनेर छाडिदिन्थे। बच्चा प्रकृतिसँग रमाउन पाउँथे। ढुङ्गा, माटो, झारपात, बोटबिरुवा उनीहरूको खेलौना हुन्थ्यो। अलि ठुलो भएपछि चिलाउनेका गेडा, बाँसको बोक्राका फिरफिरे, घाँस, डोरी नाघी, गट्टा, डन्डीबियो, कपर्दी, बाघचाल र दौडिने खेल खेल्दै हुर्किन्थे। सल्लाको पातमा चिप्लेटी खेल्थे। राति सुत्ने वा घरका काम गर्ने बेला हजुरबा हजुरआमाले कथा सुनाउँथे। राति कथा सुन्दै कतिखेर निदाइन्थ्यो थाहै हुँदैनथ्यो। म जस्तै हजुरबा हजुरआमा आमाबुबाको काखमा र उहाँहरूको सान्निध्यमा खेल्दै सिक्दै प्राकृतिक वातावरणमा हुर्किनेहरू धेरै हुनुहुन्छ होला।

अहिले त सबैतिर आधुनिक कुराले छोएको छ। पुराना चलन अझ विशेष गरी प्रकृतिसँग जोडिएका बानीव्यवहार छाडिँदै छ। वास्तविकता हराउँदै गएर कृत्रिम कुराले ढाकेको छ। सहरी भेगमा पहिले पहिले बच्चालाई खेल्नका लागि विभिन्न प्लास्टिकका सामग्री दिइन्थ्यो। बाबुआमाले होस् वा पाहुनालेसमेत उपहारमा यस्तै खेलौना लगेर कोठमा भरिदिने गर्थे। अब त त्यस्ता खेलौनाको पनि जमाना गइसकेको छ। अहिले 'स्क्रिन' को लतले त्यसलाई समेत पछि पारिसकेको छ।

कामकाजी भएकाले अचेल बालबालिकाले बुबाआमाको सान्निध्य र वात्सल्य पाउन कठिन छ। उनीहरूलाई दुई वर्षको उमेरदेखि नै आफूभन्दा ठुलो झोला बोकाएर लखेटिन्छ, प्ले ग्रुप, मन्टेश्वरी वा यस्तै नाम भएको थलोमा। त्यहाँ उनीहरूले कहाँ प्राकृतिक वस्तुको अनुभव गर्न पाउनु? प्लास्टिकका गाई, प्लास्टिकका हात्तीदेखि सबै कुरा कृत्रिम। कतिपयको स्कुल टाढा हुँदा बिहान सबेरै बस आइपुग्ने र फर्किंदा ढिलो हुने गरेको देखेकी छु। कतिखेर पाऊन् उनीहरूले बाबुआमाको साथ । बाबुआमालाई पनि अलिकति फुर्सद भए मोबाइलमा भुल्नै पर्‍यो। अनि बालबालिका पनि कसरी मोबाइलबाट जोगिऊन्?

अहिले त केटाकेटीलाई जन्मेदेखि नै स्क्रिनको लत लाग्ने बनाइएको छ। बच्चालाई के खेल्न दिने, के नदिने केही थाहा छैन। भोलि उनीहरूको भविष्य (स्वास्थ्य) के हुन्छ, केही थाहा छैन। हामी व्यस्त छौँ, बच्चा कसरी हुर्किएका छन् पत्तो छैन। घरमा भएका बेलामा पनि बच्चाले चकचक नगरोस् भनेर दिनभर मोबाइल थमाइदिएर उनीहरूको भविष्यमाथि खेलबाड गरिरहेका छौँ। उनीहरूको पूर्ण अभिभावक बन्न हामी चुकेका त छैनौँ। उनीहरूको पहिलो पाठशाला घरमा राम्रोसँग शिक्षा दिन सकेका छैनौँ।

त्यसो त अहिलेको समयमा मोबाइललाई पूर्णतः बन्देज लगाउँछु, बच्चालाई हेर्नै दिन्न भन्नु पनि अलि अव्यावहारिक हुन्छ। विद्यालयले कतिपय सन्दर्भमा मोबाइल नभई गर्न नसकिने गृहकार्य दिएका हुन्छन्। अझ कोरोना जस्तो महामारीका बेला त बालबालिकाको पढाइ पूर्ण रूपमा अनलाइनबाट नै भयो तर जुन कुरा उपयोगीका साथै हानिकारक छ, त्यसलाई कसरी चलाउने, त्यसलाई कसरी उपयोग गरी लाभ र हानि छुट्याउने क्षमता हामीमा हुनु पर्‍यो। यस्ता कुरा आफ्ना सन्तानलाई सिकाउँदै लग्नु पर्‍यो।

बच्चा काँचो माटो हुन्, यिनीहरूलाई कसरी हुर्काउनु पर्छ (आकार दिनु पर्छ) भन्ने ज्ञान हामीले भुल्दै गयौँ। हामीले प्रशस्त समय दिन सकेनौँ। उमेर नै नपुगी विद्यालय पठायौँ। बालबालिकालाई पाँच वर्ष नभई विद्यालय पठाउनुहुन्न भन्ने मान्यता छ तर यसलाई पालना गर्न सकेनौँ। बच्चाको पहिलो पाठशाला घर हो, जहाँ आमाले घरको सानोतिनो लुगा धुन, माटोको 'भात' पकाउन, साना कपडा पट्याउन, करेसाबारीमा पानी हाल्न आदि नदिएर उनीहरूका 'सयौँ सपना' ध्वस्त पारिदिएका छौँ। अचेलका बालबालिकाले आमा हजुरआमाबाट कथा सुन्न पाउँदैनन्। घरेलु काम सिक्न पाउँदैनन्। बुबाआमाले केटाकेटीलाई समय दिएर पढाएको देख्न मुस्किल भइसकेको छ। आफ्ना केटाकेटी पढाइमा कमजोर भए ट्युसन 'पढ्न' पठाउने चलन आएको छ। मनोविद् डा. वेदप्रसाद दाहालले भन्नुभएको छ, यदि दिनहुँ बालबालिकासँग १५ मिनेट बसेर पढेको खण्डमा पाँच वर्षको उमेरसम्ममा उनीहरूमा भाषाको निकै राम्रो विकास हुन्छ। नियमित पढाइले अभिभावक र सन्तानको सम्बन्ध बलियो बनाउँछ।

हामीले पुराना चिजदेखि नयाँ युगलाई अनुभव गर्न, भोग्न पायौँ, वास्तविकता बुझ्न पायौँ। यस्ता कुरालाई अँगाल्दै जाँदा विज्ञ भनेका कोही नभएर देख्ने, भोग्ने र अनुभव गरेका बाजेबज्यै, हजुरआमा हजुरबाहरू नै हुनुहुँदो रहेछ। उहाँहरूले कति विवेकपूर्ण तरिकाले हुर्काउनुभएको रहेछ, हामीलाई। के हामीले आफ्ना बालबालिकाका लागि यस्तै विवेक प्रयोग गर्न सकेका छौँ त? अवश्य पनि छैन।

## साताको राशिफल

२०८३ असार ६–१२ गतेसम्म



डा. नारायणप्रसाद निरौला

**मेष**
साता सुखद रहने छ। कार्यक्षेत्रमा उन्नतिका साथै नयाँ कार्यप्राप्तिका योग देखिन्छन्। आर्थिक पक्ष सुखद रहने छ। व्यवसायमा पनि उन्नतिका साथै लगानीका नयाँ मार्ग प्राप्त हुने छन्। सेयर व्यवसाय सुखद रहने देखिन्छ। पारिवारिक सुख मिल्ने छ। भौतिक वस्तुबाट लाभका साथै सुखद यात्राका अवसर पनि मिल्ने छन्। प्रेम जीवन सार्थक र सुखद रहने छ। अध्ययन अध्यापनमा पनि सफलता मिल्ने छ।

**वृष**
साता मिश्रित फलदायी रहने छ। आइतबारसम्म खर्चमा वृद्धि हुन सक्ने देखिन्छ। व्यवसाय पनि मध्यम फलदायी रहने छ। सोमबारबाट ग्रहगोचरमा अनुकूल प्रभाव रहने छ। मित्र सुख मिल्ने छ। पारिवारिक साथ सहयोगले उल्लेख्य कार्यसम्पादन हुने देखिन्छ। सेयर व्यवसाय वृद्धिदायी बन्दै जाने देखिन्छ। वैदेशिक क्षेत्रबाट लाभका साथै सुखद परिभ्रमणका अवसर पनि प्राप्त हुने छ।

**मिथुन**
कार्यक्षेत्रका दृष्टिले साता सार्थक र सुखद् रहने छ। नयाँ कार्यप्राप्तिका अवसर पनि मिल्ने छन्। स्वास्थ्यको भाव मध्यम देखिन्छ। सोमबार र मङ्गलबारका दिन खर्चिला रहन सक्ने देखिन्छ। खानपानमा पनि सजग रहनु लाभप्रद हुने छ। आर्थिक पक्ष सुखद नै रहने छ। पारिवारिक सुख मिल्ने छ। अध्ययन अध्यापनमा पनि सफलता मिल्ने छ। कलात्मक पक्ष लाभप्रद रहने छ। खेलक्षेत्रमा रुचि बढ्ने साताको राशिफल रहेको छ।

**कर्कट**
साताको पूर्वार्ध लाभप्रद रहने छ। आयआर्जनका अवसर मिल्ने छन्। साङ्गीतिक क्षेत्रबाट लाभका योग देखिन्छन्। नयाँ कार्ययोजनाका प्रवृत्ति बढ्ने छ। पारिवारिक सुख मिल्ने देखिन्छ। खेलक्षेत्रमा चाख बढ्नुका साथै कलात्मक पक्ष रोचक रहने छ। बुधबारबाट भने गोचरमा प्रतिकूल प्रभाव रहन सक्ने देखिन्छ। शत्रु पक्ष सबल रहने भएकाले कार्यक्षेत्रमा सजग रहनु लाभप्रद हुने छ। विद्याको क्षेत्र मध्यम फलदायी रहने छ।

**सिंह**
साता उन्नत रहने छ। नयाँ कार्यप्राप्तिका योग देखिन्छन्। व्यापार व्यवसायमा उन्नतिका साथै लगानीका नयाँ मार्ग प्राप्त हुने छन्। जलीय वस्तुबाट लाभ रहने छ। अध्ययन अध्यापनमा सफलता मिल्ने छ। प्रतिस्पर्धात्मक क्षमता वृद्धिका योग देखिन्छन्। वित्तीय पक्ष सुखद रहने छ। सेयर लगानी प्रतिफलदायी बन्ने छ। वैदेशिक क्षेत्र पनि लाभप्रद रहने देखिन्छ। प्रेममा पारख बढ्ने छ।

**कन्या**
साता मिश्रित फलदायी रहने छ। आइतबारसम्म कामको चाप बढ्न सक्ने छ। वाक पक्ष पनि कमजोर रहने देखिन्छ। खर्चमा पनि वृद्धि हुनसक्ने छ। सोमबारबाट भने समय सुखद बन्दै जाने छन्। कार्यक्षेत्रबाट पनि लाभ हुने छ। व्यवसयामा उन्नतिका योग देखिन्छन्। सेयर व्यवसाय प्रतिफलदायी रहने छ। स्वास्थ्यको भाव मध्यम देखिन्छ। विद्याको क्षेत्र परिश्रमयुक्त भए पनि सफल र सार्थक रहने छ।

**तुला**
साता फलदायी रहने छ। आर्थिक पक्ष उन्नत रहने देखिन्छ। बौद्धिक कार्यमा संलग्नता बढ्ने छ। धातुजन्य वस्तुको व्यवसाय लाभदायी रहने छ। कृषिकर्मीका निम्ति पनि यो साता सुखद रहने छ। साङ्गीतिक पक्ष सुखद् र सार्थक रहने छ। नयाँ कार्य लाभका साथै वाक कलामा पनि वृद्धि हुने छ। सोमबार र मङ्गलबारका दिन भने स्वास्थ्यका दृष्टिले प्रतिकूल रहन सक्ने छन्। खानपानमा सजग रहनु सुखद हुने देखिन्छ।

**वृश्चिक**
कार्यक्षेत्रका दृष्टिले साताको पूर्वार्ध सुखद रहने छ। आर्थिक उन्नतिका साथै लगानीका नयाँ अवसर मिल्ने छन्। भौतिक वस्तुबाट सुख मिल्ने देखिन्छ। कलात्मक पक्ष लाभप्रद रहने छ। सिर्जनात्मक कार्यमा अभिरुचि रहने छ। विद्याको भाव मध्यम फलदायी रहने देखिन्छ। बुधबारबाट कामको चाप बढ्न सक्ने छ। शत्रु पक्ष सबल रहनुका साथै कार्य प्रभावकारिताका पनि कमी रहनसक्ने छ।

**धनु**
साता सुखद रहने छ। नयाँ कार्यप्राप्तिका योग देखिन्छन्। आर्थिक दृष्टिले पनि साता सुखद रहने छ। लगानीका नयाँ मार्ग मिल्ने छन्। कृषिकर्मीका निम्ति पनि साता लाभप्रद रहने छ। विद्याको भाव अनुकूल देखिन्छ। कला साहित्यका साथै साङ्गीतिक क्षेत्रबाट पनि लाभका योग देखिन्छन्। मित्र सुख मिल्ने छ। शत्रु पक्ष निर्बल रहने छन्। पारिवारिक सुख मिल्नुका साथै प्रेमिल यात्राका योग पनि देखिन्छन्।

**मकर**
आइतबारसम्म कामको चाप बढ्न सक्ने छ। खर्चमा वृद्धिका साथै शत्रुपक्ष पनि सबल रहन सक्ने देखिन्छ। सोमबारबाट भने सुखद रहने छन्। कार्यक्षेत्रमा पनि उन्नति हुने छ। आर्थिक पक्ष पनि सुखद बन्दै जाने देखिन्छ। लगानी प्रतिफलदायी रहने छ । पारिवारिक सुख मिल्नुका साथै प्रेम पक्ष पनि उन्नत रहने छ। प्रेमिल यात्राका योग देखिन्छन्। जलीय वस्तुबाट लाभ रहने छ। प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुने छ।

**कुम्भ**
साता लाभप्रद रहने छ। वाक कलामा वृद्धि हुने छ। साहसिक कार्यमा प्रवृत्ति बढ्ने छ। खेलको क्षेत्र विशेष रुचिकर रहने छ। विद्याको भाव सुखद देखिन्छ। स्वास्थ्य मध्यम फलदायी रहने छ। खेल एवं कलात्मक क्षेत्र रुचिकर बन्ने देखिन्छ। वैदेशिक क्षेत्रबाट लाभका साथै सुखद यात्राका योग देखिन्छन्। सोमबार र मङ्गलबारका दिन भने कामको चाप बढ्नुका साथै खर्च पनि बढ्न सक्ने छ।

**मीन**
साताको पूर्वार्ध लाभदायी रहने छ। मित्र सुखका साथै नयाँ कार्यप्राप्तिका योग देखिन्छन्। आम्दानीका स्रोत बढ्ने छन्। कार्यक्षेत्रमा उन्नतिका साथै सुखद परिभ्रमणका अवसर मिल्ने छन्। बौद्धिक कार्यमा रुचि रहने छ। बुधबारबाट कामको चाप बढ्न सक्ने छ। खर्च वृद्धिका हुनुका साथै स्वास्थ्य पनि प्रतिकूल बन्ने सक्ने छ। आहारविहारमा सजग रहनु लाभप्रद हुने छ।

गोरखापत्र शनिबार



## त्रिवेणी–मुक्तिनाथ यात्रा

# नयाँ ऊर्जा नयाँ अनुभूति





पदम न्यौपाने



> त्रिवेणीको पवित्र सङ्गमबाट सुरु भएर मुक्तिनाथको मोक्षधामसम्म पुग्ने यो यात्रा केवल भूगोलको यात्रा होइन, यो आत्माको शुद्धीकरण र ईश्वरसँगको साक्षात्कारको यात्रा हो । जो एक पटक यस यात्रामा निस्किन्छ, उसको जीवनमा परिवर्तन आएको महसुस गर्छ । यात्राको हरेक क्षणमा नयाँ ऊर्जा र नयाँ अनुभूति पाइन्छ ।

नेपाल–देवभूमि, जहाँ हिमालका चुचुरा स्वर्ग छुने गर्छन् र नदी पवित्र तीर्थलाई गला लगाउँछन्। यो भूमिमा एउटा यस्तो धार्मिक यात्रापथ छ, जसले गण्डकी र लुम्बिनी क्षेत्रका अनेकौं तीर्थस्थल र पवित्र धाम एकसूत्रमा जोड्छ। त्रिवेणी–देवघाटबाट सुरु भई अन्तिममा मोक्षको द्वार मुक्तिनाथमा पुगिन्छ। यो यात्रा केबल स्थानको यात्रा मात्र होइन, यो आत्माको यात्रा हो।

यात्राका लागि करिब पाँच सय किमी दुरी रहेको त्रिवेणीदेखि देवघाट–पाल्पा (रामपुर)–रानीमहल–रिडी–पर्वत–बागलुङ (कालिका)–म्याग्दी (गलेश्वर)–मुक्तिनाथ धार्मिक, आध्यात्मिक, प्राकृतिक, आरोग्य र साहसी पर्यटकका लागि उपयुक्त बहुआयाम बोकेको मार्ग हो । यति मात्र होइन यो मार्ग (शालिग्राम मार्ग वा कालीगण्डकी मार्ग) चीन र भारत जोड्ने छोटो व्यापारिक मार्ग बन्न सक्ने सम्भावना भएको मार्ग पनि हो । यो यात्रामा हामी समथर त्रिवेणीदेखि कालीगण्डकी कोरिडोर आसपासका महत्त्वपूर्ण धार्मिक र ऐतिहासिक स्थल हुँदै हिमालको काखमा रहेको मुक्तिनाथ मन्दिरसम्म पुग्ने छौं।

### पवित्र सङ्गमको आशीर्वाद

धार्मिक यात्राको प्रारम्भ गर्न सकिन्छ त्रिवेणी र देवघाटबाट, जुन गण्डकी, त्रिशूली र कालीगण्डकी नदीको पवित्र सङ्गमस्थल हो । हिन्दु धर्मशास्त्रमा सङ्गमस्थललाई अत्यन्त पवित्र मानिन्छ, यहाँ स्नान गर्नु, पितृतर्पण गर्नु र देवदर्शन गर्नु अत्यधिक पुण्यदायी मानिन्छ । त्रिवेणीमा आएका भारतीय तीर्थयात्री यहाँ पूजाअर्चना गरेर आफ्नो यात्राको शुभारम्भ गर्छन्। देवघाटमा साधु–सन्न्यासीका आश्रम, घाट र मन्दिर छन्, जसले यस स्थानलाई एउटा जीवन्त तीर्थधाम बनाएका छन्।

देवघाट देवस्थल हो। यसर्थ यस क्षेत्रलाई झनै महत्त्वपूर्ण बनाउन देवता रहने बस्ने अथवा पृथ्वीलोकमा आइपरेका समस्या समाधानका लागि सामूहिक छलफल गर्ने स्थान हो । यसर्थ यहाँ ब्रह्मा, विष्णु र महेश्वरको बेग्लाबेग्लै वासस्थान र विभिन्न समस्याको छलफल गर्ने (चार वेदमा आधारित विषय) विषयकेन्द्रित सोही विषय सम्बद्ध स्थान निर्माण गर्न सके यसबाट यो क्षेत्रको विशेष महत्त्व बढाउन सकिन्छ।

धार्मिक यात्रुले देवघाटमा ब्रह्ममुहूर्तमा गङ्गा आरती र सूर्योदयकालीन पूजाको अनुभव अविस्मरणीय हुन्छ। यो क्षण भारतीय तीर्थयात्रीका लागि हरिद्वारको जस्तै अनुभव हुन सक्छ।

### इतिहास र अध्यात्मको मिलन

देवघाटबाट उत्तर–पश्चिम दिशातर्फ लाग्दा ऐतिहासिक पाल्पा रामपुर पुगिन्छ। पाल्पा नेपालको एउटा प्राचीन राज्य हो, जसको सांस्कृतिक र धार्मिक महत्त्व अतुलनीय छ। यहाँका मन्दिर, देवालयले यस नगरलाई अनौठो आकर्षण दिन्छन्। राम वनवास भएको समयमा विहार गरेको क्षेत्रका रूपमा रामपुरलाई लिइन्छ। सायद यही महत्त्वका कारणले पनि हुन सक्छ अमरसिंह थापाद्वारा रामपुरको केलादीघाटमा रहेको राम, सीता, लक्ष्मण, हनुमानको मन्दिरका नाममा रामपुरलगायत नवलपुरको डन्डा क्षेत्रमा करिब ११ सय बिघा जमिन गुठी राखिदिएको अभिलेख गुठी संस्थानमा दस्तावेजीकरण छ। रामपुरको धार्मिक वातावरण र ऐतिहासिक सम्पदाले भारतीय पर्यटकलाई विशेष आकर्षण दिन सक्छ।

### कालीगण्डकीको काखको सौन्दर्य

कालीगण्डकीको किनारमा अवस्थित छ रानीमहल, जसलाई 'नेपालको प्रेमिल महल' भनेर पनि चिनिन्छ । यो ऐतिहासिक महल पाल्पाका राजा खड्गशमशेरले आफ्नी रानीको स्मृतिमा निर्माण गर्न लगाएका हुन् । कालीगण्डकी नदीको किनारमा उत्तरवाहिनी क्षेत्रमा उभिएको यो संरचना धार्मिक, प्राकृतिक सौन्दर्य र वास्तुकलाको अपूर्व सङ्गम हो। तीर्थयात्रीका लागि यो स्थान आत्मिक शान्ति र प्रकृतिको आनन्द लिने ठाउँ बन्छ। धार्मिक दृष्टिले उत्तरवाहिनी नदीलाई विशेष शुभ र पवित्र मानिन्छ किनकि उत्तर दिशा देवताको दिशा मानिने विश्वास रहेको छ । त्यसैले उत्तरवाहिनी नदी किनारमा स्नान, पूजा, श्राद्ध–तर्पण तथा धार्मिक अनुष्ठानको विशेष महत्त्व हुन्छ।

### शालिग्रामको पवित्र धाम

यस यात्रामा रिडी क्षेत्रको महत्त्व अत्यन्त विशेष छ। कालीगण्डकी नदीको किनारमा अवस्थित रिडी एउटा प्रमुख तीर्थस्थल हो, जहाँ शालिग्राम पाइन्छ । शालिग्राम भगवान् विष्णुको पवित्र रूप मानिन्छ । भारतीय वैष्णव परम्परामा यसको अत्यन्त उच्च धार्मिक महत्त्व छ । रिडीमा पवित्र ॠषिकेश (नारायण) मन्दिर रहेको छ। यो क्षेत्र नेपालको चार धाममध्ये एक धाम मानिन्छ । यहाँ रिद्धेश्वर महादेव मन्दिर पनि छ, जो शिव उपासकका लागि समान रूपमा पवित्र मानिन्छ । माघ महिनामा यहाँ लाग्ने रिडी मेलामा हजारौँ भक्तजन आउँछन् र कालीगण्डकीमा पवित्र स्नान गर्छन् । भारतीय तीर्थयात्रीका लागि रिडी एक विश्राम गर्ने स्थल पनि हो । रिडीको महत्त्व विभिन्न पौराणिक धर्मग्रन्थमा प्रशस्त उल्लेख छ। रिडी क्षेत्र बुटवल पाल्पा हुँदै सिधै जान सकिने पहुँच मार्ग भएको स्थान पनि हो।

### हिमाली उपत्यकाको अध्यात्म

रिडीबाट माथि उक्लँदै जाँदा आउँछ पर्वत, जहाँबाट हिमाली शृङ्खलाको विहङ्गम दृश्य देख्न पाइन्छ। यहाँ विभिन्न मन्दिर र धार्मिक स्थान छन्, जुन गण्डकी क्षेत्रका आध्यात्मिक परम्पराका प्रतीक हुन्।

पर्वतमा कालीगण्डकी नदी किनार वा यससँग प्रत्यक्ष रूपमा जोडिएका धेरै धार्मिक तथा तीर्थस्थल छन्। मोदीवेणीधाम (मोदीखोला र कालीगण्डकीको सङ्गमस्थल), सेतीवेणी (सेतीखोला र कालीगण्डकीको सङ्गम) जहाँ विश्वको ठुलो शालिग्राम रहेको छ। यसर्थ यसलाई शालिग्राम क्षेत्र पनि भनिन्छ। कालीगण्डकीलाई शालिग्राम पाइने विश्वकै प्रसिद्ध नदी मानिन्छ। यो वैष्णव धर्मावलम्बीका लागि अत्यन्त पवित्र स्थल मानिन्छ।

यसै गरी कालीगण्डकी किनारसँग जोडिएका प्राचीन मन्दिर र धार्मिक परम्पराका लागि परिचित स्थल हो, रानीपानी र कुस्मा क्षेत्रका घाट । यो सम्पूर्ण कालीगण्डकी धार्मिक–सांस्कृतिक कोरिडोर नेपालकै सबैभन्दा महत्त्वपूर्ण तीर्थमार्ग बन्न सक्ने सम्भावना भएको क्षेत्र मानिन्छ । पर्वतबाट अगाडि साग्लुङ बजार आउँछ। यो म्याग्दी र मुस्ताङतर्फ जाने मुख्य प्रवेशद्वार हो । बागलुङको बजारमा तीर्थयात्रीले आवश्यक सामग्री जुटाउन सक्छन् र स्थानीय संस्कृति तथा भान्साकलाको अनुभव लिन सक्छन्।

### शक्तिपीठको अनुभूति

बागलुङ क्षेत्रमा अवस्थित कालिका मन्दिर शक्ति उपासकका लागि एक अत्यन्त महत्त्वपूर्ण स्थान हो । देवी कालिकाको यस मन्दिरमा नवरात्रिमा विशेष पूजाअर्चना हुन्छ र देशका विभिन्न स्थानबाट भक्तजनको ठुलो जमघट लाग्छ। भारतीय तान्त्रिक र शक्ति परम्पराका उपासकका लागि यस स्थानको विशेष महत्त्व छ । मन्दिरको वातावरण अत्यन्त शक्तिशाली र आध्यात्मिक ऊर्जाले भरिपूर्ण अनुभव हुन्छ। यस यात्रापथमा शिव, विष्णु र शक्ति तिनै प्रमुख देवताका पवित्र स्थान पर्दछन्, जसले यसलाई त्रिदेव यात्राका रूप दिन्छ वा अनुभूत गर्न सकिन्छ।

### महादेवको पवित्र निवास

म्याग्दीमा अवस्थित गलेश्वर एउटा प्रसिद्ध शिव तीर्थस्थल हो। यहाँ कालीगण्डकी नदीको किनारमा भगवान् शिवको प्राचीन मन्दिर छ, जसको धार्मिक महत्त्व अतिशय गहिरो छ। गलेश्वरमा स्वयम्भू शिवलिङ्ग छ, जसलाई अत्यन्त जागृत र शक्तिशाली मानिन्छ । महाशिवरात्रिमा यहाँ हजारौँ शिवभक्त आउँछन् र रातभर जाग्राम बस्ने गर्छन्। म्याग्दीको प्राकृतिक सौन्दर्य, हरिया जङ्गल, झरना र हिमालयको दृश्यावलोकनका अवसरले यस तीर्थयात्रालाई थप अर्थपूर्ण बनाउँछ। साथै प्राकृतिक रूपमा निस्कने तातोपानी कुण्डले समेत यस मार्गको महत्त्व बढेको छ।

### मोक्षको परम धाम

अन्ततः यस पवित्र यात्राको गन्तव्य हो मुक्तिनाथ । समुद्री सतहबाट तीन हजार ७१० मिटरको उचाइमा अवस्थित मुक्तिनाथ विश्वका हिन्दु र बौद्ध दुवैका लागि परम पवित्र हो । मुक्तिनाथलाई १०८ वैष्णव दिव्यदेशमध्ये एक मानिन्छ । यो भगवान् विष्णुका १०८ दिव्य क्षेत्रमध्ये एक हो । यहाँका १०८ धारामा स्नान गर्नु मोक्षदायक मानिन्छ । यहाँ एकैसाथ अग्नि, जल र स्थल तिनै तत्त्वको दर्शन हुन्छ । जमिनबाट बाहिर निस्कने प्राकृतिक ज्वाला, पानीका धारा र पवित्र शिला। अन्नपूर्ण र धवलागिरि हिमालको काखमा अवस्थित यस धाममा पुग्दा तीर्थयात्रीलाई लाग्छ– यही हो मोक्षको द्वार । यसका साथै स्वामी नारायणले करिब साढे दुई महिना विशेष र कठिन साधना गरेको स्थान भएकाले पनि स्वामी नारायण सम्प्रदायले समेत यस क्षेत्रलाई विशेष मोक्ष क्षेत्र मान्ने गर्दछन्। मुक्तिनाथ पुगेपछि लाग्छ हामी चारैतर्फबाट हिमालले घेरिएका छौँ।

### तीन परम्परा, एकै मार्ग

यो यात्रापथ भारतीय धार्मिक पर्यटकका लागि विशेष रूपमा उपयुक्त छ किनभने यसमा वैष्णव, शैव र शाक्त तिनै परम्पराका महत्त्वपूर्ण स्थान एकै मार्गमा पर्छन् । कालीगण्डकी नदी जुन मुक्तिनाथबाट निस्केर पूरै यात्रामार्गसँगै बग्ने पवित्र नदी र त्यसका किनारका शालिग्राम पत्थर यस यात्राको आध्यात्मिक सूत्र हुन् । यो यात्रामा हिमाल, नदी, जङ्गल र मैदानका अनुभवसँगै आध्यात्मिक अनुभव मिसिन्छ, जसले यसलाई नेपालकै सर्वश्रेष्ठ धार्मिक यात्रामार्गमध्ये एक बनाउँछ।

त्रिवेणीको पवित्र सङ्गमबाट सुरु भएर मुक्तिनाथको मोक्षधामसम्म पुग्ने यो यात्रा केबल भूगोलको यात्रा होइन, यो आत्माको शुद्धीकरण र ईश्वरसँगको साक्षात्कारको यात्रा हो । जो एक पटक यस यात्रामा निस्किन्छ, उसको जीवनमा परिवर्तन आएको महसुस गर्छ । यात्राको हरेक क्षणमा नयाँ ऊर्जा, नयाँ आस्था र नयाँ अनुभूति पाइन्छ। भारतीय पर्यटकका लागि धार्मिक आकर्षणको केन्द्र हो यो। यो यात्रा गर्दा भगवान् विष्णुसँग सम्बन्धित शालिग्राम (कालीगण्डकी) को साक्षात्कार हुने, मुक्तिनाथ मन्दिर हिन्दु–बौद्ध दुवैका लागि मोक्ष स्थल र रिडीको रुरुक्षेत्र ऋषिकेश जस्तै महत्त्व बोकेको क्षेत्रको एकै पटक यात्रा गर्न सकिने मार्ग भएकाले झनै महत्त्व छ। भारतका लाखौँ तीर्थयात्री आकर्षित गर्न सक्ने आधार तयार छ। यसलाई आधार बनाई प्रचार गर्न जरुरी देखिन्छ।

### सांस्कृतिक अनुभव पनि

कालीगण्डकी उपत्यका, पहाड–हिमाल, गाउँ–संस्कृति र धार्मिक यात्रा साथै एड्भेन्चर (ट्रेक), बोटिङ, दृश्यावलोकनको अनुभव गर्न पाइने क्षेत्र हो। यसलाई एउटा वैदिक संस्कृतिको विज्ञान र आध्यात्मिक कोरिडोर बनाउन सकिन्छ।

स्थानीय होटेल, रेस्टुरेन्ट, गाइड, यातायात विकास र ग्रामीण क्षेत्रमा रोजगारी वृद्धिका साथै पर्यटनबाट स्थानीय अर्थतन्त्र बलियो बन्न जान्छ। साथै धार्मिक स्थल विकास भई त्रिवेणी, रिडी, गलेश्वरमा घाट, मन्दिर, पार्क, ध्यानकेन्द्र बन्न सक्छ। यस मार्गको 'ब्रान्डिङ' र प्रवर्धन गर्न नेपाल सरकारद्वारा विशेष पहल जरुरी छ। 'त्रिवेणी मुक्तिनाथ आध्यात्मिक कोरिडोर' को नामकरण गरी भारतका सहर (वाराणसी, गोरखपुर, पटना) मा प्रचार गर्न जरुरी छ। यस कार्यमा नेपाल–भारत सहकार्य जरुरी हुन्छ।

### निष्कर्ष

यो धार्मिक कोरिडोर बनाउन पूर्ण सम्भावना छ । यदि सरकारले स्पष्ट योजना, निजी क्षेत्रको लगानी र नेपाल–भारत सहकार्यलाई जोड दिन सकेमा त्रिवेणीदेखि मुक्तिनाथसम्मको मार्ग दक्षिण एसियाकै प्रमुख धार्मिक पर्यटन मार्ग बन्न सक्छ।

# गाउँ नै किनबेच !



अजय शाह

घरघडेरी, खेतबारी वा अन्य सम्पत्ति किनबेच हुनु सामान्य कुरा हो । नेपालका गाउँदेखि सहरसम्म यस्ता कारोबार नियमित रूपमा भइरहेका हुन्छन् तर कुनै व्यक्तिले एउटा गाउँ नै किन्छ र त्यस गाउँभित्र निश्चित प्रकारका आर्थिक गतिविधि सञ्चालन गर्ने विशेष अधिकार प्राप्त गर्छ भन्ने कुरा धेरैका लागि आश्चर्यको विषय हुन सक्छ।

मधेशका डोम (डुम) समुदायमा भने यस्तो परम्परा पुस्तौँदेखि चलिआएको छ। समुदायभित्र यसलाई केवल आर्थिक कारोबारका रूपमा मात्र होइन, जीविकोपार्जन, सामाजिक सम्बन्ध र सांस्कृतिक पहिचानसँग जोडिएको परम्पराका रूपमा हेरिन्छ।

धनुषाको छिरेश्वरनाथ नगरपालिका–६ निवासी पल्टु मल्लिकले आठ महिनाअघि २५ हजार रुपियाँ तिरेर हरिहरपुरगाउँ किन्नुभयो। करिब पाँच हजार जनसङ्ख्या रहेको उक्त गाउँमा बाँसबाट निर्मित ढक्की, नाङ्लो, पङ्खा तथा अन्य परम्परागत सामग्री बिक्री गर्ने अधिकार अहिले उहाँसँग छ। गाउँभित्र विवाह, व्रतबन्ध, पूजापाठ, भोजभतेर वा मृत्युसंस्कारमा आवश्यक सामग्री उपलब्ध गराउने र त्यसबापत प्राप्त हुने दक्षिणा तथा अन्य परम्परागत आम्दानीसमेत उहाँकै अधिकारक्षेत्रभित्र पर्दछ। पल्टु मल्लिकका अनुसार गाउँ किन्नुको अर्थ गाउँको भौतिक स्वामित्व प्राप्त गर्नु होइन । बरु त्यो गाउँभित्र डोम समुदायले परम्परागत रूपमा गर्दै आएको निश्चित व्यापार तथा सेवामूलक गतिविधिमा एकाधिकार प्राप्त गर्नु हो।

उहाँ भन्नुहुन्छ, "मैले किनेको गाउँमा अरू डोम समुदायका व्यक्ति आएर सामान बेच्न पाउँदैनन्। विवाह, भोज वा अन्य संस्कारमा आवश्यक पर्ने सामग्री हामीले नै उपलब्ध गराउँछौँ। समुदायले मान्यता दिएको अधिकार भएकाले सबैले त्यसलाई स्वीकार गर्नुहुन्छ।" डोम समुदायका ज्येष्ठ सदस्यका अनुसार यो परम्परा कहिलेदेखि सुरु भयो भन्ने स्पष्ट अभिलेख उपलब्ध छैन तर पुस्तौँदेखि निरन्तर चल्दै आएको हुनाले यसको सुरुवात निकै पुरानो रहेको विश्वास गरिन्छ। छिरेश्वरनाथ नगरपालिका–७ की भुल्लीदेवी मल्लिकका अनुसार उहाँले बाल्यकालदेखि नै गाउँ किनबेचको चलन देख्दै आउनुभएको छ।

"हाम्रा बाजेबराजुको पालादेखि नै यो प्रथा चल्दै आएको सुन्दै आएका छौँ," उहाँले भन्नुभयो, "जसरी जग्गा किनबेच गर्दा कागज बनाइन्छ, गाउँ किनबेच गर्दा पनि समुदायभित्र लिखित सहमति गरिन्छ।"

समुदायभित्र तयार गरिने यस्ता कागजातमा गाउँ किन्ने र बेच्ने व्यक्तिको नाम, रकम तथा अधिकारसम्बन्धी विवरण उल्लेख गरिन्छ। यद्यपि यस्ता कागजातलाई सरकारी निकायले औपचारिक मान्यता भने दिएको हुँदैन।

### जीविकोपार्जनको आधार

डोम समुदायलाई मधेशको सबैभन्दा सीमान्तकृत तथा आर्थिक रूपमा कमजोर समुदायमध्ये एक मानिन्छ । परम्परागत रूपमा उहाँहरूको जीविकोपार्जन बाँसका सामग्री निर्माण, सुँगुरपालन, सरसफाइसम्बन्धी कार्य तथा अन्त्येष्टिसँग जोडिएका सेवामा आधारित रहँदै आएको छ।

मधेशका धेरै स्थानमा आज पनि दाहसंस्कारका लागि आवश्यक 'दागबत्तीको आगो' डोम समुदायबाटै लिने चलन कायम छ। विवाह, मृत्यु तथा अन्य सामाजिक संस्कारमा पनि उहाँहरूको भूमिका रहँदै आएको छ। यही परम्परागत पेसासँग जोडिएर गाउँ किन्ने अभ्यास विकसित भएको स्थानीय बासिन्दा बताउँछन्। गाउँ किन्ने व्यक्तिले त्यस गाउँमा बाँसजन्य सामग्री बिक्री गर्ने, भोजभतेरपछि जुठो भाँडा माझ्ने, सरसफाइ गर्ने तथा विभिन्न संस्कारसँग सम्बन्धित सेवा प्रदान गर्ने अवसर प्राप्त गर्छन्। यसबाट प्राप्त आम्दानी नै धेरै परिवारको मुख्य आयस्रोत बन्ने गरेको छ। धनुषामा मात्रै करिब दुई हजारको हाराहारीमा डोम समुदायको बसोबास रहेको अनुमान छ। समुदायका कतिपय व्यक्तिले एकभन्दा बढी गाउँसमेत किनेर राख्ने गरेका छन्।

### समुदायभित्रको अनुशासन

यो परम्पराको अर्को रोचक पक्ष भनेको समुदायभित्रको अनुशासन हो । कुनै व्यक्तिले किनेको गाउँमा अर्को डोम समुदायका सदस्यले व्यापार गर्न जानु सामाजिक रूपमा अनुचित मानिन्छ । यदि कसैले यस्तो नियम उल्लङ्घन गरे समुदायले जरिबाना तोक्ने चलन रहेको बताइन्छ । कतिपय अवस्थामा सुँगुर काटेर सम्पूर्ण समुदायलाई भोज खुवाउनुपर्ने सजायसमेत दिइने गरेको छ।



छिरेश्वरनाथ नगरपालिका–५ निवासी जीवछ मण्डलका अनुसार डोम समुदायमा आफ्नै परम्पराप्रति इमानदारी देखिन्छ। "उहाँहरूभित्र कसको कुन गाउँ हो भन्ने जानकारी हुन्छ। त्यसैले अरूको गाउँमा गएर व्यापार गर्ने चलन छैन," उहाँले भन्नुभयो।

### कानुनले के भन्छ ?

समुदायभित्र व्यापक रूपमा स्वीकृत यो परम्परा कानुनी दृष्टिले भने जटिल देखिन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई देशको जुनसुकै स्थानमा व्यापार व्यवसाय सञ्चालन गर्ने तथा पेसा रोज्ने स्वतन्त्रता सुनिश्चित गरेको छ। यस्तो अवस्थामा कुनै निश्चित क्षेत्रभित्र एक व्यक्तिलाई मात्र व्यापार गर्ने अधिकार दिनु कानुनी रूपमा मान्य हुन नसक्ने कानुनविद्को धारणा छ।

छिरेश्वरनाथ नगरपालिका–७ का वडाध्यक्ष मोहम्मद मोबारक कबाडीका अनुसार गाउँ किनबेचसम्बन्धी कुनै पनि कागजात वडा कार्यालय वा मालपोत कार्यालयमा दर्ता हुँदैन । उहाँ भन्नुहुन्छ, "यो डोम समुदायभित्रको परम्परागत र अनौपचारिक अभ्यास हो। राज्य वा स्थानीय सरकारले यसलाई वैधानिक मान्यता दिएको छैन।"

अधिवक्ता सतीशलाल कर्णका अनुसार यस्तो व्यवस्था संविधानले सुनिश्चित गरेको पेसा तथा व्यापारको स्वतन्त्रताविरुद्ध छ । "कुनै विशेष क्षेत्रमा एक व्यक्तिलाई मात्र व्यापार गर्ने अधिकार दिनु प्रतिस्पर्धा र स्वतन्त्रताको सिद्धान्तविपरीत हुन्छ," उहाँले भन्नुभयो, "तर यो समुदायभित्रको परम्परा भएकाले अहिलेसम्म यसबारे उल्लेखनीय कानुनी विवाद देखिएको छैन।"

### आम्दानीको माध्यम नै हो ?

गाउँ किन्ने परम्परालाई समुदायका धेरै सदस्यले आर्थिक सुरक्षाको माध्यमका रूपमा हेर्ने गरेका छन् तर यसको अर्को पक्ष पनि छ। कतिपय व्यक्तिले ऋण लिएर गाउँ किन्ने गर्छन्। अपेक्षा अनुसार आम्दानी नभएपछि ऋण तिर्न कठिन हुने र अन्ततः घाटामा गाउँ बेच्नुपर्ने अवस्था सिर्जना हुने गरेको समाजशास्त्री नागेन्द्र दुबे बताउनुहुन्छ।

उहाँका अनुसार जनसङ्ख्या बढी भएको गाउँमा राम्रो आम्दानीको सम्भावना हुन्छ तर आर्थिक गतिविधि कम भएका गाउँमा लगानी अनुसार प्रतिफल नआउन पनि सक्छ। "यसले केहीलाई आर्थिक रूपमा फाइदा पुऱ्याए पनि दीर्घकालीन रूपमा ऋणको चक्रमा फस्ने जोखिम पनि उत्तिकै छ," उहाँले भन्नुभयो।

### बदलिँदो सोच

समयसँगै डोम समुदायको जीवनशैली र रोजगारीका अवसर पनि परिवर्तन भइरहेका छन् । शिक्षाको पहुँच विस्तार हुनु, वैदेशिक रोजगारीमा जाने बढ्नु तथा नयाँ व्यवसायका अवसर खुल्नुका कारण युवापुस्ताको सोचमा परिवर्तन देखिन थालेको छ । छिरेश्वरनाथ नगरपालिका–६ का युवा रामचरित्र मल्लिकका अनुसार अहिले धेरै युवा साउदी अरब, कतार, मलेसिया तथा भारतका विभिन्न सहरमा रोजगारीका लागि जाने गरेका छन् । "पहिले जस्तो गाउँ किन्ने सोच अहिले कम हुँदै गएको छ," उहाँले भन्नुभयो, "धेरै युवाले वैदेशिक रोजगारी वा अन्य व्यवसाय रोजिरहेका छन् ।" यद्यपि सबै युवाको धारणा समान छैन। दिलीप मल्लिक भने परम्परालाई जोगाउनुपर्ने पक्षमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यो हाम्रो पहिचान हो तर अहिलेको समयमा यसबाट मात्र जीवन धान्न गाह्रो छ । त्यसैले परम्परा जोगाउँदै अन्य काम पनि गर्नु पर्छ।"

### संरक्षण कि परिवर्तन ?

दलित अधिकारकर्मी विनोद महराका अनुसार गाउँ किन्ने परम्पराले डोम समुदायको न्यूनतम जीविकोपार्जन सुनिश्चित गर्न सहयोग गरेको छ तर यसले समुदायलाई सीमित पेसा र सीमित अवसरमा बाँधेर राख्ने खतरा पनि बोकेको छ। "राज्यले शिक्षा, सिप विकास र वैकल्पिक रोजगारीका अवसर विस्तार गर्नु पर्छ," उहाँले भन्नुभयो, "ताकि समुदायका सदस्यले बाध्यताले होइन, आफ्नो रुचि अनुसार पेसा छनोट गर्न सकून्।"

मानव अधिकारकर्मी तथा इन्सेक मधेश प्रदेश संयोजक राजु पासवान भने यसलाई डोम समुदायको अस्तित्व र सम्पत्तिसँग जोडिएको विषयका रूपमा हेर्नुपर्ने बताउनुहुन्छ। उहाँका अनुसार अधिकांश डोम परिवारसँग पर्याप्त जग्गाजमिन छैन तर गाउँ किन्ने परम्पराले उनीहरूलाई आर्थिक अधिकारको एउटा आधार दिएको छ । नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार डोम समुदायको जनसङ्ख्या करिब १३ देखि १५ हजारको हाराहारीमा रहेको अनुमान छ । मुख्यतः धनुषा, महोत्तरी, सिराहा, सप्तरी, सर्लाही र रौतहट जिल्लामा यो समुदायको बसोबास छ। प्लास्टिक र आधुनिक सामग्रीको बढ्दो प्रयोगले बाँसजन्य परम्परागत उत्पादनको बजार खुम्चिँदै गएको छ । यसले डोम समुदायको पुर्ख्यौली पेसामाथि दबाब सिर्जना गरेको छ। यस्तो अवस्थामा गाउँ किन्ने परम्परा पनि परिवर्तनको मोडमा पुगेको देखिन्छ।

तर समय परिवर्तन भए पनि यो अभ्यास अझै मधेशको सामाजिक इतिहास, सांस्कृतिक निरन्तरता र डोम समुदायको सङ्घर्षपूर्ण जीवनयात्राको एउटा जीवित दस्तावेज बनेर रहेको छ । गाउँ किन्ने र बेच्ने यो अनौठो परम्परा केवल आर्थिक व्यवहार मात्र होइन, समाजका सीमान्तकृत समुदायले आफ्नो अस्तित्व जोगाउन अपनाएका उपायको कथा पनि हो । यसैले यसको अध्ययन केवल सांस्कृतिक जिज्ञासाको विषय नभई सामाजिक रूपान्तरण र समावेशी विकासको दृष्टिले पनि महत्त्वपूर्ण छ।

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




विराटनगर संस्करण | आलोकन | सनातन सभ्यताको जीवित केन्द्र | अवरोध हटाउन कूटनीतिक पहल जारी १४

वर्ष १२६ | अङ्क ४५ | २०८३ साल असार ६ गते शनिबार | शुद्ध ज्येष्ठ शुक्ल षष्ठी | नेपाल संवत् ११४६ तछलाथ्व ६ | 2026 June 20 Saturday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# सङ्घीय संसद्बाट चार अध्यादेश स्वीकृत



तस्बिर : रासस

सिंहदरबारस्थित सङ्घीय संसद् भवनमा शुक्रबार बसेको राष्ट्रिय सभाको बैठक ।

**इश्वरचन्द्र झा**
*काठमाडौं, असार ५ गते*

सरकारको सिफारिसमा राष्ट्रपतिले वैशाख तेस्रो साता जारी गर्नुभएका आठमध्ये चार वटा अध्यादेश सङ्घीय संसद्ले स्वीकृत गरेको छ। प्रतिनिधि सभामा करिब दुई तिहाइ बहुमत रहेको सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को राष्ट्रिय सभामा प्रतिनिधित्व नहुँदा अध्यादेश अस्वीकृत हुने जोखिम थियो तर माथिल्लो सदनको दुई ठुला दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीको समर्थनमा चार वटा अध्यादेश बहुमतले स्वीकृत भएको हो।

सङ्घीय संसद्को दुवै सदनको छुट्टाछुट्टै बैठकमा शुक्रबार चार वटै अध्यादेश निर्णयार्थ पेस भएको हो। सरकारले वैशाख २५ र २६ गते राष्ट्रिय सभामा आठ वटा अध्यादेश दर्ता गराएको थियो। आठ वटै अध्यादेश राष्ट्रिय सभाको वैशाख २८ गतेको बैठकमा पेस भयो। अध्यादेश निर्णयार्थ पेस हुने कार्यसूचीबाट हटाइएको करिब दुई सातापछि सरकारले शुक्रबारको बैठकमा निर्णयार्थ पेस गर्ने गरी कार्यसूचीमा राख्न आग्रह गरेको थियो।

निर्णयार्थ पेस भएको चार वटै अध्यादेशमाथि राष्ट्रिय सभाको ठुलो दल नेपाली कांग्रेस र नेकपा (एमाले) बाट अस्वीकारको सूचना दर्ता भएको थियो। नेकपा (एमाले) बाट दर्ता भएको अध्यादेशमा अस्वीकारको प्रस्ताव सम्झना देवकोटा, सोमनाथ पोर्तेल र मीनासिंह रखालले फिर्ता लिन अस्वीकार गरेपछि सो प्रस्ताव निर्णयार्थ पेस भयो। नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपालले अस्वीकार गर्ने प्रस्तावको विपक्षमा र अध्यादेश स्वीकार गर्ने प्रस्तावको पक्षमा मतदान गरेपछि बहुमतले स्वीकृत भयो।

> नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपालले अस्वीकार गर्ने प्रस्तावको विपक्षमा र अध्यादेश स्वीकार गर्ने प्रस्तावको पक्षमा मतदान गरेपछि बहुमतले स्वीकृत

नेपाली कांग्रेसका रञ्जित कर्णले दर्ता गर्नुभएको सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ अस्वीकारको प्रस्ताव फिर्ता लिनुभयो। सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ बहुमतले स्वीकृत भएको हो।

अध्यादेश स्वीकार भएको मितिले सात दिनभित्र स्वीकृत अध्यादेशको प्रतिस्थापन विधेयक पेस गर्न अनुमति माग्ने सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने र त्यस्तो विधेयकको नाममा प्रतिस्थापन विधेयक उल्लेख हुनुपर्ने राष्ट्रिय सभा नियमावलीको व्यवस्था छ। सरकारले अब चार वटै अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक ल्याउने छ। प्रतिस्थापन विधेयकसँगै स्वीकृत भएको कुनै अध्यादेशका प्रावधानलाई यथावत् वा संशोधनसहित प्रतिस्थापित गर्ने उद्देश्यबाट प्रस्तुत गरिने विधेयकका साथमा अध्यादेशका रूपमा तत्काल लागु गर्नु परेको परिस्थिति र कारणसहितको विवरण सरकारले संलग्न गर्नुपर्ने छ। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल र स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले निर्णयार्थ पेस हुने क्रममा उठेका प्रश्नको जवाफ दिनुभयो।

### चार वटा अध्यादेश बाँकी

सङ्घीय संसदले चार वटा अध्यादेश स्वीकार गरे पनि अझै चार वटै अध्यादेश निर्णयार्थ पेस हुन बाँकी छ। सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश

» बाँकी पृष्ठ २ मा

## 'सरकारले करको विवेकपूर्ण उपयोग गर्छ'



अर्थमन्त्री डा. स्वर्णिम वाग्ले

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, असार ५ गते*

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जनमतप्राप्त सरकारले राज्यकोषमा जम्मा भएको करको विवेकपूर्ण रूपमा प्रयोग गर्न पाउने बताउनुभएको छ। उहाँले सरकारले बजेटमार्फत प्रगतिशील कर नीतिलाई प्राथमिकतामा राखेको पनि बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

रास्वपा महाधिवेशन

# लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्ध



- पार्टीको राजनीतिक दर्शन र वैचारिक दृष्टिकोण
- पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासन
- सामाजिक न्याय र उदार अर्थतन्त्र
- संवैधानिक समाजवाद
- समन्यायिक समावेशिता
- योग्यता, सुशासन र सदाचार

**वसन्त पराजुली**
*नारायणगढ, असार ५ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारेर अगाडि बढ्ने भएको छ। असार ७ देखि ९ गतेसम्म चितवनमा हुन लागेको पहिलो महाधिवेशनले विधान संशोधन गर्दै आफ्नो वैचारिक दृष्टिकोणमा पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पूर्ण प्रतिबद्धतालाई संस्थागत गर्न लागेको हो।

विधान संशोधन समितिका सदस्य प्रकाशचन्द्र परियारले पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पार्टीलाई संस्थागत रूपमै अगाडि बढाउन लागिएको जानकारी दिनुभयो। "हामीले अहिले विधान संशोधनका लागि मसौदा तयार गरिसकेका छौँ," उहाँले भन्नुभयो, "सामाजिक न्याय र उदार अर्थतन्त्र, संवैधानिक समाजवाद, समन्यायिक समावेशिता, योग्यता, सुशासन र सदाचार, सनातन सभ्यता र सांस्कृतिक सहअस्तित्वलाई जोड दिने गरी विधान संशोधनको प्रस्ताव महाधिवेशनमा प्रस्तुत हुने छ।" यसअघि जलेश्वर बैठकबाट नै आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारिसकेको रास्वपाले यसलाई महाधिवेशनबाटै संस्थागत गर्न लागेको हो।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्न दृढ सङ्कल्प गर्नलाई पनि विधानको प्रस्तावनामा राखिएको छ। प्रस्तावित विधान शनिबार केन्द्रीय समिति बैठकबाट अनुमोदन गराएर महाधिवेशनमा पेस गरिने परियारले बताउनुभयो।

"नेपालको गौरवपूर्ण इतिहास, सनातन सभ्यता तथा धार्मिक–सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मानलाई आत्मसात् गर्दै; विश्वभर फैलिएका नेपालीको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्त्वलाई राष्ट्रको हितमा परिचालन गर्न, वैयक्तिक स्वतन्त्रता र मौलिक हकको पूर्ण प्रत्याभूतिसहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासनप्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्ने ध्येयका साथ शान्तिपूर्ण मार्गबाटै समाजवादका प्रधान लक्ष्य हासिल गर्ने 'संवैधानिक समाजवाद' को अवधारणालाई अङ्गीकार गर्दै, समाजमा ऐतिहासिक विरासतका रूपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदविरुद्ध निर्णायक प्रहार गरी अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोग सुनिश्चित गर्ने" संशोधित विधानमा उल्लेख छ।

"लोककल्याणकारी राज्यको स्थापनाका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोतसाधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी अनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयन गर्न, स्वच्छ र सुदृढ नियमनकारी संरचना निर्माण गरी राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित सामाजिक पुँजीको अभिवृद्धि तथा जलवायु र पर्यावरणीय सन्तुलन कायम गर्न प्रतिबद्ध रहँदै, सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने एक बहुलवादी लोकतान्त्रिक दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्थापना गरी पार्टीको सुसञ्चालन र व्यवस्थापनका लागि हामीले यो विधान तर्जुमा गरी जारी गरेका छौँ," प्रस्तावित विधानमा उल्लेख छ।

### तीन तहको साङ्गठनिक संरचना

रास्वपाले आफ्नो पार्टी संरचनामा स्थानीय, प्रदेश र केन्द्रीय गरी तीन तहको साङ्गठनिक संरचना बनाउने भएको छ। साङ्गठनिक संरचनामा केन्द्रीय तहमा राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति (पार्टी सचिवालयसमेत), केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय आयोग र केन्द्रीय विभाग रहने संशोधित विधानमा छ। यस्तै प्रदेश तहमा प्रदेश अधिवेशन, प्रदेश समिति (प्रदेश सचिवालयसमेत), प्रदेश आयोग र प्रदेश विभाग एवं

» बाँकी पृष्ठ २ मा

मन्त्रीपरिषद् निर्णय

# विभिन्न विधेयक संसद्मा पेस गर्न स्वीकृति

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, असार ५ गते*



सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना शुक्रबार मन्त्रीपरिषद्का निर्णय सार्वजनिक गर्नुहुँदै ।

सरकारले सहकारी क्षेत्रको नियमन र व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित सम्बन्धित कानुन संशोधन तथा एकीकरणको प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। शुक्रबार बसेको मन्त्रीपरिषद् बैठकले कानुनी तथा संस्थागत सुधारसँग सम्बन्धित विभिन्न प्रस्तावलाई स्वीकृति प्रदान गरेको हो।

बैठकका निर्णय सार्वजनिक गर्दै सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सहकारीसम्बन्धी प्रचलित कानुनलाई संशोधन तथा एकीकरण गर्न आवश्यक विधेयक तर्जुमाका लागि मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति दिएको जानकारी दिनुभयो। उहाँले सहकारी क्षेत्रका समस्या, बचतकर्ताको हित संरक्षण तथा संस्थागत सुशासनलाई दृष्टिगत गर्दै कानुनी सुधारको प्रक्रिया अघि बढाइएको बताउनुभयो।

पछिल्ला वर्षमा सहकारी संस्थामा देखिएका वित्तीय अनियमितता, बचतकर्ताको रकम फिर्तासम्बन्धी समस्या तथा नियमनको प्रभावकारितामाथि उठेका प्रश्नका कारण सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन कानुनी सुधार आवश्यक ठानिएको छ। त्यसै गरी बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणसम्बन्धी छुट्टै कानुनी व्यवस्था गर्न आवश्यक विधेयक तर्जुमाका लागि पनि मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ। यसबाट बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थामाथिको निगरानी थप प्रभावकारी हुने तथा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

बैठकले प्रशासनिक सुधार, वित्तीय अनुशासन तथा नियामक संरचनालाई सुदृढ बनाउने उद्देश्यले अन्य विभिन्न कानुनी प्रस्तावलाई पनि स्वीकृति दिएको छ। यससँगै नेपाल विशेष सेवा ऐन, २०४२ को साबिक व्यवस्था पुनः कायम गर्नेसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरिएको छ। राष्ट्रिय सुरक्षा तथा गोप्य सूचनासम्बन्धी कार्यमा

» बाँकी पृष्ठ २ मा

# कक्षा १२ को नतिजामा सुधार

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, असार ५ गते*



पछिल्ला वर्ष कक्षा १२ को नतिजामा निरन्तर सुधार देखिएको छ। अघिल्लो वर्ष ६१.१७ प्रतिशत रहेको नतिजा यस वर्ष वृद्धि भएर ६९.७५ प्रतिशत पुगेको छ। दुई वर्षअघि कक्षा १२ को उत्तीर्ण प्रतिशत ५२.९१ प्रतिशत मात्रै थियो। राष्ट्रिय परीक्षा बोर्डको तथ्याङ्क अनुसार दुई वर्षको अवधिमा १२ कक्षाको नतिजामा झन्डै १७ प्रतिशत वृद्धि देखिएको छ।

यस पटक १२ को परीक्षामा नतिजा वृद्धि हुनुमा थुप्रै कारण भए पनि विगत केही वर्षदेखि प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणमा शिक्षकलाई दिइएको तालिम र विगतका नतिजालाई विश्लेषण गर्दै अपनाइएको सुधारात्मक उपाय मुख्य भएको परीक्षा बोर्डले जनाएको छ। बोर्डले पछिल्लो समय प्रश्नपत्र निर्माणका लागि शिक्षकलाई तालिम दिन थालेको छ।

परीक्षा बोर्डका नियन्त्रक (कक्षा १२) कृष्ण शर्माका अनुसार यस क्रममा दुई हजारभन्दा धेरै शिक्षकलाई यस्तो तालिम दिइएको छ। बोर्डले विगतका प्रश्नपत्र तथा नतिजाको विश्लेषण गर्दै प्रदेश, जिल्ला र स्थानीय तहसम्म नतिजा सुधारको अभियान चलाएको शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "यस अभियानले शिक्षक, विद्यार्थी, अभिभावक सबैलाई झकझक्यायो। जसको परिणाम नतिजामा देखियो।"

बोर्डले परीक्षा गत जेठ १४ बाट २७ गतेसम्म सञ्चालन गरेको थियो। परीक्षामा चार लाख १८ हजार १७० परीक्षार्थी सहभागी थिए। जसमध्ये नियमिततर्फ तीन लाख ३२ हजार २४१ र आंशिकतर्फ ८५ हजार ९२९ विद्यार्थी रहेका परीक्षा बोर्डले जनाएको छ। सरकारले कक्षा १२ को नतिजा ४५ दिनभित्र सार्वजनिक गर्न निर्देशन दिएको थियो। तर बोर्डले निर्देशन भएको समयावधिअगावै नतिजा सार्वजनिक गरेको हो। यसअघि एसइईको नतिजा पनि २९ दिनमै सार्वजनिक गरिएको थियो। कक्षा १२ को नतिजा छिटो सार्वजनिक भएसँगै स्नातक तहमा भर्ना हुन विद्यार्थीलाई सहज भएको छ। विगतमा स्नातक तहको भर्नाको सूचना जारी हुँदासमेत कक्षा १२ को परीक्षाको नतिजा सार्वजनिक नहुँदा विद्यार्थी मर्कामा पर्ने गरेका थिए।

### सुशासनप्रतिको प्रतिबद्धता : शिक्षामन्त्री

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सुशासनप्रति सरकारको प्रतिबद्धताका कारण कक्षा १२ को परीक्षाफल विगतको तुलनामा निकै छिटो सार्वजनिक भएको बताउनुभएको छ। छिटो नतिजा प्रकाशन हुँदा समग्र शैक्षिक क्यालेन्डरमा सकारात्मक प्रभाव पार्ने मन्त्री पोखरेलले बताउनुभयो। मन्त्रीपरिषद्ले तीन महिनामा गरेका बैठकका निर्णय सार्वजनिक गर्दै मन्त्री पोखरेलले शुक्रबार भन्नुभयो, "विगतमा नतिजा सार्वजनिक गर्न तीन महिनाभन्दा बढी समय लाग्ने गरेको थियो। यस पटक प्रशासनिक प्रक्रियालाई चुस्त बनाउँदै छोटो अवधिमै काम सम्पन्न गरिएको हो।'

विगतमा नतिजा ढिलो आउँदा विश्वविद्यालयको भर्ना, कक्षा सञ्चालन र परीक्षासमेत पछाडि धकेलिने गरेको उल्लेख गर्दै उहाँले यस पटक सहज हुने बताउनुभयो। कक्षा १२ को नतिजा छिटो सार्वजनिक भएका कारण अब विश्वविद्यालयलाई पनि समयमै परीक्षा लिन र नतिजा प्रकाशन गर्न मद्दत पुगेको छ। त्रिभुवन विश्वविद्यालयलगायतका अन्य विश्वविद्यालयले यस वर्षदेखि भर्ना र पठनपाठनको कार्यतालिका अगाडि नै सुरु गर्ने तयारी गरिसकेको पनि मन्त्री पोखरेलले जानकारी दिनुभयो। बोर्डले दुई विषयमा ननग्रेडेड अर्थात् अनुत्तीर्ण भएका परीक्षार्थीका लागि ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्ने भएको छ।

अन्तर्राष्ट्रिय

## जेनेभा वार्ता स्थगित

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, असार ५ गते*

संयुक्त राज्य अमेरिका–इरानबिच शान्ति सम्झौताको भोलिपल्टका लागि तय भएको बैठक स्थगित भएको छ। बैठक स्विट्जरल्यान्डको जेनेभामा हुने भनिएको थियो। पश्चिम एसियामा दिगो शान्ति कायम गर्न भन्दै शुक्रबारका लागि निर्धारण गरिएको बैठक स्थगन भएको रोयटर्सले जनाएको छ।

इरानसँगको वार्तामा अमेरिकी प्रतिनिधि मण्डलका तर्फबाट मुख्य नेतृत्वकर्ता तोकिनुभएका अमेरिकी उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड यात्रा रद्द भएको केही घण्टापछि शुक्रबार नै स्विट्जरल्यान्ड सरकारले वार्ता हाललाई स्थगित भएको औपचारिक जानकारी दिएको हो। एएफपीका अनुसार स्विस विदेश मन्त्रालयले अमेरिका, इरान,

» बाँकी पृष्ठ २ मा



राष्ट्रको गौरव

# गोरखापत्र

१२६ वर्ष प्रवेश

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com








कोहलपुर संस्करण | आलोकन | सनातन सभ्यताको जीवित केन्द्र | अवरोध हटाउन कूटनीतिक पहल जारी १४



वर्ष १२६ | अङ्क ४५ | २०८३ साल असार ६ गते शनिबार | शुद्ध ज्येष्ठ शुक्ल षष्ठी | नेपाल संवत् ११४६ तछलाथ्व ६ | 2026 June 20 Saturday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# सङ्घीय संसद्बाट चार अध्यादेश स्वीकृत



तस्बिर : रासस

**सिंहदरबारस्थित सङ्घीय संसद् भवनमा शुक्रबार बसेको राष्ट्रिय सभाको बैठक ।**

**इश्वरचन्द्र झा**
*काठमाडौँ, असार ५ गते*

सरकारको सिफारिसमा राष्ट्रपतिले वैशाख तेस्रो साता जारी गर्नुभएका आठमध्ये चार वटा अध्यादेश सङ्घीय संसद्ले स्वीकृत गरेको छ। प्रतिनिधि सभामा करिब दुई तिहाइ बहुमत रहेको सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को राष्ट्रिय सभामा प्रतिनिधित्व नहुँदा अध्यादेश अस्वीकृत हुने जोखिम थियो तर माथिल्लो सदनको दुई ठुला दल नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीको समर्थनमा चार वटा अध्यादेश बहुमतले स्वीकृत भएको हो।

सङ्घीय संसद्को दुवै सदनको छुट्टाछुट्टै बैठकमा शुक्रबार चार वटै अध्यादेश निर्णयार्थ पेस भएको हो। सरकारले वैशाख २५ र २६ गते राष्ट्रिय सभामा आठ वटा अध्यादेश दर्ता गराएको थियो। आठ वटै अध्यादेश राष्ट्रिय सभाको वैशाख २८ गतेको बैठकमा पेस भयो। अध्यादेश निर्णयार्थ पेस हुने कार्यसूचीबाट हटाइएको करिब दुई सातापछि सरकारले शुक्रबारको बैठकमा निर्णयार्थ पेस गर्ने गरी कार्यसूचीमा राख्न आग्रह गरेको थियो।

निर्णयार्थ पेस भएको चार वटै अध्यादेशमाथि राष्ट्रिय सभाको ठुलो दल नेपाली कांग्रेस र नेकपा (एमाले) बाट अस्वीकारको सूचना दर्ता भएको थियो। नेकपा (एमाले) बाट दर्ता भएको अध्यादेशमा अस्वीकारको प्रस्ताव सम्झना देवकोटा,

> नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपालले अस्वीकार गर्ने प्रस्तावको विपक्षमा र अध्यादेश स्वीकार गर्ने प्रस्तावको पक्षमा मतदान गरेपछि बहुमतले स्वीकृत

सोमनाथ पोर्तेल र मीनासिंह रखालले फिर्ता लिन अस्वीकार गरेपछि सो प्रस्ताव निर्णयार्थ पेस भयो। नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपालले अस्वीकार गर्ने प्रस्तावको विपक्षमा र अध्यादेश स्वीकार गर्ने प्रस्तावको पक्षमा मतदान गरेपछि बहुमतले स्वीकृत भयो।

नेपाली कांग्रेसका रञ्जित कर्णले दर्ता गर्नुभएको सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ अस्वीकारको प्रस्ताव फिर्ता लिनुभयो। सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३, सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३ र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ बहुमतले स्वीकृत भएको हो।

अध्यादेश स्वीकार भएको मितिले सात दिनभित्र स्वीकृत अध्यादेशको प्रतिस्थापन विधेयक पेस गर्न अनुमति माग्ने सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने र त्यस्तो विधेयकको नाममा प्रतिस्थापन विधेयक उल्लेख हुनुपर्ने राष्ट्रिय सभा नियमावलीको व्यवस्था छ। सरकारले अब चार वटै अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक ल्याउने छ। प्रतिस्थापन विधेयकसँगै स्वीकृत भएको कुनै अध्यादेशका प्रावधानलाई यथावत् वा संशोधनसहित प्रतिस्थापित गर्ने उद्देश्यबाट प्रस्तुत गरिने विधेयकका साथमा अध्यादेशका रूपमा तत्काले लागु गर्नु परेको परिस्थिति र कारणसहितको विवरण सरकारले संलग्न गर्नुपर्ने छ। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल र स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले निर्णयार्थ पेस हुने क्रममा उठेका प्रश्नको जवाफ दिनुभयो।

### चार वटा अध्यादेश बाँकी

सङ्घीय संसदले चार वटा अध्यादेश स्वीकार गरे पनि अझै चार वटै अध्यादेश निर्णयार्थ पेस हुन बाँकी छ। सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश


» बाँकी पृष्ठ २ मा


## 'सरकारले करको विवेकपूर्ण उपयोग गर्छ'



**अर्थमन्त्री डा. स्वर्णिम वाग्ले**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जनमतप्राप्त सरकारले राज्यकोषमा जम्मा भएको करको विवेकपूर्ण रूपमा प्रयोग गर्न पाउने बताउनुभएको छ। उहाँले सरकारले बजेटमार्फत प्रगतिशील कर नीतिलाई प्राथमिकतामा राखेको पनि बताउनुभयो।


» बाँकी पृष्ठ २ मा


रास्वपा महाधिवेशन

# लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्ध



- पार्टीको राजनीतिक दर्शन र वैचारिक दृष्टिकोण
- पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासन
- सामाजिक न्याय र उदार अर्थतन्त्र
- संवैधानिक समाजवाद
- समन्यायिक समावेशिता
- योग्यता, सुशासन र सदाचार

**वसन्त पराजुली**
*नारायणगढ, असार ५ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारेर अगाडि बढ्ने भएको छ। असार ७ देखि ९ गतेसम्म चितवनमा हुन लागेको पहिलो महाधिवेशनले विधान संशोधन गर्दै आफ्नो वैचारिक दृष्टिकोणमा पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पूर्ण प्रतिबद्धतालाई संस्थागत गर्न लागेको हो।

विधान संशोधन समितिका सदस्य प्रकाशचन्द्र परियारले पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासनप्रति पार्टीलाई संस्थागत रूपमै अगाडि बढाउन लागिएको जानकारी दिनुभयो। "हामीले अहिले विधान संशोधनका लागि मसौदा तयार गरिसकेका छौँ," उहाँले भन्नुभयो, "सामाजिक न्याय र उदार अर्थतन्त्र, संवैधानिक समाजवाद, समन्यायिक समावेशिता, योग्यता, सुशासन र सदाचार, सनातन सभ्यता र सांस्कृतिक सहअस्तित्वलाई जोड दिने गरी विधान संशोधनको प्रस्ताव महाधिवेशनमा प्रस्तुत हुने छ।" यसअघि जलेश्वर बैठकबाट नै आफ्नो वैचारिक दृष्टिकोण स्पष्ट पारिसकेको रास्वपाले यसलाई महाधिवेशनबाटै संस्थागत गर्न लागेको हो।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्न दृढ सङ्कल्प गर्नलाई पनि विधानको प्रस्तावनामा राखिएको छ। प्रस्तावित विधान शनिबार केन्द्रीय समिति बैठकबाट अनुमोदन गराएर महाधिवेशनमा पेस गरिने परियारले बताउनुभयो।

"नेपालको गौरवपूर्ण इतिहास, सनातन सभ्यता तथा धार्मिक–सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मानलाई आत्मसात् गर्दै; विश्वभर फैलिएका नेपालीको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्त्वलाई राष्ट्रको हितमा परिचालन गर्न, वैयक्तिक स्वतन्त्रता र मौलिक हकको पूर्ण प्रत्याभूतिसहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासनप्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्ने ध्येयका साथ शान्तिपूर्ण मार्गबाटै समाजवादका प्रधान लक्ष्य हासिल गर्ने 'संवैधानिक समाजवाद' को अवधारणालाई अङ्गीकार गर्दै, समाजमा ऐतिहासिक विरासतका रूपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदविरुद्ध निर्णायक प्रहार गरी अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोग सुनिश्चित गर्ने" संशोधित विधानमा उल्लेख छ।

"लोककल्याणकारी राज्यको स्थापनाका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोतसाधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी अनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयन गर्न, स्वच्छ र सुदृढ नियमनकारी संरचना निर्माण गरी राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित सामाजिक पुँजीको अभिवृद्धि तथा जलवायु र पर्यावरणीय सन्तुलन कायम गर्न प्रतिबद्ध रहँदै, सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने एक बहुलवादी लोकतान्त्रिक दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्थापना गरी पार्टीको सुसञ्चालन र व्यवस्थापनका लागि हामीले यो विधान तर्जुमा गरी जारी गरेका छौँ," प्रस्तावित विधानमा उल्लेख छ।

### तीन तहको साङ्गठनिक संरचना

रास्वपाले आफ्नो पार्टी संरचनामा स्थानीय, प्रदेश र केन्द्रीय गरी तीन तहको साङ्गठनिक संरचना बनाउने भएको छ। साङ्गठनिक संरचनामा केन्द्रीय तहमा राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति (पार्टी सचिवालयसमेत), केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय आयोग र केन्द्रीय विभाग रहने संशोधित विधानमा छ। यस्तै प्रदेश तहमा प्रदेश अधिवेशन, प्रदेश समिति (प्रदेश सचिवालयसमेत), प्रदेश आयोग र प्रदेश विभाग एवं


» बाँकी पृष्ठ २ मा


» मन्त्रीपरिषद् निर्णय

# विभिन्न विधेयक संसद्मा पेस गर्न स्वीकृति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

सरकारले सहकारी क्षेत्रको नियमन र व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित सम्बन्धित कानुन संशोधन तथा एकीकरणको प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। शुक्रबार बसेको मन्त्रीपरिषद् बैठकले कानुनी तथा संस्थागत सुधारसँग सम्बन्धित विभिन्न प्रस्तावलाई स्वीकृति प्रदान गरेको हो।

बैठकका निर्णय सार्वजनिक गर्दै सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सहकारीसम्बन्धी प्रचलित कानुनलाई संशोधन तथा एकीकरण गर्न आवश्यक विधेयक तर्जुमाका लागि मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति दिएको जानकारी दिनुभयो। उहाँले सहकारी क्षेत्रका समस्या, बचतकर्ताको हित संरक्षण तथा संस्थागत सुशासनलाई दृष्टिगत गर्दै कानुनी सुधारको प्रक्रिया अघि बढाइएको बताउनुभयो।

पछिल्ला वर्षमा सहकारी संस्थामा देखिएका वित्तीय अनियमितता, बचतकर्ताको रकम फिर्तासम्बन्धी समस्या तथा नियमनको प्रभावकारितामाथि उठेका प्रश्नका कारण सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन कानुनी सुधार आवश्यक ठानिएको छ। त्यसै गरी बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणसम्बन्धी छुट्टै कानुनी व्यवस्था गर्न आवश्यक विधेयक तर्जुमाका लागि पनि मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ। यसबाट बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थामाथिको निगरानी थप प्रभावकारी हुने



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना शुक्रबार मन्त्रीपरिषद्का निर्णय सार्वजनिक गर्नुहुँदै ।**

तथा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

बैठकले प्रशासनिक सुधार, वित्तीय अनुशासन तथा नियामक संरचनालाई सुदृढ बनाउने उद्देश्यले अन्य विभिन्न कानुनी प्रस्तावलाई पनि स्वीकृति दिएको छ। यससँगै नेपाल विशेष सेवा ऐन, २०४२ को साबिक व्यवस्था पुनः कायम गर्नेसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरिएको छ। राष्ट्रिय सुरक्षा तथा गोप्य सूचनासम्बन्धी कार्यमा


» बाँकी पृष्ठ २ मा


# कक्षा १२ को नतिजामा सुधार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

पछिल्ला वर्ष कक्षा १२ को नतिजामा निरन्तर सुधार देखिएको छ। अघिल्लो वर्ष ६१.१७ प्रतिशत रहेको नतिजा यस वर्ष वृद्धि भएर ६९.७५ प्रतिशत पुगेको छ। दुई वर्षअघि कक्षा १२ को उत्तीर्ण प्रतिशत ५२.९१ प्रतिशत मात्रै थियो। राष्ट्रिय परीक्षा बोर्डको तथ्याङ्क अनुसार दुई वर्षको अवधिमा १२ कक्षाको नतिजामा झन्डै १७ प्रतिशत वृद्धि देखिएको छ।

यस पटक १२ को परीक्षामा नतिजा वृद्धि हुनुमा थुप्रै कारण भए पनि विगत केही वर्षदेखि प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणमा शिक्षकलाई दिइएको तालिम र विगतका नतिजालाई विश्लेषण गर्दै अपनाइएको सुधारात्मक उपाय मुख्य भएको परीक्षा बोर्डले जनाएको छ। बोर्डले पछिल्लो समय प्रश्नपत्र निर्माणका लागि शिक्षकलाई तालिम दिन थालेको छ।

परीक्षा बोर्डका नियन्त्रक (कक्षा १२) कृष्ण शर्माका अनुसार यस क्रममा दुई हजारभन्दा धेरै शिक्षकलाई यस्तो तालिम दिइएको छ। बोर्डले विगतका प्रश्नपत्र तथा नतिजाको विश्लेषण गर्दै प्रदेश, जिल्ला र स्थानीय तहसम्म नतिजा सुधारको अभियान चलाएको शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "यस अभियानले शिक्षक, विद्यार्थी, अभिभावक सबैलाई झकझक्यायो। जसको परिणाम नतिजामा देखियो।"

बोर्डले परीक्षा गत जेठ १४ बाट २७ गतेसम्म सञ्चालन गरेको थियो। परीक्षामा चार लाख १८ हजार १७० परीक्षार्थी सहभागी थिए। जसमध्ये नियमिततर्फ तीन लाख ३२ हजार २४१ र आंशिकतर्फ ८५ हजार ९२९ विद्यार्थी रहेका परीक्षा बोर्डले जनाएको छ। सरकारले कक्षा १२ को नतिजा ४५



दिनभित्र सार्वजनिक गर्न निर्देशन दिएको थियो। तर बोर्डले निर्देशन भएको समयावधिअगावै नतिजा सार्वजनिक गरेको हो। यसअघि एसइईको नतिजा पनि २९ दिनमै सार्वजनिक गरिएको थियो। कक्षा १२ को नतिजा छिटो सार्वजनिक भएसँगै स्नातक तहमा भर्ना हुन विद्यार्थीलाई सहज भएको छ। विगतमा स्नातक तहको भर्नाको सूचना जारी हुँदासमेत कक्षा १२ को परीक्षाको नतिजा सार्वजनिक नहुँदा विद्यार्थी मर्कामा पर्ने गरेका थिए।

### सुशासनप्रतिको प्रतिबद्धता : शिक्षामन्त्री

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सुशासनप्रति सरकारको प्रतिबद्धताका कारण कक्षा १२ को परीक्षाफल विगतको तुलनामा निकै छिटो सार्वजनिक भएको बताउनुभएको छ। छिटो नतिजा प्रकाशन हुँदा समग्र शैक्षिक क्यालेन्डरमा सकारात्मक प्रभाव पार्ने मन्त्री पोखरेलले बताउनुभयो। मन्त्रीपरिषद्ले तीन महिनामा गरेका बैठकका निर्णय सार्वजनिक गर्दै मन्त्री पोखरेलले शुक्रबार भन्नुभयो, "विगतमा नतिजा सार्वजनिक गर्न तीन महिनाभन्दा बढी समय लाग्ने गरेको थियो। यस पटक प्रशासनिक प्रक्रियालाई चुस्त बनाउँदै छोटो अवधिमै काम सम्पन्न गरिएको हो।'

विगतमा नतिजा ढिलो आउँदा विश्वविद्यालयको भर्ना, कक्षा सञ्चालन र परीक्षासमेत पछाडि धकेलिने गरेको उल्लेख गर्दै उहाँले यस पटक सहज हुने बताउनुभयो। कक्षा १२ को नतिजा छिटो सार्वजनिक भएका कारण अब विश्वविद्यालयलाई पनि समयमै परीक्षा लिन र नतिजा प्रकाशन गर्न मद्दत पुगेको छ। त्रिभुवन विश्वविद्यालयलगायतका अन्य विश्वविद्यालयले यस वर्षदेखि भर्ना र पठनपाठनको कार्यतालिका अगाडि नै सुरु गर्ने तयारी गरिसकेको पनि मन्त्री पोखरेलले जानकारी दिनुभयो। बोर्डले दुई विषयमा ननग्रेडेड अर्थात् अनुत्तीर्ण भएका परीक्षार्थीका लागि ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्ने भएको छ।

» अन्तर्राष्ट्रिय

# जेनेभा वार्ता स्थगित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार ५ गते*

संयुक्त राज्य अमेरिका–इरानबिच शान्ति सम्झौताको भोलिपल्टका लागि तय भएको बैठक स्थगित भएको छ। बैठक स्विट्जरल्यान्डको जेनेभामा हुने भनिएको थियो। पश्चिम एसियामा दिगो शान्ति कायम गर्न भन्दै शुक्रबारका लागि निर्धारण गरिएको बैठक स्थगन भएको रोयटर्सले जनाएको छ।

इरानसँगको वार्तामा अमेरिकी प्रतिनिधि मण्डलका तर्फबाट मुख्य नेतृत्वकर्ता तोकिनुभएका अमेरिकी उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड यात्रा रद्द भएको केही घण्टापछि शुक्रबार नै स्विट्जरल्यान्ड सरकारले वार्ता हाललाई स्थगित भएको औपचारिक जानकारी दिएको हो। एएफपीका अनुसार स्विस विदेश मन्त्रालयले अमेरिका, इरान,


» बाँकी पृष्ठ २ मा


